# मध्यमकालीन खर्च संरचना

## (Medium-Term Expenditure Framework)

आर्थिक वर्ष २०८०/८१-२०८२/८३

गण्डकी प्रदेश सरकार

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

असार १, २०८०

**मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१-२०८२/८३)**

प्रतिलिपि अधिकार : @गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा, नेपाल

फोन : ०६१-४५२५९४

ईमेल : pppcgandaki@gmail.com

वेबसाइट : ppc.gandaki.gov.np

# भूमिका

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत परिचालन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आयव्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा समेत यस सम्बन्धी व्यवस्था रहेको छ।

नेपाल सरकारको दीर्घकालीन नीति, पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) ले परिलक्षित गरेका लक्ष्य र उद्देश्य एवम् सोको मध्यावधि समीक्षाबाट प्राप्त नतिजा सूचक हासिल गर्न सार्वजनिक खर्चको कुशल एवम् प्रभावकारी व्यवस्थापन गर्नुपर्ने हुन्छ। योजना र वार्षिक बजेटबीच तादात्म्यता र सामञ्जस्यता ल्याई वित्तीय अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण औजारको रुपमा काम गर्दछ। आवधिक योजना र वार्षिक बजेटबीच तालमेल नहुँदा प्राथमिकतामा परेका कार्यक्रमको निरन्तरता नहुने, सञ्चालित आयोजना तथा कार्यक्रम समयमै सम्पन्न नहुने, योजनाले परिलक्षित गरेका लक्ष्य एवम् कार्यक्रमको लागि पर्याप्त बजेट तथा स्रोतको सुनिश्चितता नहुने जस्ता समस्याहरु न्यूनीकरण गर्न मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ। बजेट विनियोजन तथा स्रोतबीचको खाडल परिपूर्ति गर्न यस मध्यमकालीन खर्च संरचनाले स्पष्ट मार्गदर्शन तयार गरेको छ।

यस दस्ताबेजमा चक्रीय बजेट (Rolling Budget) का रुपमा आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को बजेट प्रक्षेपण गरी तीन वर्षको स्रोतको सुनिश्चितता र योजनाले तोकेको लक्ष्य प्राप्तिको खाका प्रस्तुत गरिएको छ। यसमा प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेका लक्ष्य र उद्देश्य तथा वार्षिक बजेटबीच तादात्म्यता कायम गरी कार्यान्वयन पक्षलाई सरलीकृत गरिएको छ। साथै दिगो विकास लक्ष्य, लैङ्गिक बजेट, जलवायु सङ्केत लगायत चालु योजनाले हासिल गर्न खोजेको गन्तव्य एवम् सूचकलाई आन्तरिकीकरण गर्दै साङ्केतीकरण गरिएको छ। विषय क्षेत्रगत तथ्याङ्क तयार गर्दा यथार्थपरक र वस्तुनिष्ठ बनाइएको छ।

विषयगत मन्त्रालयबाट प्राप्त विवरण तथा प्रदेश मन्त्रालयगत बजेट प्रणालीबाट प्राप्त तथ्याङ्क समावेश गरी प्रस्तुत खर्च संरचना तयार गरिएको छ। यसको कार्यान्वयन पश्चात पुँजीगत खर्चमा सुधार आई प्रदेश गौरव, बहुवर्षीय, रणनीतिक आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा गतिशीलता प्राप्त भई प्रदेशको अर्थतन्त्रमा समेत सुधार हुने देखिन्छ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमामा संलग्न हुनुहुने गण्डकी प्रदेश नीति तथा योजना आयोगका सबै पदाधिकारीहरु एवम् कर्मचारीहरु, विषयगत मन्त्रालय तथा निकायका कर्मचारीहरुलाई प्रदेश नीति तथा योजना आयोग धन्यवाद ज्ञापन गर्दछ।

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**
पोखरा

# विषय सूची


**परिच्छेद १: परिचय** ........ **१**

१.१ पृष्ठभूमि ........ १

१.२ अवधारणा तथा उद्देश्य ........ १

१.३ मध्यमकालीन खर्च संरचनाका विशेषता ........ २

१.४ कानुनी व्यवस्था ........ ३

१.५ संस्थागत व्यवस्था ........ ४

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ५

**परिच्छेद २: मध्यमकालीन खर्च संरचना** ........ **७**

२.१ पृष्ठभूमि ........ ७

२.२ चुनौती तथा अवसर ........ ७

२.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ ८

२.४ मध्यमकालीन आर्थिक खाका ........ १०

२.५ मध्यमकालीन नतिजा खाका ........ १०

२.६ मध्यमकालीन बजेट खाका ........ १५

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १७

२.८ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण ........ २१

२.९ जोखिम तथा अनुमान ........ २१

**परिच्छेद ३: आर्थिक क्षेत्र** ........ **२२**

३.१ कृषि ........ २२

३.२ पशुपन्छी तथा मत्स्य विकास ........ २४

३.३ खाद्य सुरक्षा र पोषण ........ २७

३.४ भूमि व्यवस्थापन ........ २९

३.५ सहकारी तथा गरिबी निवारण ........ ३१

३.६ वन, वातावरण तथा भू-संरक्षण ........ ४४

३.७ अर्थ (आर्थिक मामिला) ........ ५३

३.८ पर्यटन ........ ६०

३.९ उद्योग ........ ६४

३.१० वाणिज्य ........ ६७

३.११ आपूर्ति ........ ६९

**परिच्छेद ४: सामाजिक क्षेत्र** ........ **७३**
४.१ स्वास्थ्य ........ ७३
४.२ जनसंख्या व्यवस्थापन ........ ७५
४.३ शिक्षा ........ ८६
४.४ युवा ........ ११०
४.५ खेलकुद विकास ........ ११५
**परिच्छेद ५: पूर्वाधार क्षेत्र** ........ **१२१**
५.१ सडक, सडक पुल र झोलुङ्गे पुल ........ १२१
५.२ शहरी विकास तथा ग्रामीण विकास ........ १२३
५.३ भवन निर्माण ........ १२५
५.४ यातायात व्यवस्था ........ १२७
५.५ उर्जा ........ १३७
५.६ खानेपानी तथा सरसफाइ ........ १४१
५.७ जलस्रोत तथा सिँचाइ ........ १४५
**परिच्छेद ६: संवैधानिक निकाय तथा शासकीय व्यवस्था** ........ **१५३**
६.१ प्रदेश सभा सचिवालय ........ १५३
६.२ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ १५७
६.३ प्रदेश लोक सेवा आयोग ........ १६०
६.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ १६३
६.५ गण्डकी प्रदेश नीति तथा योजना आयोग ........ १७१
**अनुसूची-१ स्थानीय तह अनुदान त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण** ........ **१७६**
**अनुसूची-२ स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण** ........ **१७७**

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

नेपाललाई अतिकम विकसित मुलुकबाट वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्दै वि.सं. २१०० सम्ममा समुन्नत मुलुकको रूपमा स्थापित गर्न ठूलो परिमाणमा लगानीको आवश्यकता पर्ने र यसको लागि सार्वजनिक स्रोत साधनको प्रभावकारी र कुशल परिचालन गर्नुपर्ने देखिन्छ। “समृद्ध नेपालः सुखी नेपाली”को दीर्घकालीन सोचसहितको नेपालको पन्ध्रौं योजनाको कार्यान्वयन र दिगो विकास लक्ष्य २०३० हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि स्रोत-साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका लागि योजनाबद्ध खाका जरुरी छ। यी पक्षहरूको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गरी सार्वजनिक खर्चको व्यवस्थापन गर्न प्रयोग गरिने वित्तीय औजार हो।

नेपालमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्य आर्थिक वर्ष २०५९/६० बाट शुरु गरिएको हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा समेत यस सम्बन्धी व्यवस्था रहेको छ। गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा प्रथम मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसपछिका वर्षहरूमा पनि वार्षिक बजेटसँगै नियमित रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्दै आएको छ। यो खर्च संरचना आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम तथा योजनामा आधारित रही तयार गरिएको छ। साथै आर्थिक वर्ष २०७९/८० लाई आधारस्तम्भ मानी आर्थिक वर्ष २०८०/८१ सहित आगामी दुई वर्षको बजेट प्रक्षेपण गरिएको छ जसले प्रथम पञ्चवर्षीय योजनाका सोच, लक्ष्य र नतिजा, चालु आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन-स्रोत र खर्च गर्ने क्षमतालाई सुधार गर्ने अपेक्षा गरिएको छ। विभिन्न विषयगत क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकलाई यथार्थ रुपमा प्रस्तुत गरिएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको औजारको रूपमा काम गर्दछ। यसले उपलब्ध स्रोत साधनको आंकलन गरी प्राथमिकता क्षेत्रमा मध्यम अवधिका लागि बजेट विनियोजन गर्न, मन्त्रालय तथा निकायहरूको बजेट विनियोजन तथा प्रक्षेपणमा सन्तुलन कायम गर्न र सार्वजनिक रकमको कुशलतापूर्वक प्रयोग गर्न सहयोग पुर्‍याउँछ। यसले विषयगत मन्त्रालय तथा अन्य निकायहरुको समष्टिगत आर्थिक खाका निर्धारण गर्ने एवम् क्षेत्रगत प्राथमिकता अनुरूप बजेट विनियोजन, स्थानीय

तहलाई उपलब्ध गराउनुपर्ने अनुदान र राजस्व बाँडफाँटसहितको एकीकृत खाका तयार गर्दछ। निर्धारण गरिएको स्रोतभित्र रहेर मन्त्रालय तथा निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनका साथै तीन वर्ष अवधिको बजेट खाका भित्र रही स्रोत अनुमान तथा विनियोजन गर्दछन्। प्रस्तुत मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार रहेका छन् :

- सार्वजनिक खर्चलाई प्रभावकारी बनाई लक्षित नतिजा सुनिश्चित गर्ने।
- प्राथमिकता प्राप्त तथा गौरवका आयोजनाहरूमा लगानीको सुनिश्चितता प्रदान गर्ने।
- सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने।
- प्रदेश सरकारको मध्यम अवधिको स्रोतको यथार्थपरक अनुमान गरी समष्टिगत आर्थिक खाका तथा बजेट तर्जुमा गर्ने।
- विषयगत मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने।
- प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गराउने।

## १.३ मध्यमकालीन खर्च संरचनाका विशेषता

यस मध्यमकालीन खर्च संरचनाका देहाय बमोजिम विशेषता रहेका छन् :

**समष्टिगत आर्थिक खाका (Medium-term Fiscal Framework):** यस खाकामा समष्टिगत अर्थतन्त्रको अवस्था र आगामी तीन आर्थिक वर्षको अनुमान तथा सार्वजनिक वित्त सम्बन्धी विषयवस्तुलाई आधार मानिएको छ।

**नतिजा खाका (Medium-term Result Framework):** प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेका नतिजा सूचक र सोको विद्यमान अवस्था तथा आगामी तीन वर्षको लक्ष्यलाई यस खाकामा समावेश गरिएको छ।

**बजेट तथा कार्यक्रम खाका (Medium-term Budgetary Framework):**
यस खर्च संरचनामा पहिलो वर्षका रुपमा आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी बजेट अनुमान गरिएको छ।

**आवधिक योजनासँगको अन्तरसम्बन्धः** प्रथम पञ्चवर्षीय योजनाका नतिजा सूचक र लक्ष्य, स्रोतको अनुमान तथा सो अनुसारका कार्यक्रमसँग यस मध्यमकालीन खर्च संरचनाको अन्तरसम्बन्ध रहेको छ। योजनाका लक्ष्य र सूचकलाई विषयगत क्षेत्रमा रुपान्तरण गरी प्राप्त गर्ने उपलब्धि अनुरुप स्रोतको यथार्थपरक अनुमान गरिएको छ। यसैका आधारमा आवधिक योजनासँग यस दस्ताबेजले अन्तरसम्बन्ध कायम गरेको छ।

**विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणः** प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्ने उद्देश्य अनुरुप प्राथमिकीकरण गरिएको छ। खासगरी विकास कार्यक्रम वा आयोजनाबाट हासिल हुने प्रतिफल तथा यसबाट आर्थिक सामाजिक विकासमा पुग्ने योगदानका आधारमा विकास

**कार्यक्रम तथा आयोजनालाई प्राथमिकीकरण तथा पुनः** प्राथमिकीकरण गरिएको छ। सो अनुसार यस खर्च संरचनामा समग्र विकासका विषय क्षेत्रहरुलाई विभाजन गरी निर्दिष्ट मापदण्डहरुमा सबै क्षेत्रले योगदान पुऱ्याउनु पर्ने विषय क्षेत्रगत आधार तय गरिएका छन्।

## १.४ कानुनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने व्यवस्था रहेको छ। त्यस्तै धारा ६० मा राजस्व स्रोतको बाँडफाँट अन्तर्गत राजस्व संकलन तथा बाँडफाँट एवम् वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। ऐनको परिच्छेद ६ मा सार्वजनिक खर्च सम्बन्धी व्यवस्था रहेको छ। दफा १७ मा मध्यमकालीन खर्च संरचना सम्बन्धी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सो मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्टयाइँ, प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने विवरण खुलाउनुपर्ने व्यवस्था छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को परिच्छेद ३ मा राजस्व र व्ययको अनुमान तथा दफा ५ मा नीति तथा योजना आयोगले आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त मध्यमकालीन खर्च संरचनामा नीति तथा योजना आयोगले समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रममा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ। त्यसै गरी प्रत्येक प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ।

प्रदेश सरकारको बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को परिच्छेद २ दफा ३

मा नीति तथा योजना आयोगले आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत्र मसान्तसम्म मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्नेछ। उक्त मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा प्रदेश सरकारका विषयगत मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरी वैशाख १५ गतेभित्र नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ। आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल, तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट, गत आर्थिक वर्षको यथार्थ खर्च र चालु आर्थिक वर्षको विनियोजनसहितको बजेट खाका, तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका समावेश गरी प्रत्येक मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण प्रदेश सरकारका विषयगत मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टी गर्नुपर्नेछ।

## १.५ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना, आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यता अपनाउने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसको लागि संस्थागत व्यवस्थाका रूपमा देहाय बमोजिमका समितिको व्यवस्था गरिएको छ।

### (क) स्रोत अनुमान समिति

आवधिक योजना, क्षेत्रगत दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आंकलन गरी स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतका आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को दफा ४ बमोजिम देहायअनुसारको स्रोत अनुमान समिति रहने व्यवस्था छः

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | -संयोजक |
| सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), नीति तथा योजना आयोग | - सदस्य |
| सचिव, आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा | - सदस्य |
| प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| सचिव, नीति तथा योजना आयोग | -सदस्य सचिव |

समितिले फाल्गुण १५ गतेभित्र आर्थिक मामिला मन्त्री समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

### (ख) बजेट समिति

प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यमा समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को दफा १० बमोजिम देहाय अनुसारको बजेट समिति रहने व्यवस्था छः

| | |
|---|---|
| लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको नवौं तह वा दशौं तह वा सो सरहको अधिकृत | -अध्यक्ष |
| प्रमुख, योजना तथा बजेट महाशाखा | -सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| प्रमुख, योजना शाखा | -सदस्य सचिव |

यो समितिले नीति तथा योजना आयोगबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनका आधारमा आफ्नो केन्द्रीय निकाय र अन्तर्गतको कार्यालयको लागि मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम तयार गरी नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने एवम् सोको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्ने गराउने कार्य समेत गर्दछ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

**१.६.१ समष्टिगत आर्थिक खाका निर्धारण र त्रिवर्षीय स्रोत अनुमानः** स्रोत अनुमान समितिले आगामी तीन आर्थिक वर्षमा उपलब्ध हुनसक्ने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान गरेको छ। स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुनसक्ने राजस्व, संघबाट प्राप्त हुने अनुदान, आन्तरिक ऋण लगायतका प्रदेश सञ्चित कोषमा जम्मा हुने विवरणलाई आधार लिइएको छ। साथै प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजनाको मध्यावधि समीक्षा, प्रदेशको कुल गार्हस्थ उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकतालाई पनि अन्य आधारको रुपमा लिइएको छ। सो बमोजिम आगामी तीन वर्षको कुल बजेटको आधार र सीमा निर्धारण गरिएको छ।

**१.६.२ विषय क्षेत्रगत बजेट सीमा तथा स्रोत बाँडफाँटः** प्रदेश नीति तथा योजना आयोगले आवधिक योजना, विषय क्षेत्रगत योजना, नीतिका लक्ष्य र वर्तमान अवस्था, प्रादेशिक आवश्यकता तथा प्राथमिकता, बहुवर्षीय आयोजना कार्यान्वयनको अवस्था एवम् नयाँ कार्यक्रम तथा आयोजना समेतलाई आधार लिई आगामी तीन आर्थिक वर्षको बजेट सीमा एवम् स्रोत बाँडफाँट गरेको छ। त्यसैगरी बजेट तर्जुमाका लागि मार्गदर्शन समेत आयोगले तयार गरी चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको विवरण मन्त्रालयलाई पठाइएको छ।

**१.६.३ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमाः** प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त मार्गदर्शन एवम् बजेट सीमाको अधीनमा रही मन्त्रालय/निकायहरूले विषय क्षेत्रगत सूचक तथा लक्ष्यमा केन्द्रित रही मध्यमकालीन खर्च संरचना तर्जुमा गरेका छन्। ती मन्त्रालय/निकायहरूले मध्यमकालीन खर्च संरचना मस्यौदा तर्जुमा गर्दा योजनाको रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक संवेदनशीलता र जलवायु परिवर्तन उत्थानशीलताका आधारमा साङ्केतीकरण गरेका छन्। कार्यक्रम वा आयोजनाको विवरण तयार गर्दा प्रति एकाइ लागत र विषय क्षेत्रगत नतिजा खाकालाई आधार लिई मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाएका छन्।

**१.६.४ खर्चको माग तथा स्रोत बीचको तालमेलको समीक्षाः** यस प्रक्रियामा विषय क्षेत्रगत मन्त्रालयबाट प्राप्त खर्च तथा स्रोतको अनुमानको पुनरावलोकन गर्नुका साथै बजेट मागको प्राविधिक विश्लेषण समेत गरिएको छ। विषय क्षेत्रगत मन्त्रालयसँग छलफल पछि विषय क्षेत्रगत खर्च तथा स्रोत परिमार्जन गरी खर्च र स्रोतका बीचमा सन्तुलन गरिएको छ। सम्बन्धित मन्त्रालयबाट तयार गरी पठाएको बजेट अनुमानको परिधिभित्र रही कार्यक्रम खर्च, पुँजीगत खर्च एवम् वित्तीय व्यवस्थापनसहित नीति तथा योजना आयोगमा छलफल गरिएको छ। चालु खर्चको मितव्ययिताका लागि आर्थिक मामिला मन्त्रालय, सम्बन्धित मन्त्रालय वा निकायको सहभागितामा खाका तयार गरिएको छ। खर्चको माग र स्रोतको सन्तुलित परिपूर्तिका लागि अनिवार्य दायित्व, वित्तीय कुशलता, आर्थिक मितव्ययिता, बहुवर्षीय दायित्व, प्राथमिकीकरण लगायतका विषयलाई आधार सूचकको रुपमा लिइएको छ।

**१.६.५ मध्यमकालीन खर्च संरचनाको स्वीकृति र प्रकाशनः** मन्त्रालय एवम् निकायबाट प्राप्त वित्त, बजेट र नतिजाको एकीकृत खाका तयार गरी विश्लेषण गरिएको छ। यी सबै तयारी पूरा भएपछि मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा प्रदेश नीति तथा योजना आयोगको पूर्ण बैठकबाट स्वीकृत गरिएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को परिच्छेद ३ को दफा १३ बमोजिम राजस्व र व्ययको अनुमानको साथमा दफा १२ बमोजिमको मध्यमकालीन खर्च संरचना आर्थिक मामिला मन्त्रीले असार १ गते प्रदेश सभा समक्ष पेश गर्नुभएको छ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना
## (आर्थिक वर्ष २०८०/८१ - २०८२/८३)

## २.१ पृष्ठभूमि

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था अनुसार गण्डकी प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। ऐनमा व्यवस्था भए बमोजिम प्रदेश सरकारले आगामी तीन वर्षसम्मको आवश्यकता र प्राथमिकतालाई आधार मानी यो खर्च संरचना तयार गरेको हो। प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) मा आधारित रही प्रदेश सरकारले अवलम्बन गरेको प्रदेश आर्थिक नीति र दीर्घकालीन सोच "समृद्ध प्रदेश र सुखी नागरिक"सँग तादात्म्यता हुने गरी प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा भएको व्यवस्था र बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०, दिगो विकास लक्ष्य, प्रदेश गौरवका आयोजना, मन्त्रालयगत मुख्य कार्यक्रम, स्थानीय तह, जलवायु तथा लैङ्गिकता र प्रथम पञ्चवर्षीय योजनालाई प्रमुख आधार लिइएको छ। यसबाट दिगो विकास लक्ष्यहरूले तोकेका नतिजा प्राप्ति, समावेशी र सन्तुलित आर्थिक समुन्नति, सामाजिक एवम् वातावरणीय विकास र समृद्धि जस्ता प्रतिफलहरु हासिल गर्न खोजिएको छ।

## २.२ चुनौती तथा अवसर

यस मध्यमकालीन खर्च संरचनाले निम्न चुनौती पहिचान गरेको छः

- उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु,
- सामाजिक तथा भौतिक पूर्वाधारमा लगानी विस्तार गर्नु,
- संघीय एकाइ बीचमा नीतिगत तथा कार्यगत सामञ्जस्यता प्रभावकारी बनाउनु,
- दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी प्रदेशको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक मानव स्रोतको परिचालन गर्नु,
- सार्वजनिक लगानीलाई पुँजी सिर्जनाका क्षेत्रमा लगानी गर्नु र उत्पादनशील रोजगारी सिर्जना गर्नु,
- नयाँ संरचना अनुसारको खण्डीकृत तथ्याङ्क प्राप्त गर्नु,
- उपलब्ध स्रोत साधनले असीमित जनआकाङ्क्षा पूरा गर्नु,
- स्रोतको सन्तुलित वितरण गर्नु,
- पुँजीगत खर्चमा वृद्धि गरी सन्तोषजनक रूपमा खर्च गर्नु,
- गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन गर्नु,
- प्रदेशको समृद्धिका मुख्य सम्वाहकको रूपमा पहिचान गरेका पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक

पूर्वाधार, मानव संसाधन र सुशासन जस्ता क्षेत्रको विकासको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नु। यस मध्यमकालीन खर्च संरचनाले निम्न अवसरहरु पहिचान गरेको छः

- कोभिड महामारी पछि आर्थिक गतिविधि बढ्नु,
- संघ र स्थानीय तहसँगको सम्बन्ध सौहार्दपूर्ण रहनु,
- प्रदेशभित्र लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु,
- विप्रेषणको बचत गरी उत्पादनमुलक क्षेत्रको विस्तारमा केन्द्रित हुने नीतिगत व्यवस्था हुनु,
- प्रदेश राजधानीको रूपमा रहेको पोखरा स्वदेशी एवम् विदेशी पर्यटकको उत्कृष्ट आकर्षण केन्द्रको रूपमा रहनु, प्राकृतिक स्रोतको सम्भावना बढी हुनु,
- आर्थिक केन्द्रहरूको विकास र विस्तार हुँदै जानु,
- जनसांख्यिक लाभांश लिन सकिने अवस्था हुनु,
- शिक्षा र स्वास्थ्यको केन्द्रको रूपमा विकास हुँदै जानु।

## २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### दीर्घकालीन सोच

"समृद्ध प्रदेश र सुखी नागरिक"

### लक्ष्य

उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश।

### उद्देश्य

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु।
२. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशिला निर्माण गर्नु।
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुर्‍याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु।

### रणनीति

- अनुसन्धान र विकासबाट उन्नत ज्ञान र प्रविधि प्राप्त गरी उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी वृद्धिको माध्यमबाट दिगो, फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गरी उत्पादनशील रोजगारी सिर्जना र गरिबीको अन्त्य गर्ने।
- पिछडिएका क्षेत्र, सामाजिक बहिस्करणमा पारिएका र आर्थिक रूपले सीमान्तकृत् वर्गलाई प्रदेशको

विकास निर्माणमा सहभागी गराई सन्तुलित र समतामूलक आर्थिक वृद्धि गर्ने।

- प्रदेशको उत्पादन प्रणाली जलवायु परिवर्तन अनुकूलन बनाउने।
- वन तथा वातावरणको वैज्ञानिक व्यवस्थापनमार्फत संरक्षण, सम्बर्द्धन र बजारीकरण गरी आर्थिक उपार्जन गर्ने।
- पर्यटनलाई कृषि, खेलकुद, मनोरञ्जन, शिक्षा क्षेत्रसँग जोड्दै समग्र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने।
- विद्यमान निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकीकरण र व्यावसायीकरण, दिगो सिँचाइ सुविधाको विस्तार, उन्नत बीउ र नश्लको प्रयोग, मर्यादित तथा सम्मानित कृषि पेशाकोरूपमा विकास गर्दै कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।
- संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य तथा निजी क्षेत्रको सहभागितामा ठूला र जलाशययुक्त जलविद्युत् आयोजना र वैकल्पिक ऊर्जाको उत्पादन र बजारीकरण गर्ने।
- मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य नयाँ उद्योगहरूको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरी प्रदेशको औद्योगिकीकरण गर्ने।
- पर्यटन, ऊर्जा, कृषि र उद्योग क्षेत्रका बीचमा पारस्परिक योगदान पुऱ्याउने गरी गुणस्तरीय पूर्वाधारको निर्माणबाट दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने।
- विद्यालय र महाविद्यालयमा आन्तरिक मागसँगै विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष तथा क्षमतावान् प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गर्ने।
- स्थानीय तहसँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने।
- नेपाल सरकार, स्थानीय तह र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा प्रदेशका सबै नागरिकको समान पहुँचमा वृद्धि गर्ने।
- स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी प्रदेशको शहरीकरणलाई वातावरणमैत्री, व्यवस्थित र सुरक्षित आवास क्षेत्रको रूपमा विकास गर्ने।
- निजी क्षेत्रसँग सहकार्य गरी उत्पादनशील रोजगारीका अवसर सिर्जना गरी पूर्णरोजगार र मर्यादित जीवनको विकास गर्ने।
- प्रदेशको शासन प्रणाली पारदर्शी, उत्तरदायी र सेवा भावप्रति समर्पित बनाउँदै असल शासन प्रणालीको विकास र अभ्यास गर्ने।
- यथार्थपरक योजना तर्जुमा, बजेट तथा कार्यक्रम र बहुउपयोगका लागि प्रदेश तथ्याङ्क प्रणालीको स्थापना र विकास गर्ने।
- आन्तरिक राजस्वको दायरा फराकिलो बनाउँदै राजस्व परिचालन र प्रदेश आर्थिक प्रणाली सबल तथा सुदृढ बनाउने।

## २.४ मध्यमकालीन आर्थिक खाका

प्रथम पञ्चवर्षीय योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आर्थिक वर्ष २०७९/८० को उपलब्धिलाई आधारस्तम्भ (Baseline) मानी आर्थिक वर्ष २०८०/८१ सहित आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ। सोका लागि सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहनसहित समष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ। यस क्रममा अर्थतन्त्रको वर्तमान स्थितिलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक वृद्धिदरको अनुमान तथा प्रक्षेपण गरी सो बमोजिम लक्ष्य परिमार्जन गरिएको छ। यस अनुसार वास्तविक क्षेत्र अन्तर्गत उत्पादन, रोजगारी र आयका साथै समष्टिगत वित्तीय क्षेत्रको खाका तर्जुमा गरिएको छ। समष्टिगत आर्थिक खाकाका सूचकहरुको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तालिका २.४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.४.१: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| १ | वार्षिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) | प्रतिशत | ६.४ | ३.३ | ६.५ | ८.५ | ९ |
| २ | कुल गार्हस्थ उत्पादन (उपभोक्ता मूल्यमा) | रु. करोडमा | ४३७०६ | ४८२०१ | ५१९१२ | ५५९०९ | ६०२१४ |
| ३ | प्रतिव्यक्ति आय | अ.डलर | ११९२ | १४९२ | १६५८ | १९५६ | २२५८ |
| ४ | देशको कुल गार्हस्थ उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ८.८५९ | ८.९६ | ९ | ९ | ९ |
| ५ | औसत उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.२८ | ७.५ | ७ | ६.५ | ६ |

## २.५ मध्यमकालीन नतिजा खाका

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारमा योजनाले लिएका लक्ष्य र विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका निर्धारण गर्दा चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धि तथा माथि उल्लेख भए बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ को लक्ष्य तय गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) मा निर्धारित दिर्घकालीन लक्ष्यसमेतलाई आधार मानी उल्लेख गरिएको छ। गण्डकी प्रदेशका समृद्धि र सुखका लक्ष्य तथा गन्तव्य सूचक तालिका २.५.१ र २.५.२ मा प्रस्तुत गरिएका

छन्। प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा, आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धि, विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा प्रथम योजनाको नतिजा खाकाको आधारमा उल्लेख गरिएको छ।

**तालिका २.५.१: गण्डकी प्रदेशका समृद्धिका मध्यमकालीन लक्ष्य र गन्तव्य**

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| **अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान (Contribution of Agriculture and Non-Agriculture Sector)** | | | | | | | |
| १ | कृषि | प्रतिशत | २६.८ | २५.९ | २४.८ | २३.७ | २३.७ |
| २ | गैर कृषि | प्रतिशत | ७३.२ | ७४.१ | ७५.२ | ७६.३ | ७६.३ |
| **अर्थतन्त्रमा क्षेत्रगत योगदान (Sectoral Contribution to Economy)** | | | | | | | |
| ३ | प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा उत्खनन्) | प्रतिशत | २७.६ | २६.६ | २५.३ | २३.७ | २२ |
| ४ | द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्यास, पानी र निर्माण) | प्रतिशत | १७.७ | १७.३ | १९.९ | २२.४ | २५ |
| ५ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५४.७ | ५६.१ | ५४.८ | ५३.९ | ५३ |
| **सरकारी वित्त (Public Finance)** | | | | | | | |
| ६ | कुल गार्हस्थ उत्पादनको अनुपातमा वार्षिक बजेट | अनुपात | १४.४ | १३.४ | १४.२ | १४.२ | १४.२ |
| ७ | बजेटमा पुँजीगत र चालु विनियोजनको अनुपात | अनुपात | १.२८:१ | १.६०:१ | १.६०:१ | १.६०:१ | १.६०:१ |
| ८ | वार्षिक विनियोजन मध्ये कुल खर्च | प्रतिशत | ७६ | ८५ | ९९ | ९९ | ९९ |
| ९ | वार्षिक विनियोजन मध्ये पुँजीगत खर्च | प्रतिशत | ६८.५४ | ९० | ९५ | ९५ | ९५ |
| १० | वार्षिक विनियोजन मध्ये चालु खर्च | प्रतिशत | ७०.६१ | ९० | ९३ | ९५ | ९५ |
| ११ | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको कुल गार्हस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | ३.५ | ३.४ | ५.९ | ६ | ६ |
| १२ | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको हिस्सा) | प्रतिशत | १२.७ | १२.९ | १३ | १३ | १३ |
| १३ | राजस्व बाँडफाँटको अंश | प्रतिशत | १२.९ | १२.९ | १२.९ | १२.९ | १२.९ |
| १४ | प्रदेशको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | ४८.३६ | ४८.३६ | ५० | ५० | ५० |
| १५ | प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि जाने विनियोजन | प्रतिशत | ८.९ | ८ | ७.५ | ७ | ६.५ |
| **वित्तीय क्षेत्र (Financial Sector)** | | | | | | | |
| १६ | जनसंख्या प्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | १७७८ | १७३६ | १६५० | १६०० | १६०० |
| १७ | प्रति स्थानीय तह बैंक र वित्तीय संस्थाको शाखा | संख्या | १६.४ | १६.७ | २३.५५ | २६.५५ | २६.५५ |
| १८ | वाणिज्य बैंकको उपस्थिति रहेका स्थानीय तह | संख्या | ८५ | ८५ | ८५ | ८५ | ८५ |
| **उद्योग, वाणिज्य तथा आपूर्ति (Industry, Commerce and Supply)** | | | | | | | |
| १९ | कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ३.७ | ३.४ | ३.६३ | ३.६३ | ३.६३ |
| २० | कुल आर्थिक प्रतिष्ठानमध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ४७.८ | ४८ | ४८ | ४८ | ४८ |
| २१ | प्रतिष्ठानमा संलग्न कुल जनशक्तिमध्ये औद्योगिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ५९.९२ | ६० | ६० | ६० | ६० |
| २२ | कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ३० | ४५ | ६० | १०० | १०० |

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| २३ | कुल गार्हस्थउत्पादनमा वाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार मोटर र मोटर साइकल मर्मत) को हिस्सा | प्रतिशत | ९.१ | ९.४ | ९.१९ | ८.९९ | ८.९९ |
| २४ | कुल आर्थिक प्रतिष्ठानमध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२.२१ | ५१.१८ | ५०.७ | ५०.२ | ५०.२ |
| २५ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्तिमध्ये व्यापारिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ४०.०७ | ३४.२ | ३१.९ | २९.९ | २९.९ |
| २६ | कुल व्यापारिक प्रतिष्ठानमध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ६५ | ७५ | ८५ | १०० | १०० |
| **व्यावसायिक प्रतिष्ठान (Business Enterprises)** | | | | | | | |
| २७ | देशको कुल आर्थिक प्रतिष्ठानमा प्रदेशको हिस्सा | प्रतिशत | १०.९ | ११.३८ | ११.६३ | ११.९ | ११.९ |
| २८ | प्रति प्रतिष्ठानमा संलग्न जनशक्ति | जना | ३.३९ | ३.६७ | ३.८३ | ४ | ४ |
| २९ | प्रदेशको कुल प्रतिष्ठानमा दर्ता भएका प्रतिष्ठानको अनुपात | प्रतिशत | ५५ | ७१ | ८३ | १०० | १०० |
| ३० | प्रतिष्ठानमा संलग्न जनशक्तिको लैङ्गिक अनुपात | पुरुष प्रति सय महिला | ११९.४ | १११.७ | १०८.२ | १०५ | १०० |
| **कृषि तथा वन (Agriculture and Forestry)** | | | | | | | |
| ३१ | कुल गार्हस्थ उत्पादनमा कृषि तथा वन र मत्स्यपालनको हिस्सा | प्रतिशत | २६.८ | २५.९ | २४.८ | २३.७ | २३.७ |
| ३२ | प्रमुख खाद्यान्न वालीको उत्पादकत्त्व( धान, मकै, कोदो, फापर, जौ, र गहुँ) | मे.टन/ हेक्टर | २.७४ | २.७३ | ३.५० | ३.८० | ३.८० |
| ३३ | तेलहन बालीको उत्पादकत्व | मे.टन/ हेक्टर | १.० | ०.९९ | १.१ | १.२ | १.२ |
| ३४ | आलु बालीको उत्पादकत्व | मे.टन/ हेक्टर | १५.२३ | १५.२३ | १६.५ | १९.९ | १९.९ |
| ३५ | कृषि तथा वन र मत्स्यपालन सम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | ४.४ | ४.८ | ५.५ | ६ | ६ |
| ३६ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्तिमध्ये कृषि तथा वन र मत्स्यपालन सम्बन्धी प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ४.२ | ४.४ | ४.६ | ४.८ | ४.८ |
| ३७ | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.२२ | ०.२४ | ०.२६ | ०.३ | ०.३ |
| **श्रम तथा रोजगारी (Labour and Employment)** | | | | | | | |
| ३८ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३५.७ | ४० | ४६ | ५० | ५० |
| ३९ | बेरोजगारी दर | प्रतिशत | ७ | ७ | ६.५ | ६ | ६ |
| ४० | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९.७ | ४४ | ४६ | ५५ | ५५ |
| ४१ | रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | ३३ | ३५.५ | ३८ | ४२.५ | ४२.५ |
| ४२ | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | अनुपात | ४ | ३.५ | ३ | २.३ | २.३ |
| ४३ | श्रम उत्पादकत्व | रु. हजारमा | १८८.४ | २०० | २३०.४ | २८१.७ | २८१.७ |

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| **गरिबी र असमानता (Poverty and Unemployment)** | | | | | | | |
| ४४ | बहुआयमिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | ९.६ | ९.६ | ८ | ७.३ | ७.३ |
| ४५ | आम्दानीको आधारमा गरिबी प्रति दिन १.९ डलर (PPP) | प्रतिशत | ११.१ | १०.९ | १०.५ | १० | १० |
| ४६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (PALMA RATIO) | अनुपात | १.४ | १.४ | १.३ | १.१ | १.१ |
| ४७ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३४ | ०.३४ | ०.३ | ०.२६ | ०.२६ |
| ४८ | कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | प्रतिशत | १८.९ | १८.९ | २२ | २५ | २५ |
| ४९ | कुल आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | प्रतिशत | ७.८ | ७.८ | १०.५ | १३ | १३ |
| **स्वास्थ्य तथा जनसंख्या (Health and Population)** | | | | | | | |
| ५० | जनघनत्व (जना प्रति वर्ग कि.मि.) | जना | ११२ | ११५ | १२५ | १३० | १३० |
| ५१ | प्रति परिवार औसत सदस्य संख्या | जना | ४.२ | ३.७२ | ३.६६ | ३.५ | ३.५ |
| ५२ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | २७ | ३३ | २३ | २२ | २२ |
| ५३ | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | २३ | २८ | १९ | १७ | १७ |
| ५४ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | १५ | २१ | १२ | १० | १० |
| ५५ | पहिलो वच्चा जन्माउने औसत उमेर (प्रजनन योग्य उमेरका महिला) | प्रतिशत | २०.६ | २१ | २२ | २२.६ | २२.६ |
| ५६ | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | २.१ | २.१ | २ | २.१ | २.१ |
| ५७ | किशोरी अवस्थाको प्रजनन (प्रजननयोग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १४ | १३ | १० | ५ | ५ |
| ५८ | परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ३७.३ | ३५.१ | ४८ | ५३ | ५३ |
| ५९ | प्रजननयोग्य उमेरमा महिलामा परिवार नियोजनको आधुनिक साधनको न्यूनता | प्रतिशत | ३० | २८.१ | २० | १६ | १६ |
| ६० | संस्थागत सुत्केरी सेवाको उपयोग | प्रतिशत | ६८.३ | ८७.७ | ८८ | ८८ | ९० |
| ६१ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ६९.९ | ८९.२ | ९० | ९० | ९२ |
| ६२ | मापदण्ड अनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच सेवा प्राप्त गर्ने महिलाहरुको प्रतिशत (जीवित जन्ममा) | प्रतिशत | ८० | ८४.६ | ८७ | ९० | ९२ |
| ६३ | ऋणात्मक जनसंख्या वृद्धिदर भएका जिल्ला | संख्या | ८ | ८ | ५ | ३ | ३ |
| ६४ | शहरी र ग्रामीण जनसंख्याको अंश | अनुपात | १.९२ | १.९२ | २ | २.१ | २.२ |
| **शिक्षा (Education)** | | | | | | | |
| ६५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७८ | ८१.७ | ८८ | ९५ | ९५ |
| ६६ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६६.९ | ७१.५८ | ७२ | ७५ | ७८ |
| ६७ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९३.८ | ९३ | ९४ | ९५ |
| ६८ | माध्यमिक तह (९-१०) मा कुल भर्ना दर | प्रतिशत | ९०.२२ | ९१ | ९२ | ९२ | ९३ |
| ६९ | आधारभूत तह (१-५) मा खुद भर्नादर | प्रतिशत | ९६.९४ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ७० | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ७१ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४८.७ | ५७.४ | ५९ | ६० | ६० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७२ | बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ८०.१ | ८२ | ८३.५ | ८४ | ८५ |
| ७३ | विद्यालय शिक्षा १-१२ को भर्नामा लैङ्गिक समता | अनुपात | १ | १ | १ | १ | १ |
| ७४ | उच्च शिक्षाको भर्नामा लैङ्गिक समता | अनुपात | १.४ | १.२ | १ | १ | १ |
| **भौतिक पूर्वाधार (Physical Infrastructure)** | | | | | | | |
| ७५ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.२५ | ९९.५ | १०० | १०० | १०० |
| ७६ | आधारभूत खानेपानी सुविधा पुगेका परिवार | प्रतिशत | ९३.१ | ९४.१ | ९६ | ९९.४२ | १०० |
| ७७ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | १८ | १८ | २२ | २६ | ३० |
| ७८ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ५६९ | ६६५ | १०८४ | १५०० | १५०० |
| ७९ | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् उपभोग | किलोवाट घण्टा | २०७ | २७० | २८० | ३०० | ३१० |

## तालिका २.५.२: राष्ट्रिय तथा प्रादेशिक सुखका लक्ष्य, गन्तव्य र सूचक

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **मानव विकास र लैङ्गिक समता (Human Development and Gender Equality)** | | | | | | | |
| १ | मानव विकास | सूचकाङ्क | ०.५९ | ०.६ | ०.६३ | ०.६५ | ०.६५ |
| २ | जनसंख्यामा सक्रिय उमेरको हिस्सा (जनसांख्यिक लाभांश) | प्रतिशत | ६२.७९ | ६२.७९ | ६३ | ६४ | ६५ |
| ३ | जनसंख्यामा आश्रित अनुपात | अनुपात | ५९.२७ | ५९.२७ | ४९ | ४८ | ४८ |
| ४ | जनसंख्यामा लैङ्गिक अनुपात | अनुपात | ९०.३७ | ९०.३७ | ९१ | ९१ | ९२ |
| ५ | रोजगार महिला र पुरुषको मासिक आम्दानीको अनुपात (मुख्य कामबाट) | अनुपात | १.१६ | १.१४ | १.१३ | १.१ | १.१ |
| ६ | घर जग्गामा एकल स्वामित्व भएका महिला | प्रतिशत | १९.९ | २८.३ | २९ | ३० | ३० |
| ७ | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | प्रतिशत | ३३.३ | ३५ | ३५ | ३५ | ३५ |
| ८ | स्थानीय तहका प्रमुखमा निर्वाचित महिला | प्रतिशत | ७.१ | ३.५३ | १५ | १५ | १५ |
| **आवास र शहरीकरण (Housing and Urbanization)** | | | | | | | |
| ९ | सुरक्षित भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २७ | २८.५ | ३०.५ | ३५.५ | ३७ |
| १० | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८१.७ | ८०.५ | ८२.५ | ८२.८ | ८३ |
| ११ | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ४८ | ५० | ५५ | ५८ | ६० |
| १२ | सुधारिएको सरसफाइ सुविधा प्राप्त परिवार | प्रतिशत | ९९ | ९९ | १०० | १०० | १०० |
| १३ | खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ५८.९ | ४७.२ | ४५ | ४३ | ४० |
| **मानव सुरक्षा र राष्ट्रिय एकता तथा सम्मान (Human Security, National Unity and Respect)** | | | | | | | |
| १४ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६४.४४ | ६७.३१ | ७५ | ८५ | ९० |

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| १५ | कुपोषण प्रभावित जनसंख्या | प्रतिशत | ४० | ३५ | २८ | २४ | २० |
| १६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५६ | ६५ | ७० | ७८ | ८३ |
| १७ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५.१ | ५ | ४ | ३ | २ |
| १८ | उपभोगको २ तिहाई खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ४० | ३४ | २८ | २२ | १७ |
| १९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | किलोग्राम | २३४ | २६० | २८० | ३०० | ४०० |
| २० | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १४.९ | ११ | १० | ९ | ८ |
| २१ | पाँच वर्ष मुनिका बालबालिकामा दुब्लोपना | प्रतिशत | ५.८ | ४ | २ | ३ | १ |
| २२ | पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपना | प्रतिशत | २० | १९ | २१ | १८ | १७.३ |
| २३ | प्रजननयोग्य उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | २८.२ | २५.१ | २० | १८ | १७.३ |
| २४ | पाँच वर्ष मुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ४० | ३०.७ | २५ | १५ | १० |
| **सुशासन (Governance)** | | | | | | | |
| २५ | आवधिक योजना तर्जुमा गरेका स्थानीय तह | संख्या | ३३ | ३३ | ४८ | ६० | ८५ |
| २६ | मध्यमकालीन खर्च संरचना तयार गरेका स्थानीय तह | संख्या | २ | ३३ | ४० | ४५ | ८५ |
| २७ | प्रदेशको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | १.२४ | ०.८ | ०.०५ | ०.०३ | ० |
| २८ | स्थानीय तहको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | २.२७ | २ | १.५ | १.२ | १ |

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका निर्माण गर्दा प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) मा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त र प्राथमिकता र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमानयोग्यतालाई मुख्य आधार लिइएको छ। वित्तीय संघीयताको कुशल व्यवस्थापन, उच्च आर्थिक वृद्धि, तीव्र आर्थिक सामाजिक विकास र समन्यायिक वितरण गर्न विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ।

आगामी आर्थिक वर्षको बजेट कार्यक्रममा अधुरा आयोजनालाई सम्पन्न गर्न प्राथमिकता दिने, जनताको जीवनस्तर उकास्ने, उत्पादन, रोजगारी, आम्दानी र जनताको जीवनस्तर उन्नयन गर्ने कार्यक्रमलाई प्राथमिकता दिने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने, प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी र बहुवर्षीय आयोजना लगायतका रणनीतिक महत्वका आयोजना र कार्यक्रमलाई तोकिएकै समयमा सम्पन्न गर्ने, शहरी र ग्रामीण भू-भाग, एकभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक र राष्ट्रिय राजमार्गको सञ्जालमा जोडिने प्रादेशिक तथा सहायक राजमार्ग निर्माणलाई प्राथमिकता दिइने छ। सो अनुसारका त्रिवर्षीय बजेट खाका तयार गरी प्रस्ताव गरिएको छ।

## तालिका २.६.१ : आगामी तीन आर्थिक वर्ष (२०८०/८१ देखि २०८२/८३ सम्म) स्रोत प्रक्षेपण

(रकम रु. हजारमा)

| क्र. सं. | स्रोत | २०८०/८१ को स्रोत अनुमान | २०८१/८२ को स्रोत अनुमान | २०८२/८३ को स्रोत अनुमान | जम्मा |
|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | ७६२२५०० | ८२३२३०० | ८८९०८८४ | २४७४५६८४ |
| २ | राजस्व बाँडफाँट | ९०५३२०० | ९६८६९२४ | १०३६५००९ | २९१०५१३३ |
| ३ | आन्तरिक राजस्व | ५१६९१८४ | ५५८२७१९ | ६०२९३३६ | १६७८१२३९ |
| ४ | रोयल्टी | ४००८१६ | ४२४८६५ | ४५०३५७ | १२७६०३८ |
| ५ | नगद मौज्दात | ३०००००० | ३०००००० | ३०००००० | ९०००००० |
| ६ | सशर्त अनुदान | ४९४१५०० | ४५९५१०० | ४२७२९८३ | १३८०९५८३ |
| ७ | विशेष अनुदान | ७००००० | ६८०००० | ६६०५७१ | २०४०५७१ |
| ८ | समपूरक अनुदान | ८४०००० | ८२०००० | ८००४७६ | २४६०४७६ |
| ९ | ऋण (नेपाल सरकार र आन्तरिक ऋण) | १७००००० | १७००००० | १७००००० | ५१००००० |
| | **जम्मा** | **३३४२७२००** | **३४७२१९०८** | **३६१६९६१६** | **१०४३१८७२४** |

## तालिका २.६.२: आर्थिक वर्ष (२०७९/८० देखि २०८२/८३ सम्म) राजस्व अनुमान (रु. हजारमा)

| क्र. सं. | राजस्व शीर्षक | २०७९/८० वार्षिक लक्ष्य | २०८०/८१ वार्षिक लक्ष्य | २०८१/८२ वार्षिक लक्ष्य | २०८२/८३ वार्षिक लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कृषि आयमा कर/ कृषि उत्पादनको विक्रीबाट | २५०० | १५०० | २००० | २१०० |
| २ | घरजग्गा रजिष्ट्रेशन लगायतका शुल्क (बाँडफाँटबाट प्राप्त हुने) | १०००००० | ११००००० | ११३०००० | १२००००० |
| ३ | बाँडफाँटबाट प्राप्त हुने मनोरंजन कर | ५००० | ५१०० | ५५०० | ५८०० |
| ४ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १०००० | ३००० | ३३००० | ३५००० |
| ५ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | १५०००० | २१४५७४ | ३०५७६०.२४४ | ३२०००० |
| ६ | पर्यटन शुल्क/पदयात्रा | १७०० | १२०० | १५०० | १८०० |
| ७ | सवारी साधन कर | १०८०००० | १२००००० | १३०४९५८.७५६ | १३२७४५५ |
| ८ | यातायात क्षेत्रको अन्य आम्दानी/ सवारी दर्ता किताब चालक अनुमति पत्र | ७७१००० | ७५०००० | ८००००० | ८२१९३३ |
| ९ | अन्य राजस्व/शुल्क | २०७१४०० | १८९३८१० | २०००००० | २३१५२४८ |
| | **जम्मा** | **५०९१६००** | **५१६९१८४** | **५५८२७१९** | **६०२९३३६** |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

### २.७.१ प्रदेश समृद्धिका सम्वाहकको आधारमा बाँडफाँट

**तालिका २.७.१.१: प्रदेश समृद्धिका सम्वाहकको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| सम्वाहक | कार्यक्रम संख्या | २०८०/८१ | | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| उद्योग | १०१६ | १०६५०० | ०.३ | १०४४६६ | ०.३ | १०८५०९ | ०.३ |
| उर्जा जलस्रोत र सिँचाइ | ४०७२ | ५०१२००५ | १५ | ५०३४६७७ | १४.५ | ५१७२२५५ | १४.३ |
| कृषि तथा वन | ४०४२ | ३१४१७२० | ९.४ | ३३३३३०२ | ९.६ | ३४३६११४ | ९.५ |
| पर्यटन | ६७ | ५७३२७४ | १.७ | ५५५५३० | १.६ | ५७८७१४ | १.६ |
| पूर्वाधार | ३८९६ | १२५१०२२७ | ३७.४ | १२८१२१०६ | ३७ | १३१६५७४० | ३६.४ |
| मानव संसाधन | ७१६५ | ५१८०३१० | १५.५ | ५२०८२८६ | १५ | ५३५३१०३ | १४.८ |
| सुशासन | १३५१ | ४७९७६६४ | १४.४ | ४८२६३४५ | १३.९ | ५४२५४४२ | १५ |
| वर्गीकृत नभएको | ३५५ | २१०५५०० | ६.३ | २८४७१९६ | ८.२ | २९२९७३९ | ८.१ |
| **जम्मा** | **२१९६४** | **३३४२७२००** | **१००** | **३४७२१९०८** | **१००** | **३६१६९६१६** | **१००** |

### २.७.२: प्राथमिकताको आधारमा बाँडफाँट

**तालिका २.७.२.१: प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| प्रथामिकता क्रम | बजेट उपशीर्षक संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | १९७ | ३११९८६५१ | ९३.३ | ३२६३८५९४ | ९४.० | ३३९९९४३९ | ९४.० |
| दोश्रो (P2) | १२ | २२२८५४९ | ६.७ | २०८३३१४ | ६ | २१७०१७७ | ६ |
| साङ्केतीकरण नगरिएको | ० | ० | ०.० | ० | | ० | |
| **जम्मा** | | **३३४२७२००** | **१००.०** | **३४७२१९०८** | **१००** | **३६१६९६१६** | **१००** |

### २.७.३ दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७.३.१ मा प्रस्तुत गरिएको छ।

### तालिका २.७.३.१: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सङ्केत नं | दिगो विकास लक्ष्य | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ० | सांकेतीकरण नगरिएको | २४१६८४४४ | ७२.३० | १७८९१००० | ५१.५३ | १०८३८७०० | २९.९७ |
| १ | गरिबीको अन्त्य | ७०३२० | ०.२१ | २२९१६० | ०.६६ | ६२९१६० | १.७ |
| २ | शून्य भोकमरी | १२४०५४८ | ३.७१ | २७३७४२१ | ७.८८ | ५७३७४२१ | १५.९ |
| ३ | स्वस्थ जीवन | १०१७७९४ | ३.०४ | १३४९१४४ | ३.८९ | ६३४९१५२ | १७.६ |
| ४ | गुणस्तरीय शिक्षा | ९१५७८० | २.७४ | ९३७४९२ | २.७० | ९३७४९२ | २.६ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | २१४६२१९ | ६.४२ | ६३६२४४९ | १८.३२ | ६३६२४४९ | १७.६ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ५४२५१८ | १.६२ | ५५५६५१ | १.६० | ५५५६५१ | १.५ |
| ११ | दिगो शहर र वस्तीहरू | ४२२८०० | १.२६ | ३५१३८५ | १.०१ | ४५१३८५ | १.२ |
| १२ | दिगो उपभोग तथा उत्पादन | २०००१४० | ५.९८ | ३३०२१७९ | ९.५१ | ३३०२१७९ | ९.१ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १२४६६३ | ०.३७ | १३८८८८ | ०.४० | १३८८८८ | ०.४ |
| १५ | भूसतह स्रोतको उपयोग | १२२५०० | ०.३७ | १७३६१० | ०.५० | १७३६१० | ०.५ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ५३१७९३ | १.५९ | ५५५५५१ | १.६० | ५५५५५१ | १.५ |
| १७ | दिगो विकासका लागि साझेदारी | १२३६८१ | ०.३७ | १३७९८० | ०.४० | १३७९८० | ०.४ |
| | कुल जम्मा | ३३४२७२०० | १००.०० | ३४७२१९०८ | १००.०० | ३६१६९६१६ | १०० |

## २.७.४ लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट

लैङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७.४.१ मा प्रस्तुत गरिएको छ।

### तालिका २.७.४.१: लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सङ्केत नं. | लैङ्गिक सङ्केत | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | २१९६४०८३ | ६५.७१ | २२८२५७६६ | ६५.७४ | २३७८७०५५ | ६५.७७ |
| २ | अप्रत्यक्ष लाभ | ८३१३७२८ | २४.८७ | ८६४५३३९ | २४.९० | ८९९५३८३ | २४.८७ |
| ३ | तटस्थ | ३१४९३८९ | ९.४२ | ३२५०८०४ | ९.३६ | ३३८७१७८ | ९.३६ |
| | जम्मा | ३३४२७२०० | १०० | ३४७२१९०८ | १०० | ३६१६९६१६ | १०० |

नयाँ आयोजना/कार्यक्रम तथा स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण तथा सशर्त अनुदान विभिन्न प्रकृतिका हुने र सोको जानकारी हाल प्राप्त नहुने हुँदा उक्त बजेटलाई लैङ्गिक सङ्केतका आधारमा साङ्केतीकरण गर्दा समावेश गरिएको छैन।

### २.७.५ जलवायु परिवर्तन सङ्केतका आधारमा बजेटको बाँडफाँट

जलवायु परिवर्तन सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७.५.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७.५.१ः जलवायु परिवर्तन सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| सङ्केत नं. | जलवायु परिवर्तन सङ्केत | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | १३९७२५७० | ४१.८ | १४५८३२०१ | ४२ | १५३७२०८७ | ४२.५ |
| २ | अप्रत्यक्ष लाभ | १०८३०४१३ | ३२.४ | ११४५८२३० | ३३ | ११९३५९७३ | ३३ |
| ३ | तटस्थ | ८६२४२१८ | २५.८ | ८६८०४७७ | २५ | ८८६१५५६ | २४.५ |
| | **जम्मा** | **३३४२७२००** | **१००** | **३४७२१९०८** | **१००** | **३६१६९६१६** | **१००** |

### २.७.६ मन्त्रालयगत र स्थानीय तहगत आधारमा बाँडफाँट

मन्त्रालयगत र निकायगत त्रिवर्षीय कुल बजेट, चालु तथा पुँजीगत खर्चको अनुमान एवम् प्रक्षेपण तालिका २.७.६ मा समावेश गरिएको छ। स्थानीय तहमा हस्तान्तरण हुने अनुदान र साँवा व्याज भुक्तानी, अर्थ विविधको स्रोतगत र चालु पुँजीगत खर्चको अनुमान र प्रक्षेपण अनुसूचीमा समावेश गरिएको छ।

## तालिका २.७.६.१: मन्त्रालयगत/निकायगत त्रिवर्षीय बजेट प्रक्षेपणको विवरण (प्रचलित मूल्यमा)

(रू. हजारमा)

| मन्त्रालय/निकाय | प्रस्तावित बजेट | | | | प्रस्तावित बजेट | | | | प्रस्तावित बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| प्रदेश व्यवस्थापिका | १४९९०३ | १२५०० | ० | १६२४०३ | १५४४०० | १३१२५ | ० | १६७५२५ | १६२१२० | १३७८१ | ० | १७५९०१ |
| प्रदेश लोक सेवा आयोग | १११७५४ | ११४०० | ० | १२३१५४ | ११५१०७ | ५००० | ० | १२०१०७ | १२०८६२ | ५२५० | ० | १२६११२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १४१४० | २००० | ० | १६१४० | १४५६४ | २१०० | ० | १६६६४ | १५२९२ | २२०५ | ० | १७४९७ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८५५१२२ | २८३७०० | ० | ११३८८२२ | ८८०७७६ | २९७८८५ | ० | ११७८६६१ | ९२४८१४ | ३१२७७९ | ० | १२३७५९४ |
| आर्थिक मामिला मन्त्रालय | १४२८७८ | ८७०० | ० | १५१५७८ | १४७१६४ | ९१३५ | ० | १५६२९९ | १५४५२३ | ९५९२ | ० | १६४११४ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७९७२३५ | ८०७६३३ | ० | १६०४८६८ | ८२११५२ | ८४८०१५ | ० | १६६९१६७ | ८६२२१० | ८९०४१५ | ० | १७५२६२५ |
| कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०४९५६९ | १६७०५७ | ० | २२१६६२६ | २१११०५६ | १७५४१० | ० | २२८६४६६ | २२१६६०९ | १८४१८० | ० | २४००७८९ |
| भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ४२०३०३ | १२०८९९२४ | ० | १२५१०२२७ | ४३२९१२ | १२६९२२२३ | ० | १३००५१३५ | ४५४५५८ | १३३२६८३४ | ० | १३३६७००४ |
| उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३५१८०५ | ४६६०२०० | ० | ५०१२००५ | ३६२३५९ | ४९०३२१० | ० | ५२६५५६९ | ३८०४७७ | ५१४८३७१ | ० | ५५२८८४८ |
| सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ४०७०४०८ | ९८६७४८ | ० | ५०५७१५६ | ४१९२५२० | १०३६०८५ | ० | ५२२८६०६ | ४४०२१४६ | १०८७८९० | ० | ५४९००३६ |
| प्रदेश नीति तथा योजना आयोग | ६०००० | ५००० | ० | ६५००० | ६१८०० | २५०० | ० | ६४३०० | ६४८९० | २६२५ | ० | ६७५१५ |
| अर्थ - वित्तीय व्यवस्था | ० | ० | ५००००० | ५००००० | ० | ० | ५२५००० | ५२५००० | ० | ० | ५५१२५० | ५५१२५० |
| अर्थ - आन्तरिक ऋण भुक्तानी | ६००० | ० | ० | ६००० | ६१८० | ० | ० | ६१८० | ६४८९ | ० | ० | ६४८९ |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ७००० | ० | ० | ७००० | ७२१० | ० | ० | ७२१० | ७५७१ | ० | ० | ७५७१ |
| अर्थ - विविध | १५९५१२१ | ११५५६०० | ० | २७५०७२१ | १६४२९७५ | १२१३३८० | ० | २८५६३५५ | १७२५१२३ | १२७४०४९ | ० | २९९९१७२ |
| स्थानीय तह | २१०५५०० | ० | ० | २१०५५०० | २१६८६६५ | ० | ० | २१६८६६५ | २२७७०९८ | ० | ० | २२७७०९८ |
| **जम्मा** | **१२७३६७३८** | **२०१९०४६२** | **५०००००** | **३३४२७२००** | **१३११८८४०** | **२११९८०६८** | **५२५०००** | **३४७२१९०८** | **१३७७४७८२** | **२२२५७९७१** | **५५१२५०** | **३६१६९६१६** |

## २.८ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण

प्रदेश सरकारबाट स्थानीय तहमा तीन आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण तालिका नं. २.८.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८.१: स्थानीय तहमा हुने वित्त हस्तान्तरण तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण (प्रचलित मूल्यमा) (रु. हजारमा)**

| अनुदानको प्रकार | समानीकरण अनुदान | | | सशर्त अनुदान | | | विशेष अनुदान | | | समपुरक अनुदान (पुंजीगत) | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम/आयोजना | न्युनतम अनुदान | सुत्रमा आधारित अनुदान | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | | चालु | पुंजीगत | कुल जम्मा |
| २०८०/८१ को अनुमान | १३०३७५ | १०२९६२५ | ११६०००० | २४४५०० | ० | २४४५०० | १९२००० | ० | १९२००० | ५०९००० | १५९६५०० | ५०९००० | २१०५५०० |
| २०८१/८२ को प्रक्षेपण | १३०३७५ | १०२९६२५ | ११६०००० | २५३०५५ | ० | २५३०५५ | २०५४४० | ० | २०५४४० | ५२८५८० | १६१४७७८ | ५२८५८० | २१४३३५८ |
| २०८२/८३ को प्रक्षेपण | १३०३७५ | १०२९६२५ | ११६०००० | २७०७६९ | ० | २७०७६९ | २१९८२१ | ० | २१९८२१ | ५६५५८१ | १७२७८१२ | ५६५५८१ | २२९३३९३ |

## २.९ जोखिम तथा अनुमान

नेपाल सरकारबाट सशर्त अनुदानसहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। साथै, हालै उत्पन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको संकुचनको असर छिट्टै अन्त्य हुने अनुमान पनि गरिएको छ। यसो नभएमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ३ः आर्थिक क्षेत्र

## ३.१ कृषि

### ३.१.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा समृद्धिका सात मुख्य सम्वाहक मध्ये कृषि एक महत्वपूर्ण क्षेत्र हो। गण्डकी प्रदेशको आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा संलग्न रहेका छन् ,जस मध्ये आधिकांश साना तथा मझौला कृषक रहेका छन्। कृषक वर्गको भूमिमा पहुँच नहुनु ,कृषियोग्य भूमि बाँझो रहनु, भूमिको खण्डीकरण एवम् गैर-उत्पादनमूलक क्षेत्रमा यसको प्रयोग बढ्दैजानु, कृषकहरूलाई वित्तीय सेवा सर्वसुलभ रूपमा उपलब्ध नहुनु,, उन्नत प्रविधि तथा कृषि उत्पादन सामग्रीहरूको उपलब्धता नहुनु, मूल्य श्रृंखलाका पात्र तथा कार्यहरूबीच कार्यगत समन्वयको अभाव, सिँचाइ र सडक लगायतका कृषि पूर्वाधारहरूको कमीले गर्दा कृषि क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन। कृषि उत्पादन तथा उत्पादकत्वमा अपेक्षित उपलब्धि हासिल गर्न भूमिको वैज्ञानिक उपयोग, सिँचाइ सुविधाको उपलब्धता, तुलनात्मक लाभ भएका वस्तुको उत्पादन, कृषिको व्यावसायीकरण र बजारको उचित व्यवस्थापन गर्न आवश्यक छ। प्रदेशको १८.८% जनसंख्या मौसमी खाद्य असुरक्षामा रहेको अवस्थामा कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिद्वारा खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न सकिन्छ। भूमिको खण्डीकरण, भूमिको पहुँचमा रहेको असमानता एवम् गैर-उत्पादनमूलक क्षेत्रमा यसको प्रयोगको कारणले भूमि स्रोतको महत्तम सदुपयोग हुन सकिरहेको छैन। कृषक वर्गको भूमिमा पहुँच, अव्यवस्थित बसोबासलाई व्यवस्थापन, व्यवस्थित शहरीकरण, भूमिहीन र सुकुम्बासीहरूको बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक छ। राष्ट्र विकासमा सहकारीको उपयोग र उपादेयता बारेमा आम नागरिकमा पर्याप्त जानकारी नहुनु, सहकारी क्षेत्रमा संकलित पूँजीको उत्पादनशील क्षेत्रमा न्यून परिचालन, सहकारी संघसंस्थामा अनुशासन तथा सुशासनको अवस्था कमजोर हुनु जस्ता कारणले सहकारी क्षेत्रको विकास हुन सकेको छैन।

### ३.१.२ चुनौती र अवसर

कृषि उत्पादन र उत्पादकत्व बढाउनका लागि आवश्यक पर्ने मल, बीउ, विरुवा, माछा भुरा, उन्नत नश्ल लगायतका उत्पादन सामग्रीहरु सहज रुपमा समयमा नै उपलब्ध नहुनु, सिँचाइको उचित व्यवस्था नहुनु, कृषि सम्बन्धी अन्य पूर्वाधारहरु कृषि सडक, कृषि बजार, भण्डारण गृह, चिस्यान केन्द्र आदिको पर्याप्त विकास नभएकाले अपेक्षित रुपमा उत्पादन तथा उत्पादकत्व वृद्धि हुन सकेको छैन। युवा जनशक्तिको विदेश पलायनले कृषि पेशामा जनशक्तिको अभावमा जमिन बाँझो रहने क्रम बढ्दो छ। कृषिमा आधुनिकीकरण गर्नको लागि आवश्यक स्वाइल म्यापिङ्ग, मौसम विज्ञान स्टेशन, सर्भे-सर्भिलेन्स प्रणालीको विकास भैनसकेको, अधिकांश कृषकमा आइटी संसाधन प्रयोग गर्ने ज्ञान, सिप र क्षमता

अभाव रहेको अवस्थामा कृषिको आधुनिकीकरण गर्नुका साथै प्राकृतिक विपद्र जलवायु परिवर्तनको प्रभावबाट कृषि उत्पादनमा आउन सक्ने ह्रासलाई न्यूनीकरण गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

कृषि क्षेत्रमा जनसांख्यिक लाभांशको उपयोग, श्रम संस्कृति, सिँचाइको सुविधाको बढ्दो उपलब्धता, स्थानीय खाद्यान्नमा अभिरुचि बढ्नु, कृषि ऋण र बीमाको विस्तार, कृषिको व्यावसायीकरण प्रतिको रुचि, संघ र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीका आधारमा भू-उपयोग नीतिको तर्जुमा गर्नु, सुरक्षित बस्ती विकास, प्रादेशिक भू-उपयोग सूचना प्रणालीको लागि प्रविधिको प्रयोग यस क्षेत्रमा रहेका मुख्य अवसर हुन्।

### ३.१.३ सोच

खाद्य सम्प्रभुता र सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भर प्रदेश

### ३.१.४ लक्ष्य

कृषिको यान्त्रिकीकरण, औद्योगिकीकरण र व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात कम गर्ने।

### ३.१.५ उद्देश्य

१. उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर प्रदेश बनाउनु।
२. कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु।
३. कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु।
४. कृषि उत्पादनलाई वातावरणमैत्री बनाउनु।
५. कृषिलाई पर्यटनसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु।

### ३.१.६ रणनीति

- भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरणसहितको कृषिप्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने।
- प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
- पहाडका खेतीयोग्य टारहरूमा सिँचाइको सुविधा उपलब्ध गराउने।
- कृषि क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने।
- तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने।
- कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न

व्यक्तिहरूको आत्मसम्मान उच्च गराउने।

- वातावरणमैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखी उत्पादनलाई प्राथमिकता दिने।
- कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक, स्थानीय सरकार र पर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने।

### ३.१.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.१.७.१: विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कृषिमा कुल लगानी | रू. (करोडमा) | ८९.९ | १०६ | ११३ | ९०.२८ | ९३.९८ |
| २ | कृषि व्यवसायमा थप रोजगारी सिर्जना | संख्या (हजारमा) | ५.६ | ५.८९ | ६ | ६.१ | ६.२ |
| ३ | सिंचित क्षेत्र विस्तार (साना सिँचाइ) | हेक्टर | ११८ | ११२ | ० | ० | ० |
| ५ | कोल्ड स्टोर तथा कोल्डरुम | संख्या | ७ | १२ | ६ | ७ | ७ |
| ६ | बजार केन्द्रहरू | संख्या | १५ | ३ | ९ | १२ | १५ |
| ७ | प्रशोधन केन्द्र | संख्या | ९ | ५ | ४ | ५ | ५ |
| ८ | जलवायुमैत्री कृषि गाउँ | संख्या | ७९ | ४८ | १५ | ० | ० |
| ९ | साना व्यावसायिक फार्म | संख्या | ० | ४३० | ० | ० | ० |
| १० | बीउ उत्पादन कार्यक्रम | हेक्टर | १२२ | १६२ | ८३ | ८९ | ८९ |

## ३.२ पशुपन्छी तथा मत्स्य विकास

### ३.२.१ पृष्ठभूमि

कुल कृषि गार्हस्थ उत्पादनमा एक चौथाइ भन्दा बढी योगदान दिने पशुपन्छी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ। मूलतः निर्वाहमुखी पशुपन्छीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामग्रीहरूको यथोचित उपलब्धता नभएकाले गण्डकी प्रदेशमा पशुपन्छी विकासतर्फ आशातीत उपलब्धि हुन सकेको छैन। साथै वित्तीय पहुँच सर्वसुलभ नहुनु, बजार पूर्वाधारको विकास नहुनु, मूल्य शृंखलामा कार्यगत समन्वय हुन नसक्नु जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन्। आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको वृद्धि र गण्डकी प्रदेशमा प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपन्छीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जरुरी छ।

### ३.२.२ चुनौती र अवसर

पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित

नभई विदेश पलायन हुनु, प्राविधिक ज्ञानको कमीले गर्दा यस क्षेत्रमा ठूला तथा निजीक्षेत्रको लगानी कम हुनु, स्थानीय पशुपन्छीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपन्छीको स्रोत केन्द्रहरू नहुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरू हावी हुनु, नयाँ नयाँ तथा पटक पटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु, प्रविधिको प्रसार, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव, पशुपन्छीजन्य उत्पादनलाई मूल्य शृंखलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

गुणस्तरीय उत्पादन सामग्री, दाना, घाँस र औषधी लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा श्रम अभावलाई सम्बोधन गर्नु, बर्डफ्लू, स्वाइन फ्लू जस्ता जुनोटिक रोगहरूको प्रकोप नियन्त्रण गर्नु, प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी बनाउनु, सार्वजनिक र सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

प्रदेशमा भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको मार्गदर्शनका रूपमा रहेको नेपालको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सिप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपन्छी क्षेत्रमा आकर्षित हुँदै जानु, माछामासु तथा दुग्धजन्य वस्तुहरूको उपभोग वृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपन्छी बीमा, नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, पर्यटन अभिवृद्धिसँगै पशुजन्य उपजहरूको उपभोग बढ्नु यस क्षेत्रका अवसरहरू हुन्।

### ३.२.३ सोच

पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास मार्फत समृद्ध प्रदेश निर्माणमा सहयोग गर्ने

### ३.२.४ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षणमा सहयोग गर्ने।

### ३.२.५ उद्देश्य

१. प्रदेशलाई पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु।

२. पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।
३. पशुपन्छी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।
४. पशुपन्छी, माछा र पशुपन्छीजन्य तथा मत्स्यजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु।

### ३.२.६ रणनीति

- पशुपन्छीजन्य तथा मत्स्यजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी यी पदार्थमा प्रदेशलाई आत्मनिर्भर बनाउने।
- पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा वृद्धि गरी व्यावसायीकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने।
- पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा अध्ययन अनुसन्धानमा आधारित प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रिकीकरणमा जोड दिने।
- पशुपन्छीजन्य उत्पादनको मूल्य शृंखला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने।
- पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको रुपमा विकास गर्न  विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरूबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने।
- स्वस्थ पशुपन्छी तथा मत्स्यजन्य खाद्यवस्तुहरू उपभोक्तासम्म पुऱ्याउने आवश्यक नीति बनाई स्थानीय तहसम्म लागु गर्ने।

### ३.२.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.२.७.१: विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| पशुपन्छी तथा मत्स्य विकासमा लगानी | रू. (करोड) | ७८.१२१२ | ७४.९ | ७१.७ | १०१.९ | ११० |
| पशुपन्छी व्यवसायमा थप रोजगारी सिर्जना | संख्या (हजारमा) | ४.९ | ६.०४ | ७ | ७.५ | ८ |
| कृत्रिम गर्भाधान | संख्या (हजारमा) | ८१.४९१ | ८१.६ | ८१.९ | ९० | ९१ |
| पशुपन्छीमा खोप सेवा | डोज (हजारमा) | १२९५.६४३ | १५८० | १६५० | १७०० | १७५० |
| पशुपन्छीको निदान तथा उपचार सेवा | संख्या (लाखमा) | २.९१ | २.९५ | ३ | ३.१ | ३.१२ |
| साना व्यावसायिक पशुपन्छी फार्म | संख्या | ३८८ | ४०० | ० | ० | ० |
| दुग्ध चिस्यान केन्द्र | संख्या | २ | २ | ५ | ७ | ८ |
| मत्स्य स्रोत केन्द्र | संख्या | ० | १ | २ | २ | २ |

## ३.३ खाद्य सुरक्षा र पोषण

### ३.३.१ पृष्ठभूमि

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को प्रतिवेदन अनुसार गण्डकी प्रदेशको १८.८ प्रतिशत जनसंख्याले मौसमी अल्पकालीन रुपमा खाद्य असुरक्षित अवस्थाको सामना गर्नुपर्दछ। उत्पादनशील जमिनको कमी, सिँचाइको अभाव, गरिबी, भौगोलिक विकटता, प्राकृतिक प्रकोप आदि कारणले प्रभावित हुने मध्ये अधिकांश भूमिहीन, दलित तथा न्यून आय भएका गरिब परिवार रहेका छन्। गोरखाको उत्तरी भाग, मुस्ताङ, मनाङ, म्याग्दी र बाग्लुङका उत्तर पश्चिम क्षेत्रमा खाद्य असुरक्षित जनसंख्या उल्लेख्य रहेको छ। न्यूनपोषण गण्डकी प्रदेशको एक प्रमुख समस्याको रुपमा रहेको छ। यस प्रदेशमा पाँच वर्ष मुनिका बालबालिकाहरूमध्ये १९.७ प्रतिशतमा पुड्कोपन तथा ४ प्रतिशतमा ख्याउटेपन रहेको छ। १५ देखि ४९ वर्षका २५.१ प्रतिशत महिलामा रक्तअल्पता छ। प्रदेश सरकारले यी सूचकाङ्कहरूको अवस्थालाई लक्षित गरी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ३.३.२ चुनौती र अवसर

आन्तरिक खपत र पर्यटन व्यवसायको लागि चाहिने खाद्य वस्तु प्रदेशभित्रै उत्पादन नहुँदा विदेशबाट आयात गर्नुपर्ने अवस्था रहनु, प्रदेशभित्र उत्पादित वस्तु पर्यटन क्षेत्र र पशुपन्छीको दानामा प्रयोग हुँदा जनतालाई खाद्य पदार्थको न्यून उपलब्धता हुनु, कृषि भूमिको अन्य प्रयोजनमा प्रयोग हुनु, कृषिक्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुँदा प्रदेशका बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन्।

खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालबालिकाको पहिचान गर्नु, नेपाल सरकारद्वारा संचालित पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशमा प्रभावकारी कार्यान्वयन गर्नु, खाद्यान्नको सन्तुलित उपभोग (आहारविहार) प्रति सचेतना बढाउनु र कुपोषणको दर बढी रहेका नवलपुर, मनाङ, मुस्ताङ, म्याग्दी, गोरखा र बागलुङ जिल्ला लगायत विकट तथा दुर्गम स्थानहरूमा खाद्य तथा पोषण उपलब्ध गराउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

दिगो विकास लक्ष्य २, भोकमरीको अन्त्य र खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हक स्थापित गर्नु, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन, २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि नीति तथा कार्यक्रमगत मार्गदर्शन गर्नु, कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले खाद्य र पोषण सुरक्षालाई महत्वपूर्ण कार्यक्रमका रुपमा राखी कार्यान्वयन गर्नु, बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) कार्यान्वयनको चरणमा रहनु, कृषि उत्पादन सामग्रीहरूको उपलब्धता वृद्धि हुँदै जानु र संघीय संरचना अनुरुप प्रादेशिक तथा स्थानीय तहले स्थानीय परिवेश तथा विशिष्टतामा आधारित योजना निर्माण तथा कार्यान्वयन प्रक्रिया प्रभावकारी रुपमा अगाडि बढाउनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ३.३.३ सोच
गण्डकी प्रदेशमा खाद्य सुरक्षा सुनिश्चित गर्ने

### ३.३.४ लक्ष्य
प्रदेशको लागि आवश्यक सुरक्षित खाद्यान्न उपलब्ध गराउने।

### ३.३.५ उद्देश्य
१. खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु।
२. कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु।
३. खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्वतयारी गरी संकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत समुदायको नियमित पहुँच पुऱ्याउनु।

### ३.३.६ रणनीति
- खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने।
- खाद्य तथा पोषण असुरक्षित समुहहरूको पहिचान गरी जनचेतना अभिवृद्धि गर्ने।
- स्थानीय सम्भाव्यता भएका वस्तुहरूको उत्पादन वृद्धि गर्न आवश्यक पूर्वाधार र प्राविधिक सहयोग गर्ने।
- सरोकारवाला निकायसँग समन्वय गरी जोखिम न्यूनीकरणको लागि योजना तयार पार्ने।

### ३.३.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### तालिका ३.३.७.१: विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| चरम खाद्य असुरक्षित घरधुरी | प्रतिशत | ५.१ | ५ | ४ | ३ | ३ |
| प्रतिव्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता | के जी | ३२५.४७ | ३१९.५ | ३१९.३ | ३१९.२ | ३१९.२ |
| खाद्यान्न बाली उत्पादन प्रतिवर्ष | | | | | | |
| धान | मे. टन | ३९११८४ | ३९११०० | ३९१००० | ३९०९०० | ३९०९०० |
| गहुँ | मे. टन | ९७६२७ | ९७५५० | ९७४०० | ९७२०० | ९७००० |
| मकै | मे. टन | ४३५२६५ | ४३५२६६ | ४३५२७० | ४३५२७५ | ४३५२७५ |
| कोदो | मे. टन | ९४८२९ | ९४८०० | ९४६०० | ९४५०० | ९४२०० |
| दलहन उत्पादन प्रति वर्ष | मे. टन | १८३०४ | १७४०० | १७२०० | १७००० | १७००० |
| तेलहन उत्पादन प्रति वर्ष | मे. टन | ९१५९ | ८७०० | ८६०० | ८६०० | ८६०० |
| आलु उत्पादन प्रति वर्ष | मे. टन | २८११५५ | २५३०४० | २५३१०० | २५३१०० | २५३२०० |
| तरकारी उत्पादन प्रति वर्ष | मे. टन | २९९८४४ | ३०८०७० | ३१०००० | ३१०२०० | ३१०३०० |
| फलफूल उत्पादन प्रति वर्ष | मे. टन | १४७१५६ | १४८८११ | १४९००० | १५०००० | १५०१०० |
| दूध उत्पादन प्रति वर्ष | मे.टन. | २३८०७७ | २२८८९५ | २२८५०० | २२८५०० | २२८६०० |
| माछा उत्पादन प्रति वर्ष | मे.टन. | ४४०३ | ४५०६ | ४६०० | ४८०० | ४८०० |
| मासु उत्पादन प्रति वर्ष | मे.टन. | ५८९९५ | ५०९३२ | ५१००० | ५१००० | ५१००० |
| अण्डा उत्पादन प्रति वर्ष | गोटा (लाखमा) | १५६४५१ | १५२५३५ | १५२५०० | १५२६०० | १५२६०० |

## ३.४ भूमि व्यवस्थापन

### ३.४.१ पृष्ठभूमि

सीमित भूमि र भूमिस्रोतको समुचित व्यवस्थापन गरी यसबाट प्राप्त हुने लाभलाई न्यायोचित रुपमा वितरण गरिनुपर्छ। संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमिहीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवम् भूउपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ। खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, भूमिहीन र सुकुम्बासीहरूको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आधुनिक प्रविधिको प्रयोग मार्फत

नापनक्सामा शुद्धता कायम गर्ने तथा प्रादेशिक भू-सूचना प्रणाली स्थापना तथा विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानुन, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ।

### ३.४.२ चुनौती र अवसर

कृषियोग्य भूमिको गैरकृषि क्षेत्रमा बढ्दो प्रयोग र भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृद्धि बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आई संविधानप्रदत्त खाद्य सुरक्षा सम्बन्धी हकमा प्रतिकूल प्रभाव पर्नु, भूमिको उपयोग र क्षमता अनुसारको भूउयोग सूचना प्रणालीको विकास हुन नसक्नु, अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरण बढ्दै जानु र सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गर्ने प्रवृति बढ्नु तथा भूमि प्रशासन सम्बद्ध निकायहरूबाट प्रदान हुने सेवा सरल र सहज रुपमा उपलब्ध हुन नसक्नु आदि यस क्षेत्रका विद्यमान समस्याहरू हुन्।

भूमिको उपयोगका आधारमा वर्गीकरण गरी सोही आधारमा उपयोग गर्ने पद्धति स्थापित गर्नु, भूमिमा सबैको पहुँच स्थापित गर्नु एवम् सामाजिक आर्थिक कारणले पछि परेका सीमान्तकृत, भूमिहीन कमजोर वर्गको भूमिमा पहुँच बढाउने, सुन्दर र सुरक्षित बस्ती विकास र योजनाबद्ध दिगो शहरीकरणका साथै भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, साना कित्ताहरू एकीकरण गरी चक्लाबन्दीमा आधारित खेती प्रणालीको विकासबाट कृषि उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु, सूचना प्रविधियुक्त प्रादेशिक भूउपयोग सूचना प्रणालीको विकासका साथै आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय र भरपर्दो नाप नक्सा, तथ्याङ्क तथा भू-सूचना तयार गर्नु, भूउपयोग नीति कार्यान्वयनका लागि आवश्यक कानुनी र सांगठनिक संरचना तयार गरी सेवाको गुणस्तर अभिवृद्धि गर्नु आदि यस क्षेत्रमा चुनौतीहरू हुन्।

भूमिको वैज्ञानिक वर्गीकरण गरी सोही आधारमा यसको उपयोग गर्न समुदायको चासो बढ्नु, कृषक वर्गको भूमिमाथिको पहुँच स्थापित गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउँदै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउनु तर्फ सम्बद्ध सबै तीनै तहको सरकार र सरोकारवालाहरूको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दी प्रति कृषकको आकर्षण वृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु वहस पैरवी हुनु, संघ र प्रदेश सरकारले प्राकृतिक, वातावरणीय एवम् मानवीय जोखिम रहित योजनाबद्ध र दिगो शहरीकरण, सुरक्षित र एकीकृत बस्ती विकासमा प्रतिबद्धता देखाउनु, प्रदेशमा रहेको प्रचुर भूमि स्रोत एवम् प्राकृतिक सम्पदाहरूको संक्षरण र विकासमा स्थानीय चासो र चेतना उत्साहप्रद रुपमा बढ्नु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ३.४.३ सोच
भूमिको वैज्ञानिक व्यवस्थापन गरी सामाजिक न्यायमा आधारित भू स्वामित्व स्थापना गराउने

### ३.४.४ लक्ष्य
भूमि र भूउपयोग प्रणालीलाई प्रदेशको दीर्घकालीन हित अनुरूप समृद्धिको संवाहकको रूपमा विकास गर्ने।

### ३.४.५ उद्देश्य
१. वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु।
२. विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु।
३. भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु।

### ३.४.६ रणनीति
- प्रादेशिक भूमि नीति, भूउपयोग नीति तथा योजना निर्माण गर्ने।
- वैज्ञानिक भूमि सुधार कार्यक्रमका माध्यमबाट कमजोर र भूमिहीन वर्गको भूमिमा पहुँच बढाइने।
- भू-उपयोग सूचना प्रणालीको विकास गर्ने।
- भूमि प्रशासन सम्बद्ध निकायहरूको संस्थागत सुदृढीकरण गर्ने।

### ३.४.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य
**तालिका ३.४.७.१ः विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| चक्लाबन्दी प्रवर्द्धन | हेक्टर | ५१.७ | २० | २५ | २५ | २५ |
| जग्गा एकीकृत गरी वस्ती विकास | संख्या | ० | १ | २ | ३ | ४ |
| कित्ता नापी नक्सामा सार्वजनिक सडक (कम्तीमा ६ मिटर चौडाइ भएका) अद्यावधिक | कि.मि. | १६ | २०० | २०० | २१० | २२० |

## ३.५ सहकारी तथा गरिबी निवारण
### ३.५.१ पृष्ठभूमि
सहकारी प्रदेश अर्थतन्त्रको सरकारी र निजी सरहको एक महत्वपूर्ण आधारस्तम्भ हो। गण्डकी प्रदेशमा उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमा गरी करिब ३,४०० संख्याको हाराहारीमा सहकारी संघ संस्थाहरू सञ्चालनमा रहेका छन्। सहकारी कानुन, सहकारीको सिद्धान्त,

मूल्य मान्यताको भावनाअनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम, सिप, पुँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादनमुलक रोजगारीको सिर्जना, सामाजिक एकीकरण तथा वातावरण संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आयातलाई प्रतिस्थापन गर्न सहकारीको विकास आवश्यक छ।

### ३.५.२ चुनौती र अवसर

आम नागरिकमा सहकारीको उपयोग र उपादेयता बारेमा पर्याप्त जानकारी नहुनु, सहकारी संघसंस्थामा विधिको अज्ञानता वा पर्याप्त प्रशिक्षणको कमीले अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु, र प्रादेशिक प्रशिक्षण, नियमन, सूचना प्रणालीको संरचना स्थापना नहुनाले सहकारीको यथार्थ तथ्याङ्क तथा विवरण प्राप्त हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन्।

सहकारी सम्बन्धी प्रादेशिक नीतिगत, कानुनी एवम् संस्थागत संरचना निर्माण गर्नु, उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु, सहकारी संस्थाहरूमा सीमान्तकृत, बञ्चितीकरणमा परेका वर्ग, आय वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु, सहकारी संस्थाहरूमा संस्थागत एवम् वित्तीय अनुशासन बढाउनु, सहकारी संस्था सञ्चालन एवम् व्यवस्थापनका लागि क्षमता र दक्षता वृद्धि गर्नु र प्रादेशिक नियमनकारी निकायको संरचना स्थापना गरी प्रभावकारी नियमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

प्रदेश सरकारले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, प्रदेशमा उल्लेखनीय मात्रामा सहकारी संस्थाहरू रहनु र यसको संख्या वृद्धि हुँदै जानु, सहकारी क्षेत्रसँग रहेको ठूलो पूर्वाधार निर्माण तथा उत्पादनको क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहनु, सहकारी कानुनको पालना, सहकारीहरू बीच सहकार्य एवम् सहयोगको भावनाको विकास हुँदै जानु, सहकारी क्षेत्रको पुँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न तीनै सरकार प्रतिबद्ध रहँदै नीतिहरू बन्नु, निजी क्षेत्र र सहकारी क्षेत्रबीच सहकार्य वृद्धि हुँदै जानु, सहकारी संचालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ३.५.३ सोच

सहकारी परिचालन गरी समाजवाद उन्मुख समृद्धि हासिल गर्न टेवा पुऱ्याउने

### ३.५.४ लक्ष्य

स्थानीय, श्रम, सिप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि गर्दै आयातमा न्यूनीकरण गर्ने।

### ३.५.५ उद्देश्य

१. सहकारी क्षेत्रमा सुशासन कायम गर्नु।

२. सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु।

३. स्वरोजगार एवम् रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु।

### ३.५.६ रणनीति

- आवश्यक नीतिगत एवम् कानुनी व्यवस्था र संस्थागत संरचनाको स्थापना गर्ने।
- जनचेतना र नियमन कार्यलाई प्रभावकारी बनाउने।
- लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने।
- उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गर्ने।
- आर्थिक तथा सामाजिक रुपमापछि परेको व्यक्ति वर्ग तथा समुदायको पहिचान गर्ने।
- लक्षित वर्ग र समुदायको सहकारीमा पहुँच वृद्धि गर्ने।
- व्यवसायी युवा तथा लक्षित वर्गले सञ्चालन गर्ने सहकारी र व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने।

### ३.५.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.५.७.१: विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सहकारी संघ र संस्था | संख्या | ९२३ | ९१० | ८८० | ८८५ | ८७० |
| सहकारीको कृषि क्षेत्रमा लगानी | प्रतिशत | ९.७ | ७ | १० | १२ | १३ |
| एक सहकारी एक उत्पादन | संख्या | १७ | ० | ० | ० | ० |
| COPOMIS मा तथ्याङ्क अद्यावधिक गर्ने सहकारी | संख्या | ६२३ | ७०० | ८३५ | ८६० | ८६५ |

**तालिका ३.५.७.२: विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रकम रु. लाखमा)**

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | कुल |
|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | |
| २०८०/८१ | २४०८००० | २१९८००० | २१०००० | ० | २४०८००० |
| २०८१/८२ | २५७९६०० | २३५८८०० | २२०८०० | ० | २५७९६०० |
| २०८२/८३ | २७२३५०० | २४७९००० | २४४५०० | ० | २७२३५०० |

| स्रोत | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष | प्रदेश सरकार | नेपाल सरकार समानीकरण अनुदान | नेपाल सरकार समपूरक अनुदान | नेपाल सरकार विशेष अनुदान | नेपाल सरकार सशर्त अनुदान |
| २०८०/८१ | २०३९३०० | ५०००० | ० | ९०००० | २२८७०० |
| २०८१/८२ | २१०३९०० | ५२६०० | ० | २११२०० | २११९०० |
| २०८२/८३ | २२२०७०० | ५८२०० | ० | २२१९०० | २२२७०० |

## ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०००१ | भूमि व्यवस्था, कृषि तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय | • क्षेत्रगत प्रादेशिक नीति, ऐन, मापदण्ड तथा कार्यविधि तर्जुमा<br>• क्षेत्रगत विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन<br>• संघीय तथा स्थानीय सरकारहरूसँग समन्वय तथा सहजीकरण | सालबसाली | ६४४४९० | • नीतिगत, संस्थागत तथा कार्यगत रूपमा संघीय सरकार र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय, सहकार्य तथा सहकार्य भएको हुने।<br>• जग्गा चक्लाबन्दी मार्फत उत्पादन लागत घट्ने तथा उत्पादन र उत्पाकत्वमा वृद्धि भएको हुने।<br>• प्रदेशको कृषि तथ्यांक अध्यावधिक भएको हुने।<br>• एक निर्वाचन क्षेत्रमा एक कृषि स्मार्ट फर्म स्थापनाका लागि आवश्यक पूर्वाधार विकास भएको हुने।<br>• मौसम पुर्वानुमानका आधारमा कृषि गतिविधिहरु सञ्चालन भई बालीवस्तुमा हुन सक्ने क्षति न्यूनीकरणमा सहयोग पुग्ने। |
| ३१२०१०१ | कृषि विकास निर्देशनालय | • कृषिको लागि आवश्यक पूर्वाधार विकास तथा कृषिको व्यावसायीकरण | सालबसाली | २९४२२८ | • कृषि मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• कृषि उपजको बजारीकरण तथा भण्डारणमा सहजता हुने।<br>• प्रादेशिक कृषि डायरी प्रकाशन भएको हुने। |
| ३१२०१०२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | कृषक तथा प्राविधिकहरुको क्षमता विकास तथा व्यवसाय प्रवर्द्धन | सालबसाली | २४१५० | • व्यावसायिक कृषि सम्बन्धमा कृषकहरुको क्षमता विकास भएको हुने।<br>• प्रदेश तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता विकास भएको हुने। |
| ३१२०१०३ | कृषि ज्ञान केन्द्रहरु | कृषिको व्यावसायीकरण, यान्त्रीकरण तथा आधुनिकीकरण र प्राविधिक सेवा प्रवाह | सालबसाली | ५६१७२८ | • कृषि क्षेत्रको व्यावसायिकरण, यान्त्रिकीकरण मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग भएको हुने।<br>• मुख्य फलफूल बालीहरुको बगैंचा सुदृढीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने।<br>• कृषि प्रसार सेवाको विस्तार भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | माटोको गुणस्तरमा सुधार ल्याई कृषि उत्पादकत्व अभिवृद्धि | सालबसाली | ३०७४३ | • प्रयोगशाला परीक्षण, घुम्ती शिविर मार्फत माटो तथा मलको परीक्षण भई नतिजाका आधारमा प्राविधिक सेवा तथ परामर्श उपलब्ध गराइएको हुने, माटोको गुणस्तरमा सुधार ल्याई कृषि उत्पादकत्व अभिवृद्धि भएको हुने।<br>• प्रयोगशालाको स्तरोन्नति भई माटो तथा मलमा पाइने रसायनहरुको परीक्षण हुने।<br>• डिजिटल स्वाइल म्याप तयार भएको हुने।<br>• माटोको नमुना परीक्षण बमोजिम सुधारका लागि कृषि चुनको उपलब्धता सहज हुने। |
| ३१२०१०१४ | बीउ बिजन प्रयोगशाला | बीउ बिजन उत्पादन वृद्धि तथा प्रवर्द्धन एवम् गुणस्तर नियन्त्रण | सालबसाली | २१८७२ | • बीउ बिजनको गुणस्तर नियमन तथा बीउको उपलब्धतामा सहजता हुने।<br>• बीउ उत्पादन गर्ने कृषकहरुको हौसला वृद्धिका लागि प्रोत्साहन उपलब्ध भएको हुने। |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | बालीका रोगकीरा पहिचान तथा व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्ने | सालबसाली | २९०५२ | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको प्रकोप तथा प्रकोपबाट हुने क्षति न्यनीकरण भएको हुने।<br>• सुन्तलामा लाग्ने ग्रिनिङ्ग रोगको परीक्षणका लागि PCR परीक्षण सहज भई बगैंचा व्यवस्थापनमा टेवा पुग्ने। |
| ३१२०१००१ | कृषि श्रोत केन्द्रहरु | • फलफूल, तरकारीको बेर्ना उत्पादन, मुख्य खाद्यान्नबालीको बीउ उत्पादन प्रवर्द्धन<br>• रेशम तथा च्याउ खेती र मौरीपालनको प्रवर्द्धन तथा उत्पादन वृद्धि | ३ वर्ष | ८१४६७ | • मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको उत्पादन तथा मुख्य खाद्यान्नबालीको बीउको सहज उपलब्धता भएको हुने।<br>• रेशम खेतीको क्षेत्र विस्तार भएको हुने, च्याउ तथा महको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने।<br>• श्रोत केन्द्रमा नै गुणस्तरीय च्याउको बीउ उत्पादन भएको हुने। |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | पशुपन्छी तथा पशुजन्य उत्पादनको बजार विकास, विस्तार तथा प्रवर्द्धन | सालबसाली | १२७९८६ | • पशुपन्छी मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• पशुपन्छीजन्य उपजको बजारीकरणमा सहजता भएको हुने।<br>• पशुमा लाग्ने मुख्य संक्रामक रोग विरुद्धका खोपहरुको सहज उपलब्धता भई पशुपन्क्षीको रोग प्रतिरोधात्मक क्षमता वृद्धि भएको हुने।<br>• प्रदेशको हिमाली भेगमा पालिने याकको नश्ल सुधार भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु पन्छीमा लाग्ने विभिन्न रोगहरूको पहिचान, रोकथाम तथा नियन्त्रण | सालबसाली | ५१६२४८ | • पशुपन्छी क्षेत्रमा व्यावसायीकरण, यान्त्रिकीकरण, नश्ल सुधार मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• पशुका मुख्य संक्रामक रोगहरुको आउटब्रेक नियन्त्रण भएको हुने।<br>• विशिष्टकृत पशुपन्छी उपचार सेवा उपलब्ध भएको हुने।<br>• बाँझो जग्गाको उपयोग भई घाँस खेती विस्तार भएको हुने। |
| ३१२०२०१८ | पशु सेवा तालिम केन्द्र | कृषक तथा प्राविधिकहरुको क्षमता विकास प्रदान गरी व्यावसायिक पशुपालन अभिवृद्धि तथा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न टेवा पुऱ्याउने। | सालबसाली | २६६४८ | • व्यावसायिक पशुपन्छी पालन सम्बन्धमा कृषकहरुको क्षमता विकास भएको हुने।<br>• प्रदेश तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता विकास भएको हुने। |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र | मत्स्यपालन प्रवर्द्धन तथा प्राविधिक सेवा प्रवाह | सालबसाली | २९३५४ | • मत्स्य पोखरी तथा रेसवे विस्तार भई मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• प्राकृतिक जलाशयको मत्स्यपालनमा उपयोग भएको हुने।<br>• मत्स्य सम्बन्धी प्राविधिक सेवामा कृषकहरुको सहज पहुँच हुने। |
| ३१२०५१०१ | सहकारी रजिष्ट्रारको कार्यालय | सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि तथा नियमन | सालबसाली | २००३४ | • सहकारी संस्थाहरुको क्षमता विकास तथा नियमन भएको हुने।<br>• सहकारीहरुको एकीकरण भई सबल, सक्षम र दिगो संस्थाको निर्माण हुने। |

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय | • कृषि व्यवसाय प्रवर्द्धन नियमावली, विषादी व्यवस्थापन सम्बन्धी विधेयक र प्रादेशिक कृषि विकास रणनितिको मस्यौदा तयार भएको, कार्यक्रम संचालनका लागि आवश्यक ८ वटा मापदण्डहरु तयार गरिएको।<br>• २५ हेक्टर जमिनको चक्लाबन्दी कार्य भइरहेको।<br>• कित्तानापी नक्सामा २०० कि.मि. सार्वजनिक बाटो अद्यावधिक गरिएको।<br>• गण्डकी कृषि मौसमी सल्लाह बुलेटिनको २५ औं अंकसम्म प्रकाशन गरिएको। | • कृषि व्यवसाय प्रवर्द्धन नियमावली, विषादी व्यवस्थापन सम्बन्धी प्रादेशिक ऐन लगायतका कानून, प्रादेशिक कृषि विकास रणनीति लयागत अन्य सम्बन्धित नीति तर्जुमा भएको हुने।<br>• नीतिगत, संस्थागत तथा कार्यगत रूपमा संघीय सरकार र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय, सहकार्य तथा सहकार्य भएको हुने।<br>• जग्गा चक्लाबन्दी कार्यको प्रवर्द्धन भएको हुने। | • जमिनको चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम।<br>• सार्वजनिक बाटोको कित्तानापी नक्सामा अध्यावधिक गर्ने।<br>• गण्डकी कृषि मौसमी सल्लाह बुलेटिन प्रकाशन तथा प्रसारण गर्ने।<br>• एकीकृत वस्ती विकास गर्ने।<br>• जग्गा चक्लाबन्दी गरिएको स्थानमा यान्त्रिकीकरण गर्ने। |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | • ३ वटा प्रशोधन केन्द्र र ७ वटा कोल्ड रुम तथा २ वटा कोल्डस्टोर निर्माण कार्य भइरहेको।<br>• २७ हे. क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउको बगैंचा स्थापना सम्बन्धी कार्य भैरहेको। | • शीत भण्डारहरू, बजार केन्द्रहरू, प्रशोधन केन्द्रहरू, प्राङ्गारिक मल कारखाना, बायोचार उद्योग संचालनमा आएको हुने।<br>• कृषि मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• कृषकलाई आकस्मिक सेवा टेवा उपलब्ध भएको हुने। | • कोल्ड स्टोर तथा कोल्ड रुम निर्माण गर्ने।<br>• प्रशोधन केन्द्र र संकलन केन्द्र निर्माण गर्ने।<br>• व्यवसाय पुनर्स्थापना कार्यक्रम संचालन गर्ने।<br>• पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना अन्तर्गत फलफूल तथा तरकारी क्षेत्र विस्तार गर्ने। वागवानी श्रोत केन्द्रको सुदृढीकरण गर्ने। |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | विभिन्न तालिममार्फत ५८८ जना कृषक र १८७ जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिएको | कम्तीमा ७०० जना कृषक र ७५० जना प्राविधिकहरुको क्षमता अभिवृद्धि भएको हुने | • विभिन्न विधामा कृषक तथा प्राविधिकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | २१८ नयाँ सिंचाई पूर्वाधार निर्माण तथा पुराना मर्मत सम्बन्धी कार्य भइरहेको जसबाट करिब ११२ हेक्टर जमिनमा सिँचाई पुग्ने, विभिन्न बालीका ६ वटा ब्लक स्थापना भएको, ७३ हेक्टर बाँझो जमिनमा खेती गरे बापत प्रोत्साहन उपलब्ध गराइएको, सूर्यमुखी, तोरी, कोदो लगायता स्थान विशेष बालीहरुको उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गरिएको। १६३ हे. क्षेत्रफलमा प्रमुख खाद्यान्नबालीहरु धान, गहुँ, मकै, तरकारी तथा तोरीको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिएको। | • कृषि क्षेत्रको व्यावसायीकरणको लागि कार्यक्रमहरु संचालन भएको हुने।<br>• कृषि यान्त्रिकीकरण तथा नवीनतम तथा आधुनिक प्राविधि अबलम्बनका लागि सहयोग तथा सहजीकरण भएको हुने।<br>• कृषकहरुलाई प्राविधिक तथा प्रसार सेवा उपलब्ध भएको हुने।<br>• स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग भएको हुने। | • साना सिँचाई पूर्वाधार विकास कार्यक्रम<br>• बीउ उत्पादन तथा विशेष बाली प्रवर्द्धन कार्यक्रम<br>• रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रम<br>• प्रविधि प्रदर्शन तथा शिविर संचालन<br>• कृषि तथ्याङ्क अध्यावधिक गर्ने<br>• ४४० हे. क्षेत्रफलमा चैतेधान तथा ६०० हे. मा चिप्स आलु उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन<br>• Pesticide poisoning surveillance गर्ने<br>• फलफूल, तरकारी, खाद्यान्न तथा रैथानेबालीको उत्पादन प्रवर्द्धन तथा मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। |
| ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | प्रयोगशाला परीक्षण तथा घुम्ती शिविरमार्फत ३००० माटो तथा ३५ मलको नमुना परीक्षण गरिएको। माटो परीक्षण गरी स्वाइल हेल्थ कार्ड वितरण गर्ने कार्य सुरु गरिएको। | • प्रयोगशाला परीक्षण, घुम्ती शिविर मार्फत माटो तथा मलको परीक्षण गरी नतिजाका आधारमा प्राविधिक सेवा तथा परामर्श उपलब्ध गराइएको हुने।<br>• आइ.पि.एन.एस कृषक पाठशाला सञ्चालन भएको हुने।<br>• डिजिटल स्वाइल म्याप तयार भएको हुने। | • प्रयोगशाला परीक्षण तथा घुम्ती माटो शिविरमार्फत माटो परीक्षण<br>• मल परीक्षण<br>• आइ.पि.एन.एस कृषक पाठशाला सञ्चालन<br>• माटो परीक्षणका आधारमा कृषि चुन वितरण<br>• प्रयोगशाला स्तरोन्नति |
| ३१२०१०१४ | बीउ बिजन प्रयोगशाला | गहुँ, धान, मकै, तोरी, बोडी,मूला लगायतका बालीको बीउ प्रमाणीकरण गरिएको, बीउ बिजन सङ्केतपत्र व्यवस्थापन सम्बन्धमा कृषकहरुको क्षमता अभिवृद्धि गरिएको। | • बीउ बिजनको दर्ता तथा गुणस्तर नियमन भएको हुने।<br>• बीउ बिजनको उत्पादन सम्बन्धी कार्यक्रम संचालन भएको हुने।<br>• प्रदेशस्तरमा स्रोत बीउ र उन्नत बीउको वासलात तयार भएको हुने। | • बीउ बाली खेत निरीक्षण, बीउ प्रमाणीकरण<br>• प्रदेशस्तरमा स्रोत बीउ र उन्नत विउको वासलात तयारी<br>• बीउको ELISA परीक्षण |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | पि.सि.आर. प्रविधिबाट रोग पहिचान कार्यको सुरुवात गरिएको, ८ वटा आ.ई.पि. एम कृषक पाठशालामार्फत कृषकहरुको क्षमता विकास गरिएको, रोग कीरा व्यवस्थापनका लागि अभियानमूलक बाली संरक्षण कार्यक्रम संचालन गरिएको पेष्ट म्याप तयार गरिएको | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको निदान गरी समस्या समाधान गरिएको हुने।<br>• प्रदेशभित्र विषादीको कारोबारमा संलग्न ब्यक्तिहरुको क्षमता विकास भएको हुने।<br>• ट्राईकोडर्माको उत्पादन, कल्चर, संरक्षण र प्रयोग भएको हुने। | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको प्रयोगशाला परीक्षण गरी निदान<br>• कृषक पाठशाला कार्यक्रम<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम<br>• ट्राईकोडर्माको उत्पादन कार्यक्रम<br>• सुन्तलामा औंसा किरा नियन्त्रण तथा पि.सि. आर परीक्षण |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०१००१ | कृषि श्रोत केन्द्रहरु | मौसमी तथा बेमौसमी तरकारीका बेर्ना उत्पादन गरी बिक्री वितरण गरिएको, कृषकहरुलाई धान तथा मकैको मूल बीउ उपलब्ध गराई बीउ उत्पादन प्रवर्द्धन गरिएको, व्यावसायिक च्याउ खेती, मौरीपालन तथा बीउ उत्पादन तथा व्यवस्थापन तालिममार्फत कृषकहरुको क्षमता विकास गरिएको। २१८ के.जी. रेशम विज कोया उत्पादन गरिएको। | • स्रोत केन्द्रमा मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको सहज उपलब्धता भएको हुने,<br>• तरकारी तथा मुख्य खाद्यान्नबालीको बीउ तथा च्याउको बीउको सहज उपलब्धता भएको हुने।<br>• रेशम खेतीको क्षेत्र विस्तार भएको हुने, बीज कोया उत्पादन, च्याउ खेती र मौरीपालन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालन भएको हुने। | • मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको उत्पादन, वितरण<br>• तरकारी तथा मुख्य खाद्यान्नबालीको बीउ उत्पादन प्रवर्द्धन<br>• च्याउ बीउ उत्पादन तथा च्याउ खेती र मौरीपालन प्रवर्द्धन कार्यक्रम<br>• रेशम खेती विस्तार कार्यक्रम<br>• च्याउ खेती, मौरीपालन, बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी तालिम |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २ वटा कोल्ड रुम, ३ वटा चिस्यान केन्द्र स्थापना कार्य भइरहेको, खोप बैङ्क संचालनमा ल्याई प्रदेशमा आवश्यक पर्ने खोप खरिद तथा भण्डारण तथा आपुर्ति गरिएको, ASF र अफ्रिकन स्वाईन फिभर तथा लम्पीस्किन रोग व्यवस्थापनमा सहजीकरण गरिएको | • कोल्ड रुम, दुग्ध चिस्यान केन्द्र, बजार केन्द्र स्थापना भएको हुने।<br>• पशुपन्छीजन्य उत्पादनको विकासका लागि हाटबजार तथा पशुसंकलन केन्द्र सञ्चालनमा आई बजारीकरणमा सहजता आएको हुने।<br>• पशुमा पूर्ण खोप कार्यक्रमको लागि खोपको व्यवस्थापन गरिएको हुने। | • कोल्ड रुम तथा दुग्ध चिस्यान केन्द्र निर्माण।<br>• खोप खरिद तथा खोप बैङ्क संचालन<br>• व्यवसाय पुनर्स्थापना सहयोग<br>• महामारी रोग नियन्त्रण कार्यक्रम |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ६४ वटा स्थानीय तहमा पूर्ण खोप कार्यक्रम संचालन गरिएको, ३८८ वटा साना व्यावसायिक फार्म स्थापना कार्य भइरहेको, ८१४९१ पटक कृत्रिम गर्भाधान गरिएको, ७ हेक्टर मत्स्य पोखरी निर्माण भएको, १० वटा विभिन्न पशु तथा मत्स्य ब्लक स्थापना तथा सञ्चालन भएको, तनहुँ र कास्कीमा मोडल भेटेरिनरी अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको। | • पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यसायीकरणका लागि कार्यक्रमहरु संचालन भएको हुने।<br>• पशुका मुख्य संक्रामक रोगहरु नियन्त्रण गर्न वृहत खोप कार्य संचालन भएको हुने।<br>• पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको निदान तथा उपचार सेवा उपलब्ध भएको हुने।<br>• विभिन्न पशुहरुका स्रोत केन्द्रको स्थापना भएको हुने।<br>• पशुपन्छीको नक्ष्ल सुधार सम्बन्धी कार्यक्रम संचालन भएको हुने।<br>• उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइएको गरिएको हुने। | • साना व्यावसायिक फार्म स्थापना तथा विस्तार<br>• पशुको पूर्ण खोप कार्यक्रम<br>• पशु स्रोत केन्द्रको स्थापना<br>• उत्पादनमा आधारित प्रोत्साहन (दूधमा)<br>• प्रयोगशाला, उपचार सेवा तथा शिविर संचालन<br>• बाँझो जग्गमा घाँस खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | विभिन्न तालिममार्फत जना कृषक तथा जना प्राविधिकहरुको २१८ जना कृषक र १८७ जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिएको। | • विभिन्न तालिममार्फत कम्तीमा ७०० जना कृषक र ५०० जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने। | • कृषक तथा प्राविधिकहरुको क्षमता विकास सम्बन्धी क्रियाकलाप<br>• तालिम प्रभावकारिता मूल्याङ्कन |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र | विभिन्न जिल्लाका १३२ वटा मत्स्य पोखरीको पानीको गुणस्तर जाँच गरी व्यवस्थापन सुधारका लागि कृषकहरुलाई प्राविधिक सुझाव दिइएको, व्यावसायिक मत्स्यपालन सम्बन्धी ७ वटा तालिममार्फत १७३ जना कृषकहरुको क्षमता अभिवृद्धि गरिएको, ३ वटा मत्स्य घुम्ती शिविरमार्फत ५२ जना कृषक लाभान्वित भएका। | • मत्स्यपालन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालन भएको हुने।<br>• प्राकृतिक जलाशयको उपयोग तथा जलीय जीव संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने।<br>• मत्स्य सम्बन्धी प्राविधिक सेवा प्रवाह भएको हुने। | • मत्स्य नर्सरी स्थापना<br>• ताल विशेष मत्स्यपालन कार्यक्रम<br>• रेन्वो ट्राउटपालनका लाग रेसवे निर्माण कार्यक्रम |
| ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | १२९ वटा सहकारी संस्थाहरुको एकीकरण भएको, २७ वटा सहकारी संस्थाहरुको विनियम संसोधन स्वीकृत गरिएको, सहकारी संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने कार्य नियमित रुपमा भइरहेको। | • सहकारी सम्बन्धी विभिन्न तालिममार्फत सहकारी संस्थाहरुको क्षमता विकास भएको हुने।<br>• सहकारी संघसंस्थाको अनुगमन, निरीक्षण र सुपरीवेक्षण भएको हुने। | • सहकारीको क्षमता विकास सम्बन्धी विभिन्न तालिमहरु<br>• सहकारी संघ संस्थाको नियमन कार्यक्रम |

## ३.५.९ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण (रकम रु हजारमा)

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को प्रक्षेपण | | | | २०८२/८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३१२०००११ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ८८२४० | ६४१११७ | ५८३०९२ | ५८०२५ | ० | ६७५५७१ | ५१६३९२ | १५९१७९ | ० | ५०६१५७.८ | ४५६१५७.८ | ५०००० | ० | ३ | P1 | २ | २ | ३ |
| ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | १६३८० | २००३४ | १९८८४ | १५० | ० | २६३०७.५३ | २५६९२.५ | ६१५ | ० | ३६२३०.५९ | २५४००.५९ | १०८३० | ० | ३ | P1 | | | |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | १८७०९३ | २९४४२८ | २९१५७८ | २८५० | ० | १२१३८५ | ११८५०५ | २८८० | ० | १३३०९० | १३००५० | ३०४० | ० | ३ | P1 | २ | २ | २ |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्र | २०७०३ | २४१५० | २३२०० | ९५० | ० | १३२६१ | १३२०१ | ६० | ० | १४१९० | १४११० | ८० | ० | ३ | P1 | २ | २ | १ |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | २२१०९ | २९०५२ | २५४४२ | ३६१० | ० | ३०६७० | २७१२२ | ३५४८ | ० | ३५९४४ | ३१४१० | ४५३४ | ० | ३ | P1 | २ | २ | ३ |
| ३१२०१०१३ | माटो तथा मल परिक्षण प्रयोगशाला | १९६५० | ३०७४३ | २०६९३ | १००५० | ० | १५२१० | १५२१० | ० | ० | ५७०५ | ५७०५ | ० | ० | ३ | P1 | २ | २ | ३ |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७९/८० को संसोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को प्रक्षेपण | | | | २०८२/८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३१२०१०१४ | बीउ बिजन परीक्षण प्रयोगशाला | १७८९६ | २१८७२ | १७८३२ | ४०४० | ० | २२७९१ | २००७१ | २७२० | ० | २४५२५ | २१६८५ | २८४० | ० | ३ | P1 | २ | २ | २ |
| ३१२०१००१ | कृषि स्रोत केन्द्र | ९३१७२ | ८१४६७ | ५७१७७ | २४२९० | ० | ८०५६३ | ५८२७८ | २२२८५ | ० | १३०४३८.९ | ६२१०३.८६ | ६८३३५ | ० | ३ | P1 | २ | २ | २ |
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्र | ७१५१७४ | ५६१७२८ | ५३३९५१ | २७७७७ | ० | ५७४३९४.८ | ५६५५६१ | ८८३४ | ० | ६६५९०४.२ | ६४६३३२.२ | १९५७२ | ० | ३ | P1 | २ | २ | २ |
| ३१२०१०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ६६४९० | १२७९८६ | १२०९३६ | ७०५० | ० | ४५७५७३ | ४५७४७३ | १०० | ० | ४५६३८३ | ४५६२६३ | १२० | ० | ३ | P1 | २ | २ | १ |
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | २२५२९ | २६६४८ | २१०९८ | ५५५० | ० | २६२११ | २०८११ | ५४०० | ० | २८८८३ | २३८८३ | ५००० | ० | ३ | P1 | २ | २ | २ |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, | ६४०४२९ | ५१६२४८ | ४५१२३० | ६५०१८ | ० | ५०३७४४.८४ | ४८९२०५ | १४५४० | ० | ६५०१९८.५ | ५७०४४९.५ | ७९७४९ | ० | ३ | P1 | २ | २ | २ |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को प्रक्षेपण | | | | २०८२/८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र मिर्मी | २२०७२ | २९३५४ | २८५१४ | ८४० | ० | ३१९१८ | ३१४५९ | ४५९ | ० | ३५८५० | ३५४५० | ४०० | ० | ३ | P1 | २ | २ | ३ |
| | कुल जम्मा | १९३२५४० | २४०४६२७ | २१९४६२७ | २१०००० | ० | २५७९६००.१७ | २३५८८०० | २२०८०० | ० | २७२३५०० | २४७९००० | २४४५०० | ० | | | | | |

### ३.५.१० जोखिम तथा अनुमान

बजेट र नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको अर्थपूर्ण सहभागिता, आवश्यक कर्मचारीको व्यवस्था, संघ र स्थानीय तहबीचको समन्वय, बहुक्षेत्रको सामूहिक सहभागिताबाट कृषि पेशामा आकर्षण हुनेछ। प्रविधि, मल, गुणस्तरीय बीउ, सिँचाइको व्यवस्था तथा भूमिको उपयोग गर्न नसकिएमा अपेक्षित नतिजा हासिल गर्न जोखिम रहने आँकलन गर्न सकिन्छ।

## ३.६ वन, वातावरण तथा भू-संरक्षण

### ३.६.१ पृष्ठभूमि

गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको प्रतिनिधित्व गर्दै दिगो विकास लक्ष्यले निर्धारण गरेका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य १३ जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउन र लक्ष्य १५ पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक विविधताको ह्रासलाई रोक्ने विषयहरु यस मन्त्रालयसँग प्रत्यक्ष रुपमा जोडिने गरी मन्त्रालयको स्थापना भएको छ। वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण तथा उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण लगायत वातावरणीय स्वच्छता कायम राख्दै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुर्‍याउनु पर्नेछ। यसका अतिरिक्त वन तथा वातावरण क्षेत्रमा जैविक विविधता, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन जस्ता अन्तर्राष्ट्रिय मुद्धाहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ। सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ।

### ३.६.२ चुनौती र अवसर

नेपाल सरकार र प्रदेश सरकारले लिएको दिगो विकासको लक्ष्य र शुन्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्दै विकास निर्माणमा वातावरणीय सन्तुलन कायम गर्न ठूलो बजेटको आवश्यकता पर्ने भए तापनि, कोभिडको महामारी र रुस-युक्रेन युद्धले प्रभावित भएको अर्थतन्त्रमा वातावरणीय मुद्दाहरुको प्राथमिकीकरण मुख्य चुनौतीको रुपमा रहेको छ। वन क्षेत्रको थप अतिक्रमण हुन नदिने चुनौती एकातर्फ छ भने अर्कोतर्फ वर्षौं देखिका र संस्थागत रुपमा भएका अतिक्रमणलाई कसरी व्यवस्थापन गरी पुनः वन क्षेत्र कायम गर्ने भन्ने सवालको रुपमा रहेको छ। वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणीय परीक्षण नगरी कार्यक्रम कार्यान्वयन हुनु, प्रभावकारी अनुगमन हुन नसक्नु, वन क्षेत्र हुँदै बाटो खन्ने जस्ता कार्यले वन क्षेत्रको विनास हुनुको साथै वातावरणमा ह्रास आएको छ। मानव-वन्यजन्तु द्वन्द्वको समस्या यस प्रदेशका सबै जिल्लाहरुमा टड्कारो रुपमा रहेको छ। वन अपराधको अनुसन्धान, तहकिकात र अभियोजनमा समस्या रहेको छ। ढुङ्गा, गिट्टी, बालुवा, घर छाउने, बाटो छाप्ने, घर बनाउँदा भित्तामा टाँस्ने तथा खानीका ढुङ्गा उत्खनन गर्ने कार्यहरुलाई स्पष्ट कानुन र कार्यविधि बनाई नियमन गर्नु, नम्बरी जग्गा, राष्ट्रिय वन, सामुदायिक वन, सार्वजनिक पर्ति जग्गामा रहेका ढुङ्गा खानीको बारेमा आवश्यक कानुनी तथा व्यावहारिक अस्पष्टता देखिन्छ।

गण्डकी प्रदेशमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन्। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने कुरा समेत संविधानमा उल्लेख भए तापनि यस सम्बन्धी अन्य नीतिगत व्यवस्थाको कमी तथा भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ। वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन। जलवायु परिवर्तनका क्षेत्रमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न सहयोग गर्नु, बढ्दो शहरीकरण र विकाससँगै हरित गृह ग्यासको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता वृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सिप, दक्षताको अभाव तत्काल पूरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएका हिमाली र चुरे क्षेत्रको संरक्षण गर्नु प्रमुख चुनौती हुन्।

यी चुनौतीका बाबजुद जैविक विविधता, वन तथा जलाधार क्षेत्रको दिगो विकास र संरक्षणबाट प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने महत्वपूर्ण अवसर छ। सक्षम समूहहरूको बलियो उपस्थिति रहेको समुदायमा आधारित वनको व्यवस्थापनबाट राजस्व वृद्धि र हरित रोजगारी सिर्जना गर्न सकिन्छ। तालतलैयाको संरक्षण, विकास र सौन्दर्यीकरणबाट पर्यटनको प्रवर्द्धन गर्न सकिन्छ। गल्छी तथा पहिरो उपचार, संवेदनशील जलाधार, पानी मुहान तथा पोखरी संरक्षण कार्यबाट जलसञ्चिति बढाई जलवायु परिवर्तनका असर न्यूनीकरणमा टेवा पुऱ्याउन सकिन्छ। साथै एकीकृत जलाधार व्यवस्थापन मार्फत वन, जलाधार, कृषि, पशुविकास, सिँचाइ लगायतका निकायबीच सहकार्य तथा समन्वय गरी एकीकृत विकासको अवधारणामा प्रदेशको समृद्धिमा टेवा पुऱ्याउन सकिने प्रशस्त अवसरहरू उपलब्ध छन्।

### ३.६.३ सोच

स्वच्छ एवम् स्वस्थ वातावरणः वन, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापनद्वारा गण्डकी प्रदेशको समृद्धिमा योगदान

### ३.६.४ लक्ष्य

जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वन तथा जलाधारीय स्रोतहरुको उत्पादकत्व वृद्धि गर्ने।

### ३.६.५ उद्देश्य

१. वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु।
२. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न जनताको क्षमता अभिवृद्धि गर्नु।

३. हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु।
४. माटो, पानी तथा जलाधार क्षेत्रको संरक्षण गर्दै बाढी, पहिरो तथा भूक्षयको जोखिम कम गरी भूमिको उत्पादकत्व वृद्धि गर्नु।

### ३.६.६ रणनीति

- वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने।
- वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।
- एकीकृत जलाधार व्यवस्थापन मार्फत जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवनस्तर उकास्ने।
- जलाधार व्यवस्थापन योजना निर्माण गरी भूक्षमता वर्गीकरण (Land Capability Classification) अनुसार उपयुक्त भूउपयोग (Land Use) गर्ने।
- भूःक्षय नियन्त्रण गरी जल उत्पन्न विपद् प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनर्स्थापना गर्ने।
- सडक, जलविद्युत्, सिँचाइ र अन्य विकासका पूर्वाधारको संरक्षणका लागि विकास निर्माणसँगै भूसंरक्षणका गतिविधि समानान्तर रुपमा सञ्चालन गर्ने।
- जलवायु परिवर्तन अनुकूलन तथा समानुकूलन गर्दै जलाधार क्षेत्रको वातावरणीय सन्तुलन कायम गरी वातावरणीय सेवाको अभिवृद्धि गर्दै उपयुक्त वातावरणीय सेवा भुक्तानीको व्यवस्था सञ्चालन गर्ने।
- वन, जैविक विविधता तथा जलाधारको संरक्षणबाट प्राप्त वातावरणीय सेवाको उपयोग गरी स्थानीय तह तथा जनसहभागितामा जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न जनताको क्षमता अभिवृद्धि गर्ने।

### ३.६.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

#### तालिका ३.६.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८-७९ को उपलब्धि | २०७९-८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०-८१ | २०८१-८२ | २०८२-८३ |
| १ | रोजगारी सिर्जना | श्रमदिन | २२,००,००० | २४,००,००० | २५,००,००० | २६,००,००० | २७,००,००० |
| २ | वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ३७.८ | ३७.८ | ३७.८ | ३७.८ | ३७.८ |
| ३ | सघन वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ०.०८ | ०.०८ | ०.०८ | ०.०८ | ०.०८ |
| ४ | कूल भू-क्षेत्रको अनुपातमा संरक्षित क्षेत्र | प्रतिशत | ४५.६८ | ४५.६८ | ४५.६८ | ४५.६८ | ४५.६८ |
| ५ | वन क्षेत्रबाट अनुमानित राजस्व | रु. | २९,४०,७७,२१४ | ३०,००,००,००० | ३५,००,००,००० | ४०,००,००,००० | ४५,००,००,००० |
| ६ | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ७ | सामुदायिक वन गठन र हस्तान्तरण | संख्या | १४ | २० | २५ | २० | २० |
| ८ | काठ उत्पादन | क्यू फिट | ७,७८,७९५.२० | ८,००,००० | ९,००,००० | १०,००,००० | ११,००,००० |
| ९ | दाउरा उत्पादन | चट्टा | २,०६०.५५ | २,१०० | २,२०० | २,३०० | २,४०० |
| १० | वन क्षेत्रबाट संकलित जडिबुटी | के.जी. | १,१०,००० | १,२०,००० | १,३०,००० | १,४०,००० | १,५०,००० |
| ११ | पचभैया प्राणी उद्यानमा पूर्वाधार निर्माण | प्याकेज | १ | १ | १ | १ | १ |
| १२ | वातावरणीय परीक्षण गरिएका आयोजनाहरु | संख्या | ७ | ८ | १० | १२ | १५ |
| १३ | कार्ययोजना पुनरावलोकन भएका सामुदायिक वन | संख्या | ३२० | ४०० | ५०० | ६०० | ७०० |
| १४ | कबुलियती वन पुनरावलोकन | संख्या | १० | १५ | २० | २२ | २४ |
| १५ | मानव वन्यजन्तु द्वन्द्व घटना | संख्या | ४५० | ३०० | २८० | २५० | ३०० |
| १६ | वन्यजन्तु उद्धार | संख्या | १६५१ | १६०० | १५०० | १४०० | १३०० |
| १७ | वन क्षेत्रमा भएको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | १०.९५ | १२ | १४ | १६ | २० |
| १८ | वृक्षारोपण गरिएको क्षेत्रफल (वन क्षेत्र) | हेक्टर | ६४७.८८ | ७०० | ८०० | ९०० | १००० |
| १९ | विरुवा उत्पादन र वितरण (हजारमा) | संख्या | १६०० | १७०० | १७०० | १७०० | १७०० |

| क्र. सं. | सूचक | एकाइ | २०७८-७९ को उपलब्धि | २०७९-८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०-८१ | २०८१-८२ | २०८२-८३ |
| २० | शहरी तथा नगर उद्यान स्थापना र व्यवस्थापन | संख्या | ३७ | ३० | ३० | ३० | ३० |
| २१ | प्रदेशमा रहेका वनमा आधारित उद्योग | संख्या | २७ | २७ | २७ | २७ | २७ |
| २२ | सामुदायिक तथा कबुलियती वनमा जडिबुटी खेती विस्तार | हेक्टर | ५० | ६० | ७० | ८० | ९० |
| २३ | वर, पिपल चौतारी मर्मत र सौन्दर्यीकरण | संख्या | २८ | ३० | ४० | ५० | ६० |
| २४ | संरक्षण गरिएको जलाधार क्षेत्र | संख्या | १० | १० | १० | १० | १० |
| २५ | जलाधार व्यवस्थापन योजना | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| २६ | भू—संरक्षण प्रदर्शनी प्लट | संख्या | १ | १ | १ | १ | १ |
| २७ | पहिरो उपचार | संख्या | १६० | १८० | १९० | २०० | २१० |
| २८ | खोला किनार संरक्षण | कि.मि. | ०.९८ | १ | १.५ | २ | २.५ |
| २९ | संरक्षण कार्यक्रम सञ्चालन गरिएका ताल तथा सिमसार क्षेत्र | संख्या | १९ | २० | ३० | ४० | ५० |
| ३० | वायु गुणस्तर मापन केन्द्र | संख्या | ० | ० | १ | १ | १ |
| ३१ | कुवा र पानी मुहान संरक्षण | संख्या | १५ | २५ | ३० | ३५ | ४० |
| ३२ | संरक्षण पोखरी निर्माण | संख्या | ७१ | ८० | ९० | १०० | ११० |
| ३३ | फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजना | मिटर | ८३ | १००० | १००० | १००० | १००० |

### ३.६.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.६.८.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँट | आन्तरिक ऋण |
| २०८०/८१ | ९४६७५१ | ५५९४३५ | ३८७३१६ | - | ९४६७५१ | - | - |
| २०८२/८३ | १०४१४२६ | ६१५३७९ | ४२६०४७ | - | १०४१४२६ | - | - |
| २०८३/८४ | ११४५५६९ | ६७६९१७ | ४६८६५२ | - | ११४५५६९ | - | - |

### ३.६.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

वन सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम-आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०२०१२ | सामुदायिक वन विकास कार्यक्रम | सामुदायिक वनको संरक्षण, व्यवस्थापन र बजारीकरण | निरन्तर | ६०० | • ३३ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहमा हस्तान्तरण भएको हुने।<br>• १,५०० समूहको वन व्यवस्थापन कार्ययोजना नवीकरण भएको हुने।<br>• ३९६० वटा सामुदायिक वनको व्यवस्थापन भई वन पैदावारको उपयोग र बजारीकरण भएको हुने।<br>• १२० सामुदायिक वनको करिब २३,००० हेक्टर वनमा दिगो वन व्यवस्थापन भएको हुने।<br>• ६६ वटा सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन भएको हुने। |
| ३०७०२०१२ | कबुलियती वन विकास कार्यक्रम | कबुलियती वनको संरक्षण र व्यवस्थापन | निरन्तर | १९० | • १२०० कबुलियती वनको व्यवस्थापन भएको हुने<br>• समूह परिचालन, क्षमता अभिवृद्धिर समूहका उपभोक्ताको आयआर्जन भएको हुने। |
| ३०७०२०१२ | साझेदारी वन विकास कार्यक्रम | साझेदारी वनको संरक्षण र व्यवस्थापन | निरन्तर | ३०० | • नवलपुरको साझेदारी वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन मार्फत राजस्व वृद्धि र हरित रोजगारी सिर्जना हुने। |
| ३०७०२०१२ | धार्मिक वन कार्यक्रम | धार्मिक वनको संरक्षण र व्यवस्थापन | निरन्तर | ७० | • ४० वटा धार्मिक वनको संरक्षण र व्यवस्थापन भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम-आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०२०१२ | निजी वन कार्यक्रम | निजी वन प्रवर्द्धन र बजारीकरण | निरन्तर | १७० | • निजी वनको विकास भई करिब वार्षिक ५ लाख क्यूफिट काठ उत्पादन र बजारीकरण भएको हुने। |
| ३०७०२०१२ | नर्सरी र वृक्षारोपण कार्यक्रम | हरियाली प्रवर्द्धनका लागि नर्सरी निर्माण, मर्मत र वृक्षारोपण | निरन्तर | २०० | • वार्षिक रुपमा ३० लाख भन्दा बढी विभिन्न प्रजातिका एकवर्षीय र बहुवर्षीय विरुवाको उत्पादन तथा सोको वृक्षारोपण भएको हुने। |
| ३०७०२०१२ | जडिवुटी तथा गैर काष्ठ वन पैदावार खेतीको विकास र विस्तार | उच्च मूल्य र उपयोगी जडिवुटीको प्रबर्दन र विकासबाट रोजगारी सिर्जना | निरन्तर | १६० | • जडिवुटी खेती सम्बन्धी तालिम, खेती विस्तार, उत्पादन र प्रशोधन केन्द्र स्थापना भएको हुने। |
| ३०७०२०१२ | वन क्षेत्रका चुनौती व्यवस्थापन | वन अपराधमा कमी | निरन्तर | १९० | • वन डढेलो, वन अपराध,वन अतिक्रमण तथा बाह्य मिचाहा प्रजाति नियन्त्रण भएको हुने।<br>• वन्यजन्तु उद्धार र उद्धार केन्द्र स्थापना भएको हुने।<br>• संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण भएको हुने। |
| ३०७०२०१२ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | राष्ट्रिय वन संरक्षण,विकास तथा व्यवस्थापन | निरन्तर | ५५०० | • २ वटा चक्ला वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन भएको हुने।<br>• महत्वपूर्ण जैविक विविधताको संरक्षण भएको हुने।<br>• पञ्चासे क्षेत्रमा सुनाखरी लगायतका जैविक विविधताको संरक्षण भएको हुने। |
| ३०७०२०१२ | शहरी वन विकास कार्यक्रम | पालिकास्तरमा हरित उद्यान निर्माण गरी सार्वजनिक जमिनको संरक्षण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरण | निरन्तर | ५५०० | • ३०० स्थानमा वन वाटिका, हरियाली उद्यान र पर्यापर्यटन कार्यक्रम सञ्चालन भएको हुने।<br>• १५ वटा सडक किनार हरियाली र सौन्दर्यीकरण भएको हुने। |
| ३०७०२०१२ | प्रचारप्रसार तथा संरक्षण शिक्षा | वन वन्यजन्तु र वातावरण संरक्षणका लागि प्रचारप्रसार तथा विद्यालय शिक्षा | निरन्तर | ३००० | • जनचेतना अभिवृद्धि भई वन वन्यजन्तु र वातावरणको संरक्षण तथा वातावरणमैत्री विकास भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम-आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०२०१२ | वन उद्यम विकास | वन उद्यमबाट रोजगारी सिर्जना र आयआर्जन | निरन्तर | २००० | • ६६ वटा समूहमा वन उद्यम र १ वटा प्रदेशस्तरीय वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन भएको हुने। |
| ३०७०२०१२ | कृषि वन प्रबर्दन कार्यक्रम | कृषि वन मार्फत राजस्व वृद्धि | निरन्तर | १५०० | • खेर गइरहेको र अर्ध बाँझो जग्गाको उपयोग भई जमिनको उत्पादन र उत्पादकत्व वृद्धि हुने। |
| ३०७०३०११ | जनशक्ति तथा पूर्वाधार विकास कार्यक्रम | वन कर्मचारीको क्षमता विकास | निरन्तर | १८० | • वन वातावरणसँग सम्बन्धित जनशक्तिलाई तालिम प्रदान र भौतिक संरचना निर्माण भएको हुने। |

नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू

| ब.उ.शी.नं. | कार्यक्रम- आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | राष्ट्रिय वन विकास कार्यक्रम | राष्ट्रिय वनको संरक्षण, विकास तथा व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | निरन्तर | ४५०० | • वन डढेलो, वन अपराध,वन अतिक्रमण तथा बाह्य मिचाहा प्रजाति नियन्त्रण भई राष्ट्रिय वन संरक्षण भएको हुने।<br>• शहरी क्षेत्रमा १२ वटा हरियाली उद्यान र १० वटा पर्यापर्यटन कार्यक्रम सञ्चालन भएको हुने।<br>• विभिन्न प्रजातिका काष्ठजन्य डालेघाँस र जडिबुटीका विरुवाको उत्पादन र वृक्षारोपण भएको हुने।<br>• प्रदेशमा १ वटा वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र सञ्चालन भएको हुने।<br>• १ साझेदारी र १ चक्ला वनको व्यवस्थापन भएको हुने।<br>• मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन भएको हुने। |

वातावरण तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम- आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०२०१३ | विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | बाढी, पहिरो, भू-क्षय र खोला किनार नियन्त्रण भई जलाधारको संरक्षण | निरन्तर | १२०० | • ९९ वटा ठूला पहिरो नियन्त्रण भएको हुने।<br>• ५७ वटा खोला किनार संरक्षण भएको हुने। |
| ३०७०२०१३ | दिगो भू व्यवस्थापन | भूमिको सदुपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि | निरन्तर | ९०० | • जमिनको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने। |
| ३०७०२०१३ | पानी तथा गेग्रान व्यवस्थापन | पानी स्रोतको संरक्षण र उपयोग हुने | निरन्तर | ३०० | • १०० वटा संरक्षण पोखरी निर्माण भएको हुने।<br>• ३३ वटा कुवा र पानी मुहान संरक्षण भएको हुने। |
| ३०७०२०१३ | विकासका पूर्वाधार संरक्षण | सडक, पैदलमार्ग र सिँचाइकुलो लगायतका विकासका कामको मर्मत सम्भार हुने | निरन्तर | १८०० | • भूक्षय तथा पहिरो रोकथाम सम्बन्धी संरचना निर्माण भई खेत र मानव बस्ती सुरक्षित भएको हुने।<br>• विद्युत् र खानेपानी आयोजनाको जलाधार क्षेत्र संरक्षण, सड्कसँगको भू-संरक्षण र तालक्षेत्रको जलाधार संरक्षण भएको हुने। |
| | जलवायु परिवर्तन समानुकूलन विकास | जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकुलित हुने | निरन्तर | ६०० | • जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकुलित भएको हुने। |
| | सामुदायिक परिचालन क्षमता विकास तथा जीविकोपार्जन सुधार | आयआर्जन र हरित रोजगारी सिर्जना भएको हुने | निरन्तर | ६०० | • समूहको क्षमता विकास भई जीविकोपार्जनमा सुधार भएको हुने। |

नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू

| ब.उ.शी.नं. | कार्यक्रम- आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | खोला किनार र बस्ती संरक्षण | निरन्तर | १८०० | • ४ वटा ठूला पहिरो नियन्त्रण भएको हुने।<br>• २ वटा सिँचाइ कुलो मर्मत र संरक्षण भई ५०० रोपनी खेत सिञ्चित भएको हुने।<br>• ३ वटा खोला किनार संरक्षण भएको हुने। |

### ३.६.१० जोखिम तथा अनुमान

आवश्यक नीति तथा कानुनी व्यवस्था, बजेटको पर्याप्तता, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तह बीचको समन्वय, आयोजनाका निम्ति जग्गा प्राप्ति, विपद् व्यवस्थापन लगायतका विषय अनुकूल हुने अनुमान गरिएको छ। यसो नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ।

## ३.७ अर्थ (आर्थिक मामिला)

### ३.७.१ पृष्ठभूमि

गण्डकी प्रदेशका नागरिकको आर्थिक, सामाजिक र पूर्वाधार विकासको चाहनालाई सम्बोधन गर्न उपलब्ध सीमित साधन स्रोतको महत्तम परिचालन गर्दै समृद्ध प्रदेश सुखी नागरिकको प्रादेशिक आकाङ्क्षा पूरा गर्न र जसमार्फत समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन आवश्यक छ। यसका लागि प्रदेशको समष्टिगत आर्थिक र वित्तीय स्थायित्व कायम गर्दै तीव्र आर्थिक वृद्धि हासिल गर्नु आवश्यक छ। नेपाल सरकारको पन्ध्रौं आवधिक योजना र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले लिएको लक्ष्य र उद्देश्य पूरा गर्दै विकासलाई दिगो विकासका लक्ष्यसँग समायोजन गरी दिगो विकासका लक्ष्य हासिल गर्न तीव्र आर्थिक वृद्धि गर्नु जरुरी छ र सोका लागि प्रदेश सरकारका नीति, योजना र कार्यक्रम सोही अनुरुप निर्देशित र व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ। सार्वजनिक स्रोत परिचालनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम हुने गरी नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ।

नेपालको संविधान तथा गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तर्जुमा, कार्यान्वयन र नियमन, वित्तीय नीति तथा राजस्व नीति तर्जुमा, आन्तरिक स्रोत परिचालन र व्यवस्थापनको कार्य जिम्मेवारी अर्थ मन्त्रालय अन्तर्गत रहेको छ। उपलब्ध स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, नीति आयोजना तथा कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कनबाट विनियोजन दक्षता प्रवर्द्धन गर्ने जस्ता महत्त्वपूर्ण भूमिका यस मन्त्रालयले निर्वाह गर्नुपर्ने देखिन्छ। प्रदेशको लगानी प्रक्षेपण, संघीय नीति अनुरुप सहवित्तीयकरण, वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य लगायतका कार्यहरुसमेत अर्थ मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत पर्ने देखिन्छ। संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँट र आन्तरिक स्रोतलाई सन्तुलित, न्यायोचित वितरण गर्नु सार्वजनिक वित्त व्यवस्थापनको कार्यभित्र पर्दछ।

दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन मार्फत स्रोतको प्रभावकारी परिचालनका लागि मध्यमकालीन खर्च संरचना निर्माण गर्नु यसको उद्देश्य रहेको छ।

प्रदेशको सुशासन, विकास र समृद्धिको लक्ष्यलाई पूरा गर्न उपलब्ध स्रोत र साधनको मितव्ययी र पारदर्शी तवरबाट परिचालन गर्नु आवश्यक देखिन्छ। साथै, आर्थिक-सामाजिक रूपान्तरणका लागि आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी योजनाबद्ध रूपमा कार्यान्वयन गर्नु अपरिहार्य छ।

प्रदेश सरकारबाट कार्यान्वयनका चरणमा रहेका आयोजनाको नियमित रुपमा अनुगमन मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा देखिएका समस्याहरूको सम्बोधन गर्दै समयमै आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य रहेको छ। सालबसाली रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा विगतका आयोजनाको प्रगति समीक्षा गर्दै स्रोतमा पुनः प्राथमिकीकरण गरिनुपर्दछ। मध्यमकालीन खर्च संरचनाले आयोजना कार्यान्वयनको आवश्यकतानुसार स्रोतको रकमान्तर र स्रोतान्तर गर्न आधार प्रदान गर्दछ।

विश्व अर्थतन्त्रमा देखिएको सङ्कुचन र शिथिलताको प्रभाव समग्र देश र गण्डकी प्रदेशमा समेत देखा परेको छ, राजस्व संकलनमा गिरावट आउँदा वित्तीय स्रोतमा स्वभावतः चाप बढेको छ जसका कारण सार्वजनिक खर्च कटौतीमा पर्याप्त ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। अत्यावश्यक बाहेक चालु खर्च कटौती गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि हुने क्षेत्रमा पुँजीगत खर्च वृद्धि गर्नुपर्ने देखिन्छ भने वित्तीय सुशासन प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रलाई सुदृढ बनाउँदै समृद्ध प्रदेशको आकाङ्क्षा पूरा गर्नुपर्ने देखिन्छ।

प्रदेशको न्यून आन्तरिक आम्दानी, सीमित राजस्वका दायरा, प्रदेशमा राजस्व संकलन र बाँडफाँट सम्बन्धी संघीय कानुनको अपर्याप्तता र अन्यौलता, आर्थिक क्षेत्रका परिसूचकहरु जस्तै : कुल गार्हस्थ आम्दानी, उत्पादन, राजस्व, बचत र लगानी सम्बन्धी सूचना र तथ्याङ्कको अभाव र अस्पष्टता, कर छली गर्ने संस्कृतिको प्रचुरता, उपभोगवादी संस्कृतिका कारण चालु खर्चमा वृद्धि हुनु र पुँजीगत खर्चका लागि स्रोतको अभाव हुँदा सार्वजनिक पुँजी निर्माणमा अपेक्षित लगानी नहुनु, प्रदेशको कार्यक्षेत्रभित्रका ठूला रुपान्तरणकारी आयोजनालाई भन्दा वितरणमुखी साना टुक्रे आयोजनालाई प्राथमिकतामा राखी बजेट प्रस्ताव गर्ने परिपाटी विद्यमान रहनु, नागरिकमा उद्यमशीलताको कमी हुनु, दिगो विकासका लक्ष्य प्राप्तिका लागि बजेटलाई लैङ्गिक, समावेशी, जलवायुमैत्री र रोजगारी वृद्धि उन्मुख गराउनु जस्ता समस्या रहेका छन्।

### ३.७.२ चुनौती र अवसर

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री तुल्याई प्रदेश सरकारको राजस्व क्षमता बढाउनु, चालु खर्चमा कटौती गरी पुँजीगत खर्च वृद्धि गर्नु, सीमित स्रोत साधनका बावजुद नागरिकका असीमित आवश्यकता र आकाङ्क्षा पूरा गर्नु, तीन तहका सरकारबीच योजना तथा राजस्व परिचालनमा समन्वय

गर्नु, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु, विनियोजन दक्षता हासिल गर्नु, आर्थिक उपलब्धिको समन्यायिक वितरण गर्नु, बजेट कार्यान्वयनमा आर्थिक अनुशासन कायम गरी वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्नु जस्ता विषय मुख्य चुनौतीका रुपमा रहेका छन्।

संघीय शासन प्रणालीले प्रदेश सरकारलाई राजस्व संकलन र बाँडफाँट गर्ने, सार्वजनिक ऋण उठाउने, नीति तथा योजना बनाउने र कार्यान्वयन गर्ने स्वतन्त्रता रहनु, संघीय शासन प्रणालीको पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको प्रारम्भ भएको परिप्रेक्ष्यमा प्रदेश सरकारका मन्त्री, सभासद र कर्मचारीहरुको बजेट विनियोजन दक्षता र कार्यान्वयन कुशलतामा अभिवृद्धि हुनु एवम् संस्थागत अनुभव प्राप्त हुनु, प्रदेश सरकारहरुका बीच समन्वय, सहकार्य, लगानी वृद्धि र सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरणको सिर्जना हुनु, आर्थिक स्रोतको परिचालन गर्ने, संघीय एकाइका बीचमा स्रोत परिचालन र आयोजना कार्यान्वयनमा समन्वय, सहकार्य र साझेदारी गर्ने जस्ता विषय प्रदेश सरकारका अवसरका रुपमा रहेका छन्।

### ३.७.३ सोच

प्रदेशको सबल र समुन्नत अर्थतन्त्र निर्माण।

### ३.७.४ लक्ष्य

आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी तुल्याई उपलब्ध सीमित साधन स्रोतको कुशल र दक्षतापूर्ण विनियोजनबाट वित्तीय संघीयतालाई मजबुत बनाउने।

### ३.७.५ उद्देश्य

१. आन्तरिक राजस्व अभिवृद्धिका लागि करदातामैत्री, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको अवलम्बन गर्नु।
२. प्रदेशको लगानी क्षमता वृद्धि गर्नका लागि आन्तरिक ऋण र वैदेशिक सहयोगको परिचालन गर्नु।
३. उपलब्ध सीमित साधन स्रोतलाई दीर्घकालीन पुँजी निर्माणका क्षेत्रमा विनियोजन गर्नु।
४. प्रादेशिक अर्थतन्त्रमार्फत उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्नु।
५. उपलब्ध साधन, स्रोतको समन्यायिक वितरण गरी सामाजिक न्याय स्थापित गर्नु।

### ३.७.६ रणनीति

- आन्तरिक राजस्व संकलनमा अभिवृद्धि गर्न राजस्वका दर र दायरा विस्तार गर्ने।
- बढी राजस्व संकलन गर्ने प्रदेशका कार्यालय र स्थानीय तहहरुलाई प्रोत्साहित गर्ने।

- राजस्व संकलनलाई सेवा प्रवाहसँग आबद्ध गर्ने।
- आन्तरिक ऋण संकलनका लागि आवश्यक कानुनी आधार तय गर्ने।
- अन्तरसरकारी वित्त हस्तान्तरणलाई वैज्ञानिक, न्यायोचित र व्यवस्थित तुल्याउने।
- वैदेशिक सहयोग परिचालनका क्षेत्र पहिचान गरी सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने।
- अत्यावश्यक बाहेकका साधारण खर्चमा कटौती गर्ने तथा सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउने।
- प्रदेशका रुपान्तरणकारी आयोजना र प्रदेश गौरवका आयोजनाहरुमा लगानी बढाउने।
- उद्यमशीलताको विकास गर्ने तथा श्रमको सम्मान गर्ने वातावरण सिर्जना गर्ने।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने।
- लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै व्यापक रोजगारीका अवसर सिर्जना गर्ने।
- आर्थिक उपलब्धिको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने।
- विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय सुशासन कायम गर्न आवश्यक नीतिगत तथा संरचनागत विकास गर्ने।
- उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय एवम् अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने।

### ३.७.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.७.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन खर्च (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रदेशको आर्थिक सर्वेक्षण | संख्या | १ | १ | १ | १ | १ |
| प्रदेशमा आन्तरिक राजस्व वृद्धि सम्बन्धी अध्ययन | संख्या | १ | १ | १ | १ | १ |
| वित्तीय साक्षरता | संख्या | ० | ० | १ | १ | १ |
| बजेट खर्च कुल | रु. करोडमा | २२०८.२५४४ | २४५० | २६०० | २७५० | २८०० |
| बजेट खर्च पुंजीगत | रु. करोडमा | १४४६.४५४१ | १६०० | १८०० | १९०० | २००० |
| आन्तरिक राजस्व संकलन | रु. करोडमा | ३२१.५६ | ३५० | ५०० | ५५० | ६०० |
| आन्तरिक ऋण संकलन | रु. करोडमा | ० | ० | १७० | १७० | १७० |

### ३.७.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ३.७.८.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण (रु. लाखमा) | | | | स्रोत (रु. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार समानीकरण अनुदान | नेपाल सरकार-समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | नेपाल सरकार-ससर्त अनुदान | वैदेशिक/विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०८०/८१ | २१३० | १५६० | ५७० | | २१३० | १९३० | २०० | ० | ० | ० | ० | ० |
| २०८१/८१ | २२०६ | १६०७ | ५९९ | | २२०६ | १९९६ | २१० | ० | ० | ० | ० | ० |
| २०८१/८२ | २३५३ | १६८९ | ६६४ | | २३५३ | २१२० | २३३ | ० | ० | ० | ० | ० |

### ३.७.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम तथा आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (शुरु -समाप्ति) | कुल लागत (रु. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरु | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|
| ३०५०००११ | राजस्व परिचालन/ सार्वजनिक खरिद सम्बन्धी क्षमता विकास तालिम | ३.२.५ | | | ३० | १. राजस्व परिचालन सम्बन्धी तालिम<br>२. सार्वजनिक खरिद सम्बन्धी तालिम | १. तालिम सम्पन्न भएको हुने<br>२. राजस्व संकलनमा वृद्धि भएको हुने |
| ३०५०००११ | छलफल/गोष्ठी/अन्तरक्रिया | ३.२.५ | | | ११० | १. राजस्व परिचालन सम्बन्धी सरोकारवालाहरुसँग छलफल<br>१. बजेट तर्जुमा सम्बन्धी छलफल/ अन्तरक्रिया<br>२. बजेट कार्यान्वयन सम्बन्धी छलफल/अन्तरक्रिया | १. छलफल/अन्तरक्रिया सम्पन्न भएको हुने<br>२. बजेट विनियोजनका प्राथमिकता निर्धारण भएको हुने<br>३. बजेट कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने |

| ब.उ.शी.नं. | कार्यक्रम तथा आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (शुरु -समाप्ति) | कुल लागत (रु. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरु | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|
| ३०५०००११ | अन्य संस्था/कम्पनीहरुमा शेयर लगानी | ३.७.५ | | | | १. जलविद्युतमा शेयर लगानी<br>२. खानी सञ्चालनमा शेयर लगानी | १. कम्तीमा एउटा जलविद्युत् कम्पनी मा लगानी भएको हुने<br>२. धौवादी फलाम कम्पनी लि.मा लगानी हुने |
| ३०५०००११ | अध्ययन/अवलोकन भ्रमण | ३.२.५ | | | १० | १. अन्तरप्रदेश अनुभव आदान प्रदान | १. अन्य प्रदेशका नवीन प्रयास र प्रयोगहरुको यस प्रदेशमा अवलम्बन भएको हुने |
| ३०५०००११ | अध्ययन, सर्वेक्षण तथा अनुसन्धान | ३.२.५ | | | | १. आन्तरिक राजस्व अभिवृद्धि सम्बन्धी अध्ययन<br>२. आर्थिक सर्वेक्षण | १. राजस्व वृद्धिका दर र दायरामा पुनरावलोकन हुने<br>२. प्रदेशको आर्थिक अवस्थाको यथार्थचित्रण हुने |
| ३०५०००११ | योजना अनुगमन | ९.४.५ | | | २५ | १. प्रदेश कार्यालयहरुबाट कार्यान्वयन भएका योजना अनुगमन<br>२. स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका योजना अनुगमन | १. बजेट कार्यान्वयनमा प्रभावकारिता वृद्धि भएको हुने<br>२. बजेट निर्माणमा सहयोग पुगेको हुने |
| ३०५०००११ | स्थानीय तहको प्रशासनिक भवन निर्माण | ६.९.५ | | | | १. स्थानीय तहको प्रशासनिक भवन निर्माण | १. स्थानीय तहको प्रशासनिक भवन निर्माण भै उपयुक्त कार्यवातावरण निर्माण भएको हुने। |
| ३०५०००११ | बजेट तर्जुमा/PLMBIS/ MTEF सम्बन्धी तालिम | ३.१.५ | | | १५५ | १. PLMBIS सम्बन्धी तालिम<br>२. MTEF सम्बन्धी तालिम | १. तालिम सम्पन्न भै PLMBIS मा कार्यक्रम र बजेट प्रविष्टि भएको हुने<br>२. MTEF तयार हुने |

| ब.उ.शी.नं. | कार्यक्रम तथा आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (शुरु -समाप्ति) | कुल लागत (रु. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरु | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|
| ३०५०००११ | नीति, कानुन र कार्यविधि तर्जुमा/संशोधन | ७.९.५ | | | १० | १. प्रदेशको आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी र गैरसरकारी संघसंस्थाको सहभागिता सम्बन्धी नीति तर्जुमा | १. सार्वजनिक, निजी, सहकारी क्षेत्रका बीच आवश्यक साझेदारी र समन्वय हुने |
| ३०५०००११ | वित्तीय सुशासन प्रवर्द्धन कार्यक्रम | ७.९.५ | | | १० | १. वित्तीय सुशासन सम्बन्धी छलफल/अन्तरक्रिया कार्यक्रम | १. वित्तीय सुशासन प्रवर्द्धन भएको हुने |
| ५०१०००0१ | अर्थ वित्तीय व्यवस्था | ७.९.५ | | | ५०० | १ अन्य संस्था/कम्पनीहरुमा शेयर लगानी<br>२ जलविद्युतहरुमा लगानी<br>३ खानी संचालनमा लगानी | १ तुलनात्मक रुपमा लाभ हुने सरकारले लगानी गर्नुपर्ने क्षेत्रको पहिचान भएको हुने ।<br>२ कम्तीमा एउटा जलविद्युत् कम्पनीमा लगानी भएको हुने।<br>३ धौवादी फलाम कम्पनी लि. मा लगानी हुने |
| ६०२०००११ | सामाजिक सुरक्षा कोष | ५.१३.५ | | | २०० | | |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ७.९.५ | | | ३१६.३१ | प्रदेश सरकारी कोषको लेखाङ्कन, निकासा, भुक्तानी व्यवस्थापन, आन्तरिक लेखापरीक्षण र नियन्त्रण | प्रदेश सरकारी कोषको लेखाङ्कन, निकासा, भुक्तानी व्यवस्थापन, आन्तरिक लेखा परीक्षण र नियन्त्रण कार्य व्यवस्थित भएको हुनेछ । |
| ३०५०१०१२ | प्रदेश लेखा एकाइ कार्यालयहरु | ७.९.५ | | | ८८ | प्रदेश सरकारी कोषको निकासा र भुक्तानी व्यवस्थापन | प्रदेश सरकारी कोषको निकासा र भुक्तानी व्यवस्थापनमा सहयोग |

### ३.७.१० जोखिम तथा अनुमान

तथ्यपरक खण्डीकृत तथ्याङ्कको उपलब्धता, योजना र बजेट तर्जुमा र कार्यान्वयनका बीच सामञ्जस्यता, वित्तीय सुशासन र जवाफदेहिता, अपेक्षित राजस्व संकलन, अपेक्षित अनुदान प्राप्ति, चालु खर्चमा कटौती, सार्वजनिक निजी साझेदारी र सरकारका काममा सरोकारवालाहरुको साथ, सहयोग र समन्वय हुन सक्ने सहज र सामान्य अवस्थाको आँकलन गरी योजना तथा कार्यक्रमहरु समयमा नै सम्पन्न हुने अनुमान गरिएको छ, अन्यथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.८ पर्यटन

### ३.८.१ पृष्ठभूमि

ग्रामीण क्षेत्रमा चिया पसल र घरवासदेखि शहरका पाँचतारे होटेलसम्म सञ्चालन गर्ने र समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको एक सम्वाहक हो। पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनबाट दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य ८ अनुसारको मर्यादित रोजगारी र आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य हासिल गर्न प्रत्यक्ष सहयोग पुग्दछ। प्रदेश सरकारले घोषणा गरेका प्रमुख पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विकास र विविधीकरण तथा नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ।

प्रदेशमा रहेका विभिन्न प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको समृद्धिको मूल सम्वाहकको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सिर्जना, आर्थिक क्रियाकलापमा वृद्धिका साथै समग्र प्रादेशिक आर्थिक विकास एवम् समुन्नतिमा टेवा पुऱ्याउँदै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउनु पर्नेछ। सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै यस मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ।

### ३.८.२ चुनौती र अवसर

पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटकीय क्रियाकलापमा विविधीकरण गरी पर्यटकको दैनिक खर्च रकम बढाउनु, पदमार्गहरूमा पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, पर्यटकीय उपजहरूको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्नु, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु पर्यटन क्षेत्रका चुनौतीहरू हुन्।

प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, संसारभर प्रसिद्ध र स्थापित भइसकेका अद्वितीय पर्यटकीय क्षेत्रहरू गण्डकी प्रदेशमा रहनु, जैविक विविधतामा धनी अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र एवम् नेपालकै एकमात्र शिकार आरक्ष मध्येको ढोरपाटन क्षेत्र यसै प्रदेशमा रहनु, पर्यटकको आकर्षणको रुपमा रहेको जोमसोमको मुक्तिनाथ क्षेत्र तथा चीन जोडिने पोखरा-कोरला सडकको स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडि बढ्नु, संघीय राजधानी काठमाडौं, बुद्ध जन्मभूमि लुम्बिनी र पर्यटकको आकर्षणको केन्द्र सौराहा प्रदेश केन्द्र पोखरासँग गुणस्तरीय सडक सञ्जाल मार्फत जोडिनु, पोखराबाट भारतका विभिन्न स्थानमा सीधा बस सञ्चालनमा आउनु, रामसारमा सूचीकृत तालहरू हुनु, स्थानीय तहको सहजीकरण तथा समन्वयमा सामुदायिक होमस्टे सञ्चालनको अद्वितीय माहोल सिर्जना हुनु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आय वर्गको तीव्र वृद्धि हुनु, पर्यटन पूर्वाधार निर्माणमा अन्तर्राष्ट्रिय क्षेत्रको चासो वृद्धि हुँदै जानु, पर्यटन क्षेत्रका अवसरहरू हुन् ।

### ३.८.३ सोच

प्रदेश समृद्धिको आधार, पर्यटनको दिगो विकास

### ३.८.४ उद्देश्य

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु।
२. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु।
३. पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु।
४. पर्यटनलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग आबद्ध गरी उत्पादकत्व वृद्धि गर्नु।

### ३.८.५ रणनीति

- पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी पर्यटनको प्रदेश अर्थतन्त्रमा पर्यटनको पृष्ठ (Backward) र अग्र (Forward) सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने।
- पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने।
- निजी, राष्ट्रिय, अन्तर्राष्ट्रिय र गैर आवासीय नेपाली लगानीकर्तालाई लगानीमैत्री वातावरणको सिर्जना गर्ने।
- आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने गरी विकास गर्ने।
- पर्यटकीय वस्तु तथा उपजहरूको व्यापक प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने।
- पर्यटकको बसाइ अवधि लम्ब्याउने र खर्च बढाउने वातावरणको निर्माण गर्ने।
- शहरी र ग्रामीण क्षेत्रमा पर्यटनको विविधीकरण गर्ने।
- पर्यटन क्षेत्रबाट प्राप्त हुने आय र रोजगारीको लाभलाई न्यायोचित वितरण गर्न ग्रामीण

पर्यटकीय गन्तव्यहरूको पहिचान गरी विकास तथा व्यवस्थापन गर्ने।

- पर्यटन र अन्तर्राष्ट्रिय सम्बन्ध अभिवृद्धि गरी अर्थतन्त्रलाई थप मजबुत र दिगो बनाउने।

## ३.८.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### तालिका ३.८.६.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | होमस्टे पूर्वाधार विकास | संख्या | ५० | ११ | १० | १० | १० |
| २ | प्रदेश पर्यटन सम्बन्धी नीति तथा कानुन निर्माण | संख्या | ० | २ | २ | २ | २ |
| ३ | फेवाताल वरिपरि Foot trail निर्माण | मिटर | - | - | ५०० | ५०० | ५०० |
| ४ | पदमार्ग स्तरोन्नति/विकास/निर्माण र व्यवस्थापन | संख्या | ९१ | १५३ | ४ | ५ | ६ |
| ५ | कोसेली घर सञ्चालनमा सहयोग | संख्या | - | २ | ३ | ४ | ४ |
| ६ | पर्यटक तथ्याङ्क संकलन र अभिलेखीकरण | संख्या | ७१८९५ | २००००० | २००००० | २३०००० | २५०००० |
| ७ | पर्यटन सम्बन्धी सूचना वेबपोर्टल मार्फत प्रचार प्रसार | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | पर्यटकीय पार्क स्तरोन्नति/विकास/निर्माण | संख्या | ५५ | ७७ | ५३ | ५० | ५० |
| ९ | पर्यटक सूचना केन्द्र स्थापना | संख्या | - | - | ३ | ४ | ५ |
| १० | पोखरालाई अन्तर प्रदेश हवाइ सेवा सञ्जालमा जोड्ने | संख्या | ३ | १ | १ | १ | - |
| ११ | पर्यटकीय गन्तव्यको पूर्वाधार विकास | संख्या | ४६ | ९७ | १३ | १५ | १८ |
| १२ | होमस्टे क्षमता अभिवृद्धि तथा अभिमुखीकरण | पटक | १ | - | ११ | ११ | ११ |
| १३ | मेला महोत्सव/दिवस समारोह | पटक | १० | १९ | २० | २० | २० |
| १४ | प्रमुख पर्यटकीय गन्तव्यहरुको DPR निर्माण | संख्या | ११ | - | - | - | - |
| १५ | प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रोफाइल तयार | संख्या | - | २ | २ | ३ | ४ |

### ३.८.७ कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणः

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी. नं. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०००११ | मन्त्रालयबाट DPR तयार भएका पर्यटकीय गन्तव्यमा पूर्वाधार निर्माण | प्रमुख पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | २०८०/८१-२०८२/८३ | २०० | मन्त्रालयबाट DPR तयार गरिएका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास भएको हुने |
| ३०७०००११ | प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | २०८०/८१-२०८२/८३ | २०० | पदमार्ग, पार्क लगायत प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास भएको हुने |
| ३०७०००११ | पर्यटन सेवा र व्यवसायमा आबद्ध संघसंस्थासँगको सहकार्य र साझेदारीमा पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन व्यवसायी तथा निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन | ८०/८१ | ३० | पर्यटन व्यवसायी तथा निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन भई आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने |
| ३०७०००११ | अन्तरप्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम | आन्तरिक पर्यटन प्रवर्द्धन | ८०/८१ | २० | आन्तरिक पर्यटनमा वृद्धि भएको हुने |
| ३०७०००११ | स्थानीय तह / नेपाल पर्यटन बोर्ड / निजी क्षेत्रसँगको सहकार्यमा पर्यटक सूचना केन्द्र तथा उद्धार केन्द्र स्थापना | पर्यटकहरुलाई आवश्यक सूचना सम्प्रेषण | ८०/८१ | ३० | पर्यटकहरुलाई आवश्यक सूचना प्रवाह भएको हुने, पर्यटकहरुको आपतकालीन उद्धारमा सहयोग पुग्ने |
| ३०७०००११ | प्रदेश भ्रमणमा आउने पर्यटकको विद्युतीय अभिलेख प्रणालीको विकास | एकीकृत अभिलेख प्रणालीको व्यवस्थापन | ८०/८१ | २० | प्रदेशभित्र आउने पर्यटकको एकीकृत अभिलेख व्यवस्थापन हुने |

## ३.९ उद्योग

### ३.९.१ पृष्ठभूमि

गण्डकी प्रदेशलाई औद्योगीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न प्रदेशमा प्रादेशिक तहका औद्योगिक क्षेत्र र सम्भावना रहेका सबै स्थानीय तहमा उद्योग ग्राम स्थापना गरी निजी, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै औद्योगिक पूर्वाधारको निर्माण गर्ने, उक्त औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने कच्चा पदार्थको उत्पादन र प्रशोधन गरी उत्पादनको निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने रहेको छ। यस क्षेत्रको विकास र विस्तारबाट दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य ९ अनुसारको दिगो र समावेशी औद्योगिक विकास हासिल गर्न सहयोग पुग्दछ।

### ३.९.२ चुनौती र अवसर

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्र र उद्योगग्राममा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु, प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, उत्पादन क्षेत्रलाई माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकास मार्फत व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु उद्योग क्षेत्रका चुनौतीहरू हुन्।

स्थिर सरकार हुनु, उद्योग क्षेत्रलाई प्रदेश सरकारले दिगो आर्थिक विकासको मियोको रुपमा लिनु, स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको शृंखला विकासोन्मुख मुलुकहरूतर्फ विस्तार हुँदै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सिपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु, जनताको आयमा भएको वृद्धिसँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, छिमेकी

मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा प्रदेशले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य शृंखला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु औद्योगिक विकासका अवसरहरू हुन्।

### ३.९.३ सोच

उद्योग क्षेत्रको विकास, दिगो अर्थतन्त्र निर्माणको आधार

### ३.९.४ लक्ष्य

उद्योग क्षेत्रको विकास र विस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने।

### ३.९.५ उद्देश्य

१. उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
२. उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्नु।
३. आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु।

### ३.९.६ रणनीति

- नेपाल सरकारसँगको समन्वय र स्थानीय तहको सहकार्यमा प्रदेश गौरवको आयोजनाका रूपमा रहेका कास्की र तनहुँको पुँडिटार, नवलपुरको लोकाहाखोलामा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्र र एक स्थानीय तह एक उद्योग ग्राम स्थापना, व्यवस्थापन तथा सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिई प्राथमिकताका साथ अगाडि बढाइने।
- डिजिटल गण्डकी सरकारको अवधारणालाई टेवा पुग्ने गरी विद्यमान उद्योग तथा वाणिज्य फर्महरुको अभिलेखहरुलाई डिजिटाइज्ड गर्दै उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्य विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक प्रणाली विकास गरी प्राथमिकताका साथ प्रभावकारी, गुणस्तरीय, मितव्ययी र छरितो सेवा प्रवाहको व्यवस्था मिलाइने।
- उद्योग सम्बन्धी नीति कानुन तथा निर्देशिकाहरुमा आवश्यक परिमार्जन तथा नयाँ कानुनहरुको निर्माण गरिने साथै उद्यमी, लगानीकर्ता, उपभोक्ता र व्यवसाय सम्बद्ध संस्थाहरुसँग नियमित अन्तरसम्वाद र नीतिगत बहस कार्यक्रम सञ्चालन गरिनेछ।
- अल्लो, लोक्ता, केरा, बेतबाँस जस्ता प्राकृतिक रेशामा आधारित स्थानीय स्रोत, सिप तथा प्रविधिमा आधारित घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुको संरक्षण र विकास गरिने।
- सार्वजनिक निकायमा प्रयोग हुने सामग्रीहरु मध्ये उपलब्ध भएसम्म स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरी लघु, घरेलु तथा साना उद्योगहरुको संरक्षण र प्रवर्द्धन गरिने।

- खनिज उत्पादनको मात्रा र गुणस्तर हेरी खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण सम्बन्धी उद्योगको स्थापना, विकास र विस्तारका लागि अध्ययन अनुसन्धान, सहजीकरण तथा प्रवर्द्धन गरिने।

### ३.९.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.९.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८० /८१ | २०८१/ ८२ | २०८२/ ८३ |
| दर्ता भएका उद्योग (लघु घरेलु तथा साना) | संख्या | ७९८४ | ५००० | ७५०० | ८००० | ८५०० |
| दर्ता भएका वाणिज्य फर्म | संख्या | ७४३० | ५००० | ६७०० | ७१०० | ७५०० |
| राष्ट्रियस्तरको औद्योगिक क्षेत्र | संख्या | १ | १ | - | - | - |
| प्रादेशिक औद्योगिक क्षेत्र स्थापना र सञ्चालन | संख्या | तयारी | तयारी | तयारी | तयारी | २ |
| प्रादेशिक औद्योगिक नीति तथा कानुन निर्माण | संख्या | १ | १ | २ | - | - |
| स्थानीय उद्योग ग्राम (पूर्वाधार विकास सहयोग) | पटक | १० | १० | १० | १५ | १५ |
| उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी तथ्याङ्क डिजिटाइजेशन | संख्या | १६७१९ | ८४५९४ | ३०००० | निरन्तर | निरन्तर |
| निर्यातजन्य उद्योग स्थापनामा सहयोग | संख्या | - | - | २ | ४ | ५ |
| उद्यमशीलता विकास तालिम | जना | १२४१ | ७०० | २२० | ३३० | ४४० |
| सिप विकास तालिम | जना | १४२८ | १००० | ११०० | ११५० | १२०० |
| प्रविधि हस्तान्तरण | संख्या | - | ३८० | ११७ | १२० | १३० |
| संभावित कोसेलीवस्तुहरुको पहिचान र प्रवर्द्धन | पटक | - | १ | १ | निरन्तर | निरन्तर |
| विजनेस इन्क्युवेसन सेन्टर स्थापना | संख्या | - | - | १ | १ | |

### ३.९.८ कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| लोकाहाखोला औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा पूर्वाधार निर्माण | पूर्वाधार निर्माणका लागि पूर्वतयारी गर्ने | २०८०/८१-२०८२/८३ | १०१५ | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई पूर्वाधार निर्माणको कार्य शुरु भएको हुने |
| पुँडिटार औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा पूर्वाधार निर्माण | पूर्वाधार निर्माणका लागि पूर्वतयारी गर्ने | २०८०/८१-२०८२/८३ | १०१५ | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई पूर्वाधार निर्माणको कार्य शुरु भएको हुने |

| कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| प्रादेशिक औद्योगिक नीति तथा कानुन निर्माण | उद्योग प्रशासनको व्यवस्थापन र नियमन | २०८०/८१ | ५ | प्रदेशमा प्रादेशिक औद्योगिक नियम कानुन लागु भएको हुने |
| स्थानीय स्रोत साधन तथा प्रविधिमा आधारित उद्योगहरुको प्रवर्द्धन | स्थानीय स्रोतसाधनको उपयोग हुने, | २०८०/८१-२०८२/८३ | १५० | स्थानीय स्रोत साधन तथा प्रविधिमा आधारित उद्योगहरुको क्षमता विकास भई उत्पादन वृद्धि भएको हुने |
| एक स्थानीय तह एक उद्योग ग्राममा पूर्वाधार निर्माण | स्थानीय तहमा छरिएर रहेका उद्योगहरुको एकीकृत व्यवस्थापन गर्न | २०८०/८१-२०८२/८३ | २०० | स्थानीय तहमा छरिएर रहेका उद्योगहरुको एकीकृत रुपमा स्थापित हुने |
| उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी तथ्याङ्क डिजिटाइजेशन | उद्योग प्रशासन चुस्त र प्रविधिमैत्री बनाउन | २०८०/८१-२०८२/८३ | १० | दर्ता सम्बन्धी सम्पूर्ण विवरण प्रणालीमा समावेश हुने र भविष्यमा सेवाग्राहीलाई अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्न सकिने |
| प्रदेशस्तरीय तथा जिल्लास्तरीय कोसेली घर तथा प्रदर्शनी केन्द्रको स्थापना तथा सञ्चालन | साना तथा घरेलु उद्योगबाट उत्पादित वस्तुहरुको बजारीकरण | २०८०/८१-२०८२/८३ | १५० | प्रदेशस्तरीय प्रदर्शनी केन्द्रको स्थापना भई औद्योगिक उत्पादनको बजारीकरणमा सहयोग पुगेको हुने |

## ३.१० वाणिज्य

### ३.१०.१ पृष्ठभूमि

वाणिज्य क्षेत्र आन्तरिक व्यापार र अन्तर्राष्ट्रिय व्यापारको समग्र स्वरुप हो। वाणिज्य क्षेत्र समग्र राष्ट्रका साथै प्रदेश अर्थतन्त्रको समेत दरिलो स्तम्भको रुपमा रहेको हुन्छ। वाणिज्य क्षेत्रको विकासले चलायमान अर्थतन्त्र र अग्रगामी अर्थव्यवस्थालाई टेवा पुग्दछ। नेपालको समष्टिगत आर्थिक अवस्थामा वाणिज्य क्षेत्रको योगदान सकारात्मक बढोत्तरीमा रहेको विभिन्न अध्ययनहरुबाट देखिएको छ यद्यपी निर्यातमा कमी र आयातमा वृद्धिको अवस्था पनि दिनानुदिन बढ्दो क्रममा छ। प्रदेशभित्र उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धिदर हासिल गर्ने प्रशस्त सम्भावना भएको हुनाले वाणिज्य क्षेत्र प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता छ। वाणिज्य क्षेत्रको विकास र विस्तारबाट दिगो विकास लक्ष्य १२ मा उल्लेख भए बमोजिमको दिगो र जिम्मेवार उपभोग सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न सघाउ पुग्दछ।

### ३.१०.२ चुनौती र अवसर

वाणिज्य अत्याधिक फराकिलो तथा विविधीकरणको क्षेत्र हो र यसमा चुनौती पनि प्रशस्त रहेका हुन्छन्। व्यापार विकास र प्रवर्द्धनका लागि व्यापारका विभिन्न पक्षमा वैज्ञानिक अध्ययन अनुसन्धान हुनु जरुरी हुन्छ। प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान

तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, उत्पादन क्षेत्रलाई माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकास मार्फत व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन्।

जनताको आयमा भएको वृद्धिसँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, छिमेकी मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा प्रदेशले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य शृंखला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु वाणिज्य क्षेत्रका अवसरहरू हुन्।

### ३.१०.३ सोच

वाणिज्य क्षेत्रको विकास, दिगो आर्थिक विकासको आधार

### ३.१०.४ लक्ष्य

वाणिज्य क्षेत्रको विकास तथा विस्तार गरी आयात प्रतिस्थापन मार्फत प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने।

### ३.१०.५ उद्देश्य

१. वाणिज्य सम्बद्ध संरचना, पूर्वाधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सिपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्नु।
२. वाणिज्य क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण अवयवको रूपमा विकास गर्नु।

### ३.१०.६ रणनीति

- स्थानीयस्तरबाट निकासी गर्न सकिने उत्पादन तथा वस्तुहरुको प्रदर्शनी केन्द्र स्थापना र सञ्चालनमा जोड दिइने।
- निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय हबहरुमा कोसेलीघर स्थापना गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिने।

### ३.१०.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### तालिका ३.१०.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रदेश व्यवसाय मञ्च गठन र सञ्चालन | पटक | - | - | १ | १ | १ |

### ३.१०.८ कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| प्रदेशस्तरीय उत्पादन प्रदर्शनी केन्द्र तथा कोसेली घर स्थापना र सञ्चालन | प्रदेशस्तरमा उत्पादित वस्तुहरुको बजारीकरण | निरन्तर | १०० | प्रदेशस्तरमा उत्पादित वस्तुहरुको बजारीकरणका लागि कोसेलीघर स्थापना भएको हुने। |
| उद्योग वाणिज्य संघसँगको साझेदारीमा जिल्लास्तरमा कोसेली घर स्थापना र सञ्चालन | उत्पादित वस्तुहरुको बजारीकरण | निरन्तर | १५० | जिल्लामा उत्पादित वस्तुहरुको बजारीकरणका लागि कोसेलीघर स्थापना भएको हुने। |

## ३.११ आपूर्ति

### ३.११.१ पृष्ठभूमि

नागरिकहरुलाई दैनिक जीवनयापनमा आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउने कार्य राज्यको दायित्व हो। आवश्यक वस्तु तथा सेवा निर्वाध रुपमा उपलब्ध हुने व्यवस्था गर्न आपूर्ति व्यवस्था सबल हुनुपर्दछ भने त्यस्ता वस्तु तथा सेवाको माग र आपूर्ति बीचको सन्तुलन प्रभावकारी र व्यवस्थित तुल्याइनु पर्दछ। खुला र प्रतिस्पर्धात्मक अर्थतन्त्रमा आपूर्ति व्यवस्थापन जटिल र संवेदनशील हुने गर्छ। वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान आएमा त्यसबाट उपभोक्ताहरुले सुपथ मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोगबाट बञ्चित हुनुपर्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक प्रकारको नकारात्मक प्रभाव समेत भोग्नु पर्दछ। उपभोक्ताहरुलाई अत्यावश्यक वस्तु र सेवाको पर्याप्त, सहज, सुलभ र गुणस्तरीय उपलब्धता गराउने कार्यमा आपूर्ति क्षेत्रको प्रशासन, व्यवस्थापन तथा नियमनको प्रभावकारी भूमिका हुन्छ।

### ३.११.२ चुनौती र अवसर

अत्यावश्यक उपभोग्य वस्तुको मूल्यवृद्धि तथा महंगी नियन्त्रण गर्नु, प्रदेशमा आयात निर्यात हुने वस्तु तथा सेवाको अभिलेखीकरण गर्नु, दैनिक उपभोग्य वस्तुहरुको सहज तरिकाले खाद्य परीक्षण प्रयोगशाला स्थापना गर्नु तथा विलासी वस्तुको बढ्दो आयात रोक्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन्।

### ३.११.३ सोच

गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्ति

### ३.११.४ लक्ष्य

प्रदेशमा अत्यावश्यक गुणस्तरीय वस्तु तथा सेवा सहज सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ता हकहितको संरक्षण गर्नु।

### ३.११.५ उद्देश्य

१. अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रूपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु।

२. गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु।

३. वस्तु तथा सेवाको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण तथा नियमित अनुगमनको व्यवस्था गर्नु।

### ३.११.६ रणनीति

- उपभोक्ता हक हित प्रवर्द्धनका लागि बजार अनुगमनलाई सशक्त बनाइने साथै विद्यालयस्तरमा उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम र तालिम तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने।

### ३.११.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ३.११.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०७८ /७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| बजार अनुगमन तथा नियमन | पटक | १०९ | १२४ | निरन्तर | निरन्तर | निरन्तर |

### ३.११.८ कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| बजार अनुगमन तथा नियमन | वस्तु तथा सेवाको सरल र सहज आपूर्ति तथा उपभोक्ता अधिकार संरक्षण | निरन्तर | ३० | उपभोक्तालाई वस्तु तथा सेवाको सरल र सहज आपूर्ति भएको हुने |
| विद्यालयमा उपभोक्ता सचेतना कार्यक्रम | उपभोक्तालाई आफ्नो अधिकारको बारेमा सजग गराउनु | निरन्तर | ५५ | उपभोक्ता जागरणमा अभिवृद्धि हुने र स्वच्छ प्रतिस्पर्धी बजारको स्थापना हुने |

## ३.११.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

### तालिका ३.११.९.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (उद्योग तथा पर्यटन तर्फ)

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण (रु. हजारमा) | | | | स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँट | आन्तरिक ऋण |
| २०८०/८१ | ६५०००० | २१६७०० | ४३३३०० | - | ६५०००० | - | - |
| २०८१/८२ | ७१५००० | २३८४०० | ४७६६०० | - | ७१५००० | - | - |
| २०८२/८३ | ७८६५०० | २६२२०० | ५२४३०० | - | ७८६५०० | - | - |

## ३.११.१० त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

### तालिका ३.११.१०.१ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण (रकम रु. हजारमा)

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/०८० को संशोधित अनुमान | २०८०/०८१ को विनियोजन | | | | २०८१/०८२ को प्रक्षेपण | | | | २०८२/०८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३०७०००११ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | २३२४५६ | ६४४५० | ३९४०९ | २५०४१ | ० | ७०८९५ | ४३३५० | २७५४५ | ० | ७७९८५ | ४७६८५ | ३०३०० | ० | १ | P1 | ८ | २ | २ |
| ३०७०१०११ | पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १३७०९ | २१३१६ | २०५१६ | ८०० | ० | २३४५८ | २२५७८ | ८८० | ० | २५७९२ | २४८२४ | ९६८ | ० | १ | P1 | ८ | २ | २ |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/०८० को संशोधित अनुमान | २०८०/०८१ को विनियोजन | | | | २०८१/०८२ को प्रक्षेपण | | | | २०८२/०८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३०७०१०१२ | पर्यटन तथा उद्योग कार्यालयहरु | १३९११५ | ३१७३०७ | ११२४२७ | २०४८८० | ० | ३४९०३८ | १२३६७० | २२५३६८ | ० | ३८३९४१ | १३६०३७ | २४७९०४ | ० | १ | P1 | ८ | २ | २ |

**३.११.११ जोखिम तथा अनुमान** नीति तथा कानुन र कार्यविधिको व्यवस्था समयमै हुने, संघ र स्थानीय तहबीचको समन्वय हुने, योजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता हुने, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता आवश्यक मात्रामा भएको हुने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने अनुमान गरिएको छ। उल्लिखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

# परिच्छेद ४: सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा प्रदेशका जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्नु प्रदेश सरकारको दायित्व हो। संघ र स्थानीयस्तरसँग समन्वय र सहकार्य गर्दै समतामूलक गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा आम नागरिकको सर्वव्यापी पहुँच सुनिश्चित गरी प्रदेशको विद्यमान समस्यालाई सम्बोधन गर्नु प्रदेश सरकारको दायित्व हो। स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कोभिड-१९ लगायतका कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद्लाई तत्काल व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता छ।

नेपालमा पाँच वर्षमुनिका बाल बालिकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ३३ र नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१ रहेको छ। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ (NDHS-2022) अनुसार यस प्रदेशका सूचकहरु हेर्दा ८८ प्रतिशत गर्भवती महिलाहरु दक्ष प्रसुतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने गर्दछन् भने ११.५ प्रतिशत १५ देखि १९ वर्षका किशोरीहरु किशोरावस्थामै गर्भवती भएका छन्। यस प्रदेशका ३५ प्रतिशत प्रजनन् उमेरका महिलाले आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्दछन्। यो प्रदेश २०७५ भाद्र १३ गते पूर्णखोप युक्त प्रदेश घोषणा भइसकेको अवस्थामा जीरो डोज अर्थात् कुनै पनि खोप नपाएका बालबालिकाको प्रतिशत शुन्य रहेको छ। त्यसै गरी पाँच वर्ष मुनीका बालबालिकाहरुमा पुड्कोपन (उमेर अनुसारको उचाइ नहुनु) १९.७%, न्युन वजन (उमेर अनुसारको वजन नहुनु) १८% र ख्याउटेपन (उचाइ अनुसारको वजन नहुनु) ४% तथा रक्तअल्पता ३०.७% रहेको छ। तसर्थ दिगो विकास लक्ष्य ३ अनुसारको स्वस्थ र समुन्नत समाज निर्माण गर्ने लक्ष्य हासिल गर्न तथा संविधानको मर्म अनुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गर्न प्रदेशभित्रका स्वास्थ्य समस्या र चुनौतीहरु, उपलब्ध स्रोत, साधन तथा प्रमाणलाई समेत आधार बनाई कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक रहेको छ।

### ४.१.२ चुनौती र अवसर

संघीयताको मर्म र भावना अनुरुप प्रदेशका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध

गराउनु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धताको सुनिश्चितता गर्नु, प्रदेशमा औषधीको उत्पादन, वितरण तथा नियमनलाई स्वास्थ्य सेवाप्रवाहसँगै सन्तुलन गर्नु, बढ्दो शहरीकरण, बदलिँदो जीवनशैली तथा आहार—व्यवहार र आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य क्षेत्रमा बढ्दो निजी तथा गैरसरकारी स्वास्थ्य सेवाको दायरा, समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य चुनौतीपूर्ण रहेका छन्। यसै गरी जलवायु परिवर्तन, बढ्दो शहरीकरण र समाजप्रति उत्तरदायी र जवाफदेही जनशक्ति उत्पादन, विकास र समानुपातिक वितरण गर्नु तथा स्वास्थ्य क्षेत्रमा अपेक्षित लगानी वृद्धि नहुनु हालका विद्यमान चुनौतीहरु हुन्।

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरूको निर्माण भैरहेको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भैरहेको, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुँदै गएको जस्ता अवसरहरू रहेका छन्।

### ४.१.३ सोच

स्वस्थ र सुखी नागरिक

### ४.१.४ लक्ष्य

गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र उपभोग सुनिश्चित गर्ने।

### ४.१.५ उद्देश्य

- निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु।
- आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।
- स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु।
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु।

### ४.१.६ रणनीति

- निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाउने।
- प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्यमा सुधार गरी खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउँदै लाने।

- विशेषज्ञ र विशिष्टीकृत (मुटु, मृगौला, कलेजो, क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्ने।
- मुख, नाक, कान, घाँटी र आँखा सम्बन्धी स्वास्थ्य सेवालाई वर्तमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी सञ्चालन गर्ने।
- सिप मिश्रित, विशेषज्ञ र विशिष्टीकृतसहितको दक्ष जनशक्तिबाट सेवा दिने।
- स्वास्थ्य संस्थामा औषधी, औषधी/चिकित्साजन्य सामग्री तथा भ्याक्सिनको अटुट रुपमा आपूर्तिको व्यवस्था गर्ने।
- एक चिकित्सक/स्वास्थ्यकर्मी, एक संस्था नीति अवलम्बन गर्ने।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रवर्द्धन गर्ने।
- गैरसरकारी, निजी, सामुदायिक, सहकारी साझेदारीको अवधारणा अवलम्बन गर्ने।
- स्वास्थ्य प्रणालीमा सुशासन कायम गर्ने।

## ४.२ जनसंख्या व्यवस्थापन

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले जनसंख्या व्यवस्थापनलाई साझा अधिकारको कार्यसूचीमा पारेको छ। कार्य विस्तृतीकरणले जनसंख्या योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको एवम् व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ। जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो। सबै नागरिकको गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्न जनसंख्यासम्बन्धी दीर्घकालीन योजना (२०६७-२०८७), राष्ट्रिय जनसंख्या नीति, २०७१, दिगो विकास लक्ष्य र जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका कार्ययोजना कार्यान्वयनमा ल्याइएका छन्। गण्डकी प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्याको वार्षिक वृद्धिदर ०.२५ प्रतिशत र जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील जनसंख्या ६२.७९ प्रतिशत रहेको छ भने नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०२२ अनुसार कुल प्रजनन दर २.० बच्चा प्रति महिला रहेको छ।

शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगारका क्षेत्रहरु समाज परिवर्तनको महत्वपूर्ण पक्षहरु हुन्। नेपालको संविधानमा भएको व्यवस्था, अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धता, दिगो विकास लक्ष्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो। सोही अनुरुप नेपाल सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१) र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष२०७६/७७ देखि २०८०/८१) निर्माण गरी कार्यान्वयन हुन गइरहेको सन्दर्भमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यले सामाजिक विकास

क्षेत्रका विषयहरुलाई योजनाबद्ध रुपमा समावेश गरी कार्यान्वयनमा ल्याउन मद्दत पुग्ने भएकोले मन्त्रालयसँग सम्बन्धित विषयहरु प्रस्तुत गरिएको छ। संविधान बमोजिम यस मन्त्रालयले तीन तहका सरकारहरुबीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा आफ्ना कामकारवाहीहरुलाई अगाडि बढाउँदै आएको छ।

### ४.२.२ चुनौती र अवसर

राष्ट्रिय नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा जनसांख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरुबीच तादात्म्यता तथा सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्तिलाई रोजगारीका माध्यमबाट स्वदेशमै राख्ने वातावरणको निर्माण गर्नु, स्वदेशबाट विदेश र विदेशबाट स्वदेशमा आई बसोबास गर्नेहरुको समुचित व्यवस्थापन गर्नु, विदेशमा सिकेको सिपलाई स्वदेशमा उपयोग गर्ने व्यवस्था मिलाउनु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधासहितको एकीकृत बस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु तथा स्थानीय तहमा जनसांख्यिकीय सूचना बैंकको निर्माण र विस्तार गर्नु जस्ता चुनौती रहेका छन्।

जनसंख्या सम्बन्धी दीर्घकालीन योजना रहनु, कुल जनसंख्यामा गण्डकी प्रदेशमा १५ देखि ५९ वर्ष उमेरका जनसंख्याको प्रतिशत (६२.७९%) रही जनसांख्यिक लाभांशको उच्चतम उपयोग गरी देशको आर्थिक र सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने अवस्था रहनु, सानो तथा गुणस्तरीय परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, बसाइँसराइको व्यवस्थापन एवम् विकासलाई एकसाथ लैजाने कार्यमा राज्यको उच्च प्राथमिकता रहनु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सिपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण हुनु, पूर्वाधार विकास, हिमाल र पहाडी क्षेत्रमा साना शहर निर्माण, रोजगारीका अवसरहरूको सिर्जना, एकीकृत बस्ती विकास लगायतका कार्यक्रमहरू मार्फत बसाइँसराइको व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहनु, जनसंख्या र बसाइँसराइ व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायहरूको चासो बढ्दै जानु तथा राज्यका संघ, प्रदेश र स्थानीय तहका सरकारबाट जनसंख्या र बसाइँसराइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनु, प्रदेशका ७५९ वडाकेन्द्रहरू क्रमशः प्रशासनिक तथा आर्थिक बिन्दुको रुपमा विकास हुँदै जानु, स्थानीय तहहरूका सदरमुकामहरू क्रमशः विकास केन्द्रको रुपमा विकास हुँदै जानु जस्ता अवसरहरू रहेका छन्।

### ४.२.३ सोच

स्वस्थ तथा सन्तुलित मानव बस्तीको विकास

### ४.२.४ लक्ष्य
जनसंख्या तथा बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने।

### ४.२.५ उद्देश्य
- सबै नागरिकलाई स्वस्थ, सबल र सक्रिय बनाई जीवनस्तर वृद्धि गर्नु।
- बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु।
- जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु।

### ४.२.६ रणनीति
- लैङ्गिक समानता र समावेशीकरणको माध्यमबाट जनसंख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिँदै विद्यमान कानुन तथा संस्थागत व्यवस्थामा सुधार गर्ने।
- जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्ने।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा एकीकृत बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँसराइ र शहरीकरणलाई व्यवस्थित गर्ने।
- स्थानीय तहहरूलाई प्रशासनिक एवम् आर्थिक केन्द्रको रुपमा विकास गरी ग्रामीण क्षेत्रवाट शहरी क्षेत्रमा हुने अनियन्त्रित बसाइँसराइलाई शिथिलीकरण गरी शहरीकरणलाई व्यवस्थित गरिनेछ।
- जनसंख्या तथा बसाइँसराइ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसंख्या सूचनालाई व्यवस्थित गर्ने।

## ४.२.७ विषयगत क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### तालिका ४.२.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०-८१ | २०८१-८२ | २०८२-८३ |
| मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | १६१ | १६१ | १५० | १४० | १३० |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | २७ | २६ | २४ | २२ | २० |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | १५ | १४.५ | १४ | १३ | १२ |
| कूल प्रजनन दर | प्रतिशत | २.० | २.० | २.० | २.० | २.० |
| ५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपन (उमेर अनुसार उचाइ कम) | प्रतिशत | २० | १९.७ | १७ | १६ | १५ |
| परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | प्रतिशत | ३५ | ३७ | ४० | ४२ | ४४ |
| स्वास्थ्य संस्था मार्फत प्रसूति सेवा लिने महिला | प्रतिशत | ८८ | ९० | ९२ | ९५ | ९७ |
| चौथो पटक गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ८५ | ८७ | ९० | ९३ | ९५ |
| आइरन चक्की प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ९७.५ | ९८ | ९९ | ९९ | ९९ |
| डि.पि.टि. हिब.हेप बी. खोप तेश्रो प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९९ | ९९ | ९९ | १०० | १०० |
| दादुरा रुबेला पहिलो खोप प्राप्त गर्न बालबालिका | प्रतिशत | ९७.६ | ९८ | ९९ | ९९ | १०० |
| पहिचान भएका क्षयरोगी मध्ये उपचारको सफलता | प्रतिशत | ९० | ९२ | ९५ | ९६ | ९८ |
| औलो रोग पत्ता लागेको जम्मा बिरामी | संख्या | १३ | १० | ९ | ७ | ५ |
| नयाँ एच.आइ.भी. संक्रमित वार्षिक संख्या | संख्या | २४७ | २४० | २०० | १५० | १०० |
| गर्भवती महिलामध्ये पी.एम.टी.सी.टी.सेवा पाएको गर्भवती महिला | प्रतिशत | ८१ | ८५ | ९० | ९५ | ९७ |

स्रोतः *NDHS-2016* र *2022* तथा *Health Directorate Annual Report 2078/79*

## ४.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.२.८.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण ( लाखमा) | | | | स्रोत रु. लाखमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल (लाखमा) | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार समानीकरण अनुदान | नेपाल सरकार समपूरक अनुदान | नेपाल सरकार विशेष अनुदान | नेपाल सरकार सशर्त अनुदान | वैदेशिक विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०८०/८१ | ५६६०० | २२६४० | ३३९६० | ० | ५६६०० | ३९८६० | ० | ० | १६०० | १५१४० | ० | ० |
| २०८१/८२ | ५८९७७ | २३३१९ | ३५६५८ | ० | ५८९७७ | ४१६८९ | ० | ० | १६५४ | १५६३४ | ० | ० |
| २०८२/८३ | ६३७०९ | २४४८५ | ३९२२४ | ० | ६३७०९ | ४५४३७ | ० | ० | १७५३ | १६५१९ | ० | ० |

## ४.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | प्रमुख अपेक्षित प्रतिफलहरु |
|---|---|---|---|---|---|
| ३५५०७००१ | क्षयरोग नियन्त्रण कार्यक्रम | समयमै क्षयरोगको पहिचान गरी उपचारात्मक सेवा सुदृढ गरी क्षयरोगीहरूको संख्यामा कमी ल्याउने। | सालबसाली | ३०० | • क्षयरोग पहिचानको दरमा वृद्धि भएको हुने।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने।<br>• सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुमा एम डि आर सेन्टर-सब सेन्टर विस्तार भएको हुने।<br>• निजी स्वास्थ्य संस्थाहरुमा डट्स केन्द्रहरुको विस्तार भएको हुने।<br>• क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रममा संलग्न कर्मचारीहरुलाई तालिम दिइएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | प्रमुख अपेक्षित प्रतिफलहरु |
|---|---|---|---|---|---|
| ३५५०७००१ | एकीकृत बाल स्वास्थ्य कार्यक्रम | बालबालिकाको खोपमा पहुँच वृद्धि हुने, कुपोषण हुने संख्यामा कमी आई बाल मृत्युदरमा समेत कमी हुने । | सालबसाली | ७०० | • प्रदेश खोप कोषको रकम सञ्चालनमा आएको हुने।<br>• प्रदेश खोप कोषमा सरकारी तथा निजी क्षेत्रको योगदान बढ्ने।<br>• पूर्ण खोपको सुनिश्चितता बढ्ने।<br>• खोप कार्यक्रम नियमित रूपमा सञ्चालन भएको हुने।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने।<br>• २ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमनमा वृद्धि भएको हुने।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने।<br>• स्थानीय तहसम्म बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा आएको हुने।<br>• नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम संलग्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि भएको हुने।<br>• ५ वर्ष मुनिका बालबालिकाको कुपोषण, झाडापखाला र श्वासप्रश्वासको समस्यामा कमी आउने। |
| ३५५०७००१ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम | गुणस्तरीय आयुर्वेद औषधीहरु सुलभ रुपमा उपलब्ध हुनुको साथै आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई प्रभावकारी बनाउने । | सालबसाली | ५०० | • आयुर्वेदमा प्रयोग हुने जडिवुटी वनस्पति तथा जीवजन्तुको परम्परागत अभिलेखीकरण र पुस्तान्तरण, संकलन, उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक प्रादेशिक नीति, कार्यक्रम र मापदण्ड तयार भएको हुने । प्रादेशिक आयुर्वेद उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना भएको हुने ।<br>• सबै आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा जडिबुटी उद्यानहरुको स्थापना भएको हुने।<br>• आयुर्वेद औषधालय तथा स्वास्थ्य केन्द्रहरुमा क्षारसुत्र, अक्यूपन्चर, पन्चकर्म, फिजियोथेरापी सेवा उपलब्ध भएको हुने। आयुर्वेद सेवालाई गुणस्तरीय बनाई आयुर्वेद केन्द्रलाई क्रमशः स्तरोन्नति गरिने। |
| ३५५०७००१ | परिवार स्वास्थ्य कार्यक्रम | परिवार नियोजनका साधनको प्रयोग दर वृद्धि हुने तथा पूर्ण संस्थागत सुत्केरी प्रदेश बनाउने। | सालबसाली | १००० | • परिवार नियोजनका साधनको प्रयोग गर्ने दम्पतिको दरमा वृद्धि हुने।<br>• सबै सरकारी स्वास्थ्य संस्थामा परिवार नियोजनका साधनहरूको निरन्तर उपलब्धता हुने।<br>• पाठेघर खस्ने समस्याको पहिचान र उपचार सेवा सञ्चालन भएको हुने।<br>• दुर्गम तथा ग्रामीण क्षेत्रमा स्त्री रोग सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन भएको हुने।<br>• बर्थिङ सेन्टरको सुदृढीकरण र विस्तार भएको हुने तथा संस्थागत सुत्केरी वृद्धि भएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | प्रमुख अपेक्षित प्रतिफलहरु |
|---|---|---|---|---|---|
| | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | स्वास्थ्य सेवाको चुस्त व्यवस्थापन द्वारा गुणस्तरीय सेवा सुनिश्चित गर्नु | सालबसाली | २००० | • मुटु, मृगौला तथा क्यान्सर रोग उपचारका लागि अस्पताल निर्माण कार्य प्रारम्भ भएको हुने।<br>• धौलागिरी अञ्चल अस्पतालको क्षमता अभिवृद्धि भएको हुने। १५ शैयाका अस्पतालहरू ५० शैयाको अस्पतालमा स्तरोन्नति भएको हुने .<br>• क्षयरोग, कुष्ठरोग, एच.आइ.भि./एड्स लगायतका सरुवा रोगहरूको एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने।<br>• आयुर्वेद सेवा सूचना प्रणालीको विकास भएको हुने।<br>• पोखरा उपत्यका भित्र विशिष्टीकृत महिला तथा बाल अस्पतालको निर्माण भई सञ्चालनमा आएको हुने।<br>• दुर्गम स्थानका स्वास्थ्य संस्था भौतिक पूर्वाधारको सुदृढीकरण भएको हुने। |
| ३५५०७००१ | चिकित्सा सेवा कार्यक्रम | उपचारात्मक सेवाको प्रभावकारिता वृद्धि गर्नु | सालबसाली | ३००० | • कार्यविधि निर्माण गरी निःशुल्क रुपमा सेवा दिन तोकिएका रोगका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध भएको हुने।<br>• दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन कार्यक्रम सञ्चालन भएको हुने।<br>• प्राकृतिक चिकित्सालय तथा सामुदायिक अस्पतालहरुलाई पुँजीगत अनुदान उपलब्ध भएको हुने।<br>• जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट, विद्युतीय चिकित्सा अभिलेख प्रणाली, फोहोरमैलाको व्यवस्थापन, शव व्यवस्थापन गर्ने मर्चुरी च्याम्बरको स्थापना भई सञ्चालनमा आउने।<br>• १५ शैयाका अस्पतालहरू ५० शैयामा स्तरोन्नति भई गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित हुने।<br>• अस्पताल भौतिक पूर्वाधार र औजार उपकरण सहितको व्यवस्था भएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | प्रमुख अपेक्षित प्रतिफलहरु |
|---|---|---|---|---|---|
| ३५५० | स्वास्थ्य नीति तथा योजना कार्यक्रम | प्रदेशवासीको स्वास्थ्य प्रति सचेत हुँदै आवश्यकताको आधारमा नीति तथा योजना निर्माण गर्नु | सालबसाली | १५०० | • दुर्गम तथा ग्रामीण क्षेत्रमा स्त्री रोग सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन भएको हुने ।<br>• बर्थिङ सेन्टरको सुदृढीकरण र विस्तार भएको हुने ।<br>• प्रदेशस्तरीय हजार शैयाको अस्पतालको जग्गा प्राप्ति र विस्तृत परियोजना तयार गरी निर्माण कार्य प्रारम्भ भएको हुने ।<br>• मुटु, मृगौला तथा क्यान्सर रोग उपचारकालागि अस्पताल निर्माण कार्य प्रारम्भ भएको हुने ।<br>• धौलागिरी अञ्चल अस्पतालको क्षमता अभिवृद्धि भएको हुने ।<br>• स्वास्थ्य व्यवस्थापन कार्यक्रम<br>• एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने ।<br>• आयुर्वेद सेवा सूचना प्रणालीको विकास भएको हुने ।<br>• पोखरा उपत्याका भित्र विशिष्टीकृत महिला तथा बाल अस्पतालको निर्माण भई सञ्चालनमा आएको हुने ।<br>• दुर्गम स्थानका स्वास्थ्य संस्था भौतिक पूर्वाधारको सुदृढीकरण भएको हुने ।<br>• कार्यविधि निर्माण गरी निःशुल्क रुपमा सेवा दिन तोकिएका रोगका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध भएको हुने ।<br>• दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन कार्यक्रम सञ्चालन भएको हुने।<br>• प्राकृतिक चिकित्सालय तथा सामुदायिक अस्पतालहरुलाई पुँजीगत अनुदान उपलब्ध भएको हुने ।<br>• प्रदेश जनस्वास्थ्य ऐन तथा मापदण्ड आदि तयार भएको हुने ।<br>• स्वास्थ्य सम्बन्धी विभिन्न अनुसन्धान सुरुवात भएको हुने ।<br>• प्रदेशस्तरीय कोल्डरुम सहितको प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको पूर्वाधार विकास गरी सञ्चालन |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | प्रमुख अपेक्षित प्रतिफलहरु |
|---|---|---|---|---|---|
| ३५५०७००१ | • स्वास्थ्य प्रवर्द्धन, शिक्षा तथा तालिम कार्यक्रम | जनतामा स्वस्थ जीवनशैलीको विकास गराउनु र दक्ष प्राविधिक जनशक्ति विकास गर्नु | सालबसाली | २०० | • स्वास्थ्य सम्बन्धी विभिन्न किसिमका स्वास्थ्य शिक्षा सामग्रीहरुको निर्माण, छपाई, प्रकाशन तथा प्रशारण भएको हुने।<br>• स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी विभिन्न तालिम प्रदान भई क्षमता अभिवृद्धि भएको हुने।<br>• सुविधा सम्पन्न स्वास्थ्य प्रवर्धन केन्द्रहरु स्थापना गरी नागरिकहरुलाई स्वस्थ बनाउने परिकल्पना ।<br>• प्रदेशस्तरमा जनस्वास्थ्य सम्बन्धी पुस्तकालय स्थापना भएको हुने ।<br>• सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन भएको हुने ।<br>• नसर्ने रोगको रोकथामका लागि स्वस्थकर खाना, आनीबानी तथा जीवनशैलीमा परिवर्तन आएको हुने । |
| ३५५०७००१ | • इपिडेमियोलोजी, रोग नियन्त्रण, महामारी तथा विपद् व्यवस्थापन कार्यक्रम | आकस्मिक तथा महामारीजन्य रोगहरुको खोजपड्ताल तथा व्यवस्थापन गर्नु | सालबसाली | १२०० | • प्रदेश स्तरीय स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र प्रभावकारी रूपमा सञ्चालन भएको हुने ।<br>• प्रादेशिक कन्टिन्जेन्सी प्लान तयारी भएको हुने ।<br>• बफर स्टकको लागि औषधी उपलब्ध भएको हुने ।<br>• महामारी रोगको रोकथाम र नियन्त्रण कार्य प्रभावकारी रूपमा सञ्चालन हुने ।<br>• महामारी तथा सरूवा रोगको एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने. |
| ३५५०७००१ | आपूर्तिको व्यवस्था | औषधी, औजार- उपकरण तथा अन्य स्वास्थ्य सामग्रीको समयमा पूर्ति गर्नु | सालबसाली | १५०० | • औषधी, औजार तथा उपकरण आदिको परिमाण निर्धारण गरी निरन्तर आपूर्तिको व्यवस्था भएको हुने . |

## ४.२.१० त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

विषय उपक्षेत्रगत अनुसारका कार्यक्रमहरुको बजेट विनियोजन तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.२.१०.१ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण (रकम रु. हजारमा)**

| ब.उ.शि.नं. | विषयगत क्षेत्र / उप-क्षेत्र | कार्यक्रम / आयोजना | २०७९/०८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को अनुमान | | | | २०८२/८३ को अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिक क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजीगत | वि.व्य | जम्मा | चालु | पुँजीगत | वि.व्य | जम्मा | चालु | पुँजीगत | वि.व्य | जम्मा | | | | | |
| ३५५०१००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १५४५७१ | १६३०९८ | ६९३० | | १७००२८ | १७९४०८ | ७६२३ | | १८७०३१ | १९७३४९ | ८३८५ | | २०५७३४ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०२००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य निर्देशनालय | ३८६७७ | ४०८९५ | १६५० | | ४२५४५ | ४४९८४ | १८१५ | | ४६७९९ | ४९४८३ | १९९६ | | ५१४७९ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०५००१ | स्वास्थ्य तथा जनसंख्या | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १३१३७८ | ११०९६६ | ३३५५० | | १४४५१६ | १२२०६२ | ३६९०५ | | १५८९६७ | १३४२६९ | ४०५९६ | | १७४८६५ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०३००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य तालिम केन्द्र | ६६०१० | ६००४९ | १२६५० | | ७२६९९ | ६६०५४ | १३९१५ | | ७९९६९ | ७२६५९ | १५३०७ | | ८७९६६ | ६ | P1 | ३ | २ | ३ |

| ब.उ.शि.नं. | विषयगत क्षेत्र / उप-क्षेत्र | कार्यक्रम / आयोजना | २०७९/०८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को अनुमान | | | | २०८२/८३ को अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिक क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजीगत | वि.व्य | जम्मा | चालु | पुँजीगत | वि.व्य | जम्मा | चालु | पुँजीगत | वि.व्य | जम्मा | | | | | |
| ३५५०४००१ | स्वास्थ्य तथा जनसंख्या | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३०७४५ | २९९७० | ३८५० | | ३३८२० | ३२९६६ | ४२३५ | | ३७२०१ | ३६२६३ | ४५४९ | | ४०८१२ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०३००१ | स्वास्थ्य तथा जनसंख्या | क्षयरोग उपचार केन्द्र | ३११०८ | ३२५६९ | १६५० | | ३४२१९ | ३५८२६ | १८१५ | | ३७६४१ | ३९४०८ | १९९७ | | ४१४०५ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०३००१ | स्वास्थ्य तथा जनसंख्या | अस्पतालहरु | ११६१६९६ | ८२२७१३ | ४५५१५३ | | १२७७८६६ | ९०४९८४ | ५००६६८ | | १४०५६५२ | ९९५४८३ | ५५०७३५ | | १५४६२१७ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०७००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य कार्यालयहरु | ३५४८४२ | ३५७८७६ | ३२४५० | | ३९०३२६ | ३९३६६४ | ३५६९५ | | ४२९३५९ | ४३३०३० | ३९२६५ | | ४७२२९५ | ६ | P1 | ३ | २ | ३ |
| ३५५०८००१ | स्वास्थ्य तथा जनसंख्या | आयुर्वेद स्वास्थ्य केन्द्रहरु | १३८५९१ | ११६९२० | ३५५३० | | १५२४५० | १२८६१२ | ३९०८३ | | १६७६९५ | १४१४७३ | ४२९९१ | | १८४४६५ | ६ | P1 | ३ | २ | ३ |
| जम्मा | | | २१०७६९८ | १७३५०५५ | ५८३४१३ | | २३१८४६८ | १९०८५६१ | ६४१७५४ | | २५५०३१५ | २०९९४१७ | ७०५९२९ | | २८०५३४६ | | | | | |

### ४.२.११ जोखिम तथा अनुमान

नीति तथा कानुन र कार्यविधिको व्यवस्था समयमै हुने, संघ प्रदेश र स्थानीय तहबीचको समन्वय वृद्धि हुने तथा सङ्क्रामक रोगहरु नियन्त्रणमा आएको हुने, स्थानीय तहको सहभागिता आवश्यक मात्रामा भएको र कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने अनुमान गरिएको छ। उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

## ४.३ शिक्षा

### ४.३.१ पृष्ठभूमि

जीवन र जगतको अन्तरसम्बन्धलाई बुझ्ने क्रममा मानव जातिले पुस्तौंदेखि संगालेका अनुभव एवम् अनुभूतिहरूलाई ज्ञानको रूपमा आत्मसात् गर्दै अनुभव, प्रयोग, चिन्तन, अन्तरक्रिया जस्ता माध्यमबाट मानिसले ज्ञान प्राप्त गरेका हुन्छन्। प्राचीनकालमा सैद्धान्तिक ज्ञान हासिल गर्नुलाई शिक्षा मानिन्थ्यो भने हाल आएर शिक्षा तथा सिकाइ व्यावहारिक ज्ञान, सिप, अभिवृत्ति र कामसँग बढी सम्बन्धित हुन गएको छ। शिक्षाले गुणस्तरीय शिक्षण सिकाइद्वारा देशको लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी र समाज तथा मुलुकप्रति उत्तरदायी जनशक्ति तयार गर्नुका साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँदछ। मुलुकको सर्वाङ्गीण विकासका लागि उपयुक्त ज्ञान, सिप र अभिवृत्ति भएका जनशक्तिको भूमिका सर्वोपरि रहने हुनाले यसका लागि शिक्षालाई उत्पादनमूलक एवम् व्यावहारिक बनाई गुणस्तरीय शिक्षामा सबै नागरिकको समन्यायिक पहुँच स्थापित गराउनु राज्यको प्रमुख दायित्व हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै सबै नागरिकलाई शिक्षाको समान अवसरको सिर्जना गर्नु राज्यको संवैधानिक दायित्व हुने व्यवस्था गरेको छ। यो दायित्व पूरा गर्न सबै तहका सरकारहरूले आवश्यक नीति, योजना र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्दै आएका छन्।

यस पृष्ठभूमिमा संविधानको मूल मर्म र भावनालाई आत्मसात् गर्दै गण्डकी प्रदेश सरकारले "समृद्ध प्रदेश र सुखी नागरिक" भन्ने विकासको नारालाई यथार्थमा बदली, ज्ञानमा आधारित समाजको माध्यमबाट दिगो शान्ति र समृद्धि हासिल गर्नका लागि शिक्षालाई एक सशक्त माध्यमका रूपमा स्वीकार गरेको छ। प्रदेश सरकार स्थापना पश्चात् सरकारले प्रदेश तहको विशिष्ट परिवेश र आवश्यकता समेतलाई सम्बोधन हुने गरी आवधिक योजना र मध्यमकालीन संरचना तथा कार्यक्रममार्फत शिक्षाका गन्तव्यहरू तय गरेको छ।

शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण र श्रम तथा रोजगार क्षेत्रहरु समाज परिवर्तनका महत्वपूर्ण पक्षहरु हुन्। नेपालको संविधानमा भएको व्यवस्था, अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धता, दिगो विकास लक्ष्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो। सोही अनुरुप नेपाल

सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१) र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष२०७६/७७ देखि २०८०/८१) निर्माण गरी कार्यान्वयन भैरहेको तथा आ. व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम तयार भएको सन्दर्भमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यले शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण र श्रम तथा रोजगार क्षेत्रका विषयहरुलाई प्रथम पञ्चवर्षीय योजनासँग तादात्म्यता हुने गरी योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याउन तथा महत्वपूर्ण कार्यक्रमहरुमा आगामी दुई वर्षसम्म स्रोतको सुनिश्चितता गर्न मद्दत पुग्ने विषयहरु प्रस्तुत गरिएको छ।

### ४.३.२ चुनौती र अवसर

समग्र राष्ट्रको शैक्षिक प्रणालीमा रहेका चुनौती र अवसरहरू यो प्रदेशमा पनि विद्यमान छन्। सबै तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न, सक्षमता अभिवृद्धि गर्न, शैक्षिक क्षति कम गर्न र शैक्षिक सुशासन कायम गर्न विभिन्न प्रयासहरू भए तापनि अझैसम्म अपेक्षित प्रतिफल हासिल गर्न सकिएको छैन। सामुदायिक विद्यालय लगायत शैक्षिक संस्थाहरुको वितरण वैज्ञानिक बन्न नसक्दा जनसंख्या वृद्धिदरमा कमी आउनुको कारणले विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्न कठिनाइ हुनु र माध्यमिक तहको शिक्षालाई निःशुल्क गर्ने संवैधानिक व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता समस्याहरु रहेका छन्। यसैगरी शिक्षामा रूपान्तरण गरी सार्वजनिक शिक्षाप्रति अभिभावकलाई विश्वस्त बनाउन नसक्नु, प्रारम्भिक बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन, विद्यालय नक्साङ्कन तथा समायोजन गरी विषयगत एवम् तहगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्न नसक्नु समेत यस प्रदेशका समस्याहरु हुन्। माध्यमिक विद्यालयमा विज्ञान विषयको पठन पाठन विस्तार गर्न नसकेका कारणले उच्च शिक्षामा समेत साधारण शिक्षाको बाहुल्यता रहनु र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर वृद्धि र पर्याप्त प्रयोगात्मक सामग्रीको व्यवस्था हुन नसक्नु पनि समस्याका रुपमा रहेका छन्। यसैगरी कार्यगत सिप तालिमलाई प्रभावकारी बनाउने, तालिम प्राप्त व्यावसायिक शिक्षक जुटाउने, सिकाइमा नवीनतम प्रविधिको प्रयोग गर्ने वातावरण तयार गर्ने, सिकाइ सामग्रीको प्रयोग गर्ने, शिक्षामा पर्याप्त लगानी बढाउने र शिक्षाका हरेक क्षेत्रमा सुशासनको प्रत्याभूति गराउने जस्ता विषयमा अपेक्षित उपलब्धि हासिल गर्न नसकिनु यस क्षेत्रका समस्याहरू हुन्। यसका साथै उच्च शिक्षामा सैद्धान्तिक ज्ञानको बोझ र खोजमूलक सिकाइको न्यूनता पनि समस्याका रूपमा रहेका छन्।

संघीय शासन पद्धतिअनुकूल हुनेगरी तीनै तहका शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्नु, संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारलाई शिक्षा सम्बन्धी जिम्मेवारी र अधिकार बहन गर्न सक्ने गरी संस्थागत क्षमता विकास गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्। तीनै तहका सरकार बीचको शिक्षामा रहेको साझा अधिकार सूचीको प्रयोगलाई कानुनबाट निक्यौंल हुन नसकेकोले यसका

लागि प्रदेशले संघ र स्थानीय तहसँग समन्वय कायम गर्दै विगतमा आर्जित अनुकरणीय, शासकीय ज्ञान, संस्थागत स्मरण (Institutional Memory), कार्यसंस्कृति एवम् अनुभवको व्यावहारिक प्रयोगमा जोड दिनु जरुरी छ। यसका लागि आवश्यक स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक शिक्षाप्रतिको जनाविश्वास कायम गराउने कार्य उत्तिकै चुनौतीका रूपमा रहेको छ। त्यस्तै निजी विद्यालय तथा शिक्षण संस्थाहरूलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु पनि चुनौतीपूर्ण छ। विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै समाजको आवश्यकतालाई सम्बोधन गर्नु र महाविद्यालयहरूबाट दक्ष, व्यावहारिक, सिपयुक्त, संस्कारयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी बजारको माग सम्बोधन गर्ने कार्य र उच्च शिक्षाको लागि अन्य प्रदेश र विदेश जाने प्रवृत्ति रोक्नु पनि उत्तिकै चुनौतीपूर्ण छ।

यस पृष्ठभूमिमा प्रदेशको वर्तमान शैक्षिक स्थिति र अभ्यासलाई हेर्दा राष्ट्रिय औसतको तुलनामा विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा देखिएको प्रगति, साक्षरता दरमा देखिएको वृद्धि, शिक्षामा समावेशी सहभागिताको अभिवृद्धि, उच्च शिक्षाको विकासका लागि गण्डकी विश्वविद्यालयको स्थापना र प्रदेश सरकारको प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएको प्राथमिकता जस्ता विषयहरु प्रदेशको शैक्षिक सुधारका क्षेत्रमा देखिएका प्रमुख अवसरहरू हुन् ।

शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने, प्रदेश र स्थानीय तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसरहरू पनि हाम्रो सामु रहेका छन्। गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापनाबाट शिक्षा विस्तार गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्दै देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने एवम् रोजगारीको खोजीमा विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न र उद्यमशील बनाउन सकिने वातावरण क्रमशः तयार हुँदै जानुलाई पनि अवसरका रूपमा लिन सकिन्छ। उच्च शिक्षाको क्षेत्रमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज तथा अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी गण्डकी प्रदेशलाई पर्यटन, जलस्रोत, कृषि तथा सूचना प्रविधिको विकास लगायतका विषयमा उच्च शिक्षा अध्ययनको केन्द्र बनाउन वातावरण तयार गर्न सकिने अवसर रहेको छ।

### ४.३.३ शिक्षा

#### ४.३.३.१ सोच

शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच

### ४.३.३.२ लक्ष्य

राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गर्ने।

### ४.३.३.३ उद्देश्य

१. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुको आधुनिकीकरण गर्नु।
२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिंदै उच्च शिक्षालाई ज्ञान, सिप प्रविधि र अनुसन्धानमा आधारित बनाउनु।

### ४.३.३.४ रणनीति

- माध्यमिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुर्‍याउन र शिक्षाको गुणस्तरमा वृद्धि गर्न स्थानीय तहसँग समन्वय गर्ने।
- विद्यालय शिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा उच्च शिक्षालाई पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगिता वृद्धि गर्न पूरक कानुन, नीति, योजना तथा मापदण्ड तयार गरी लागू गर्ने।
- सबै प्रकारका विद्यालयमा विद्यार्थीको उपलब्धिस्तर एवम् समग्र प्रणालीगत कार्यकुशलता बढाउन सबै विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणाली विकास गर्ने।
- शिक्षा प्रणालीमा कार्यरत सबै प्रकारका जनशक्तिको पेशागत जवाफदेहिता, सदाचारिता तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत मापदण्ड पालनाका लागि वैधानिक संहिताका रूपमा नियमनकारी प्रारूप (Regulatory Framework) निर्माण गरी लागू गर्ने।
- अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने।
- सबै विद्यार्थीलाई कम्तीमा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किलसमेत) सिप (Technical and Vocational/Softskill) प्रदान गर्न विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने।
- विद्यालय र उच्च शिक्षामा बहुआयामिक शिक्षण सिकाइ प्रणाली विकास गरी सबै शिक्षण संस्थामा लागु गर्न सहकार्य, सहयोग, सहजीकरण अनुगमन तथा समन्वय व्यवस्था सुदृढ गर्ने।
- माध्यमिक विद्यालय र महाविद्यालयमा आवश्कता अनुसार क्रमशः प्राविधिक विषयहरु थप गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने।

**४.३.४ विज्ञान र प्रविधि**

**४.३.४.१ सोच**

विज्ञान र प्रविधिको विकास र समुचित प्रयोग

**४.३.४.२ लक्ष्य**

विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुऱ्याउने।

**४.३.४.३ उद्देश्य**

खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग गर्नु।

**४.३.५ भाषा, साहित्य, संस्कृति र सम्पदा**

**४.३.५.१ सोच**

सबै भाषा, धर्म र संस्कृतिबीच एकता।

**४.३.५.२ लक्ष्य**

प्रदेशका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विकास गर्ने।

**४.३.५.३ उद्देश्य**

१. प्रदेशका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु।
२. प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।

**४.३.६ बालबालिका तथा किशोर किशोरीको विकास**

**४.३.६.१ सोच**

बालबालिका तथा किशोर किशोरीमैत्री समाजको निर्माण।

**४.३.६.२ लक्ष्य**

बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्मसम्मान भएका नागरिक निर्माण गर्ने।

### ४.३.६.३ उद्देश्य

१. बालबालिका तथा किशोर किशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु।
२. बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सिर्जना गर्नु।

### ४.३.६.४ रणनीति

- बाल स्वास्थ्यमा सुधार ल्याई बाल मृत्यु दरमा कमी ल्याउने।
- सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको अवस्था भएका) बालबालिका तथा किशोरकिशोरीलाई उचित संरक्षण गर्ने।
- बालबालिका तथा किशोरकिशोरीको शरीरिक, मानसिक, संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरु अवलम्बन गर्ने।
- बालबालिका र किशोरकिशोरीहरुको सहभागिता प्रवर्द्धन गर्ने।
- बालबालिका तथा किशोरकिशोरीलाई कुपोषण, रोग, भोक, विपद, जोखिम आदिबाट मुक्त राख्दै संरक्षण गर्ने।
- बालमैत्री तथा किशोरकिशोरी मैत्री वातावरणको विकास गर्ने।

### ४.३.७ ज्येष्ठ नागरिक

### ४.३.७.१ सोच

संरक्षणसहितको सम्मानित जीवन

### ४.३.७.२ लक्ष्य

ज्येष्ठ नागरिकहरुको पारिवारिक तथा सामाजिक जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सिप र अनुभवलाई प्रदेश विकासको लागि उपयोग गर्ने।

### ४.३.७.३ उद्देश्य

१. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।
२. ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु।

### ४.३.७.४ रणनीति

- ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने।
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सिप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि गर्ने।
- ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने।

### ४.३.८ अपाङ्गता भएका व्यक्ति

#### ४.३.८.१ सोच

अपाङ्ग व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवन

#### ४.३.८.२ लक्ष्य

साधन र स्रोतमा अपाङ्गता भएको व्यक्तिहरुको पहुँच वृद्धि गरी सामाजिक, आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरण निर्माण गर्ने।

#### ४.३.८.३ उद्देश्य

१. आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्नु।
२. आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्नु।

#### ४.३.८.४ रणनीति

- अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच बढाउने।
- अपाङ्गता भएका व्यक्तिहरुप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसाको न्यूनीकरण गर्ने।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण गर्ने आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने।

### ४.३.९ मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रण

#### ४.३.९.१ सोच

मानव बेचबिखन तथा ओसारपसारमुक्त सभ्य र मर्यादित समाज

#### ४.३.९.२ लक्ष्य

मानव बेचबिखन तथा ओसारपसार र हिंसा न्यूनीकरण गर्दै जोखिममा परेका व्यक्ति, समूह र समुदायलाई सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने।

#### ४.३.९.३ उद्देश्य

१. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु।
२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु।
३. महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरू माथि हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गरी सम्मानित र सुरक्षित जीवनयापनमा सहयोग पुऱ्याउनु।

#### ४.३.९.४ रणनीति

- मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्ति, समूह र समुदायहरुको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै बेचबिखन तथा ओसारपसार कार्यलाई निरुत्साहित गर्ने उपायहरुको अवलम्बन गर्ने।
- पीडित र प्रभावितहरुको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न तीन तहका सरकारमा साझेदारी गर्ने, संयन्त्र र संरचनाहरुको क्षमता वृद्धि गर्दै सामाजिक संघसंस्था तथा सरोकारवालाहरुबीच प्रभावकारी साझेदारी कायम गर्ने।
- पीडित, प्रभावित र साक्षीहरुको संरक्षणको लागि आधारभूत मानवअधिकारको सम्मान गर्दै एकीकृत तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली र कानूनी एवम् संस्थागत संरचनाको माध्यमबाट पीडित र प्रभावितलाई न्यायमा पहुँच वृद्धि गर्ने।
- हिंसा न्यूनीकरण गर्न नीति कानून तथा कार्यक्रम तर्जुमा गर्ने।
- हिंसाजन्य गतिविधिहरु न्यूनीकरणका लागि शुन्य सहनशीलताको वातावरण सिर्जना गर्ने।

### ४.३.१० लैङ्गिक समानता तथा महिला सशक्तीकरण

#### ४.३.१०.१ सोच

लैङ्गिक समतामूलक गण्डकी प्रदेश

#### ४.३.१०.२ लक्ष्य

महिला र पुरुषबीच सारभुत समानता कायम गर्ने।

#### ४.३.१०.३ उद्देश्य

१. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु।

३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु।

#### ४.३.१०.४ रणनीति

- संघीय कानूनसँग नबाझिने गरी लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति तथा कानुन तर्जुमा गर्ने।
- सबै क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धति अवलम्बन गर्ने।

- लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिंदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्ने।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि प्रमाणहरुको संकलन र विश्लेषण गरी विभिन्न अभियान सञ्चालन गर्ने।

### ४.३.११ सामाजिक संघ संस्था

#### ४.३.११.१ सोच

सामाजिक संस्थामा सुशासन, जवाफदेहिता र प्रभावकारिता।

#### ४.३.११.२ लक्ष्य

सामाजिक संघ संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै मर्यादित, पारदर्शी र व्यवस्थित रुपमा परिचालन गरी प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु।

#### ४.३.११.३ उद्देश्य

१. प्रादेशिक प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु।
२. सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु।

#### ४.३.११.४ रणनीति

- सामाजिक संघसंस्थाहरुको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने।
- सामाजिक संघसंस्थाहरुको पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्दै सहजीकरण, परिचालन, अनुगमन, मूल्याङ्कन र नियमनलाई प्रभावकारी बनाउने।
- सामाजिक संघसंस्थाहरुको कार्य प्रभावकारिता सुनिश्चितताका लागि दोहोरोपना नहुने गरी उपयुक्त सूचना प्रणालीको विकास गरी एकद्वार प्रणालीमा आबद्ध गर्ने।

### ४.३.१२ सामाजिक सुरक्षा तथा संरक्षण

#### ४.३.१२.१ सोच

दिगो तथा प्रभावकारी सामाजिक सुरक्षा प्रणाली।

### ४.३.१२.२ लक्ष्य
सामाजिक संरक्षणका कार्यक्रमलाई एकीकृत रुपमा समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई कल्याणकारी र अधिकारमैत्री प्रदेशको स्थापना गर्ने।

### ४.३.१२.३ उद्देश्य
१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका विपन्न र जोखिममा परेका वर्गको पहुँच सुनिश्चित गर्नु।
२. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु।

### ४.३.१२.४ रणनीति
- लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने।
- सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानूनी पूर्वाधार सबलीकरण गर्ने।
- सुरक्षित, मर्यादित, भरपर्दो, व्यवस्थित समाज निर्माण गर्ने।

## ४.३.१३ श्रम तथा रोजगार
### ४.३.१३.१ सोच
दक्ष जनशक्ति विकास र रोजगारी सिर्जना

### ४.३.१३.२ लक्ष्य
प्रदेशको श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी बेरोजगारी न्यूनीकरण गर्ने।

### ४.३.१३.३ उद्देश्य
१. बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु।
२. वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु।

### ४.३.१३.४ रणनीति
- श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने।
- श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने।
- वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने।

### ४.३.१४ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ४.३.१४.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (शिक्षा)**

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | साक्षरता दर (१५ देखि २४ वर्ष उमेरसम्मको) | प्रतिशत | ९७.५ | ९७.७ | ९८.० | ९८.५ | ९९.० |
| २ | कक्षा एकमा बाल विकासको अनुभवसहित भर्ना हुने बालबालिकाको दर | प्रतिशत | ८०.१ | ८२ | ८३.५ | ८४ | ८५ |
| ३ | **खुद भर्नादर** | | | | | | |
| क | कक्षा १ को खुद प्रवेश दर | प्रतिशत | ९४.९ | ९६ | ९७.५ | ९८ | ९८.५ |
| ख | आधारभूत तह (कक्षा १-५) | प्रतिशत | ९६.९४ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ग | आधारभूत तह (कक्षा १-८) | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| घ | माध्यमिक तह कक्षा (९-१०) | प्रतिशत | ७९.६६ | ८०.५ | ८२ | ८३.५ | ८४ |
| ४ | **टिकाउ दर** | | | | | | |
| क. | कक्षा ८ सम्म | प्रतिशत | ८४.७ | ८५ | ८७ | ९९ | ९० |
| ख. | कक्षा १० सम्म | प्रतिशत | ६७.५ | ६९ | ७० | ७२ | ७३ |
| ५ | **विद्यालय छाड्ने दर** | | | | | | |
| क. | प्राथमिक तह (कक्षा १-५) | प्रतिशत | २.७ | २.५ | २.३ | २.१ | २ |
| ख. | निमावि तह (कक्षा ६-८) | प्रतिशत | २.९ | २.७ | २.५ | २.२ | २ |
| ग. | माध्यमिक तह (कक्षा ९-१०) | प्रतिशत | ४.७ | ४.५ | ४ | ३.५ | ३ |
| ६ | **लैङ्गिक समता दर (विद्यालय शिक्षाको खूद भर्नादरमा)** | | | | | | |
| क. | आधारभूत तह (कक्षा १-८) | अनुपात | ०.९ | १ | १ | १ | १ |
| ख. | माध्यमिक तह (कक्षा १-१२) | अनुपात | १ | १ | १ | १ | १ |
| ग. | उच्च शिक्षा | अनुपात | १.४ | १.२ | १ | १ | १ |
| ७ | ५-९ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरु | प्रतिशत | ३.०६ | ३ | २.८ | २.६ | २ |
| ८ | **औसत सिकाइ उपलब्धि** | | | | | | |
| क. | आधारभू तह (कक्षा १-५) | प्रतिशत | ५८ | ६० | ६३ | ६५ | ७० |
| ख. | आधारभूत तह (कक्षा ६-८) | प्रतिशत | ४८.२७ | ४९.५ | ५२ | ५५ | ६० |
| घ. | माध्यमिक तह (कक्षा ९-१०) | प्रतिशत | ५८ | ६० | ६३ | ६५ | ७० |
| ९ | विद्यालय भवन औसत | संख्या | ३.२ | ३.५ | ३.७ | ४ | ४ |
| १० | कम्प्युटर सेवा उपलब्ध भएका विद्यालय | संख्या | १८०५ | १७०० | १८५० | १९५० | २००० |
| ११ | पानी तथा सरसफाइ सुविधासहितका शौचालय निर्माण | संख्या | २८९७ | १८५० | २००० | २२०० | २४०० |
| १२ | पानी तथा सरसफाइ सुविधासहित सञ्चालनमा रहेका शौचालय | संख्या | २१०० | १६५० | १७०० | १८०० | २००० |

## तालिका ४.३.१४.२ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (विज्ञान प्रविधि)

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रदेशस्तरीय विज्ञान प्रयोगशाला | संख्या | १ | १ | १ | १ | १ |
| स्नातक सोधवृत्ति | संख्या | ० | १० | १० | १० | १० |
| स्नातकोत्तर सोधवृत्ति | संख्या | १५ | २० | २० | २० | २५ |
| विद्यावारिधी सोधवृत्ति | संख्या | २ | २ | २ | २ | २ |
| विषयगत अनुसन्धान | संख्या | १० | १२ | १५ | १५ | १५ |
| वैज्ञानिक | संख्या | २ | २ | २ | २ | २ |
| आविष्कार प्रोत्साहन | संख्या | ४ | ६ | ८ | १० | १० |

## तालिका ४.३.१४.३ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (महिला, बालबालिका तथा जेष्ठ नागरिक)

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | | ५४.२७ | ५८ | ६० | ६२ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ |
| सम्पत्तिमा महिलाको स्वामित्व | प्रतिशत | २८.३ | ३० | ३१ | ३२ | ३३ |
| जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा प्रभावित महिला | प्रतिशत | १६.९ | १५ | १२ | १० | ८ |
| श्रम शक्तिमा महिला र पुरुषको सहभागिता | प्रतिशत | | | ८६ | ९५ | |
| निशुल्क लोक सेवा तयारी कक्षा लिने महिलाहरुको संख्या | जना | २०० | ९० | २७० | २७० | २७० |
| औपचारिक क्षेत्रमा महिला सहभागिता | प्रतिशत | २५ | २७ | ३० | ३३ | ३५ |
| प्रदेश निजामती सेवामा महिला कर्मचारी अनुपात | प्रतिशत | | | | | |
| महिला उद्यमी | संख्या | १०७ | ७३ | १०० | १०० | १०० |
| अभिभावकविहीन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा | संख्या | १५९ | १७९ | २०० | २५० | २५० |
| सडक बालबालिका उद्धार तथा व्यवस्थापन | जना | | १० | २०० | २०० | |
| बाल विवाह | प्रतिशत | | | २० | १५ | |
| मापदण्ड पुगेका बालगृह | संख्या | | ३६ | ४६ | ५० | ५४ |
| दिवा सेवा केन्द्रबाट सेवा प्राप्त गर्ने बौद्धिक अपाङ्गता भएका बालबालिकाहरु | संख्या | ४० | ४० | १२० | १४० | १४२ |
| मापदण्ड पुगेका ज्येष्ठ नागरिक आश्रम | संख्या | १६ | १६ | १६ | १६ | १६ |
| सिपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २०० | १५० | ७५० | ८५० | ८५५ |
| अपाङ्गता सहायता सामग्री वितरण | जना | २५० | ४८० | ९५० | ११०० | ११५० |

### तालिका ४.३.१४.४ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (श्रम तथा रोजगार)

| सूचक | एकाई | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| व्यवसाय तथा रोजगारमूलक तालिम | जना | १६२५ | १७३७ | १७५० | १८०० | १८५० |
| सञ्चालित तालिम कार्यक्रममा महिलाको अनुपात | प्रतिशत | ५१ | ५९ | ६२ | ६५ | ६८ |

### तालिका ४.३.१४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (भाषा, संस्कृति र पुरातत्व)

| क्र. सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | सांस्कृतिक उत्सव तथा महोत्सव | पटक | २ | ३ | ५ | ५ | ५ |
| २ | प्राज्ञिक तथा साहित्यिक अनुसन्धान | संख्या | १४ | १५ | १७ | २० | २५ |
| ३ | साहित्यिक समारोह | पटक | १६ | २० | २५ | ३० | ३५ |
| ४ | प्रकाशन प्रोत्साहन | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| ५ | कला र संगीत कार्यशाला | पटक | ६ | ८ | १० | १२ | १५ |
| ६ | पुरातात्विक सम्पदाको प्रोफायल | पटक | १ | १ | १ | १ | १ |

## ४.३.१५ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

शिक्षा सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न | सालबसाली | | • नमुना बालविकास केन्द्र सञ्चालनमा आएको हुने, केन्द्रमा सिकाइ वातावरण विकास भएको हुने,<br>• प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास भएको हुने,<br>• विद्यालयमा बालमैत्री वातारण सिर्जना भएको हुने,<br>• विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको हुने,<br>• शिक्षकहरुको क्षमता विकास भएको हुने,<br>• उत्कृष्ट नतिजा र न्यून नतिजा हासिल गरेका विद्यालयबीच अन्तर्क्रिया भएको हुने,<br>• अपाङ्गता भएका बालबालिकाहरुले प्रविधिमैत्री वातावरणमा अध्ययन गर्ने पूर्वाधार सिर्जना भएको हुने,<br>• विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भई गरेर सिक्ने वातावरण सिर्जना भएको हुने,<br>• गुरुकुल, गुम्बा, मदर्सा जस्ता परम्परागत विद्यालयहरुको स्तरोन्नति भई मूलधारको शिक्षामा समाहित हुन मद्दत पुगेको हुने,<br>• स्थानीय पाठ्यक्रमको निर्माण भै कार्यान्वयनमा आएको हुने। |
| | माध्यमिक शिक्षा कार्यक्रम | माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने | सालबसाली | | • माध्यमिक विद्यालयको क्षमता विकास भै आदर्श विद्यालयका रुपमा सञ्चालनमा आएको हुने,<br>• वैकल्पिक विद्यालयहरु व्यवस्थित रुपमा सञ्चालनमा आएको हुने,<br>• दुर्गम क्षेत्रमा नमुना आवासीय माध्यमिक विद्यालय सञ्चालनमा आएको हुने,<br>• विद्यालय स्कूल बसको सेवाले पढाइ छाड्ने दरमा कमी हुने,<br>• विद्यालयको भौतिक अवस्थामा सुधार आएको हुने,<br>• विज्ञान प्रयोगशाला, विज्ञान, प्रविधि, इञ्जिनियरिङ तथा गणित (STEM) प्रयोगशालाको स्थापना र क्षमता बढेको हुने,<br>• माध्यमिक तहको परीक्षा सञ्चालनका लागि पूर्वाधार तयार भएको हुने,<br>• शिक्षकहरुले खेलकुद तथा सहक्रियाकलाप सम्बन्धी तालिम प्राप्त गरेको हुने,<br>• विज्ञान तथा प्राविधिक विषय अध्ययन गर्ने लक्षित बालबालिकाहरुले छात्रवृत्ति प्राप्त गरेको हुने,<br>• शिक्षकहरुको विषयगत रुपमा क्षमता विकास भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | उच्च शिक्षा कार्यक्रम | उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न | सालबसाली | | • गण्डकी विश्वविद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार खडा भै प्रदेशको आवश्यकता बमोजिमका थप विषयमा पठन पाठन शुरु भएको हुने।<br>• अनुसन्धानका प्रतिवेदन प्राप्त भएको हुने।<br>• सामुदायिक क्याम्पसहरुको भौतिक पूर्वाधारमा सुधार आएको हुने।<br>• उच्च शिक्षामा अध्ययनका लागि छात्रवृत्ती प्राप्त भएको हुने। |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | सालबसाली | | • प्राविधिक तथा विज्ञान विषय अध्यापन हुने विद्यालयहरुमा प्रयोगशाला स्थापना भई सञ्चालन भएको हुने,<br>• कृषि, पर्यटन, वन जस्ता स्थानीय स्रोतमा आधारित प्राविधिक विषयको पाठ्यक्रम तयार भै पठनपाठन शुरु भएको हुने,<br>• प्राविधिक विद्यालयहरुमा प्रयोगशाला स्थापना भई सञ्चालन भएको हुने,<br>• कृषि, पर्यटन, वन जस्ता स्थानीय स्रोतमा आधारित प्राविधिक शिक्षालय स्थापना भएको हुने,<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको तालिम सञ्चालन भएको हुने,<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने विद्यालयहरुको व्यवस्थापकीय सुधार भएको हुने,<br>• सिक्दै कमाउँदै कार्यक्रमले विद्यार्थीहरुमा ज्ञान र सिप उत्पादन र उत्पादकत्त्व वृद्धि हुँदै जाने। |
| | शैक्षिक पूर्वाधार विकास कार्यक्रम | | सालबसाली | | • सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, विज्ञान, प्रविधि, इञ्जिनियरिङ तथा गणित (STEM) प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला र पुस्तकालयको क्षमता विस्तार भएको हुने।<br>• सामुदायिक विद्यालयमा सूचना प्रविधिको प्रयोग तथा विद्युतीय पुस्तकालय स्थापना भएको हुने।<br>• सुरक्षित विद्यालय भवन निर्माण भएको हुने।<br>• पानी तथा सरसफाइ सुविधासहितको शौचालय निर्माण भएको हुने।<br>• विद्यालयमा घेराबार तयार भएको हुने।<br>• प्रदेश स्तरीय बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय विद्यालय निर्माण भएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | पाठ्यक्रम विकास | | सालबसाली | | • स्थानीय र मातृभाषाका पाठ्यक्रम विकास भई कार्यान्वयनमा आएको हुने।<br>• विद्यालयमा नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएको हुने।<br>• आधारमूत मानवीय सिप विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भई कार्यान्वयनमा आएको हुने। |
| | पुस्तकालय | | | | स्थानीय तहका केन्द्रहरु र विद्यालयमा पुस्तकालय स्थापन भएको हुने।<br>• सञ्चालित पुस्तकालयहरुको स्तरोन्नति भै E-Library को विकास भएको हुने। |
| | अनौपचारिक शिक्षा | | | | • नवसाक्षरहरुलाई प्रविधिमैत्री साक्षरताका कक्षाहरु सञ्चालन भई जीवनपर्यन्त शिक्षा कार्यान्वयनमा आएको हुने |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| | कक्षा १० (SEE) परीक्षा सञ्चालन | परीक्षालाई व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्न | | | • प्रदेश तहवाट माध्यमिक शिक्षा परीक्षाको व्यवस्थापन तथा सुधार भएको हुने। |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न | | | • मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन भएको हुने।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने शिक्षालयको पूर्वाधार विकास भएको हुने।<br>• शिक्षालयहरुको पाठ्यक्रम तथा परीक्षामा सुधार आएको हुने। |
| | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुपर्ने | | | • शिक्षाको प्रदेशिक योजना तयार भै कार्यान्वयनमा आएको हुने।<br>• शैक्षिक तथ्याङ्क र सूचनाहरु प्रकाशनमा आएको हुने।<br>• शिक्षकहरुको क्षमता विकास भै सिकाइ उपलब्धि बढेको हुने।<br>• विपद्मा परेका विद्यालयहरुको पुनर्स्थापना भएको हुने।<br>• शिक्षा तालिम केन्द्रको क्षमता विकास भएको हुने।<br>• प्रदेशस्तरीय बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई आवाससहितको विद्यालय निर्माण भई सञ्चालनमा आएको हुने। |

महिला, बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| २२५१२ | लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण सम्बन्धी कार्यक्रम | महिला सचेतना तथा सशक्तीकरण एवम् महिला हिंसा न्यूनीकरण | सालबसाली | | • महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तीकरण भएको हुने।<br>• लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसा न्यूनीकरण भएको हुने।<br>• हिंसापीडित व्यक्तिहरुका लागि अस्थायी आश्रयसहितको अल्पकालीन सेवा केन्द्रहरु तथा दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनले निरन्तरता पाएका हुने।<br>• महिलाहरुको लागि निशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन भई ११०० महिला लाभान्वित भएका हुने<br>• सिप तथा व्यावसायिकता विकास तालिम प्राप्त गर्ने महिलाहरुको संख्यामा वृद्धि भएको हुने।<br>• महिला उद्यमीद्वारा उत्पादित वस्तुहरुको औद्योगिक प्रदर्शन भएको हुने।<br>• प्रदेश आपतकालीन उद्धार कार्यक्रम सञ्चालन भई महिला, बालबालिका लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको उद्धार तथा संरक्षण भएको हुने |
| २२५१२ | बालअधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन | सालबसाली | | • प्रदेश केन्द्रमा शिशु स्याहार केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने<br>• प्रदेश बालबालिका सम्बन्धी ऐन तथा नियमावली जारी भएको हुने।<br>• प्रदेश बालअधिकार समिति गठन भएको हुने।<br>• प्रदेश बालपरिषदको पुनर्गठन भई परिचालन गरिएको हुने।<br>• बालविवाह न्यूनीकरण भएको हुने।<br>• बालमैत्री शासन प्रवर्द्धन भएको हुने।<br>• गण्डकी प्रदेश मुकाममा नमुना बाल उद्यान निर्माण भएको हुने। |
| २६४१३ | ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम | ज्येष्ठ नागरिकको सुरक्षा, संरक्षण तथा सम्मान | सालबसाली | | • ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरु स्थापना भएका हुने।<br>• ज्येष्ठ नागरिक आश्रमहरु क्षमता विस्तार भएको हुने।<br>• विपन्न तथा असहाय ज्येष्ठ नागरिकलाई सहायता सामग्रीहरु प्रदान गरिएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| २६४१३ | अपाङ्गता अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | अपाङ्गता भएका व्यक्तिको क्षमता विकास तथा संरक्षण | सालबसाली | | • अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य उपचारमा सहुलियत प्रदान गरिएको हुने।<br>• अपाङ्गता सहायता सामग्री वितरण भएको हुने।<br>• अपाङ्गता सशक्तीकरण कार्यक्रम सञ्चालन भएको हुने।<br>• दृष्टिविहीनहरुको लागि श्रव्य सामग्री उत्पादन भई वितरण भएको हुने।<br>• सांकेतिक भाषा दोभाषेहरुको तालिम ७५ जना व्यक्तिलाई प्रदान गरिएको हुने।<br>• अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन भई प्रदेशभित्रका करिब २५०० अपाङ्गता भएका व्यक्ति लाभान्वित भएका हुने। |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| ३४०१०५ | समाज कल्याणकार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) | ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा सम्बर्द्धन | २०७८/७९ | दश लाख | • ज्येष्ठ नागरिकको दिवासेवा केन्द्र स्थापना भएको हुने।<br>• अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा पुनर्स्थापनाका लागि अपाङ्गता ग्राम स्थापना भएको हुने।<br>• अपाङ्गता सहायक सामग्री उत्पादन तथा वितरणमा सहयोग पुगेको हुने। |
| ३४०१०७ | बाल कल्याण कार्यक्रम | सडक बालबालिकाहरुको व्यवस्थापन | | | • सडक बालबालिकाहरुको संरक्षण तथा पुनर्स्थापना भएको हुने। |

श्रम तथा रोजगार सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | रोजगार प्रवर्द्धन कार्यक्रम | रोजगार सूचना व्यवस्थापन, रोजगार सिर्जना तथा प्रवर्द्धन | | | • रोजगार सम्बन्धी नीति तथा कानुन तर्जुमा भएको हुने।<br>• रोजगार सूचना केन्द्रको स्थापना तथा सञ्चालन भएको हुने।<br>• कार्यस्थल सुरक्षा अनुगमन तथा श्रम परीक्षण भएको हुने।<br>• वजार मागको आधारमा सिपयुक्त जनशक्ति आपूर्ति हुने।<br>• यातायात श्रमिकहरुवाट आचारसंहिताको पालना भएको हुने। |
| | सिप विकास तालिम कार्यक्रम | युवाहरुको क्षमता विकास | | | • युवा लक्षित सिप विकास भई रोजगारी सिर्जना भएको हुने।<br>• स्थानीय स्रोत साधन लक्षित स्वरोजगार सिर्जना भएको हुने।<br>• युवाहरुलाई उद्यमशीलतामा संलग्न हुन सामग्री सहुलियत उपलब्ध भएको हुने।<br>• विदेशमा गै रोजगारीमा संलग्न हुँदा सिकेका ज्ञान र सिपको कदर र प्रयोगमा ल्याउने वातावरण सिर्जना हुने। |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| ३७१०१६ | रोजगार सूचना केन्द्रहरू | | | | • बेरोगारहरुको लगत संकलन भएको हुने।<br>• प्रदेश परियोजना समिति क्रियाशील भै अनुगमन तथा मूल्याङ्कन भएको हुने। |
| ३७११०४ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र | | | | • बजार माग अनुरुपको सिपयुक्त जनशक्ति उत्पादन भएको हुने। |

भाषा, संस्कृति र पुरातत्व सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य एवम् अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | भाषा, संस्कृति र पुरातत्व संरक्षण तथा सम्वर्द्धन कार्यक्रम<br>भाषा, संस्कृति र पुरातत्व संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | भाषा, संस्कृति र पुरातत्व संरक्षण तथा सम्वद्धन कार्यक्रम | | | • प्रदेशभित्रका सांस्कृतिक सम्पदा र पुरातात्विक महत्वका वस्तुहरुको प्रोफायल तयार भएको हुने।<br>• भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका कार्यहरु भएको हुने।<br>• प्रदेश प्रज्ञा प्रतिष्ठानबाट विभिन्न कार्यहरु सञ्चालनमा आएको हुने।<br>• बहुसांस्कृतिक ग्रामको जग्गा प्राप्ति भै स्थापना कार्य अगाडि बढेको हुने।<br>• गोरखाको लिगलिगकोटमा प्रदेशस्तरीय संग्रहालय स्थापना भएको हुने।<br>• स्थानीय जातिको बाहुल्यता भएको गाउँलाई नमुना सांस्कृतिक ग्रामका रुपमा स्थापना भएको हुने।<br>• संग्रहालयहरु स्तरोन्नति भएको हुने।<br>• पुरातात्विक महत्वका स्थानहरुको पहिचान तथा संरक्षण भएको हुने।<br>• प्रदेश संग्रहालयको स्तरोन्नति भएको हुने। |

## ४.३.१६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

### तालिका ४.३.१६.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | ५१०१५८३ | ३०४५०३ | ४७९६०८० | - | ५१०१५८३ | - | - |
| २०८०/८१ | ५१२४५४० | ३०५८७३ | ४८१८६६७ | - | ५१२४५४० | - | - |
| २०८१/८२ | ५६९७४६४ | ३४००७० | ५३५७३९४ | - | ५६९७४६४ | - | - |

## ४.३.१७ विषय क्षेत्रगत नतिजा सूचक तथा स्रोतको त्रिवर्षीय अनुमान तथा साङ्केतीकरण

### तालिका ४.३.१७.२ विषय क्षेत्रगत नतिजा सूचक, स्रोत अनुमान र साङ्केतीकरण

| ब.उ.शि.नं | निकायको नाम | २०७९-८०को संसोधित अनुमान | २०८०/८१ को विनियोजित | | | २०८१/८२ को प्रक्षेपण | | | २०८२/८३ को प्रक्षेपण | | | रणनीतिस्तम्भ | प्राथिकता क्रम | दिगो विकासको सङ्केत | लैगिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | | | | | |
| ३५०००३९०१४ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ३७१७१३ | ३६६१७९ | ७५८४६ | ४४२०२५ | ४३२३०३ | ८७२२३ | ५१९५२६ | ४७५८६३ | ९५९४५ | ५७१८१२ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००१३९०२४ | रोजगार सूचना केन्द्र | ६२४२ | ६९१३ | २०० | ७११३ | ८०१९ | २३० | ८२४९ | ८८२१ | २५३ | ९०७४ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००१३९०३४ | व्यावसायिक तथा सिप विकास केन्द्र कास्की | ३०२८० | २९२७६ | ३५० | २९६२६ | ३३६६७ | ४०३ | ३४०७० | ३७०३४ | ४४३ | ३७४७७ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००१४२०१४ | व्यावसायिक तथा सिप विकास केन्द्र पर्वत | २६७८३ | २५३६७ | ५०० | २५८६७ | २९१८४ | ५७५ | २९७५९ | ३२१०२ | ६३३ | ३२७३४ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५०००३९०२४ | प्रदेश संग्रहालय | ४२३७५ | १५०५६ | १५७५० | ३०८०६ | १७३१४ | १८११३ | ३५४२७ | १९०४६ | १९१२४ | ३८१७० | ५.१.५ | P1 | ११ | २ | ३ |

| ब.उ.शि.नं | निकायको नाम | २०७९-८०को संसोधित अनुमान | २०८०/८१ को विनियोजित | | | २०८१/८२ को प्रक्षेपण | | | २०८२/८३ को प्रक्षेपण | | | रणनितिस्तम्भ | प्राथिकता क्रम | दिगो विकासको सङ्केत | लैगिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | | | | | |
| ३५००१३९०१४ | शिक्षा विकास निर्देशनालय | ५८१४४ | ४३७७४ | ६४७५ | ५०२४९ | ५०३४० | ७४४६ | ५७७८६ | ५५३७४ | ८१९१ | ६३५६५ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००२३८०१४ | शिक्षा तालिम केन्द्र | ३४४५५ | ३०११६ | २७५० | ३२८६६ | ३४६३३ | ३१६३ | ३७७९६ | ३८०९७ | ३४७९ | ४१५७५ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००७३९०१४ | गण्डकी विश्वविद्यालय | २४०००० | ८०००० | १५०००० | २३०००० | ९२००० | १७२५०० | २६४५०० | १०१२०० | १८९७५० | २९०९५० | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००७३९०२४ | गण्डकी प्राविधिक शिक्षा तथा तालिम प्रतिष्ठान | ३९९५४ | २२६२९ | १९४०० | ४२०२९ | २६०२३ | २२३१० | ४८३३३ | २८६२६ | २४५४१ | ५३१६७ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००७३९०३४ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान | ३०८५६ | १८३१९ | ३००० | २१३१९ | २१०६७ | ३४५० | २४५१७ | २३१७४ | ३७९५ | २६९६९ | ५.२.५ | P1 | ४ | २ | ३ |
| ३५००८३९०२४ | गण्डकी प्रज्ञा प्रतिष्ठान | ३१८०६ | १९११९ | २९२९ | २२०४८ | २१९८७ | ३३६८ | २५३५५ | २४१८६ | ३७०५ | २७८९१ | ५.१.५ | P1 | ४ | २ | ३ |

| ब.उ.शि.नं | निकायको नाम | २०७९-८०को संसोधित अनुमान | २०८०/८१ को विनियोजित | | | २०८१/८२ को प्रक्षेपण | | | २०८२/८३ को प्रक्षेपण | | | रणनितिस्तम्भ | प्राथिकता क्रम | दिगो विकासको सङ्केत | लैगिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | | | | | |
| ३५००८३६०१४ | सामाजिक विकास कार्यालय, गोरखा | ९३१७१ | २३५७४ | ७६१०० | ९९६७४ | २७११० | ८७५१५ | ११४६२५ | २९८२१ | ९६२६७ | १२६०८८ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८३७०१४ | सामाजिक विकास कार्यालय, लमजुङ | ५२८६३ | १८०९४ | २२९०० | ४०९९४ | २०८०८ | २६३३५ | ४७१४३ | २२८८९ | २८९६९ | ५१८५७ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८३८०१४ | सामाजिक विकास कार्यालय, तनहुँ | ८९७९५ | १७०२६ | २२२०० | ३९२२६ | १९५८० | २५५३० | ४५११० | २१५३८ | २८०८३ | ४९६२१ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८३९०१४ | सामाजिक विकास कार्यालय, कास्की | २०९६२५ | २५६३६ | ४६२०० | ७१८३६ | २९४८१ | ५३१३० | ८२६११ | ३२४३० | ५८४४३ | ९०८७३ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४००१४ | सामाजिक विकास कार्यालय, मनाङ | ४८६३१ | १०६८९ | ५४०० | १६०८९ | १२२९२ | ६२१० | १८५०२ | १३५२२ | ६८३१ | २०३५३ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४१०१४ | सामाजिक विकास कार्यालय, मुस्ताङ | ३३४७३ | १६८८८ | ५८०० | २२६८८ | १९४२१ | ६६७० | २६०९१ | २१३६३ | ७३३७ | २८७०० | ५.१.५ | P1 | ४ | २ | ३ |

| व.उ.शि.नं | निकायको नाम | २०७९-८०को संसोधित अनुमान | २०८०/८१ को विनियोजित | | | २०८१/८२ को प्रक्षेपण | | | २०८२/८३ को प्रक्षेपण | | | रणनितिस्तम्भ | प्राथिकता क्रम | दिगो विकासको सङ्केत | लैगिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | | | | | |
| ३५००८४२०१४ | सामाजिक विकास कार्यालय, पर्वत | ७१९२५ | १६२९५ | २०३०० | ३६५९५ | १८७३९ | २३३४५ | ४२०८४ | २०६१३ | २५६८० | ४६२९३ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४३०१४ | सामाजिक विकास कार्यालय, स्याङ्जा | ९७४७८ | १६१२८ | २३९०० | ४००२८ | १८५४७ | २७४८५ | ४६०३२ | २०४०२ | ३०२३४ | ५०६३५ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४४०१४ | सामाजिक विकास कार्यालय, म्याग्दी | ४००१४ | २८३७४ | १६५०० | ४४८७४ | ३२६३० | १८९७५ | ५१६०५ | ३५८९३ | २०८७३ | ५६७६६ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४५०१४ | सामाजिक विकास कार्यालय, बाग्लुङ | ८४९८२ | १८४६७ | २६९०० | ४५३६७ | २१२३७ | ३०९३५ | ५२१७२ | २३३६१ | ३४०२९ | ५७३८९ | ५.१.५ | P1 | ४ | २ | ३ |
| ३५००८४६०१४ | सामाजिक विकास कार्यालय, नवलपुर | १२७७४७ | १६२८४ | २१६०० | ३७८८४ | १८७२७ | २४८४० | ४३५६७ | २०५९९ | २७३२४ | ४७९२३ | ५.१.५ | P1 | ४ | २ | ३ |
| | कुल जम्मा | | ८७४२७३ | ५६५००० | १४३९२७३ | १००५४१४ | ६४९७५० | १६५५१६४ | ११०५९५५ | ७१४७२५ | १८२०६८० | | | | | |

### ४.३.१८ जोखिम तथा अनुमान

तीन तहका सरकार बीच प्रदेश शिक्षा नीति कार्यान्वयन गर्ने क्रममा क्षेत्राधिकारको अस्पष्टता, सक्षम जनशक्तिको पलायन, सरकारमा छिटो छिटो हुने फेरबदलले शिक्षा नीतिको कार्यान्वयनमा, शिक्षा क्षेत्रमा सार्वजनिक निजी साझेदारी लगानी नीतिको अभाव जस्ता जोखिमहरु पहिचान गरिएको छ। उक्त जोखिमलाई कार्ययोजना बनाई रणनीतिक रुपमा सम्बोधन गरी नतिजालाई सुनिश्चित गर्न वाञ्छनीय देखिन्छ।

## ४.४ युवा

### ४.४.१ पृष्ठभूमि

नेपाल संघीय प्रणालीमा रूपान्तरण भए सँगै प्रदेश सरकारको रूपमा २०७४ फागुन ४ मा गण्डकी प्रदेश सरकार अस्तित्वमा आयो। स्थापना कालमा जम्मा ७ वटा मन्त्रालय रहेकोमा युवा तथा खेलकुद क्षेत्र सामाजिक विकास मन्त्रालयको कार्य विवरणमा समावेश थियो। गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७८।१।२६ गतेको निर्णय अनुसार विभिन्न एघार मन्त्रालयहरू कायम गरिएकोमा पुनः मिति २०७९/१०/१० गतेको निर्णयानुसार युवा तथा खेलकुद क्षेत्र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलको कार्यविवरणमा समावेश गरिएको।

युवा विकास तथा परिचालनको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयन गरी युवाहरूको क्षमता विकास, सिर्जनशीलताको प्रवर्द्धन, सकारात्मक सोचको विकास, व्यावसायिकताको विकास, उद्यम तथा आयमा सुधार गर्नु आवश्यक छ।

नेपालको संविधानमा भएको व्यवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रतिबद्धता एवम् दिगो विकास लक्ष्य आदिको कार्यान्वयनको लागि नेपाल सरकारबाट पन्ध्रौं पञ्चवर्षीय योजना तथा गण्डकी प्रदेश सरकारबाट प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) निर्माण भएका छन्। मध्यमकालीन खर्च संरचनाले यिनै योजना तथा आगामी वर्षको वार्षिक बजेटको बीचमा सामञ्जस्यता कायम गर्न सहयोग पुऱ्याउनेछ।

### ४.४.२ चुनौती र अवसर

सकारात्मक सोचको विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, युवा लक्षित जीवनोपयोगी प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, स्वदेशमा रोजगारीका अवसरहरू वृद्धि गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, नीति निर्माण, योजना कार्यान्वयन तथा सामाजिक आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता वृद्धि गर्नु र युवामा स्वयंसेवकीय संस्कृतिको विकास गर्नु युवा विकासका चुनौतीको रूपमा रहेका छन्।

उपरोक्त चुनौतीहरूको साथमा सिपयुक्त जनशक्ति वृद्धि हुँदै जानु, विदेश गएर फर्किएका व्यक्तिहरू सिपसहित व्यवसायमा संलग्न हुनु, उद्यम तथा स्वरोजगारको चेतना वृद्धि हुनु, विभिन्न व्यवसायका नयाँ नयाँ अवधारणाहरू भित्रिनु युवा विकासको क्षेत्रका अवसरहरू हुन्।

### ४.४.३ सोच

युवा जनशक्तिको विकास समृद्ध प्रदेशको आधार

### ४.४.४ लक्ष्य

युवा जनशक्तिलाई प्रदेशको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने।

### ४.४.५ उद्देश्य

१. युवाको सिप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु।

### ४.४.६ रणनीति

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू विस्तार गर्ने,
- युवामा सिर्जनशीलता, सकारात्मक सोच र नेतृत्व क्षमताको विकास गर्ने,
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने,
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने,
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,
- नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने,
- युवामा स्वयम्सेवी र देश सेवाको सँस्कृति विकास गर्ने,
- युवाहरूको परिचालनबाट वातावरण संरक्षण, सरसफाई, स्वास्थ्य सचेतना, सार्वजनिक शिक्षा तथा विपद् व्यवस्थापनमा योगदान गर्ने,
- युवा क्लबहरूको गठन, प्रशिक्षण तथा परिचालन गर्ने,
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने,
- युवाहरूलाई विज्ञान, खेलकुद तथा कला क्षेत्रमा आकर्षिक गर्ने,
- युवाहरूमा राष्ट्रप्रेम, देशभक्ति तथा नैतिकताको विकास गर्ने,
- नेपाली, संस्कृति, इतिहास र समग्र वस्तुस्थितिको बारेमा जानकार गराउने।

## ४.४.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यहरू

**तालिका ४.४.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यहरु**

| सि. नं. | सूचकहरू | एकाई | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०-०८१ | २०८१-०८२ | २०८२-०८३ |
| १ | दिवस समारोह आयोजना | पटक | १ | ० | १ | १ | १ |
| २ | सामाजिक परिवर्तनमा युवा परिचालन | संख्या | ० | २० | १२० | २०० | ३०० |
| ३ | प्रदेश विकास स्वयंसेवक | जना | ११० | ९२ | १३६ | १३६ | १३६ |
| ४ | युवा उद्यमी | जना | १८ | १०० | २०० | ३०० | ३५० |
| ५ | युवा क्लब संख्या | संख्या | | | ८६ | ८६ | ८६ |
| ६ | मार्गदर्शन/ परामर्श सेवा प्राप्त गरेका युवा | जना | ६३० | ६६४ | ११० | १५० | १५० |
| ७ | स्काउटमा आबद्ध युवा | जना | १५०० | १५०० | ८५० | ८५० | ८५० |
| ८ | सिर्जनशील युवा प्रोत्साहन/पुरस्कार | जना | ५ | ४ | ८६ | ८६ | ८६ |

## ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | उद्देश्य/पुस्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) पहिलो वर्ष | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३५१९११२२३ | दिवस समारोह आयोजना | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सम्बन्धी दिवस मनाउने | २०८०/८१-२०८२/८३ | ५ | • हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवस (१२ अगष्ट) मनाइने<br>• विश्व स्वयम् सेवा दिवसमा युवा परिचालन भएको हुने,<br>• हरेक वर्ष युवासम्बन्धी विशेष दिवसमा सहभागिता तथा आयोजना भएको हुने। |
| ३५१९११२२३ | सामाजिक परिवर्तनमा युवा परिचालन | विभिन्न समसामयिक अभियानमा युवाहरूको परिचालन गर्ने | २०८०/८१-२०८२/८३ | २० | • सरसफाई, स्वस्थ्य सचेतना, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा युवाहरू परिचालन भएका हुने |
| ३५१०१००१३ | युवा उद्यमी अनुभव आदानप्रदान | अनुभव आदानप्रदान भई थप प्रेरणा तथा सिप विकास गर्ने | २०८०/८१-२०८२/८३ | २० | • विभिन्न क्षेत्रका युवा उद्यमीहरूको बीचमा अनुभव आदानप्रदान भएको हुने। |
| ३५१०१००१३ | प्रशिक्षण प्याकेज निर्माण/अद्यावधिक | युवा प्रशिक्षणमा आवश्यक प्याकेज निर्माण/ अद्यावधिक गर्ने | २०८०/८१-२०८२/८३ | १० | • युवा प्रशिक्षणमा आवश्यक प्याकेज निर्माण/ अद्यावधिक भएको हुने, |
| ३५१०१००१३ | युवा क्लब प्रशिक्षण र परिचालन | युवा क्लब प्रशिक्षण र परिचालन | २०८०/८१-२०८२/८३ | १० | • युवा क्लबहरू प्रशिक्षित भई परिचालन भएका हुने, |
| ३५१०१००१३ | स्काउट तालिम तथा परिचालन | स्काउट तालिम प्रदान गर्ने | २०८०/८१-२०८२/८३ | १० | • स्काउट तालिमबाट प्रशिक्षित भएको हुने,<br>• विभिन्न सामाजिक कार्यमा स्काउट परिचालन हुने, |
| ३५१०१००१३ | व्यावसायिक तालिम प्राप्त युवा | युवाहरूलाई आत्मनिर्भर र उत्पादनशील बनाउँदै देशको आम्दानी बढाउने | २०८०/८१-२०८२/८३ | १५ | • युवाहरूले छोटो अवधिका विभिन्न तालिमहरू प्राप्त गरेका हुने।<br>• तालिमबाट सिकेका सिपका आधारमा व्यवसाय तथा रोजगारीमा लागेका हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | उद्देश्य/पुस्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) पहिलो वर्ष | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | मार्गदर्शन र परामर्श सेवा | आवश्यक विषयमा मार्गदर्शन र परामर्श सेवा उपलब्ध गराउनु | सालबसाली | १० | • कुलतमा लागेका तथा विभिन्न हिसाबले जोखिममा रहेका युवाहरूलाई मार्गदर्शन र परामर्श सेवा उपलब्ध हुने |
| | युवा वैज्ञानिक सम्मेलन सहभागिता/आयोजना | विज्ञान प्रविधिको विकास तथा युवा वैज्ञानिकलाई प्रोत्साहन गर्नु | सालबसाली | १० | • युवाहरूमा लुकेर बसेका प्रतिभाहरूको प्रष्फुटन हुने<br>• प्रविधिको अनुसन्धानमा लागेका तथा लाग्न चाहनेहरूलाई हौसला प्राप्त हुने। |
| नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू (युवा) | | | | | |
| ३५१९११२२३ | प्रदेश नमुना युवा संसद अभ्यास | पत्रकार, कृषक, वैज्ञानिक, अभियन्ता आदि युवाहरूको आपसी छलफल अन्तरक्रिया | सालबसाली | १० | • विषयगत रूपमा युवाहरूको विचमा अनुभव आदान प्रदान हुने।<br>सिपतथा ज्ञान र सोचको आदान प्रदान हुने जानकारी प्राप्त हुने। |
| ३५१९११२२३ | युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन | स्थानीय तहहरुलाई युवामैत्री बनाउनमा प्रोत्साहन गर्ने | सालबसाली | ६ | प्रत्येक स्थानीय तहहरुलाई युवामैत्री बन्न प्रेरणा प्राप्त हुने। |
| ३५१९११२२३ | युवा प्रतिभा पहिचान | युवाहरुको प्रतिभा पहिचान गर्ने,सृजनशील बनाउने, पुरस्कृत गर्ने | सालबसाली | २ | प्रतिभा पहिचान भएका युवाहरुको सूचि तयार हुने। |
| ३५१९११२०३ | प्रदेश विकास स्वयंसेवक | कृषि, पशु, स्वास्थ्य, शिक्षा आदिमा स्वयंसेवक परिचालन गर्ने | २०८०/८१-२०८२/८३ | ३२४ | • प्रदेशका विभिन्न स्थानीय तहमा आवश्यकतानुसार कृषि, पशु, स्वास्थ्य, शिक्षा आदिको सेवामा सुधार आई उत्पादन बढेको हुने।<br>• कृषक तथा अन्य स्थानीय तहमा क्षमता विकास हुने, |

## ४.५ खेलकुद विकास

### ४.५.१ पृष्ठभूमि

खेलकुद मानव जीवनको अभिन्न अङ्ग हो। नेपाल संघीय प्रणालीमा रूपान्तरण भए सँगै प्रदेश सरकारको रूपमा २०७४ फागुन ४ मा गण्डकी प्रदेश सरकार अस्तित्वमा आयो। स्थापना कालमा जम्मा ७ वटा मन्त्रालय रहेकोमा युवा तथा खेलकुद क्षेत्र सामाजिक विकास मन्त्रालयको कार्य विवरणमा समावेश थियो।गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७८।१।२६ गतेको निर्णय अनुसार विभिन्न एघार मन्त्रालयहरू कायम गरिएकोमा पुन मिति २०७९/१०/१० गतेको निर्णयानुसार युवा तथा खेलकुद क्षेत्र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलको कार्यविवरणमा समावेश गरिएको।

खेलकुदको क्षेत्रमा पनि खेलाडी र प्रशिक्षकको व्यक्तिगत तथा व्यावसायिक जीवनमा सुधार गर्नुपर्ने आवश्यकता छ। यिनै आवश्यकताको परिपूर्तिको क्रममा हाल प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली २०७८ जारी भै प्रदेश खेलकुद परिषद् समेत गठन भएर सञ्चालनमा आएको छ।

नेपालको संविधानमा भएको व्यवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रतिबद्धता एवम् दिगो विकास लक्ष्य आदिको कार्यान्वयनको लागि नेपाल सरकारबाट पन्ध्रौं पञ्चवर्षीय योजना तथा गण्डकी प्रदेश सरकारबाट प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) निर्माण भएका छन्। मध्यमकालीन खर्च संरचनाले योजना तथा आगामी वर्षको वार्षिक बजेटको बीचमा सामञ्जस्यता कायम गर्न सहयोग पुऱ्याउनेछ।

### ४.५.२ चुनौती र अवसर

सुविधा सम्पन्न स्तरीकृत खेलकुद पूर्वाधारहरूको विकास गर्नु, खेलाडी र प्रशिक्षकलाई समयसापेक्ष तालिम प्रदान गर्नु, निजी क्षेत्रलाई खेलकुदप्रति आकर्षिक गर्नु, खेलक्षेत्रमा आधुनिक प्रविधिहरू विकास गर्नु वा भित्र्याउनु, खेलाडीहरूको व्यावसायिक सुरक्षा गर्नु तथा खेलकुद सम्बद्ध निकायहरूमा शासकीय, व्यवस्थापकीय क्षमता विकास गर्नु खेलकुद क्षेत्रका मुख्य चुनौती हुन्।

खेलकुद क्षेत्रमा आम जनसमुदायको खेलप्रति रूचि र आकर्षण बढ्नु, खेलकुद पूर्वाधारहरूको विकास हुँदै जानु, निजी तथा सार्वजनिक क्षेत्रको चासो बढ्नु, व्यावसायिक खेल प्रतिष्ठानहरूको स्थापना हुनु, कतिपय खेलमा उल्लेख्य सुधार हुनु खेलकुद क्षेत्रका अवसरहरूको रूपमा रहेका छन्।

### ४.५.३ सोच

व्यावसायिक र प्रविधिमैत्री खेलकुदको विकास

### ४.५.४ लक्ष्य

प्रदेशलाई खेलकुद केन्द्र (हब) का रुपमा विकास गर्ने।

### ४.५.५ उद्देश्य

- खेलकुद पूर्वाधारको विकास गर्नु।
- खेलाडीलाई स्वस्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु।
- प्रदेशलाई खेलकुद पर्यटनको केन्द्र बनाई विकासमा टेवा पुऱ्याउनु।

### ४.५.६ रणनीतिः

- संघ र स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने,
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- खेलकुद विकासमा आबद्ध निकाय/संघसंस्थाहरूको क्षमता विकास तथा संस्थागत सुशासन प्रवर्द्धन गर्ने,
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने,
- संघ र स्थानीय तहको सहकार्यमा समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्व स्थापित गर्दै सबै उमेर समूहका नागरिकलाई खेलकुदमा सहभागी गराउने,
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने,
- खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय पहिचान तथा सम्मान बढाउने,
- खेलाडी तथा खेलकर्मीहरुको पेशागत सुरक्षा तथा व्यावसायिक हितका कार्यक्रम ल्याउने,
- प्रदेशमा विशेष सम्भावना भएका खेलहरूको पहिचान गरी व्यावसायिक खेलाडी उत्पादन गर्ने,
- खेल विज्ञानको पठन पाठन, खेल तालिम तथा अनुसन्धान केन्द्रहरू विकास तथा सञ्चालन गर्ने,
- उचित स्थलहरूमा स्तरीय खेल पूर्वाधारहरूको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरू आयोजना गर्ने,

### ४.५.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यहरू

**तालिका ४.५.७.१ विषय क्षेत्रगत नतिजा सूचक**

| सि. नं. | सूचकहरू | एकाई | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०-८१ | २०८१-८२ | २०८२-८३ |
| १ | जिल्लास्तरीय खेलकुद प्रतियोगिता | पटक | ११ | ११ | ११ | ११ | ११ |
| २ | प्रदेशस्तरीय प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ |
| ३ | राष्ट्रिय प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ |
| ४ | स्थानीयस्तर खेल मैदान निर्माण/सुधार | संख्या | २२९ | १८० | ८५ | ८५ | ८५ |
| ५ | खेलाडी प्रोत्साहन/पुरस्कार | संख्या | ५ | १३१ | २० | १५० | ३० |
| ६ | खेलाडी, प्रशिक्षक तथा निर्णायक अन्तरक्रिया/प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ |

## ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | उद्देश्य/पुस्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) (पहिलो वर्ष) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३५१०१००१३ | खेलकुद नीति नियम निर्माण/अद्यावधिक | नीति, नियम, निर्देशिका तथा कार्यविधि अद्यावधिक गर्नुपर्ने | सालबसाली | ५ | • खेलकुद ऐन तथा नियमावलीमा परिमार्जन भएको हुने।<br>• निर्देशिका तथा कार्यविधि बनेर प्रयोग भएका हुने। |
| ३५१९११२१३ | राष्ट्रिय प्रतियोगिता | राष्ट्रिय प्रतियोगितामा सहभागी हुनु तथा आयोजना गर्नु | सालबसाली | २०० | • हरेक वर्ष राष्ट्रिय प्रतियोगितामा सहभागी हुने तथा प्रादेशिक क्रममा आयोजना गरिएको हुने |
| ३५१०१००१४ | गाउँपालिकास्तरीय मैदान निर्माण/सुधार | गाउँपालिका स्तरीय मैदान निर्माण/सुधार गर्नु | सालबसाली | ५०० | • गाउँपालिका स्तरीय ४० वटा मैदान निर्माण/सुधार भएका हुने |
| ३५१०१००१४ | नगरपालिकास्तरीय रङ्गशालन निर्माण/सुधार | नगरपालिका स्तरीय रङ्गशालन निर्माण/सुधार गर्नु | सालबसाली | १०० | १५ वटा नगरपालिका स्तरीय रङ्गशालन निर्माण/सुधार भएका हुने |
| ३५१०१००१४ | अन्य खेलमैदान मर्मत सुधार | प्रदेशमा रहेका अन्य विभिन्न खेलमैदान मर्मत सुधार गर्नु | सालबसाली | ३०० | प्रदेशमा रहेका अन्य २० वटा विभिन्न खेलमैदान मर्मत सुधार भएको हुने |
| ३५१०१००१३ | खेलाडी प्रोत्साहन/पुरस्कार | उत्कृष्ट खेलाडीहरूको प्रोत्साहन/पुरस्कार गर्नु | सालबसाली | ५० | • १०० जना उत्कृष्ट खेलाडीहरूको प्रोत्साहन/पुरस्कार गरिएको हुने, |
| ३५१०१००१३ | खेलाडी, प्रशिक्षक तथा निर्णायक अन्तरक्रिया | खेलाडी, प्रशिक्षक तथा निर्णायकरूको अन्तरक्रिया गर्नु | सालबसाली | १५ | • ३०० जना खेलाडी, प्रशिक्षक तथा निर्णायकरूको छलफल अन्तरक्रिया भएको हुने |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू (खेलकुद)** | | | | | |
| ३५१९११२१३ | जिल्लास्तरीय खेलकुद प्रतियोगिता | जिल्लास्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु | सालबसाली | ४३ | प्रत्येक जिल्लामा हरेक वर्ष जिल्लास्तरीय प्रतियोगिता आयोजना भएको हुने |
| ३५१९११२१३ | प्रदेशस्तरीय प्रतियोगिता | प्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्नु | सालबसाली | २२ | हरेक वर्ष प्रदेशस्तरीय प्रतियोगिता आयोजना भएको हुने |

### ४.५.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४.५.९.१ विषय क्षेत्रगत नतिजा सूचक (युवा तथा खेलकुद)

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | ३९०६०२ | २२१८५२ | १६८७५० | - | ३९०६०२ | - | - |
| २०८०/८१ | ४२९६६२ | २४४०३७ | १८५६२५ | - | ४२९६६२ | - | - |
| २०८१/८२ | ४७२६२७ | २६८४४० | २०४१८७ | - | ४७२६२७ | - | - |
| २०८२/८३ | ५१९८८९ | २९५२८४ | २२४६०५ | - | ५१९८८९ | - | - |

### ४.५.१० कार्यक्रम/आयोजना अनुसार त्रिवर्षीय विनियोजन र साङ्केतीकरण

तालिका ४.५.१०.१ कार्यक्रम/आयोजना अनुसार त्रिवर्षीय विनियोजन र साङ्केतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७८/७९ को संशोधित अनुमान | २०७९/८० को विनियोजन | | | | २०८०/८१ को प्रक्षेपण | | | | २०८१/८२ को प्रक्षेपण | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३५१०१००१३/१४ | युवा तथा खेलकुद महाशाखा | ३२८२३० | २८२४२१ | ११७६२१ | १६४८०० | - | ३१०६६३ | १२९३८३ | १८१२८० | - | ३४१७२९ | १४२३२१ | १९९४०८ | - | ५.६.५<br>५.७.५ | २ | १७ | ३ | ३ |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७८/७९ को संशोधित अनुमान | २०७९/८० को विनियोजन | | | | २०८०/८१ को प्रक्षेपण | | | | २०८१/८२ को प्रक्षेपण | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३५१०३००२३/२४ | गण्डकी प्रदेश खेलकुद परिषद | ७२३१२ | १०८१८१ | १०४२३१ | ३९५० | | ११८६९९ | ११४३५४ | ४३४५ | | १३०८९८ | १२६११९ | ४७७९ | | ५.७.५ | २ | १७ | ३ | ३ |

### ४.५.११ जोखिम तथा अनुमान
कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था र अन्तर्गत निकायको संगठन संरचना सुदृढीकरण र जनशक्तिको क्षमता अभिवृद्धि नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद ५ः पूर्वाधार क्षेत्र

## ५.१ सडक, सडक पुल र झोलुङ्गे पुल

### ५.१.१ पृष्ठभूमि

सडक निर्माणले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ। सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमास आवतजावतको प्रत्याभूति गराउँदछ। दुर्गम गाउँबस्तीमा पहुँच पुऱ्याउन झोलुङ्गे पुलको योगदान महत्वपूर्ण रहेको हुन्छ। गण्डकी प्रदेशलाई पृथ्वी राजमार्ग (कास्की, तनहुँ), सिद्धार्थ राजमार्ग (कास्की, स्याङ्जा), पूर्व पश्चिम राजमार्ग (नवलपुर) र मध्यपहाडी लोकमार्ग (गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, बागलुङ) गरी जम्मा ३९२ कि.मि. लम्बाइको राजमार्गले छोएको छ | भौतिक पूर्वाधारका हिसाबले गण्डकी प्रदेशभित्र निर्माण भैसकेका र निर्माणाधीन पक्की सडक ६४१ कि.मि., ग्राभेल सडक ४१२ कि.मि. र धुले सडक २८९ कि.मि. गरी कुल १३४२ कि.मि. सडक रहेको छ। कुल सडकको आधारमा सडकको घनत्व प्रति वर्ग कि.मि. ०.०६ कि.मि. रहेको छ।

### ५.१.२ चुनौती र अवसर

चुनौतीपूर्ण भौगोलिक तथा भौगर्भिक अवस्थाबीच आर्थिक र सामाजिक गतिविधिलाई गतिशील बनाउन योगदान गर्न सक्ने सडक सञ्जाल पहिचान गरी निर्माण गर्नु, सीमित लगानीमा उपयुक्त प्रविधिको प्रयोग गर्दै गुणस्तरीय सडक निर्माण गर्नु, सानातिना आयोजनामा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी यातायात पूर्वाधार निर्माणलाई प्रभावकारी बनाउनु, सडक निर्माणलाई ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री बनाउनु, दुर्गम गाउँ बस्तीमा आवश्यकताका आधारमा झोलुङ्गे पुल निर्माण गरी आवतजावतको पहुँच पुऱ्याउनु, प्रदेश केन्द्र पोखरा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यावसायिक र व्यापारिक केन्द्रलाई रेल मार्गले जोड्नु, सडक खण्डलाई छोटो बनाई यात्रा अवधि घटाउन उल्लेखनीय योगदान गर्न सक्ने सुरुङ्ग मार्गहरू पहिचान गरी निर्माण गर्नु, जल यातायातको थप सम्भावना पहिचान गरी व्यवस्थित बनाउदै लैजानु, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय वस्तुहरूको प्रवर्द्धन गरी पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

सडक, रेल, हवाइ यातायात र केबलकारको निर्माण, संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकारको जिम्मेवारी थप स्पष्ट हुँदै जानु, सडक निर्माणमा स्थानीय तह, प्रदेश र संघ सरकार बीचको साझेदारी

थप मजबुत र बलियो हुँदै जानु, प्रदेश सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, ठूला यातायात पूर्वाधार निर्माणमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो थप बढ्दै जानु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक प्रदेशगत संरचनाको बलियो आधार निर्माण हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्। त्यसैगरी, केही वर्षभित्रमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा स्तरीय सडक, स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक र अन्य रणनीतिक एवम् प्रादेशिक सडकहरुको निर्माणबाट प्रदेशको आर्थिक-सामाजिक सूचकहरूमा धेरै सुधार हुनगई जीवनस्तरमा सुधार र आर्थिक क्रियाकलापहरु बढ्न जाने अवसर छ।

### ५.१.३ सोच

द्रुत सामाजिक-आर्थिक विकास र समृद्धिको आधार, यातायात पूर्वाधार

### ५.१.४ लक्ष्य

गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक-आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि गर्ने।

### ५.१.५ उद्देश्य

- दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक, हवाइमार्ग र रेल मार्गको सञ्जाल विस्तार गर्नु।
- सडक, हवाइमार्ग र रेलमार्ग जस्ता यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावतको व्यवस्था मिलाउनु।

### ५.१.६ रणनीति

- प्रदेशको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने।
- छिटो, भरपर्दो र वातावरणमैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने।

### ५.१.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५.१.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कालोपत्रे | कि.मि. | १६५.१६ | ११०.३२ | २०० | २०० | २०० |
| ग्राभेल | कि.मि. | ११६.६४ | ८५.४१ | १५० | १०० | १५० |
| माटे सडक | कि.मि. | ७९.३२ | ६०.२१ | १०० | १०० | १०० |
| आवधिक मर्मत संभार | कि.मि. | | | २०० | २०० | २०० |
| नियमित मर्मत संभार | कि.मि. | | | २०० | २०० | २०० |
| सडक पुल निर्माण | संख्या | २८ | २० | ५० | ५० | ५० |
| झोलुङ्गे पुल निर्माण | संख्या | २० | १० | ३० | ३० | ३० |

## ५.२ शहरी विकास तथा ग्रामीण विकास

### ५.२.१ पृष्ठभूमि

गण्डकी प्रदेश अन्तर्गत हाल १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन्। प्रदेशको कुल क्षेत्रफल मध्ये १९.४ प्रतिशत क्षेत्रफल ओगटेका नगरपालिकाहरूमा ६५.८ प्रतिशत जनसंख्या बसोबास गर्दछ। अधिकांश जनसंख्या नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने भए तापनि कार्य पद्धति र चरित्रको आधारमा धेरै जनसंख्या ग्रामीण चरित्रको छ। प्रदेशभित्र तीव्र शहरीकरण हुँदै गैरहेको छ तर सोही अनुपातमा व्यवस्थित शहरीकरण हुन सकेको छैन।

### ५.२.२ चुनौती र अवसर

शहरी पूर्वाधारको निर्माण पश्चात् शहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउनु, प्रत्येक शहरमा दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी पोखरा क्षेत्र वरिपरि केन्द्रित बसाइँसराइको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित, प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु, सरकारीस्तरमा नयाँ शहर र स्याटलाइट सिटीको निर्माण गर्नु आदि शहरी विकास क्षेत्रका चुनौतीहरू हुन्। ग्रामीण विकास योजना निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा रहेका सक्रिय जनसंख्यालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, ग्रामीण पहिचान तथा वातावरणको जगेर्ना गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

शहरी विकास तीनै तहको सरकारको प्राथमिकता पर्नु, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँसराइ बढ्नु, एकीकृत शहरी विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, ग्रामीण तथा शहर क्षेत्रहरूमा योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, प्रदेशमा सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ५.२.३ सोच

समृद्धिको आधार, सन्तुलित र समन्वयपूर्ण शहरी विकास

### ५.२.४ लक्ष्य

- दिगो विकासका लागि गुणस्तरीय आवास तथा बस्ती विकास।
- सन्तुलित र दिगो सामाजिक आर्थिक विकासको लागि ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारको निर्माण, आयआर्जन तथा रोजगार वृद्धि गर्ने।

### ५.२.५ उद्देश्य

- स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्रको आसपास तथा विकास अक्षको (Growth Axis) विकास वरिपरि व्यवस्थित शहर विकास गर्नु।
- आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु।
- शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका घरपरिवारको व्यवस्थापन गर्नु।
- ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु।
- ग्रामीण वातावरण तथा पहिचानको संरक्षण गर्नु।

### ५.२.६ रणनीति

- प्रदेशमा सन्तुलित विकासको लागि सडक यातायातको समानान्तर विकास अक्षको वरिपरि व्यवस्थित शहर विकास गर्ने।
- प्रदेशगत शहरी विकास तथा व्यवस्थापन हेर्ने संरचनामा सुधार गर्ने।
- प्रदेशको विकास अक्ष (रणनीतिक सडक, हवाइमार्ग तथा नाकाहरूको सञ्जालले छोएको क्षेत्र) लाई केन्द्रमा राखेर नयाँ शहरहरूको विकास गर्ने।
- ग्रामीण वातावरण संरक्षण गर्ने।

### ५.२.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ५.२.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| शहरी नगरपालिकामा बस्ने जनसङ्ख्या* | प्रतिशत | ६५.८ | ६५.८ | ७३ | ७५ | ७७ |
| खर परालले छाएको कच्ची घरमा बस्ने जनसङ्ख्या* | प्रतिशत | १.०७ | १.०७ | १.२ | १ | ०.७ |
| सिमेन्ट,इट्टा तथा आर.सि.सि जग भएको पक्की घरमा बस्ने जनसङ्ख्या* | प्रतिशत | ५४.६१ | ५४.६१ | ५५ | ५६ | ५८ |
| आफ्नो घर भएका परिवार* | प्रतिशत | ८०.५ | ८०.५ | ८१ | ८१ | ८२ |
| जनता आवास योजना अन्तर्गत निर्मित आवास एकाइ | संख्या | ३२० | २३० | ५०० | | |
| सामुदायिक भवन निर्माण | संख्या | ११ | ६ | ५ | ५ | ५ |
| बसपार्क निर्माण | गोटा | १ | १ | १ | ० | ० |

द्रष्टव्यः (गण्डकी प्रदेश, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको आवास, भवन र शहरी विकासका मात्र)

*राष्ट्रिय जनगणना २०७८ अनुसारको विवरण

## ५.३ भवन निर्माण

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ। भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई सुविधा सम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थित रूपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ।

### ५.३.२ चुनौती र अवसर

भौगोलिक हिसाबले विकट र विपद्को उच्च जोखिममा रहेका घरपरिवारको लागि भूउपयोगमा आधारित एकीकृत आवास तथा बस्ती विकास गर्नु, शहरी क्षेत्रमा अनधिकृत रुपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीको उच्चतम प्रयोग गरी किफायती र सुरक्षित आवास निर्माण गर्नु, गरिबीको रेखामुनी रहेका पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई सामूहिक, सुरक्षित वातावरणमैत्री, न्यून लागतयुक्त आवासको व्यवस्थापन गर्नु, विकसित भैसकेको बस्तीहरूलाई भूउपयोग नीतिको आधारमा वर्गीकरण गरी व्यवस्थापन गर्नु, प्रादेशिक भूउपयोग नीति निर्माण गरी आवास तथा बस्तीहरूको दिगो व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

भौगोलिक अवस्था र बस्तीको असमान वितरणलाई एकीकृत गर्न एकीकृत कार्यमूलक योजना मार्फत बस्ती विकास कार्यक्रम सञ्चालन हुनु, विकट र विपद्को उच्च जोखिममा रहेका गरिब, न्यून आय भएका परिवारको लागि जनताको लागि न्यून लागतका आवास कार्यक्रम सञ्चालन हुनु, अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालन हुनु, एकीकृत जग्गा विकास तथा एकीकृत कार्यमूलक योजनामा स्थानीय तह तथा समुदायको चासो बढ्नु बस्ती तथा आवास निर्माणमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु, भूउपयोग नीति अनुसार विभिन्न मापदण्ड लागु गर्न तीनै तहका सरकारको चासो रहनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ५.३.३ सोच

गुणस्तरीय, सुरक्षित र सुविधायुक्त भवन निर्माण

### ५.३.४ लक्ष्य

- सुरक्षित, किफायती र वातावारणमैत्री पहिचानयुक्त भवन निर्माण।
- गुणस्तरीय, सुरक्षित र सुविधायुक्त भवन निर्माण गर्ने।

### ५.३.५ उद्देश्य

- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु।
- एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गर्नु।

### ५.३.६ रणनीति

- स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने।
- सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरूको एकीकृत रूपमा डिजाइन र निर्माण गर्ने।
- पुराना सरकारी भवनहरूलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने।

### ५.३.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ५.३.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य २०८०/८१ | मध्यमकालीन लक्ष्य २०८१/८२ | मध्यमकालीन लक्ष्य २०८२/८३ |
|---|---|---|---|---|---|---|
| पहिचानयुक्त प्रादेशिक सरकारी भवन निर्माण | संख्या | ० | ३ | ३ | २ | २ |
| प्रादेशिक सरकारी भवन मर्मत संभार तथा निर्माण संरचनागत सुधार | संख्या | १५ | २० | १५ | १५ | १५ |

## ५.४ यातायात व्यवस्था

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ६ मा यातायात व्यवस्थापन प्रदेश सरकार मातहत रहने प्रावधान अनुरुप यातायात व्यवस्था तथा सेवा कार्यालयहरू प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमा हस्तान्तरण भएका छन्। शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ।

### ५.४.२ चुनौती र अवसर

नयाँ प्रविधिमा आधारित ड्राइभिङ लाइसेन्स, नम्बर प्लेट र प्रदूषण मापनयन्त्रको प्रभावकारी प्रयोग गर्नु, गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गरी साना निजी सवारी साधन प्रयोग कम गराउनु, अपाङ्गमैत्री यातायात प्रणालीको विकास गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, प्रदूषण नियन्त्रणको अनुगमन प्रभावकारी बनाउनु, सडक सुरक्षा लगायत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, वैज्ञानिक भाडादरको व्यवस्था गर्नु, कर तथा दस्तुर काउन्टरहरूको अटोमेसन गर्नु, मुख्य नाकाहरूबाट प्रदेश छिर्ने सवारी साधनहरूको अनुगमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

यातायात क्षेत्रमा विद्युतीय सवारी साधनको चर्चा शुरु हुनु, निजी तथा बैङ्किङ्ग क्षेत्रको लगानी वृद्धि हुँदै जानु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, मास ट्रान्सपोर्टको आवश्यकता थप महसुस हुँदै जानु, विश्वव्यापी रुपमा प्रदूषणरहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुँदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, अपाङ्गमैत्री सडक निर्माणमा तीनै तहका सरकार प्रतिबद्ध रहनु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा तीनै तहका सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन्।

### ५.४.२ सोच
प्रभावकारी यातायात व्यवस्थापन गतिशील समाज विकासको आधार

### ५.४.३ लक्ष्य
यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने।

### ५.४.४ उद्देश्य
किफायती, सुरक्षित, प्रदूषणरहित, सुविधा सम्पन्न, प्रतिस्पर्धी र प्रभावकारी यातायात प्रणालीको विकास गर्नु।

### ५.४.५ रणनीति
- प्रदेश अन्तर्गतका यातायात सेवा कार्यालयहरूको सुदृढीकरण गर्ने।
- वातावरणमैत्री मास ट्रान्सपोर्टका सवारी साधनको उपभोगमा जोड दिने।
- सार्वजनिक यातायातका साधनको वैज्ञानिक भाडादर कायम गर्ने।
- प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्ने।

### ५.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य
**तालिका ५.४.६.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| प्रणाली कोड | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १०४३ | इम्बोस्ड नम्बर प्लेट वितरण | संख्या | ७५० | १०५० | १५०० | ३००० | ६००० |
| १०४४ | सवारी साधन दर्ता (दुई पाङ्ग्रे) | संख्या | ४५०९१ | ३०५२१ | ३३५७० | ३५४१७ | ३६२४१ |
| १०४५ | सवारी साधन दर्ता (चार पाङ्ग्रे) | संख्या | ४००४ | ४५०० | ४५७६ | ४७०० | ४७६५ |
| १०४६ | सवारी साधन राजस्व | रकम रु. हजारमा | १९३३४९७ | १९१४५८५ | २२९७५०२ | २७५७००० | ३३०८४०० |

### ५.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

सडक, सडक पुल र झोलुङ्गे पुल सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम | समानुपातिक रूपमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक वटा सडक हुने गरी प्रदेश राजधानी र स्थानीय तहका केन्द्र जोड्ने सडकको निर्माण, स्तरोन्नति तथा कालोपत्रे | आ.व. २०७६/७७ देखि शुरु भएको | १३४८७०.५१ | • यस कार्यक्रम अन्तर्गत ३६ निर्वाचन क्षेत्रमा सडक निर्माण गर्ने निर्माणाधीन सडकको कुल २९४.५९ कि.मि. कालोपत्रे, ३७.२३ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति हुने।<br>• निर्मित सडकको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• प्रादेशिक यातायात गुरुयोजना निर्माण गरी निर्माण सम्पन्न भएका सडकको नियमित तथा आवधिक मर्मत तथा स्तरोन्नति गर्दै यातायात पहुँचमा सुधार गरी समग्र प्रदेशको आर्थिक सामाजिक विकास गर्ने। |
| ३३७०१०१२ | स्थानीय तहको केन्द्र जोड्ने सडक कार्यक्रम | स्थानीय तहको केन्द्र जोड्ने गरी सडक सञ्जाल विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | ३८८२०.७८ | • प्रदेश राजधानीसँग सबैभन्दा छोटो दूरीमा स्थानीय तहका केन्द्र जोड्ने सडकलाई पहिचानसहित प्राथमिकता दिइएको हुने।<br>• स्थानीय तहको केन्द्र जोड्ने सडकलाई उपलब्ध स्रोत र साधनको अधीनमा रही स्तरोन्नति गर्ने। सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्ने।<br>• यस कार्यक्रम अन्तर्गत ११ वटा सडक आयोजनाको कुल ९५.२३ कि.मि. कालोपत्रे सडकस्तरमा स्तरोन्नति हुने। |

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | प्रादेशिक सडक क वर्ग कार्यक्रम | बढी भन्दा बढी स्थानीय तह तथा जिल्ला जोड्ने गरी प्रादेशिक लोकमार्ग सञ्जाल विकास तथा विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | ३०८०७.१३ | • यस कार्यक्रम अन्तर्गत ९ वटा सडकको कुल ६७.४ कि.मि.कालोपत्रे र २०.५४ कि.मि. ग्राभेल सडकस्तरमा स्तरोन्नति हुने।<br>• सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रक्चर निर्माण गरिएको हुने।<br>• सडकको सतह धुलेबाट क्रमशः ग्राभेल हुँदै कालोपत्रे गरिएको हुने।<br>• निर्मित सडकको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• सडक सुरक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने। |
| ३३७०१०१२ | प्रादेशिक सडक ख वर्ग कार्यक्रम | प्रदेश राजधानीसँग सबैभन्दा छोटो दूरीमा स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माणलाई प्राथमिकता दिई सडक सञ्जाल विकास तथा विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | २२५३६.७६ | • यस कार्यक्रम अन्तर्गत ११ वटा सडकको कुल ३४ कि.मि.कालोपत्रे र ७ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति गर्नहुने।<br>• सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रकचर निर्माण गरिएको हुने। |
| ३३७०१०१२ | प्रादेशिक सडक ग वर्ग कार्यक्रम | विभिन्न आर्थिक केन्द्र, पर्यटकीय केन्द्र, सेवा केन्द्र लगायतका विशेष क्षेत्रलाई जोड्ने गरी सडक सञ्जाल विकास तथा विस्तार | | ८५४९.७६ | • यस कार्यक्रम अन्तर्गत सडकको कुल ७.१ कि.मि. कालोपत्रे र १७ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति गर्न विशेष क्षेत्र जोड्ने सडकको अध्ययन तथा पहिचान भएको हुने।<br>• पहिचान भएका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने। |

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | शालिग्राम करिडोर (८० कि.मि.) (खण्डहरु) | | | १५३०७.१४ | • बैडी घिरिङ्ग खण्ड (चेनेज ०+०० देखि २१+५६५), तनहुँ<br>• बैडी घिरिङ्ग खण्ड (चेनेज २१+५६५ देखि ३१+५६५), तनहुँ<br>• बैडी घिरिङ्ग खण्ड (चेनेज ३१+५६५ देखि ४१+५६५)(दासढुंगा साधेबगर-भटेरी खण्ड)<br>• स्याङ्जा खण्ड (मालुङ्गा बास्टारी रानीघाट रुद्रबेनी सेतिबेनी फलेबास-कुस्मा)<br>• दाशढुंगा - देउपुर सडक तनहुँ खण्ड<br>• बाकी ३६.५ कि.मि. सडक |
| ३३७०१०१२ | पोखरा-डेडगाउँ-दुम्कीवास-त्रिवेणी सडक निर्माण आयोजना (खण्डहरु) | | | ६९८९.०९ | • भिमाद- मानपुर<br>• मानपुर- डेढगाँउ<br>• डेढगाउँ- झ्यालबास<br>• झ्यालबास- चोरमारा<br>• दुम्कीवास-त्रिवेणी |
| ३३७०१०१२ | सडक पुल निर्माण तथा सम्भार कार्यक्रम | नयाँ सडक पुल पहिचान, निर्माण तथा मर्मत संभार | | ६१६४६.१० | • प्रदेशभित्र नयाँ सडक पुल पहिचान तथा प्राथमिकीकरण भएको हुने।<br>• प्राथमिकताका आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने।<br>• २५० वटा सडक पुल निर्माण भएको हुने।<br>• प्रदेशभित्रका सडक पुलको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• प्रादेशिक सडकमा पर्ने सडक पुलहरुको पहिचान गरी सडक पुल निर्माण, मर्मत र प्रवलीकरण गर्ने।<br>• स्तरोन्नति गरिएका सडकहरुमा पर्ने पुल पुलेसा निर्माण गरी सर्वयाम यातायात पहुँच सुधार गरिएको हुने। |

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | झोलुङ्गे पुल निर्माण तथा सुधार कार्यक्रम | सडक सञ्जाल नपुगेका बस्तीहरूमा झोलुङ्गे पुल मार्फत आवगमनमा सहजता | | ४२४५.४५ | • सडक सञ्जाल नपुगेका बस्तीहरूमा झोलुङ्गे पुलको आवश्यकता पहिचानको विस्तृत विवरणसहितको प्रतिवेदन तयार भएको हुने।<br>• प्राथमिकताका आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने।<br>• २५० वटा झोलुङ्गे पुल निर्माण भएको हुने।<br>• निर्मित झोलुङ्गे पुलको नियमित मर्मतसम्भार भएको हुने।<br>• आवश्यकता पहिचान गरी झोलुङ्गे पुल निर्माणको कार्य सम्पन्न गरी निर्माण सम्पन्न भएका झो.पु. हरुको तथ्याङ्क व्यवस्थापन गरी मर्मत तथा संरक्षणको कार्यविधि बनाई लागु गरिएको हुने। |
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३३७९११२० | बाग्लुङ-बेनी | सडक निर्माण तथा स्तरोन्नति | | १७७८.७४ | • कल्भर्ट तथा नाली निर्माणको माध्यमबाट सतह पानी तथा भूमिगत पानीको व्यवस्थापन भएको हुने।<br>• सडकको सतह स्तरोन्नति भइ कालोपत्रे गरिएको हुने। |
| ३३७९११२१ | व्यास मार्ग - बुद्धसिंह मार्ग | | | ४५६६.७७ | |
| ३३७९११२२ | मिर्दि-क्याक्मी-भिमाद | | | ३७०८.७७ | |
| | पुतलीखेत-कार्कीनेटा-कुश्मा | | | | |
| | अन्य उत्तर दक्षिण सडकहरू | | | | |
| ३३७९११२३ | संभावित रणनीतिक सडकहरू | रणनीतिक महत्वका प्रादेशिक सडक सञ्जाल विकास तथा विस्तार | | १३०६३.९७ | • सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रकचर निर्माण गरिएको हुने।<br>• सडकको सतह धुलेबाट क्रमशः ग्राभेल हुँदै कालोपत्रे गरिएको हुने।<br>• निर्मित सडकको आवश्यकतानुसार मर्मत भएको हुने।<br>• सबै प्रादेशिक महत्वको सडकहरुमा ट्राफिक चिन्ह लगायत रोड फर्निचर निर्माण तथा व्यवस्थापनको अवधारणा लागु गरिने। |

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७९११२४ | सम्भावित प्रादेशिक सडकहरू | प्रादेशिक सडक सञ्जाल विकास तथा विस्तार | | १०१२२.०८ | • प्राथमिकीकरणका आधारमा सडक सञ्जाललाई विस्तार गरिएको हुने।<br>• सडकको निर्माण तथा स्तरोन्नति भएको हुने। |
| | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | | | | • राजमार्गमा शहरी चाप घट्नेछ<br>• बाढी, पहिरो, सडक मर्मत गर्दा यस सडकको प्रयोग हुनेछ |
| | ग्रामीण सडक सञ्जाल सुधार आयोजना -ए एफ | | | | |
| ३३७९११२७ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | सडक पुल निर्माण गरी सर्वयाम यातायात सञ्चालन गर्ने र जनताको जीवनस्तर उकास्न मद्दत गर्ने | | ११५८०.८२ | • सडक पुलहरूको निर्माण भएको अवस्था हुने र जसले गर्दा सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने। |
| ३३७९११२६ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | सडक सञ्जालको पहुँच नपुगेका ग्रामीण भेगमा झो.पु को निर्माणबाट यातायात क्षेत्रमा टेवा पुऱ्याउने। | | | • गोरखामा १ ,स्याङ्जामा १ र नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लामा २ वटा लामो प्रकृतिका थप झो.पु निर्माण सम्पन्न गरी जनताको यातायातको पहुँच सुधार गर्ने। |

यातायात व्यवस्था सम्बन्धी  कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी. न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु.लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरू | विभिन्न प्रकारका यातायात सवारीको दर्ता नवीकरण लगायतका कार्य सम्पादन साथै सवारी चालक अनुमति पत्र वितरण | सालबसाली | | • यातायात सवारीको दर्ता तथा नवीकरण लगायतका कार्य सम्पादन भएको हुने।<br>• सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट प्रदान गरिएको हुने।<br>• सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड वितरण) वितरण भएको हुने।<br>• यातायात व्यवस्था कार्यलयको संरचनाहरु तयार भई प्रविधि मैत्री हुने।<br>• Online प्रणालीसहितको VRS सञ्चालन भएको हुने। |

शहरी विकास सम्बन्धी कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०४०११ | आधारभूत शहरी सेवा कार्यक्रम | आधारभूत शहरी पूर्वाधार निर्माण | २०७५/७६ देखि २०८०/८१ | | १५० सामुदायिक भवन/बहुउद्देश्यीय भवन निर्माण भएको हुने। नगरपालिका क्षेत्रभित्र २५ वटा सार्वजनिक शौचालय निर्माण भएको हुने |
| ३३७०४०११ | नयाँ बस्ती विकास र विस्तार कार्यक्रम | नयाँ बस्ती विकासका लागि आवश्यक पूर्वाधार निर्माण | | | ३ स्थानमा नयाँ बस्ती विकासका लागि आवश्यक पूर्वाधार (सडक, विद्युत्, ढल,खानेपानी, खेलमैदान, खुला स्थान आदि) निर्माण भएको हुने |
| ३३७०४०११ | प्रादेशिक सरकारी भवन निर्माण | प्रादेशिक सरकारी कार्यालयको निर्माण | २०७५/७६ देखि २०८०/८१ | | ३ वटा प्रदेश स्तरीय सरकारी कार्यालयको भवन निर्माण हुने |
| ३३७०४०११ | सदरमुकाम मुख्य बजार पूर्वाधार निर्माण कार्यक्रम | स्याटलाइट सिटीको निर्माण | | | ६वटा सिटि स्याटलाइट सिटिको रुपमा विकसित हुने |
| ३३७०४०११ | जग्गा विकास कार्यक्रम | भू उपयोग नीतिको कार्यान्वयन | | | प्रदेशभित्र ६ वटा स्थानमा जग्गा विकास कार्य हुने |

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३३७९११२५ | आवास व्यवस्था कार्यक्रम | जनता आवास कार्यक्रम सञ्चालन | | | २००० निजी आवास निर्माण भएको हुने |
| ३३७०४०११ | एकीकृत बस्ती विकास कार्यक्रम | | | | एकीकृत बस्ती विकास गर्ने |
| ३३७०४०११ | सघन शहरी विकास कार्यक्रम | | | | शहरी पूर्वाधार विकास गर्ने |

## ५.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

### तालिका ५.४.८.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण (रु.लाखमा) | | पुँजीगत | वित्तीय व्यवस्था | स्रोत रु.लाखमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | | | कुल | प्रदेश सरकार (चालु + पुँजीगत) | नेपाल सरकार समानीकरण अनुदान | नेपाल सरकार समपूरक अनुदान | नेपाल सरकार विशेष अनुदान | नेपाल सरकार सशर्त अनुदान | वैदेशिक/ विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०८०/८१ | ११५००० | ४२०० | ११०८०० | ० | ११५००० | ३२२९७ | ५९४०८ | ८३७० | ० | १४९२५ | ० | ० |
| २०८१/८२ | १२०७८७.८८ | ४३२६ | ११६४६१.८८ | ० | १२०७८७.८८ | ३३८५९ | ६२४४३.७५ | ८७९७.७१ | ० | १५६८७.६७ | ० | ० |
| २०८२/८३ | १३३५६१ | ४५२१ | १२९०४० | ० | १३३५६१ | ३७२४३ | ६९१८८ | ९७४८ | ० | १७३८२ | ० | ० |
| **जम्मा** | **३६९३४८.८८** | **१३०४७** | **३५६३०१.८८** | **०** | **३६९३४८.८८** | **१०३३९८.८** | **१९१०३९.७५** | **२६९१६** | **०** | **४७९९४.६७** | **०** | **०** |

## ५.४.९ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

### तालिका ५.४.९.१ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | २०८१/८२ को प्रक्षेपण | | | २०८२/८३ को प्रक्षेपण | | | समष्टिगत संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | | | | | |
| ३३७०००११ | भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रा. | ३७१०१ | ५०५४६०० | ५७६०० | ४९९७००० | ५४७७७६८ | ५९३२८ | ५४१८४४० | ४९७१२२३ | ६२००२ | ४९०९२२४ | ५ | P1 | ९ | १ | १ |
| ३३७०१०११ | पूर्वाधार विकास निर्देशनालय | २०८१६३ | ३११५०० | २८५०० | २८३००० | ३२३३५६ | २९३५५ | २९४००१ | ३४५२२८ | ३०६७८ | ३१४५५० | ५ | P1 | ९ | १ | १ |
| ३३७०१०१२ | पूर्वाधार विकास कार्यालयहरु | ४०५८४९९ | ५८५६९०० | १८७९०० | ५६६९००० | ६९८७२१८ | १९३५३७ | ६७९३६८१ | ७७२९३११ | २०२२३९ | ७५२७३५० | ५ | P1 | ९ | १ | १ |
| ३३७०४०११ | शहरी विकास तथा भवन कार्यालय | १०१२५० | १२१५०० | ११५०० | ११०००० | १२२९११ | ११८४५ | ११८०३३ | १४२२५५ | १२३७९ | १२९८७६ | ५ | P1 | ११ | १ | २ |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | ९१०७७ | १५५५०० | १३४५०० | २१००० | १६०५३५ | १३८५३५ | २२००० | १६७७८० | १४४७८० | २३००० | ५ | P1 | ९ | १ | १ |
| **जम्मा** | | **४५९४०९२** | **११५०००००** | **४२००००** | **११०८००००** | **१२०७८७८८** | **४३२६००** | **११६४६१८८** | **१३३५६१००** | **४५२१००** | **१२९०४०००** | | | | | |

### ५.४.१० जोखिम तथा अनुमान

नेपाल सरकारबाट सशर्त अनुदान सहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। साथै, हालै उत्पन्न विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको असर छिट्टै अन्त्य हुने र यसको कारण सिर्जित राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको संकुचनको असर छिट्टै अन्त्य हुने अनुमान गरिएको छ। साथै हालसालै निर्माण सामग्री र इन्धनको मूल्यमा भएको अत्याधिक मूल्यवृद्धिको कारणले गर्दा निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुने समेत जोखिम रहेको छ।

## ५.५ उर्जा

### ५.५.१ पृष्ठभूमि

प्रदेशभित्र अपार जलस्रोतको सम्भावना रहेकाले यसको कुशल व्यवस्थापन गर्न जरूरी छ। जलविद्युत्, सिँचाइ, खानेपानी, औद्योगिक र पर्यटकीय प्रयोजनमा यसको भरपुर उपयोग गरी जलस्रोतलाई प्रदेश समृद्धिको प्रमुख आधारको रुपमा स्थापित गर्नुपरेको छ। प्रदेशमा हालसम्म ६६१.४८ मे.वा. विद्युत् उत्पादन हुन्छ, आगामी ३ वर्षभित्र थप ८४० मे.वा. उत्पादन हुने गरी धेरै जलविद्युत् योजनाहरु कार्यान्वयन भैरहेका छन्। प्रदेशमा राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युत् सुविधामा पहुँच पुगेको घरधुरी ९७.७६ प्रतिशत छ भने नवीकरणीय उर्जासहित बत्ती बाल्नलाई आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी ९९.५० प्रतिशत पुगिसकेको छ। अझै ३ वटा जिल्लाको केही भागको पहुँच राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउनु पर्ने आवश्यकता छ। विद्युत् वितरण सम्बन्धी पूर्वाधारको अभावले गर्दा प्रदेशभित्र औद्योगिक प्रयोजनलाई चाहिने आवश्यक विद्युत् सुविधा धेरै ठाउँमा उपलब्ध हुन सकेको छैन।

प्रदेशभित्रका र विभिन्न स्थानीय तहहरूको बीचको अन्तरसम्बन्धमा केन्द्रित हुने प्रादेशिक जलविद्युत् तथा उर्जा, खानेपानी, सिँचाइ, जल उत्पन्न प्रकोप व्यवस्थापन जस्ता पूर्वाधारहरूको निर्माण गर्नुका साथै प्रदेशभित्रको अपार जलस्रोतको उपयोग गरी जल विद्युतलाई प्रदेशको समृद्धिको मूल आधार तय गर्नुपर्ने भएको छ। साथै, लगानीको उचित व्यवस्थापन गरी प्रदेशभरि औद्यौगीकीकरणका लागि चाहिने पर्याप्त विद्युत् उत्पादन र प्रसारण संरचनाको निर्माण गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न, विद्युतको खपत बढाई पेट्रोलियम खपत घटाउनका लागि प्रदेशभर विद्युत् प्रसारण र वितरणको भरपर्दो सञ्जाल निर्माण गर्न आवश्यक छ। उपलब्ध जलस्रोतको समुचित प्रयोगबाट उर्जाको उत्पादन र वितरण हुन सकेमा दिगो विकास लक्ष्य ७ अनुसार स्वच्छ उर्जामा पहुँच पुऱ्याउने लक्ष्य हासिल गर्न सहयोग पुग्दछ।

### ५.५.२ चुनौती र अवसर

वित्तीय स्रोतको व्यवस्थापन प्रभावकारी बनाई जलस्रोतको संरक्षण, उपयोग र विकासको बढ्दो माग

र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधारका कार्यक्रमलाई गुरूयोजना मार्फत प्राथमिकतामा राखी कार्यान्वयनमा लैजानु, अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाई आयोजना निर्माणलाई गुणस्तरीय, दिगो, भरपर्दो र विश्वसनीय बनाउनु, विभिन्न आयोजनाहरूलाई विभिन्न निकायबीच समन्वय गरी समयमा नै सम्पन्न गर्न सक्नु, निर्मित भएका संरचनाहरूको मर्मत सम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोतसाधनको पर्याप्त व्यवस्था गर्नु, जलस्रोतको विकासको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षण गर्नु, पर्याप्त विद्युत् उपलब्ध गराउनु प्रमुख चुनौती रहेका छन्।

नयाँ राजनैतिक विकासक्रम र राज्य पुनर्संरचनाको विद्यमान माहोलले आमजनतामा उमङ्ग, आशा र उत्साह, अभिवृद्धि गर्नु, पूर्वाधार विकास र सेवा प्रवाहका अवसरमा बढोत्तरी हुनु, समावेशी, सन्तुलित एवम् अधिकारमा आधारित न्यायोचित विकासको प्रारम्भ गर्नु, लगानीमा प्रशस्त अवसर रहनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्रको लगानी बढ्दै जानु महत्वपूर्ण अवसरका रूपमा रहेका छन्।
त्यसैगरी, केही वर्षभित्रमा विद्युत् र आधारभूत खानेपानीको पहुँच शतप्रतिशत पुर्याई घर-घरमा निजी धारा जडान, विद्युतको बढ्दो उत्पादन, आवश्यक प्रसारण र वितरण सञ्जाल निर्माण तथा स्तरोन्नति र भोल्टेज सुधार, बढ्दो विद्युत् खपत एवम् मर्स्याङ्गदी, काली गण्डकी र बुढीगण्डकी कोरिडोरमा बन्न जाने उच्च क्षमताका विद्युत् प्रसारण लाइन, पेट्रोलियम पदार्थलाई विद्युतबाट प्रतिस्थापन आदिबाट प्रदेशको आर्थिक-सामाजिक सूचकहरूमा धेरै सुधार हुन गई जीवनस्तरमा सुधार र आर्थिक क्रियाकलापहरु बढ्न जाने अवसर छ।

### ५.५.३ सोच

जलविद्युत, नवीकरणीय उर्जाको विकास मार्फत नवीनतम प्रविधिको उच्चतम प्रयोग गर्दै पेट्रोलियम पदार्थको खपत घटाई दिगो आर्थिक विकास र समृद्धि हासिल गर्ने।

### ५.५.४ लक्ष्य

जलविद्युत् उत्पादन, प्रसारण र वितरण प्रणाली, नवीकरणीय उर्जाको प्रयोग प्रभावकारी बनाई आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने।

### ५.५.५ उद्देश्य

**उर्जा**

१. प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलविद्युत् आयोजनाहरू पहिचान र विकास गरी उर्जा सुरक्षामा योगदान पुऱ्याउनु र दिगो अर्थतन्त्रको आधारशिला निर्माण गर्नु।
२. विद्युत् खपत बढाई पेट्रोलियम खपत घटाउनु।

३. विद्युत् व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु।
५. सबै घरधुरीमा विद्युत् सुविधा पुऱ्याउनु।
६. जीर्ण काठे पोल प्रतिस्थापन गर्नु।
४. जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्नु।

**नवीकरणीय उर्जा**

१. नवीकरणीय उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण र घरेलु उद्योग सञ्चालन गरी रोजगार सिर्जना गर्नु।
२. नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु।
३. खाना पकाउन नवीकरणीय उर्जाको प्रयोग वृद्धि गर्नु।
४. खेर गैरहेका फोहोरजन्य वस्तुबाट उर्जा उत्पादन गरी फोहोरमैला व्यवस्थापन र आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु।

## ५.५.६ विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

| सूचक | एकाइ | आ.व. २०७९/८० सम्मको उपलब्धि | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| जलविद्युत् उत्पादन क्षमता | मे.वा. | ६६१.४८ | ८०० | १२५० | १५०० | ने. वि. प्रा को सूचकसँग सम्बन्धित |
| राष्ट्रिय विद्युत् प्रसारण लाइनबाट विद्युत् पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९७.७६ | ९८.५० | १०० | १०० | |
| बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी | प्रतिशत | १.७४ | १.५० | | | |
| प्रति व्यक्ति विद्युत् खपत | कि.वा.घ. | २३० | २५० | २७५ | ३०० | ने. वि. प्रा को सूचकसँग सम्बन्धित |
| लघु तथा साना जलविद्युत् आयोजना मर्मत | संख्या | ९० | ९५ | १०० | १०५ | |
| घरेलु सौर्य उर्जा प्रविधि जडान | घरधुरी | १२०५ | १७०० | १९०० | २००० | |
| संस्थागत सौर्य उर्जा जडान | कि.वा. | २३० | ३०० | ४५० | ६०० | |

### ५.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना, उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | विद्युत् विस्तार कार्यक्रम | विद्युत् सेवाको विस्तार तथा वितरण मार्फत उज्यालो प्रदेश निर्माण | शुरु २०७५/७६, समाप्ति २०८०/८१ | ८५०० | उज्यालो गण्डकी प्रदेश घोषणा भएको हुने। |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम | नवीकरणीय उर्जा प्रविधि मार्फत उज्यालो प्रदेश निर्माण | सालबसाली | १११० | ३७० कि.वा. सौर्य उर्जा प्रविधि जडान हुने |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | घरेलु सौर्य उर्जा प्रविधि जडान | राष्ट्रिय प्रसारण लाइन नपुगेको स्थानमा बत्ती बाल्नको लागि विद्युत् सेवा पुऱ्याउन। | सालबसाली | ५६० | प्रदेशभित्रका जिल्लाका २८०० घरधुरीमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरेको हुने |

संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४०९११२० | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | नवीकरणीय उर्जाको पहुँच वृद्धि | सालबसाली | ३०० | बायोग्यास जडान, सौर्य उर्जा, विद्युतीय चुलो बितरण, वायु उर्जा,  लघु तथा साना जलविद्युत् आयोजना मर्मत गर्ने प्रदान गरी नवीकरणीय उर्जामा पहुँच वृद्धि भएको हुने। |

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको उपलब्धि | आगामी ३ वर्षको उपलब्धि सूचक | २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | विद्युत् विस्तार कार्यक्रम | प्रदेशमा राष्ट्रिय प्रसारण लाईन मार्फत विद्युत् सुविधामा पहुँच पुगेको घरधुरी ९७.७६ प्रतिशत पुगेको | प्रदेशमा राष्ट्रिय प्रसारण लाईन मार्फत विद्युत् सुविधामा पहुँच पुगेको घरधुरी ९८.५ प्रतिशत पुगेको हुने | विद्युत् विस्तार कार्यक्रम |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको उपलब्धि | आगामी ३ वर्षको उपलब्धि सूचक | २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००१००१ ३४००३००१३ ४००३००२ | नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम | नवीकरणीय उर्जा मार्फत १.७४ प्रतिशत घरधुरीमा बत्ती बाल्नलाई आधुनिक उर्जाको प्रयोग भएको/ हालसम्म ९० लघु जलविद्युत् आयोजना मर्मत मार्फत ३२९५ किलोवाट विद्युत् नियमित भएको | नवीकरणीय उर्जा मार्फत १.५० प्रतिशत घरधुरीमा बत्ती बाल्नलाई आधुनिक उर्जाको प्रयोग भएको हुने/ थप १५ वटा लघु जलविद्युत् आयोजना मर्मत मार्फत ३०० किलोवाट विद्युत् नियमित भएको हुने | घरेलु सौर्य उर्जा प्रविधि जडान लघु जलविद्युत् आयोजना निर्माण तथा मर्मत |
| ३४०९११२० | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | हालसम्म २३० कि.वा. क्षमताको संस्थागत सौर्य उर्जा प्रविधि जडान कार्य सम्पन्न गरिएको | थप ३७० कि.वा. संस्थागत सौर्य उर्जा प्रविधि जडान कार्य सम्पन्न गरिएको हुने | संस्थागत सौर्य उर्जा प्रविधि जडान कार्यक्रम |

## ५.६ खानेपानी तथा सरसफाइ

### ५.६.१ पृष्ठभूमि

मानव आवश्यकताहरु मध्ये खानेपानी एक आधारभूत आवश्यकतामा पर्दछ | नेपालको संविधानले पनि यसलाई मौलिकहकको रुपमा व्यवस्था गरेको छ।गण्डकी प्रदेशमा हाल आधारभूतस्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या ९३.७४ प्रतिशत पुगेको छ भने मध्यम तथा उच्चस्तरको खानेपानी सुविधाबाट १८ प्रतिशत जनसंख्या मात्र लाभान्वित छन् | गण्डकी प्रदेशका ११ वटै जिल्ला खुल्ला दिशामुक्त घोषित भैसकेका छन्। स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन र समग्र आर्थिक सामाजिक विकासको आधारशिला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ। यसबाट दिगो विकास लक्ष्य ६ अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य हासिल गर्न सहयोग पुग्दछ।

### ५.६.२ चुनौती र अवसर

नवलपुरको चुरे क्षेत्र र अन्य जिल्लाका उच्च पहाडी भू-भागमा पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु, शहरी तथा ग्रामीण क्षेत्रका बस्तीहरुको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्था गर्नु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्नु, बढ्दो शहरीकरण, बसाईँसराइबाट खानेपानी, सरसफाइ र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाइको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरुको क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

नेपालको संविधानले खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गर्नु, आधारभूत खानेपानी तथा सरसफाइक्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो तथा लगानी आकर्षण हुँदै जानु, योजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, शहरी तथा ग्रामीण बस्ती नजिकै पानीका स्रोतहरु जस्तै नदी, खोलानाला, मूल र भूमिगत पानीको उपलब्धता प्रचुर मात्रामा रहनु, पम्पिङ् प्रणालीबाट मात्र खानेपानी सुविधा पु¥याउन सकिने धेरैजसो ठाउँमा विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पु¥याउन सकिने प्रविधिको विकास हुनु, नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, शहरी क्षेत्रबाट निस्कने फोहोरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरु हुन्।

### ५.६.३ सोच
राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाइ

### ५.६.४ लक्ष्य
भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने।

### ५.६.५ उद्देश्य
१. आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको खानेपानी सुविधा ५० प्रतिशत घर परिवारमा पु¥याउनु।
२. आधारभूत सरसफाइ सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको सरसफाइ सुविधा ३० प्रतिशत पु¥याउनु।

### ५.६.६ रणनीति
- आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु निर्माण तथा सुविधा विस्तार गर्ने।
- शहर तथा शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने।
- खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने।
- ग्रामीण तथा शहरी खानेपानी आयोजनाहरुको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने।
- प्रदेशभित्रका शत प्रतिशत घरहरुमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने।
- शहरी, शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गर्ने।
- सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

### ५.६.७ विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

**तालिका ५.६.७.१ विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक**

| क्र.स. | सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | खानेपानीमा आधारभूत पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९३.७४ | ९६ | ९८ | १०० |
| २. | निजी धारा जडान संख्या | संख्या | ११६२२८ | १३६२२८ | १८६२२८ | २३६२२८ |
| ३. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | १८ | २२ | २६ | ३० |

### ५.६.८ कार्यक्रम/ आयोजना

प्रदेश अन्तर्गतका कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०८०/८१ मा संचालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००४००१ | खानेपानी तथा सरसफाइ कार्यक्रम | आधारभूत खानेपानीको उपलब्धता एक घर एक धारा कार्यक्रम | शुरु २०७५/७६ | ११२५०० | ३१५ ओटा आयोजनाहरू निर्माण भई खानेपानी सेवा उपलब्ध भएको हुने आयोजना सम्पन्न पश्चात् १,१५,५०० घरधुरी र ५७७५०० जनसंख्या लाभान्वित हुने।<br>प्रदेश सरकार बाट आगामी ३ वर्षमा थप १,१५,५०० घरधुरीमा निजी धारा जडान गरी कूल निजीधारा संख्या १४६२४० पुग्ने |
| ३४००४००१ | मर्मत संभार कार्यक्रम | निर्मित खानेपानी आयोजनाहरूको नियमित तथा आवधिक मर्मत संभार | निरन्तर | ४५० | सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको नियमित तथा आवधिक मर्मत संभार भएको हुने। |

संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/ आयोजना

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४०९११२८ | जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना | खानेपानी सेवाको उपलब्धता | शुरु २०७५/७६ | ८९९४ | १३५ ओटा आयोजनाहरू निर्माण भई खानेपानी सेवा उपलब्ध भएको हुने।<br>आयोजना सम्पन्न पश्चात् थप ४९५०० घरधुरी र २४७५०० जनसंख्या लाभान्वित। |
| ३४०९११२७ | खानेपानी तथा गुणस्तर सुधारकार्यक्रम | स्वच्छ तथा शुद्ध खानेपानी उपलब्धता | शुरु २०७५/७६ | ५० | आगामी ३ वर्षमा ३०% जनसंख्यामा स्वच्छ तथा शुद्ध खानेपानी उपलब्ध भएको हुने। |

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | हालसम्मको उपलब्धि | आगामी ३ वर्षको उपलब्धि सूचक | २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००४००१ | आधारभूत खानेपानीको उपलब्धता एकघर एक धारा कार्यक्रम | ९३.८% जनसंख्यामा आधारभूत खानेपानीको पहुंच पुगेको।<br>प्रदेश स्थापना भए पश्चात् हाल सम्म ११६२२८ घर धुरीमा धारा जडान भएको | आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या १००% पुऱ्याउने।<br>प्रदेश स्थापना भए पश्चात् थप १६५००० घरधुरीमा धारा जडान भएको हुने। | खानेपानी आयोजनाहरुको निर्माण |
| ३४००४००१ | विस्तृत सम्भाव्यता अध्ययन कार्यक्रम | विभिन्न आयोजनाहरुको डि.पि.आर तयारी भएको। | खानेपानी पहुँच नपुगेको स्थानहरुको सम्भाब्यता अध्ययन गर्ने | खानेपानी आयोजनाहरुको सम्भाब्यता अध्ययन |
| ३४००४००१ | मर्मत संभार कार्यक्रम | विभिन्न जिर्ण भएका आयोजनाहरुको मर्मत संभार गरिएको। | मर्मत संभार गर्नु पर्ने आयोजनाहरुको पहिचान गरी मर्मत कार्य सम्पन्न गर्ने | खानेपानी आयोजनाहरुको मर्मत संभार |

## ५.७ जलस्रोत तथा सिँचाइ

### ५.७.१ पृष्ठभूमि

गण्डकी प्रदेशको कुल भू-भागमध्ये २२.२ प्रतिशत अर्थात् ४८७८२३ हेक्टर भू-भाग खेती योग्य जसमध्ये ७६ % जमिनमा मात्र खेती गरिएको छ। खेती गरिएको कुल जमिनमध्ये ३६.१ % जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। सिँचित कृषियोग्य जमिन मध्ये ४६.१ % जमिनमा मात्र बाह्रै महिना सिँचाइ सेवा उपलब्ध भएको अवस्था छ। समग्रमा प्रदेश समृद्धिको लागि परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रीकरण र व्यावसायीकरण मार्फत उत्पादकत्व वृद्धि गरी दिगो कृषि अर्थतन्त्र निर्माण गर्न उपलब्ध सतह र भूमिगत पानीको सामन्जस्य रुपमा उपयोग गर्दै समयानुकूल नवीनतम प्रविधिको प्रयोग गरी सिँचाइ प्रणालीको विकास र विस्तार गर्नुपर्ने देखिन्छ।

चालु आर्थिक वर्षको हालसम्म प्रदेशभित्र खेती गरिएको जमिन मध्ये सिँचित क्षेत्रफल ३७.१८ प्रतिशत मात्र छ भने बाह्रै महिना सिँचाइ पुगेको कुल क्षेत्रफल करिब ६७००० हेक्टर रहेको छ। जलवायु परिवर्तन, भू-उपयोगमा आएको परिवर्तन र तीव्र गतिमा भएको भौतिक पूर्वाधार निर्माण सम्बन्धी गतिविधिहरु र प्रदेशभित्रका नदी, नालाहरुको उचित व्यवस्थापन हुन नसक्दा बाढी, पहिरो, डुबान, नदी कटान जस्ता जल उत्पन्न प्रकोपका घट्नाहरु बढ्न गई बस्ती, संरचना र सम्पदाहरुको जोखिम बढिरहेको छ। नदी नियन्त्रण, पहिरो नियन्त्रण तथा आपतकालीन बाढी तथा पहिरो पुनर्स्थापना कार्यक्रम अन्तर्गतका योजनाहरुको कार्यान्वयनबाट प्रदेश सरकार स्थापना भए देखि हालसम्म १०० कि.मि. तटबन्ध निर्माण भै बस्ती र भौतिक संरचनाहरु संरक्षित भएको, खेतीयोग्य जमिन कटान रोकथाम भएको अवस्था रहेको छ।

### ५.७.२ चुनौती र अवसर

सिँचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, दिगो सिँचाइको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहुनु, ठूला कमाण्ड क्षेत्र रहेका नवलपुर, मर्स्याङ्दी, मादी, कालिगण्डकी करिडोर र ठूला टारहरुमा आवश्यकता अनुसारको ठूला र बहुउद्देश्यीय सिँचाइ आयोजनाहरु विस्तार गर्न नसक्नु, परम्परागत कृषक कुलोहरुको आधुनिकीकरण तथा सुधार हुन नसक्नु, सिँचाइ सुविधा पुगेको भूमिमा खण्डीकरण तथा अव्यवस्थित शहरीकरण हुन गई पानीको अधिकतम प्रयोग नुहुनु तथा आवश्यकता रहेको ठाउँमा सिँचाइको व्यवस्था गर्न नसक्नु, थोरै पानीको प्रयोग गरी धेरै भू-भागमा सिँचाइ गर्न सकिने प्रविधिहरुको कम उपयोग हुनु, शहर बजार नजिकका नदी र नालाहरुबाट अनियिन्त्रित रुपमा नदीजन्य निर्माण सामग्री निकाल्ने प्रवृत्तिले गर्दा कुलोको बाँध भन्दा खोलाको बेड लेभल गहिरिँदै जाँदा सिँचाइ योजनाहरु जोखिममा पर्ने र भू-क्षय बढ्दै जानु, सडक पूर्वाधार निर्माणका क्रममा सिँचाइका संरचनाहरुमा भएको क्षतिको पुनर्स्थापना नहुनु, अन्य भौतिक पूर्वाधारहरुको तुलनामा सिँचाइ पूर्वाधार प्रति समुदायहरुको चासो कम रहनु, आदि सिँचाइ क्षेत्रका समस्याहरु हुन्।

प्रदेशका नवलपुर, मर्स्याङ्दी, मादी तथा कालिगण्डकी करिडोर र ठूला टारहरुमा दिगो सिँचाइको व्यवस्था गर्नु, उच्च हिमाली तथा पहाडी भू-भागहरुमा उपयुक्त प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउनु, सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरुको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्नु, सिँचाइ सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाई आयोजनाहरुको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनलाइ दिगो बनाउनु, सिँचाइ आयोजना विकास प्रति समुदायको चासो वृद्धि गर्नु, जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामग्रीको अव्यवस्थित दोहनको सिँचाइ क्षेत्रमा पारेको असरहरु पहिचान गरी असर न्यूनीकरण गर्नु आदि सिँचाइ क्षेत्रका चुनौतीहरु हुन्।

सिँचाइ क्षेत्र गण्डकी प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, प्रचुर मात्रामा पानीको स्रोतको उपलब्धता रहेको हुनाले सतह सिँचाइको माध्यमबाट नै धेरैजसो ठाउँमा सिँचाइ सुविधा पुऱ्याउन सकिने सम्भावना रहनु, सतह सिँचाइको सम्भावना नभएका पहाडी भू-भागका पाखो तथा टारहरुमा नयाँ प्रविधिको प्रयोग गरी सिँचाइको व्यवस्था गर्ने सम्भावना रहनु, ठूला व्यावसायिक कृषि फार्म तथा आयोजनाहरु विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिँचाइको सुविधाको माग बढ्दो क्रममा रहनु, विश्व बजारमा सिँचाइको लागि उपलब्ध पानीको दक्षतापूर्वक प्रयोग गर्न सहयोग पुऱ्याउने विभिन्न नयाँ प्रविधिहरुको विकास हुँदै जानुआदि यस क्षेत्रका अवसरहरु हुन्।

### ५.७.३ सोच

- सिँचाइ विकास मार्फत खाद्यान्न उत्पादन, उत्पादकत्व वृद्धि र व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक-सामाजिक विकास गर्नुका साथै जल उत्पन्न प्रकोपको व्यवस्थापन मार्फत मानवीय, भौतिक र सांस्कृतिक सम्पदाको संरक्षण।

### ५.७.४ लक्ष्य

- जल उत्पन्न प्रकोप व्यवस्थापन गर्दै सिँचाइ प्रणालीको विकास, विस्तार र व्यवस्थापन मार्फत कृषि उत्पादकत्व वृद्धि गर्ने।

### ५.७.५ उद्देश्य

१. सिँचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिँचाइ पूर्वाधारको सुधार तथा पुनःस्थापना गर्नु।
२. टार क्षेत्रमा सिचाइ सुविधाको विस्तार गर्नु।
३. भूमिगत जलस्रोतको विकास गर्नु।
४. सिँचाइ प्रणाली तथा नदी प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

### ५.७.६ रणनीति

- उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका ठूला कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाइ प्रणालीको विकास गर्ने।
- पहाडका टारहरुमा सिँचाइ सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने।
- सिँचाइ प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने।
- सिँचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने।
- सिँचाइ आयोजनाहरुको मुहान संरक्षण गर्ने।

### ५.७.७ विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

**तालिका ५.७.७.१ विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक**

| सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. बाह्रै महिना सिँचाइ सुविधा पुगेको क्षेत्रफल | हेक्टर | ६७००० | ६९००० | ७१५०० | ७३५०० |
| २. पक्की तटबन्ध निर्माण | कि.मि. | १०० | १२५ | १५० | १७५ |

## ५.७.८ आयोजना तथा कार्यक्रम

प्रदेश तर्फका आयोजना/कार्यक्रम

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००१००१<br>३४००३००१<br>३४००३००२<br>३४००३००३ | सिँचाइ कार्यक्रम (सिँचाइ योजना निर्माण, सिँचाइ प्रणालीको मर्मत सम्भार, भूमिगत सिँचाइ योजना) | बाह्रै महिना सिँचाइ सुविधा उपलब्धता र कृषि उत्पादनमा वृद्धि। | शुरु २०७५/७६ (सालबसाली) | ६५००० | सतह, लिफ्ट र भूमिगत सिँचाइ योजनाको कार्यान्वयन र मौजुदा सिँचाइ योजनाको सुदृढीकरण भै थप ५५०० हे. जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको हुने। |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | तटबन्ध तथा संरचना निर्माण मार्फत नदी कटान नियन्त्रण, पहिरो व्यवस्थापनबाट खेतीयोग्य जमिन र बस्तीको संरक्षण | शुरु २०७५/७६ (सालबसाली) | २२५०० | नदी तथा खोलामा करिब ५० कि.मि. नयाँ तटबन्ध निर्माण भएको हुने र करिब ६०० हे. जग्गा उकास हुने। |

संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/ आयोजना

| ब.उ.शी.नं. | कार्यक्रम/ योजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४०९११२६<br>३४०९११२३<br>३४०९११३१<br>३४०९११२५ | मझौला सिँचाइ आयोजना, मर्मत सम्भार आयोजना, एकीकृत उर्जा तथा सिँचाइ विशेष कार्यक्रम, भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना | बाह्रै महिना सिँचाइ सुविधा उपलब्धता र कृषि उत्पादनमा वृद्धि। | शुरु २०७५/७६ | २८५६० | सतह, लिफ्ट र भूमिगत सिँचाइ योजनाको कार्यान्वयन र मौजुदा सिँचाइ योजनाको सुदृढीकरण भै थप १००० हे. जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको हुने। |
| ३४०९११२२ | नदी नियन्त्रण | तटबन्ध तथा संरचना निर्माण मार्फत नदी कटान नियन्त्रण, पहिरो व्यवस्थापनबाट खेतीयोग्य जमिन र बस्तीको संरक्षण | शुरु २०७५/७६ | ७५०० | नदी तथा खोलामा करिब २५ कि.मि. नयाँ तटबन्ध निर्माण भएको हुने। |

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | हालसम्मको उपलब्धि | आगामी ३ वर्षको उपलब्धि सूचक | २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००१००१<br>३४००३००१<br>३४००३००२<br>३४००३००३ | सिँचाइ कार्यक्रम (सिँचाइ योजना निर्माण, सिँचाइ प्रणालीको मर्मत सम्भार, भूमिगत सिँचाइ योजना) | सतह, भूमिगत र लिफ्ट सिँचाइ योजनाहरुको निर्माण तथा कृषक कुलो स्तरोन्नति तथा मौजुदा सिँचाइ प्रणालीहरुको पुनर्स्थापना सुधारबाट प्रदेश सरकार स्थापना भए देखि हालसम्म ६७००० हेक्टर जमिनमा बाहै महिना भरपर्दो सिँचाइ सुविधा पुगेको। | सतह, लिफ्ट र भूमिगत सिँचाइ योजनाको कार्यान्वयन र मौजुदा सिँचाइ योजनाको सुदृढीकरण भै थप ६५०० हे. जमिनमा बाहै महिना सिँचाइ सुविधा पुगेको हुने। | सिँचाइ कार्यक्रम (सिँचाइ योजना निर्माण, सिँचाइ प्रणालीको मर्मत सम्भार, भूमिगत सिँचाइ योजना) मझौला सिँचाइ आयोजना, मर्मत सम्भार आयोजना, एकीकृत उर्जा तथा सिँचाइ विशेष कार्यक्रम, भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना |
| ३४०९११२६<br>३४०९११२३<br>३४०९११३१<br>३४०९११२५ | मझौला सिँचाइ आयोजना, मर्मत सम्भार आयोजना, एकीकृत उर्जा तथा सिँचाइ विशेष कार्यक्रम, भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना | | | |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | नदी नियन्त्रण | नदी नियन्त्रण, पहिरो नियन्त्रण तथा आपतकालीन बाढी तथा पहिरो पुनर्स्थापना कार्यक्रम अन्तर्गतका योजनाहरुको कार्यान्वयनबाट प्रदेश सरकार स्थापना भए देखि हालसम्म १०० कि.मि. तटबन्ध निर्माण भै बस्ती र भौतिक संरचनाहरु संरक्षित भएको, खेतीयोग्य जमिन कटान रोकथाम भएको। | नदी नियन्त्रण, पहिरो नियन्त्रण तथा आपतकालीन बाढी तथा पहिरो पुनर्स्थापना कार्यक्रम अन्तर्गतका योजनाहरुको कार्यान्वयनबाट थप ७५ कि.मि. तटबन्ध निर्माण भै बस्ती र भौतिक संरचनाहरु संरक्षित भएको हुने, खेतीयोग्य जमिन कटान रोकथाम भएको हुने। | नदी नियन्त्रण,<br>पहिरो व्यवस्थापन,<br>आपतकालीन तथा बाढी पहिरो पुनर्स्थापना कार्य |
| ३४०९११२२ | नदी नियन्त्रण | | | |

## ५.७.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

### तालिका ५.७.९.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | कुल | स्रोत रु. लाखमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | | प्रदेश सरकार | नेपाल सरकार समानीकरण अनुदान | नेपाल सरकार समपूरक अनुदान | नेपाल सरकार विशेष अनुदान | नेपाल सरकार सशर्त अनुदान |
| २०८०/८१ | ५२५०० | ३५४५ | ४८९५५ | ० | ५२५०० | २१७४३ | ११२१७ | ० | ५४०० | १९५४० |
| २०८१/८२ | ५७७५० | ३९०० | ५३८५१ | ० | ५७७५० | २३९१७ | १२३३९ | ० | ५९४० | २१४९४ |
| २०८२/८३ | ६३५२५ | ४२८९ | ५९२३६ | ० | ६३५२५ | २६३०९ | १३५७३ | ० | ६५३४ | २३६४३ |

## ५.७.१० त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

### तालिका ५.७.१०.१ त्रिवर्षीय खर्चको अनुमान तथा साङ्केतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को प्रक्षेपण | | | | २०८२/८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | | | | | |
| **प्रदेश तर्फका कार्यक्रम** | | | | | | | | | | | | | | | | | | | |
| ३४००१००१/ ३४००३००१/ ३४००३००२/ ३४००३००३ / ३४०११९२६ ३४०११९२३ ३४०११९३१ ३४०११९२५ | सिंचाइ योजना निर्माण, सिंचाइ प्रणालीको मर्मत सम्भार, भूमिगत सिंचाइ योजना मझौला सिंचाइ आयोजना, मर्मत सम्भार आयोजना, एकीकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम, भूमिगत स्यालो तथा डिप ट्युवेल सिंचाइ आयोजना | १२१०२ | | | १४५०० | ० | | | १५९५० | ० | | | १७५४५ | ० | ५ | P1 | २ | ३ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.नं. | | ३४००१००१/<br>३४००३००१/<br>३४००३००२/<br>३४०९११२२ | ३४००१००१/<br>३४००३००१/<br>३४००३००२<br>३४०९११२० | ३४००४००१ | ३४००४००१ | ३४००४००१ |
| कार्यक्रम/ | आयोजना | नदि नियन्त्रण/पहिरो व्यवस्थापन | उर्जा (बिद्युत विस्तार कार्यक्रम/ सौर्य उर्जा प्रविधि जडान कार्यक्रम) राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | खानेपानी तथा सरसफाई कार्यक्रम | एक घर एक धारा विशेष अनुदान | अधुरा आयोजन सम्पन्न गर्ने कार्यक्रम (बाग्लुंग, पर्वत, स्याङ्गजा, कास्की र म्याग्दी) बिशेष अनुदान |
| २०७९/८० को संसोधित अनुमान | | ९२६२ | १००० | १५०३५ | २७०० | ६०० |
| २०८०/८१ को विनियोजन | कुल | ५२५०० | | | | |
| | चालु | ३५४५ | | | | |
| | पुँजीगत | १०००० | १४०० | १४७०७.५ | ९०० | १००० |
| | वित्तीय व्यवस्था | | | | | |
| २०८१/८२ को प्रक्षेपण | कुल | ५७७५० | | | | |
| | चालु | ३९०० | | | | |
| | पुँजीगत | ११००० | १५४० | १९११९.७५ | १८०० | १००० |
| | वित्तीय व्यवस्था | | | | | |
| २०८२/८३ को प्रक्षेपण | कुल | ६३५२५ | | | | |
| | चालु | ४२८९ | | | | |
| | पुँजीगत | १२१०० | १६९४ | २४८५५.७ | १००० | ० |
| | वित्तीय व्यवस्था | | | | | |
| समृद्धिका संवाहक | | ५ | २ | ५ | ५ | ५ |
| प्राथमिकता क्रम | | P1 | P1 | P1 | P1 | P1 |
| दिगो विकास लक्ष्य सङ्केत | | ११ | ७ | ६ | ६ | ६ |
| लैङ्गिक सङ्केत | | ३ | ३ | ३ | ३ | ३ |
| जलवायु सङ्केत | | ३ | ३ | १ | १ | १ |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को विनियोजन | | | | २०८१/८२ को प्रक्षेपण | | | | २०८२/८३ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| **संघ सशर्त तर्फका खानेपानी कार्यक्रम** | | | | | | | | | | | | | | | | | | | |
| ३४०९११२८ | जलवायु अनुकुलित बृहत खानेपानी आयोजना (संघ शसर्त अनुदान) | ५८७३ | | | ३५७३ | | | | ४३४४.९ | | | | ३०३८ | | ५ | P1 | ६ | ३ | १ |
| ३४९११३२ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ० | | | १३३९ | | | | ० | | | | ० | | ५ | P1 | ६ | ३ | १ |
| ३४०९११२९ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम (संघ शसर्त अनुदान) | ५० | | | १० | | | | ५० | | | | ५० | | ५ | P1 | ६ | ३ | १ |

## ५.७.११ जोखिम तथा अनुमान

नेपाल सरकारबाट सशर्त अनुदानसहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। अर्थतन्त्रमा परेको असरले निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ६ः संवैधानिक निकाय तथा शासकीय व्यवस्था

## ६.१ प्रदेश सभा सचिवालय

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १७५ ले प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार प्रदेश व्यवस्थापिकाले संविधान र संघीय कानुनको अधीनमा रही विधि निर्माण गर्ने मुख्य जिम्मेवारी पाएको हुन्छ। समग्र प्रदेशका जनताको आवश्यकता र अपेक्षा पूरा गर्नको लागि लोकतान्त्रिक व्यवस्थाको पहिलो आधारको रुपमा रहेको जनप्रतिनिधिमार्फत कानुन निर्माण गर्ने प्रणालीलाई संस्थागत गर्नुका अतिरिक्त प्रदेश सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने र सदन तथा समिति मार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी पनि पूरा गर्नुपर्ने हुन्छ। प्रदेश सभालाई अध्ययन अनुसन्धान, व्यवस्थापकीय, प्रशासनिक लगायत सहयोग पुऱ्याउने र सुचारु रुपमा सञ्चालन गर्ने जिम्मेवारी प्रदेश सभा सचिवालयको रहेको छ।

### ६.१.२ चुनौती र अवसर

संसदीय गतिविधि सञ्चालन गर्न अवश्यक पर्ने न्युनतम सुविधा सहितको भवन नहुनु, समिति र सचिवालयका लागि पर्याप्त पूर्वाधार नहुनु, विधि निर्माण प्रक्रिया र संसदीय निगरानीलाई अनुसन्धानमुखी बनाउन नसकिनु, संसदलाई पूर्ण रुपमा विधायिकी कार्यमा केन्द्रित गराउन नसकिनु, संसदीय गतिविधिहरुमा सूचना प्रविधिको पर्याप्त प्रयोग तथा उपयोग हुन नसक्नु, क्षमतावान् जनशक्तिलाई प्रदेश सभा सचिवालयमा आकर्षित गर्न नसक्नु जस्ता चुनौती रहेका छन् भने यी चुनौतीका बावजुद जनताको नजिकको सरकारको रुपमा रही कानुन निर्माण र निगरानी गरी जनतामा सुशासनको प्रत्याभूति गराउने अवसर रहेको छ।

### ६.१.३ सोच

जनमुखी, स्वच्छ, पारदर्शी र क्रियाशील प्रदेश सभा

### ६.१.४ उद्देश्य

१. संविधान र संघीय कानुनको मार्गदर्शन अनुसार प्रदेशको आवश्यकता तथा जनसरोकारसँग सम्बन्धित विषयमा कानुन निर्माण गर्न सहयोग गर्ने।
२. प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, सुरक्षा, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
३. प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने।
४. संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।

### ६.१.५ रणनीति

- कानुन निर्माणको क्रममा व्यापक छलफल तथा अन्तर्क्रिया मार्फत जनताका वास्तविक आवश्यकता र अपेक्षा संकलन गरी उत्कृष्ट कानुन निर्माण गर्ने।
- प्रदेश सभा सदस्य र नागरिक बीचको सम्बन्धलाई सुमधुर बनाउन तथा नागरिक सहभागितालाई सुनिश्चित गर्न "जनतासँग प्रदेशसभा कार्यक्रम" लगायतका क्रियाकलाप सञ्चालन गर्ने।
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउन "ई-लेजिस्लेटिभ सफ्टवयर" तयार गरी कार्यान्वयन गर्ने।
- विभिन्न संघसंस्थासँगको सहकार्यमार्फत संसदीय अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी बनाउने।
- प्रदेश सभा सदस्य तथा सचिवालयका कर्मचारीलाई संसदीय विधि तथा पद्धतिको बारेमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।
- प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने तथा आवश्यक वार्षिक बजेट निर्धारण गर्ने,
- प्रदेश सभाको कामकारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश सभा हल निर्माण गर्ने,
- दिगो विकासले लिएका लक्ष्य, समावेशिता, सहभागिता, पारदर्शिता, जवाफदेहिता लगायतका विषयमा ध्यान दिई प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको कामकारवाही चुस्त, प्रभावकारी र सुशासनयुक्त बनाई प्रदेश सभाको सुदृढीकरण गरिने।

### ६.१.६ विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

**तालिका ६.१.६.१ शासकीय सुधार क्षेत्रको नतिजा सूचक तथा लक्ष्य**

| सूचक | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कानुन निर्माण | संख्या | ५९ | ६६ | १० | १० | १० |

## ६.१.७ कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीतिक नं. | शुरु हुने र सम्पन्न हुने मिति | कुल लागत (रु. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरु | प्रमुख प्रतिफलहरु | गत आ.व.को प्रगति |
|---|---|---|---|---|---|---|---|
| २०२०००१२३/४ | प्रदेश सभा सचिवालय | | सालबसाली | २००० | प्रदेश सभाका काम,कारवाहीको अभिलेखीकरण (भर्वेटिभ) | प्रदेश सभाको बैठकका गतिविधिको व्यवस्थित अभिलेखीकरण भएको हुने | पहिलो कार्यकालको पाँचौ अधिवेशन सम्मको भर्वेटिभ कार्य सम्पन्न भएको |
| | | | सालबसाली | ६५० | प्रदेश सभा सदस्य र कर्मचारीहरुको क्षमता अभिवृद्धि | प्रदेश सभाको विधायिकी कार्य र व्यवस्थापकीय कार्यमा प्रभावकारिता अभिवृद्धि भएको हुने | सार्वजनिक समितिका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको |
| | | | सालबसाली | ३३६० | संसदीय समितिको सरोकारवालाहरुसँग अन्तरक्रिया एवम् कार्यक्रम अनुगमन मूल्याङ्कन | कानुन निर्माण एवम् संसदीय कामकारवाही वस्तुनिष्ठ हुने, प्रदेश सरकारका कार्यक्रम उपर निगरानी भई जवाफदेहिता तथा प्रभावकारिता वृद्धि हुने | |
| | | | सालबसाली | २००० | प्रदेश सभाका पदाधिकारी र कर्मचारीहरुको अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रम | अन्य प्रदेशहरुमा भएका असल अभ्यासहरुको जानकारी प्राप्त भई विधायिकी र व्यवस्थापकीय कार्यको प्रभावकारिता अभिवृद्धि भएको हुने | प्रदेश सभाका पदाधिकारी र कर्मचारीको अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन भएको । |

# ६.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान र साङ्केतीकरण

रकम रु. हजारमा

| क्र. सं. | ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | आ.व. २०८०/८१ को विनियोजन | | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | | आ.व. २०८२/८३ को प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| १ | २०२०००१३ | प्रदेश सभा (सभामुख/ उपसभामुख) | ५८८३ | ५८८३ | ० | ० | ६००० | ६००० | ० | ० | ६५०० | ६५०० | ० | ० | ७.११.५ | P2 | १६ | ३ | ३ |
| २ | २०२०००११३ | प्रदेश सभा (प्रदेश सभा सदस्यहरु) | ८२३६८ | ८२३६८ | ० | ० | ८४००० | ८४००० | ० | ० | ८६००० | ८६००० | ० | ० | ७.११.५ | P2 | १६ | ३ | ३ |
| ३ | २०२०००१२३/४ | प्रदेश सभा सचिवालय | १२१६५२ | ६१६५२ | ६०००० | ० | १०५००० | ६५००० | ४०००० | ० | ८८००० | ६८००० | २०००० | ० | ७.११.५ | P2 | १६ | ३ | ३ |
| | | जम्मा | २०९९०३ | १४९९०३ | ६०००० | ० | १९५००० | १५५००० | ४०००० | ० | १८०५०० | १६०५०० | २०००० | | | | | | |

### ६.१.९ जोखिम तथा अनुमान

संसदीय गतिविधिका लागि पर्याप्त भौतिक पूर्वाधार, संसदीय अध्ययन र निगरानीका कार्यक्रम निष्पक्ष नभई परिस्थितिमा आधारित हुनु, आधुनिक सूचना प्रविधिको उपयोग, पर्याप्त अध्ययन अनुसन्धान, विद्यायिकी प्रक्रियालाई निश्चित समय तालिकामा आबद्ध गर्ने जस्ता कार्य हुन नसकेमा तोकिएका उद्देश्य नहुने जोखिम रहन्छ।

## ६.२ मुख्य न्यायाधिवक्ताको कार्यालय

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ताको व्यवस्था गरेको छ। मुख्यन्यायाधिवक्ताको काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने संवैधानिक व्यवस्था छ जसमा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजानिक महत्व वा सार्वजनिक सरोकारको मुद्धामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने र प्रदेश सरकार वा प्रदेश सरकारको कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने मुख्य काम कर्तव्य तोकिएको छ। न्याय प्रणालीको प्रस्थान बिन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम् प्रणालीबद्ध बनाई न्याय सम्पादन र व्यवस्थापनमा प्रभावकारिता कायम गर्न आवश्यक छ। संविधानले गरेको व्यवस्था र मर्म अनुरुप कानुन निर्माण गरी न्यायमा सबैको सरल र सहज पहुँच स्थापित गर्न न्यायपालिकालाई आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध छ। यसैमा अडिग भई आगामी ३ वर्षमा यस कार्यालयले आफ्नो कार्य क्षेत्रमा सञ्चालन गर्ने प्रतिफलमुखी कार्यक्रम तथा आयोजनालाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरेको छ। संविधान तथा कानुनले निर्दिष्ट गरेको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न कानुनको शासन स्थापना गरी संस्थागत सुदृढीकरण गर्न तथा व्यावसायिकता विकासमा केन्द्रित हुनका लागि प्रतिफलमुखी कार्यक्रमहरु अगाडि बढाइएको छ। मध्यमकालीन खर्च संरचनाले प्रथामिकतामा राखेका त्रिवर्षीय कार्यक्रमहरुलाई मध्यनजर गर्दै यस कार्यालयले आफ्नो कार्य क्षेत्रमा आगामी आर्थिक वर्षमा सञ्चालन गर्ने नतिजामुलक वार्षिक कार्यक्रमहरु तयार गरेको छ।

### ६.२.२. चुनौती र अवसर

प्रदेश सरकारको तर्फबाट मुद्धाको अनुसन्धान र अभियोजन गर्ने विषय स्पष्ट नहुनु, प्रदेशले कानुन बनाउने भए तापनि दण्ड सजायको व्यवस्था गर्न सक्ने नसक्ने भन्ने विषय स्पष्ट नहुनु, कानुन पालना गर्ने संस्कृतिको पर्याप्त विकास नहुनु, न्यायमा सबैको सरल सहज र मितव्ययी पहुँच कम हुनु, मुद्धा फछ्र्यौटको अवस्था कमजोर हुनु, पर्याप्त स्रोतसाधन र जनशक्तिको क्षमता विकास हुन नसक्नु , संविधानमा व्यवस्था भए बमोजिम प्रदेशस्तरमा स्थापना हुनुपर्ने भौतिक तथा कानुनी संरचनाहरु जस्तै प्रदेश कारागार प्रदेश प्रोवेशन तथा प्यारोल समिति बनिनसकेको अवस्थामा कार्य सम्पादनमा कठिनाइ हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन।

प्रदेशले निर्माण गर्नुपर्ने सबै कानुन तर्जुमा गर्नु, स्थानीय तहमा कानुन तर्जुमा गर्न सहजीकरण गर्नु, अन्तरतह समन्वय र सहकार्य गर्नु, स्थानीय न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनु, निःशुल्क कानुनी सहायता सेवा उपलब्ध गराउनु, फौजदारी तथा देवानी कानुन पालनका लागि सबै तह र निकायमा पर्याप्त नागरिक शिक्षा सचेतना र दक्षता अभिवृद्धि गर्नु, परम्परागत अनुसन्धान प्रक्रियालाई वस्तुगत र वैज्ञानिक बनाउनु, पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्न नागरिकलाई कर्तव्य र अधिकार दुवै पक्षप्रति जानकार र जिम्मेवार बनाउनु जस्ता विषय गण्डकी प्रदेशमा न्यायिक क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन्।

संविधानको अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारलाई सूचीकरण गरी राज्यशक्तिको बाँडफाँट गरिएकोले तीनै तहलाई आ-आफ्नो क्षेत्रमा कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्राप्त हुनु, न्यायप्रणाली सूचना प्रविधिमैत्री हुँदै जानु, स्थानीय न्यायिक समितिको व्यवस्था हुनु आदि अवसरका रुपमा रहेका छन्।

### ६.२.३. सोच

निष्पक्ष र पारदर्शी न्यायप्रणालीको विकास

### ६.२.४. उद्देश्य

१. न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनु।
२. प्रदेशको एकल अधिकार सूचीभित्रका विषयमा कानुन निर्माण गर्नु।
३. व्यावसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकार प्रतिको जनविश्वास बढाउनु।

### ६.२.५. रणनीति

- न्यायिक प्रक्रियालाई पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन सहयोग गर्ने।
- प्रदेशले निर्माण गर्नुपर्ने कानुन सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने।
- प्रदेशको साझा अधिकार सूचीका हकमा संघीय कानुन प्रतिकुल नहुने गरी प्रदेश कानुन निर्माण गर्ने।
- फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।
- मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने।
- हिरासत तथा थुनुवा कक्ष एवम् कारागारको अनुगमन र निरिक्षण गर्ने।
- प्रदेश सरकार र यस मातहतका निकायबाट माग भए अनुसार व्यावसायिक कानुनी राय प्रदान गर्ने।
- ऐन नियम र कार्यविधि बनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने।

### ६.२.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ६.२.६.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान रु. लाखमा | | | | स्रोत रु. लाखमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नेपाल सरकार अनुदान | | | | |
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | समानीकरण | समपूरक | विशेष | वैदेशिक विकास/ साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०८०/८१ | १६० | १४० | २० | - | | १६० | - | - | - | - | - |
| २०८१/८२ | १९० | १७० | २० | - | | १९० | - | - | - | - | - |
| २०८२/८३ | २२० | २०० | २० | - | | २२० | - | - | - | - | - |

### ६.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | शुरु हुने र सम्पन्न हुने मिति | कुल लागत रु. लाखमा | वार्षिक बजेट रु. लाखमा | प्रमुख क्रियाकलापहरु | प्रमुख प्रतिफलहरु | गत आ.व.को प्रगति |
|---|---|---|---|---|---|---|---|
| २१३०००११३ | कारागार, हिरासत तथा बाल सुधार गृह अनुगमन | सालबसाली | १.५ | १.५ | अनुगमन | मुख्य मन्त्री तथा महान्यायधिवक्तालाई प्रतिवेदन पेश गरी देखिएका समस्यालाई समाधान गर्न पहल गरिएको | म्याग्दी मुस्ताङ पर्वत र स्याङजा कारागार अनुगमन गरिएको |
| | बहस पैरवी लगायत प्रदेश सरकार एवम् मातहत निकाएको विभिन्न अदालतमा प्रतिनिधित्व सर्बोच्च अदालत, उच्च अदालत पोखरा बाग्लुङ, प्रशासकीय अदालत, जिल्ला अदालत लगायतका विभिन्न अदालतमा | सालबसाली | ७ | ७ | बहस पैरवी | प्रदेश सरकारलाई विपक्षी बनाइएका मुद्धाको प्रतिरक्षा गरिएको | |
| | अन्तर प्रदेश भ्रमण | सालबसाली | १ | १ | - | - | - |
| | कारागार/सरकारी वकिल कार्यालय / अदालत/जिल्ला तथा बारसँग समन्वय कार्यक्रम | सालबसाली | १.५ | १.५ | | कास्की जिल्लामा कार्यरत कानुन व्यवसायीसँग अन्तरक्रिया गरिएको | |

### ६.२.८ जोखिम तथा अनुमान

मुद्धाको अनुसन्धान र अभियोजन गर्ने विषयको अस्पष्टता, दण्ड सजाय सम्बन्धी स्पष्ट व्याख्याको अभाव, न्यायमा सबैको सरल र सहज पहुँचको अभाव जस्ता जोखिमहरु यस क्षेत्रमा देखिएका छन् । सो विपयलाई समयमै सम्बोधन भएको खण्डमा उल्लेखित कार्यक्रमहरुबाट स्पष्ट नतिजा प्राप्त हुने देखिन्छ।

## ६.३ प्रदेश लोक सेवा आयोग

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरेको संघीयताको मर्म अनुसार संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था अनुसार गण्डकी प्रदेश सभाले बनाएको गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार मिति २०७७/१२/११ गते आयोग गठन भई कार्य प्रारम्भ गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोग कटिबद्ध रहेको छ। आयोगबाट सञ्चालन हुने आगामी तीन वर्षको योजना तथा कार्यक्रमको खाका यस दस्तावेजमा समेटिएको छ।

### ६.३.२ चुनौती र अवसर

कर्मचारी पदपूर्तिका लागि आवश्यक कानुनहरु समयमै निर्माण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव हुनु, कर्मचारीको क्षमता अभिवृद्धि गर्नु, सूचना प्रविधिको सुदृढीकरण र उपयोग गर्नु तथा निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाई अनुसन्धनात्मक एवम् प्रवर्द्धनात्मक कार्यमा जोड दिनु आयोगका प्रमुख चुनौती रहेका छन्।

संविधानतः प्राप्त जिम्मेवारीको उचित प्रयोग गर्दै स्थापनाकालको छोटो समयमै प्रदेश र स्थानीय तहका विभिन्न पदका पदपूर्तिको परीक्षा सञ्चालन गर्नु, संघीय र अन्य प्रदेश लोक सेवाहरुसँग असल अभ्यास आदान प्रदान गर्नु र निरन्तररुपमा प्रदेश तथा स्थानीय तहबाट सल्लाह सुझाव प्राप्त हुनु आयोगका अवसरहरु रहेका छन्।

### ६.३.३ सोच

प्रदेश निजामती सेवा ,प्रदेश अन्य सरकारी सेवा ,प्रदेश संगठित संस्थाको सेवा ,स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गर्ने कार्यमा स्वच्छता, निष्पक्षता तथा पारदर्शिता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्ने।

## ६.३.४ लक्ष्य तथा उद्देश्य

१. प्रदेश तथा स्थानीय तहमा स्वच्छ, निष्पक्ष तथा पारदर्शी ढङ्गबाट उपयुक्त उम्मेदवार छनौट गर्नु।
२. समयसापेक्ष पाठ्यक्रम तथा परीक्षण प्रविधिमा नवीनतम सुधार गर्नु।
३. सेवारत कर्मचारीहरुको सुरक्षाको लागि अभिभावकत्व भूमिका निर्वाह गर्नु।

## ६.३.५ रणनीति

- कार्यालयको लागि आवश्यक भौतिक संरचना निर्माण तथा जनशक्ति पदपूर्ति गर्ने।
- स्वच्छताको सिद्धान्तमा आधारित भई कार्यहरु सम्पादन गर्ने।
- निष्पक्षताको सिद्धान्तमा आधारित भई निर्णय लिने।
- समान अवसरको सिद्धान्तमा आधारित भई परीक्षा सञ्चालन गराउने।
- सूचना प्रविधिमा आधारित भई कार्यहरु सम्पादन गर्ने।

## ६.३.६ विषय क्षेत्रगत नतिजा सूचक

### तालिका ६.३.६.१ विषय क्षेत्रगत नतिजा सूचक

| सूचक | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| भवन निर्माण | संख्या | ० | ० | ० | १ | १ |
| नियमावली, निर्देशिका र मापदण्ड | संख्या | ७ | ५ | ३ | ३ | ३ |
| पाठ्यक्रम निर्माण तथा परिमार्जन | संख्या | ५६ | ५४ | २० | २० | ३० |
| कर्मचारी क्षमता अभिवृद्धि तालिम | संख्या | १ | १ | २ | २ | २ |

## ६.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

### तालिका ६.३.७.१ विषय क्षेत्रगत विनियोजन तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण (रु. लाखमा) | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार-समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | नेपाल सरकार-सशर्त अनुदान | वैदेशिक सहयोग | आन्तरिक ऋण |
| २०८०/८१ | १३६० | १११८ | २४२ | | १३६० | १३६० | - | - | - | - | - | - |
| २०८१/८२ | १८५१ | ११५१ | ७०० | | १८५१ | १८५१ | - | - | - | - | - | - |
| २०८२/८३ | २०१० | १२१० | ८०० | | २०१० | २०१० | - | - | - | - | - | - |

## ६.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको व.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजासहितको विवरण संक्षिप्त रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| व.उ.शी.नं. | कार्यक्रम तथा आयोजना | विशेष क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | अवधि | लागत | अपेक्षित नतिजा | हाल सम्मको प्रगति | आगामी तीन वर्षको उपलब्धि | २०८०/८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| २१०००१४ | भवन निर्माण | | आयोगको भौतिक संरचना निर्माण गरी संस्थागत सुदृढीकरण गर्ने | ३ वर्ष | १५०० | आयोगको आफ्नै भवनबाट कार्यसम्पादन भई संस्थागत सुदृढीकरण भएको हुनेछ। | - | प्रदेश सरकारबाट जग्गा व्यवस्थापन भएमा आयोगको प्रशासनिक भवन निर्माण भएको हुने | आयोगको प्रशासनिक भवन निर्माणको लागि प्रदेश सरकारबाट जग्गा व्यवस्थापन भएको हुने |
| २१०००१३ | नियम कानुन तर्जुमा | | आयोगको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक कानुनी संरचना तयार गर्ने | सालबसाली | १० | आयोगको कार्यसम्पादनका लागि आवश्यक नियम कानुन तर्जुमा गरी कानुनी संरचना तयार भएको हुनेछ। | १२ वटा विभिन्न निर्देशिका कार्यविधि मापदण्ड तर्जुमा गरिएको | आवश्यक नियम, निर्देशिका, कार्यविधि मापदण्ड तर्जुमा हुने। | आयोगको नियमावली जारी हुने। |
| २१०००१३ | पाठ्यक्रम निर्माण तथा परिमार्जन | | समयसापेक्ष पाठ्यक्रम तथा परीक्षण प्रविधिमा नवीनतम सुधार गर्ने | सालबसाली | १५ | समयसापेक्ष पाठ्यक्रम तथा परीक्षण प्रविधिमा नवीनतम सुधार हुनेछ। | ८४ वटा विभिन्न पदहरुको पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिएको। | परीक्षा सञ्चालन हुने पदहरुको लागि आवश्यक पाठ्यक्रम निर्माण तथा परिमार्जन हुने | नवौं तहका प्राविधिक तथा अप्राविधिक पदहरुको पाठ्यक्रम निर्माण हुने तथा अन्य तहहरुको पाठ्यक्रम समयसापेक्ष परिमार्जन हुने। |
| २१०००१३ | स्वीकृत वार्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन देखि सिफारिस सम्मका कार्यहरु | | प्रदेश तथा स्थानीय तहमा स्वच्छ, निष्पक्ष तथा पारदर्शी ढङ्गबाट उपयुक्त उम्मेदवार छनौट गर्ने | सालबसाली | ८०० | स्वीकृत वार्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन देखि सिफारिस सम्मका कार्यहरु भएको हुनेछ। | उपलब्ध स्रोत साधनको परिचालन गरी ९५ पदसंख्यामा १३९९ जनालाई सिफारिस गरिएको। | प्रदेश र स्थानीय तहबाट माग भए बमोजिमका जनशक्ति पदपूर्ति हुने। | प्रदेश र स्थानीयतर्फ विभिन्न सेवा समूहको परीक्षा सञ्चालन भएको हुने। |

### ६.३.९ जोखिम तथा अनुमान

भौतिक स्रोत साधनको उचित व्यवस्थापन तथा आवश्यक नीति तथा कानुनी व्यवस्था र आयोगका परीक्षा समयमै सञ्चालन हुन नसकेमा आयोगले लिएको उद्देश्य पूरा हुन कठिन देखिन्छ।

## ६.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ६.४. १ पृष्ठभूमि

नेपालको संविधान अनुसार वि.सं. २०७४ मा गण्डकी प्रदेश सरकार गठन भएको हो। संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रुपमा रहेकोले राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्वपूर्ण निर्णय लिने, निर्देशन दिने, समन्वय एवम् नियन्त्रण गर्ने कार्यालयका रुपमा रहेको छ। संविधान प्रदत्त नागरिकले प्राप्त गर्न सक्ने अवसर, राज्यले प्रदान गर्ने सेवा, सुविधा र सुरक्षा, शासकीय व्यवस्था सञ्चालन एवम् व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारको हो। सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सुशासन कायम गर्ने गराउने कार्यमा प्रदेश सरकारको सञ्चालन, प्रभावकारिता र सुशासनका लागि राष्ट्रसेवक कर्मचारीको आचारसंहिता, जनगुनासो व्यवस्थापन, भ्रष्टाचार विरुद्धको कार्ययोजना, संघीय संरचना अनुरुप कर्मचारी व्यवस्थापन, विवरण अद्यावधिक र प्रशिक्षणको माध्यमबाट दक्षता अभिवृद्धि गरी सुशासन कायम गर्ने गराउने, प्रदेश नीति तथा कानुन तर्जुमाको संयोजन, कार्यान्वयन र अनुगमन गर्ने कार्य प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्दै आएको छ।

"समृद्ध प्रदेशः सुखी नागरिक" गन्तव्य प्राप्तिका लागि गण्डकी प्रदेशभित्र पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासनका सात मुख्य सम्वाहक (Seven key Drivers of Prosperity) पहिचान गरिएका छन्। यस सम्वाहकको कुशल व्यवस्थापनका लागि प्रदेशका सोच तथा दृष्टिकोणहरू, नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य र प्रदेशवासीको विकास चाहना तथा राजनीतिक दलहरूको विकास प्रतिबद्धता र प्रदेश सभाको चाहनासँग तादात्म्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१-२०८२/८३) तर्जुमा गरिएको छ। उल्लेखित दस्तावेजका सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकारका घोषणा, प्राथमिकता एवम् नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधारमा सरकारको प्राथमिकता तथा विकास कार्यक्रम र प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका संलग्न कार्यसूची अनुसारका कार्यक्रम यस दस्तावेजमा समेटिएको छ।

### ६.४. २ चुनौती र अवसर

सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनको सुनिश्चितता गरी समन्वयात्मक ढङ्गले नागरिकहरुमा सेवा सुविधा पुऱ्याउन तथा सुशासनको अनुभूति दिलाउन पारदर्शिता, जवाफदेहिता, सहभागिता, सदाचारिता र उत्प्रेरणा, सार्वजनिक सेवा प्रवाह तथा कार्यसम्पादनमा संलग्न पदाधिकारी तथा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुमा देशप्रति समर्पण र जनताप्रतिको सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरुप प्रदेश सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्न र प्रभावकारी प्रदेश सरकारको अनुभूति सुनिश्चित गर्ने मुख्य चुनौती देखिएको छ।

प्रदेशमा कार्यरत जनशक्तिमा रहेको दक्षता एवम् पेशागत विज्ञताको पूर्ण उपयोग गर्नु, नतिजामूलक र सहभागितामूलक अनुगमन र मूल्याङ्कनमा जोड दिनु, प्रदेशका आवश्यकता अनुसार योजनाको प्राथमिकीकरण, नवीनतम प्रविधि र सोचको उपलब्धता हुनु, तीनै तहका सरकारबीच समन्वय र सहकार्यको कार्य संस्कृति विकास हुँदै जानु अवसरहरु रहेका छन्।

### ६.४. ३ सोच

गण्डकी प्रदेशको शासकीय व्यवस्थालाई सक्षम, चुस्त, जवाफदेही तथा पारदर्शी बनाई संघीय शासन प्रणालीको लाभ नागरिक सामु वितरण गरी विश्वास र वैधता हासिल गर्नु।

### ६.४.४ उद्देश्य

- प्रदेशको मौजुदा संगठन र संरचनालाई सानो, चुस्त र नतिजामूलक संरचनामा रुपान्तरण गरी जवाफदेही तथा नागरिकमैत्री शासन लागु गरिने।
- प्रदेश समन्वय परिषद्जस्ता संयन्त्रलाई क्रियाशील बनाई प्रदेश र स्थानीय तहका साझा समस्या र चुनौतीहरु पहिचान गर्दै कानुन तर्जुमा, साझा अधिकारका सूची, साझा सवालमा समन्वय र सहकार्य गरिने।
- डिजिटल गण्डकी प्रदेशको अवधारणा अनुरुप प्रदेश गौरवका रुपमा रहेको विद्युतीय सुशासन गुरुयोजनाको कार्यान्वयन गरिने।
- भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता नीति अवलम्बन गरी भ्रष्टाचार विरुद्धको राष्ट्रिय प्रतिबद्धता र कानुन अनुरुप पदाधिकारी र कर्मचारीमा सदाचारिता, इमान्दारिता प्रवर्द्धन गरिने।
- चालु खर्च कटौती गर्ने र पुँजीगत खर्च बढाउने विषयलाई प्राथमिकताका साथ निरन्तरता दिइने।
- प्रदेशको शान्ति सुरक्षा एवम् सुव्यवस्था प्रभावकारी बनाउनको लागि गण्डकी प्रदेशको सुरक्षा नीति तथा कार्यक्रम लागु गरिने।
- लागुऔषध दुर्व्यसन तथा ओसारपसार, मानव बेचबिखन, महिला तथा घरेलु हिंसा, जातीय

भेदभाव तथा छुवाछुत र आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्यूनीकरण तथा नियन्त्रणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने।

- प्रदेश विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी खोज, उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाइनेछ। विपद्को समयमा तत्काल खोज, उद्धार तथा राहतको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिने।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको पूर्व तयारीको लागि विपद् जोखिमका क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी विपद् पूर्वसूचना प्रणालीको स्थापना र विकास गरिने।

## ६.४. ५ रणनीतिहरु

- कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने।
- विकास योजनाहरु अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्याहरु तत्काल समाधान गर्ने।
- प्रदेशमा कार्यरत कर्मचारीहरुको अभिलेख प्रणाली स्थापना गरिने।
- नागरिकहरुको गुनासो समयमै सम्बोधन गरी हेलो मुख्यमन्त्री कार्यक्रम लागु गरिने।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेष कक्ष (Action Room) स्तरोन्नति गर्ने।
- स्थानीय तहमा प्राविधिक स्वयंसेवक परिचालन गरिने।
- प्रदेश कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन सूचकका आधारमा नमुना कार्यालय छनौट गरी उत्कृष्ट कार्यालयलाई पुरस्कृत गरिने।
- प्रदेशस्तरका कार्यालयको क्षमता विकास र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा जोड दिइने।
- प्रदेश प्रहरीको लागि आवश्यक पूर्वाधार निर्माण, आधुनिकीकरण र व्यावसायीकरण गरी अपराध नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाइने।
- नेपाल सरकारसँगको सहकार्य एवम् समन्वयमा कारागार, हिरासत र बालसुधार गृहको सुदृढीकरण गरिने।
- वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली लागु गरी योजना र कार्यक्रमको कार्यान्वयनमा तादत्म्यता मिलाइने।
- प्रदेश अन्तर्गत सञ्चालित नीति तथा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरिने।
- विवधतायुक्त प्रदेशको विशेषता र यसका सबल पक्षहरुबारे जनतासामु पुर्याई शान्ति अमनचयन, राष्ट्रिय एकता प्रवर्द्धनका क्रियाकलापहरु तय गरी कार्यान्वयनमा ल्याउने।
- प्रभावकारी तथा चुस्त प्रशासन संयन्त्र निर्माण, नागरिकमैत्री सेवाप्रवाह तथा वित्तीय सुशासन जोखिम न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्ने।
- नेपाल सरकार तथा स्थानीय तहहरुसँग समन्वय गरी क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्ने।

- विपद् तथा जोखिम व्यवस्थापनलाई शीघ्र रुपमा सम्बोधन गर्ने।
- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्ने।
- प्रदेशका कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी चुस्त प्रशासनिक संयन्त्र विकास गर्ने।
- दिगो विकास लक्ष्यको आन्तरिकीकरण अवस्थाको प्रगति अनुगमन तथा मूल्याङ्कन गर्ने।
- प्रदेशमा लगानीका अवसरहरु सिर्जना गरी नागरिकहरुका लागि रोजगारी तथा जीविकोपार्जनमा अवसरहरु सिर्जना गर्न जोड गर्ने।
- उपलब्ध स्रोत साधनको समुचित उपयोग गर्दै भ्रष्टाचार न्यूनीकरणमा जोड दिने।
- प्रदेश सरकारका कानुनी, नीतिगत, संरचनागत र प्रक्रियागत रूपमा सबलीकरण गर्ने।

### ६.४.६ विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

सुशासन र लोकतन्त्र विषयक्षेत्र अन्तर्गत प्रदेश रहेको कानुन, सुशान्ति, शासकीय सुधार, प्रशासनिक तथा वित्तीय सुशासन र भ्रष्टाचार निवारण विषय उपक्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६.४.६.१ शासकीय सुधार क्षेत्रको नतिजा सूचक तथा लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| प्रदेश तथा स्थानीय निजामती सेवा सम्बन्धी कानुन निर्माण | संख्या | २ | ४ | १ | - | - |
| विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने कार्यालय | प्रतिशत | ३२ | ४० | ७० | ११० | १२० |
| सुझाव पेटिका र नागरिक बडापत्र राख्ने कार्यालय | प्रतिशत | १६० | १६२ | १४ | - | - |
| संगठन तथा व्यवस्थापन परीक्षण तथा नमुना कार्यालय छनौट | संख्या | १३ | १३ | १३ | १३ | १३ |
| प्रदेश सरकारका कर्मचारीका लागि क्षमता विकास सम्बन्धी तालिम | पटक | १५ | १२० | १२० | १२० | १२० |
| स्थानीय सरकारका कर्मचारीका लागि क्षमता विकास सम्बन्धी तालिम | पटक | ५० | २५० | २५० | २५० | २५० |
| आन्तरिक पर्यटक प्रवर्द्धन कार्यक्रम | संख्या | ६६० | ७०० | ५०० | - | - |
| सबै कर्मचारीहरुको कार्य विवरण तयार भएको | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| नवप्रवर्तन साझेदारी कोष (संघीय सशर्त) | संख्या | १० | ३ | ० | ० | ० |
| मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम | संख्या | - | ५ | १० | १५ | १५ |
| प्रदेशको आय र व्यय निरन्तर प्रकाशन | संख्या | - | १ | १ | १ | १ |
| प्रदेश मन्त्रालयको जिल्लास्थित सेवा प्रवाहको सार्वजनिक सुनुवाइ | संख्या | ६ | ६ | १० | १० | १० |
| प्रदेश मन्त्रालयहरूको लैससास परीक्षण (GESI Audit) | | ३ | ३ | ७ | ७ | ७ |

**तालिका ६.४.६.२ आन्तरिक मामिला क्षेत्रको नतिजा सूचक तथा लक्ष्य**

| सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| प्रहरी चौकी निर्माण एवम् स्तरोन्नति | संख्या | १६ | १६ | ३ | - | - |
| प्रदेशको सुरक्षा रणनीति तयार | वटा | - | - | १ | १ | १ |
| गण्डकी प्रदेश ऐन निर्माण | वटा | १ | - | - | - | - |
| मानव बेचबिखन विरुद्धको जनचेतना | जना | ५० | ७० | २०० | ३०० | ३५० |
| लागु पदार्थ विरुद्धको जनचेतना | जना | ५० | ७० | २०० | ३०० | ३५० |
| गोताखोर तालिम | जना | २० | - | २५ | - | - |
| विपद्व्यवस्थापन प्रतिकार्य योजना | संख्या | १ | - | १ | १ | १ |
| प्रहरी कर्मचारीलाई मानव अधिकार सम्बन्धी प्रशिक्षण | जना | १०० | १२० | २०० | २५० | ३०० |
| विपद्कोष स्थापना | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| कारागार स्तरोन्नति | संख्या | ७ | ७ | ७ | - | - |
| IT पार्क निर्माण | संख्या | १ | १ | - | - | - |

## ६.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

शासकीय व्यवस्था तथा सुशासन क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६.४.७.१ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रकम रु. हजारमा)**

| आर्थिक वर्ष | बजेट तथा खर्च अनुमान | | | खर्चको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | | पुँजीगत | | | |
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | सशर्त अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | अन्य |
| २०८०/८१ | १२५०००० | ९८७००० | २६३००० | ७२८७०० | २५८३०० | १६९१०० | ४०००० | ५३९०० | १२५०००० |
| २०८१/८२ | १३७५००० | १०८५७०० | २८९३०० | ८०१५७० | २८४१३० | १८६०१० | ४४००० | ५९२९० | १३७५००० |
| २०८२/८३ | १५१२५०० | ११९४२७० | ३१८२३० | ८८१७२७ | ३१२५४३ | २०४६११ | ४८४०० | ६५२१९ | १५१२५०० |
| **जम्मा** | **४१३७५००** | **३२६६९७०** | **८७०५३०** | **२४११९९७** | **८५४९७३** | **५५९७२१** | **१३२४००** | **१७८४०९** | **४१३७५००** |

## ६.४.८ कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरणः

कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.सि.न. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०१०००११ | व्यवसाय जीवन रक्षा कोष कार्यक्रम | प्रदेशमा लगानीका अवसरहरु सिर्जना गरी नागरिकहरुका लागि रोजगारीका अवसरहरु सिर्जना गर्ने। | २०७७/७८-८१ | ३०० | उद्योगधन्दा सञ्चालनमा आएको र युवा रोजगारका विविध अवसरहरु सिर्जना भएको हुने |
| ३०१०००११ | जनतासँग मुख्यमन्त्री कार्यक्रम | पारदर्शी, परिणाममुखी जवाफदेही र प्रभावकारी विकास निर्माण तथा सेवा प्रवाह गर्ने। | सालबसाली | १० | प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम जनता सम्म पुगेको |
| ३०१०००११ | कानुन निर्माण तथा तर्जुमा | प्रदेश सरकारका कानुनी, नीतिगत, संरचनागत र प्रक्रियागत रूपमा सबलीकरण गर्ने। | सालबसाली | १० | प्रदेश सरकारका कार्यहरुमा कानुनको परिपालना हुने गरेको |
| ३०१०००११ | नमुना कार्यालय छनौट | प्रदेशका कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी चुस्त प्रशासनिक संयन्त्र विकास गर्ने। | सालबसाली | ३० | प्रभावकारी सेवाप्रवाह तथा द्रुत रुपले विकास निर्माण भएको हुने |
| ३०१०००११ | आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम | प्रदेशको आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुगेको हुने र कर्मचारीमा सकारात्मक उत्प्रेरणा प्रवाह हुने। | सालबसाली | ५०० | कर्मचारीहरु कामप्रति उत्प्रेरित हुने र पर्यटकीय गतिविधिमा वृद्धि भई आय आर्जन बढ्ने। |
| ३०१०००११ | प्रदेश सरकारका महत्वपूर्ण कार्यक्रमहरुको सघन अनुगमन कार्यक्रम | योजना तथा कार्यक्रमहरुको समस्या पहिचान भई कार्य प्रगतिमा सुधार आउने। | सालबसाली | २० | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली लागु भई योजना र कार्यक्रमको कार्यान्वयनमा तादात्म्यता आउने। |
| ३०१०००११ | नीति तथा कार्यक्रमको प्रभावकारिता अध्ययन | हालसम्मका नीति तथा कार्यक्रमको उपलब्धि मापन हुने। | सालबसाली | १० | नीतिको पृष्ठपोषण प्राप्त हुने। |
| ३०१०००११ | प्रदेश किताबखाना स्थापना | प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अभिलेख प्रणाली स्थापना भई पद, दरबन्दी, संरचनाको तथ्याङ्क तथा अभिलेखीकरण व्यवस्थित हुने। | सालबसाली | ५० | प्रदेश किताबखाना स्थापना हुने। |
| ३०१०००११ | सुरक्षा निकायको क्षमता विकास तथा सुदृढीकरण | प्रदेशभित्रका सुरक्षा निकाय तथा जनशक्तिको सबलीकरण भई अमन चयन कायम हुने। | सालबसाली | १५०० | प्रदेशको शान्ति सुरक्षामा सुधार आउने। |
| ३०१०००११ | नागरिक मैत्री प्रहरी कार्यक्रम | सामुदायिक प्रहरीको अवधारणा लागु हुने। | सालबसाली | १० | प्रहरी र नागरिकबीच सम्बन्ध सुमधुर भई शान्ति सुरक्षाको अवस्था राम्रो हुने। |
| ३०१०००११ | सवारी दुर्घटना न्यूनीकरण कार्यक्रम | नागरिकहरुको जीउधनको सुरक्षा हुने। | सालबसाली | १० | जनचेतना बढ्ने र सवारी दुर्घटनाबाट मानवीय क्षती कम हुने। |
| ३०१०००११ | कारागार, हिरासत र बालसुधार गृहको सुदृढीकरण | मौजुदा संरचनाको सुधार र सुदृढीकरण हुने। | सालबसाली | ५ | संस्थागत क्षमता वृद्धि हुने। |

| ब.उ.सि.न. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०१०००११ | प्रदेश विपद् व्यवस्थापन कोष | विपद्को समयमा तत्काल खोज, उद्धार तथा राहतको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिने। | सालबसाली | १०० | नागरिकको जीउ धनको सुरक्षा हुने। |
| ३०१०००११ | विपद् जोखिमका क्षेत्रहरुको पहिचान तथा नक्सांकन | सम्भावित जोखिम न्यूनीकरण हुने। | सालबसाली | ५० | नागरिकको जीउ धनको सुरक्षा हुने। |
| ३०१०००११ | प्रदेश गौरवको आयोजना सूचना प्रविधि पार्कको विस्तृत परियोजना | पर्यटकीय गतिविधिमा सुधार भई आर्थिक क्रियाकलापमा बढोत्तरी हुने। | प्रदेशको गौरवको आयोजना | १०० | पर्यटकीय लाभ प्राप्त हुने। |

## ६.४.९ कार्यक्रम तथा आयोजनाहरुको शीर्षकगत बजेट तथा प्राथमिकीकरणः

विषय उपक्षेत्रगत अनुसारका कार्यक्रमहरुको बजेट विनियोजन तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका ६.४.९.१ कार्यक्रम तथा आयोजनाहरुको शीर्षकगत बजेट, प्राथमिकीकरण तथा सङ्केत

| क्र सं | विषयगत क्षेत्र/ उप-क्षेत्र | कार्यक्रम / आयोजना | २०७९/८० को संशोधित अनुमान (रकम रु. हजारमा) | २०८०/८१ को विनियोजन (रकम रु. हजारमा) | | | | २०८१/८२ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | २०८२/८३ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | | | | | |
| १ | शासकीय सुधार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | ४१७४०० | ० | ० | ४१७४०० | ४५११०० | ० | ० | ४५११०० | ५०५००० | ० | ० | ५०५००० | ७.७.५ ७.८.५ ७.९.५ ७.१०.५ | P1 | १६ | २ | २ |
| २ | संस्थागत विकास | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | | ३०००० | १००००० | ० | १३०००० | ३३००० | ११०००० | ० | १४३००० | ३६३०० | १२१००० | ० | १५७३०० | ७.८.५ | P1 | १६ | २ | २ |

| क सं | विषयगत क्षेत्र/ उप-क्षेत्र | कार्यक्रम / आयोजना | २०७९/८० को संशोधित अनुमान (रकम रु. हजारमा) | २०८०/८१ को विनियोजन (रकम रु. हजारमा) | | | | २०८१/८२ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | २०८२/८३ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | | | | | |
| ३ | संस्थागत विकास | | | ० | ३०१००० | ० | ३०१००० | ० | ३३११०० | ० | ३३११०० | ० | ३६४२१० | ० | ३६४२१० | ७.८.५ | P2 | १६ | ३ | ३ |
| ४ | विपद व्यवस्थापन | | | १००००० | ० | ० | १००००० | ११०००० | ० | ० | ११०००० | १२१००० | ० | ० | १२१००० | ८.६.५ | | ९ | २ | २ |
| ५ | शान्ति सुरक्षा | | | ० | २७५०० | ० | २७५०० | ० | ३०२५० | | ३०२५० | ० | ३३२७५ | ० | ३३२७५ | ७.१ | | १४ | ३ | ३ |
| ६ | जनचेतना | | | २१२६५० | १०५४०० | ० | ३१८०५० | २३३९१५ | ११५९४० | | ३४९८५५ | २५७३०६ | १२७५३४ | ० | ३८४८४० | | | ४ | १ | २ |
| ७ | साझेदारी कार्यक्रम | | | २२६९५० | ० | ० | २२६९५० | २४९६४५ | ० | ० | २४९६४५ | २७४६०९ | ० | ० | २७४६०९ | | | १७ | २ | ३ |
| कुल जम्मा | | | | ९८७००० | ९६३००० | ० | | | | | | | | | | | | | | |

### ६.४.१० जोखिम तथा अनुमानः

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक नीति, संरचना जनशक्ति, प्रविधि पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा सीमित स्रोत साधनबाट अधिकतम प्रतिफल दिनुपर्ने चुनौती रहेको छ। तोकिएको समयसीमाभित्र नीतिगत निर्णय हुनुका तोकिएको सीमाभित्र लक्ष्य प्राप्त गर्नुपर्ने देखिन्छ। उल्लेखित मध्यमकालीन खर्च संरचनामा उल्लेख गरिएका पक्षहरुमा केन्द्रित भएर सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत साधन, पुँजी प्रविधिको कुशल व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणलाई लक्षित गर्न सकिएमा, स्रोत, साधन, प्रविधि र दक्ष जनशक्तिको उत्पादन तथा विकास हुने, दक्ष तथा प्रविधिमैत्री व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणका कार्य छिटो, छरितो, पारदर्शी, मितव्ययी तथा गुणस्तरीय भई प्रदेश सरकार प्रति नागरिकको अपनत्व सिर्जना हुने अनुमान रहेको छ।

## ६.५ गण्डकी प्रदेश नीति तथा योजना आयोग

### ६.५.१ पृष्ठभूमि

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ। यस आयोगले योजना निर्माण, अनुगमन तथा मूल्याङ्कन र अध्ययन अनुसन्धान गर्दै समग्र प्रदेशको समृद्धि र उन्नयनमा टेवा दिँदै आएको छ। हालसम्म आयोगले गण्डकी प्रदेशको स्थिति पत्र, २०७५, प्रथम पञ्चवर्षीय योजना कार्यान्वयन र मध्यावधि समीक्षा, आयोजना बैंक दिग्दर्शन, २०७९, प्रदेश तथा स्थानीयस्तरको योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। साथै गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ , दिगो विकास लक्ष्य सम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति सर्वेक्षण, २०७९ जस्ता कार्यहरु समेत आयोगले सम्पादन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा दोस्रो पञ्चवर्षीय योजनाको तर्जुमा, लगानी सम्मेलन, विभिन्न क्षेत्रगत अध्ययन अनुसन्धान, योजनाको पहिचान र प्राथमिकीकरण गरी आयोगका कार्यलाई तथ्य र प्रमाण सहित नतिजामुखी बनाउने दिशातर्फ सुधारका प्रयासहरु केन्द्रित हुनेछन्।

### ६.५.२ चुनौती र अवसर

पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको न्यूनता रहनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच संरचनागत समन्वयको कमी हुनु, प्रदेश अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक प्रदेश र स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको

आधारशिला तयार गर्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचनाबीच सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू प्रदेशस्तरमा नै उत्पादन गरी प्रादेशिक योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

प्रादेशिक नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोगको अनुभव प्रादेशिक योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो आवधिक योजना निर्माण गरी योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय वृद्धि हुँदै जाने सम्भावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन्।

### ६.५.३ सोच

परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, द्रुत सामाजिक आर्थिक विकासको आधार

### ६.५.४ लक्ष्य

१. योजनाहरुको लक्ष्य र परिणामबीच सामञ्जस्यता कायम गर्ने।
२. तथ्य र अनुसन्धानमा आधारित योजना प्रणालीको विकास गर्ने।
३. उपलब्धि र प्रतिफलयुक्त सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धति विकास गर्ने।

### ६.५.५ उद्देश्य

१. तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु।
२. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।
३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु।

### ६.५.६ रणनीति

- तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने।
- विषयगत मापदण्ड बनाई तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने।
- योजना अनुगमन निर्देशिका र संयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट

विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने।

- प्रदेशका नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यका कार्यन्वयन पक्ष र अवस्थाको लेखाजोखा गर्ने।
- न्यून प्रगतिभएका सूचकहरुमा थप लगानीको वातावरण सिर्जना गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीको वातावरण सिर्जना गर्ने।

## ६.५.७ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

**तालिका ६.५.७.१ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | तथ्याङ्कहरुको सूची | संख्या | १ | १ | १ | १ | १ |
| २ | विश्वविद्यालय र प्राज्ञिक संस्थासँगको छलफल/ कार्यशाला | संख्या | २ | २ | ४ | ५ | ५ |
| ३ | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | संख्या | ६ | ७ | ८ | ७ | ७ |
| ४ | अभिमुखीकरण तालिम (सबै स्थानीय तहलाई) | संख्या | २ | ६ | ६ | ५ | ६ |
| ५ | सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध कायमको अवस्था | अवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको निर्माण | संख्या | १ | १ | - | - | |
| ९ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गरिएको अवस्था | अवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | प्रत्येक आयोजनाको नतिजा खाका तयारीको अवस्था | अवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ६.५.८ कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरणः

कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.सि.न. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याईं | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३९१०००११३ | दोस्रो पञ्चवर्षीय योजना तर्जुमा | प्रदेशको समग्र विकास प्रक्रियालाई योजनाबद्ध रुपमा रुपान्तरण गर्न | सालबसाली | ५० | प्रदेशको समग्र विकास सूचक तथा क्षेत्रगत उपलब्धिहरुमा उल्लेख्य सुधार आउने |
| | लगानी सम्मेलन आयोजना | स्वदेशी तथा वैदेशिक पुँजी आकर्षित गर्ने वातावरण निर्माण गर्न | सालबसाली | ५० | लगानीयोग्य आयोजना तथा कार्यक्रमहरु सञ्चालनमा आउने |
| | ज्ञान सम्मेलन (Knowledge Conference) आयोजना | प्रदेशको समग्र नीति, योजना, कार्यक्रममा विज्ञहरुबाट पृष्ठपोषण प्राप्त गरी भावी रणनीति तयार गर्ने | सालबसाली | १० | तथ्यमा आधारित नीति, योजना, कार्यक्रमहरु लागु हुने |
| | आयोजना बैंक निर्माण र कार्यान्वयन | योजना कार्यान्वयनमा प्राथमिकीकरण भई लगानीको वातावरण सुनिश्चित हुने | सालबसाली | ५ | आयोजना र लगानीकाबीचमा तादात्म्यता कायम भई प्रतिफल सुनिश्चित हुने |
| | गण्डकी प्रदेशमा डाटा व्यवस्थापन/डिजिटाइजेशन | एकीकृत तथा तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमामा टेवा पुग्ने | सालबसाली | २० | प्रदेशको डाटा बैंक निर्माण भएको हुने |
| | गण्डकी प्रदेशको बहुप्रकोप जोखिम पहिचान तथा विश्लेषण | प्रदेश भित्र विभिन्न प्रकृतिका प्रकोपग्रस्त क्षेत्रहरुको पहिचान भई आवश्यक रणनीतिको खाका तयार हुने | सालबसाली | २० | प्रकोप/विपद् उत्थानशील विकास पद्दति अवलम्बन भएको हुने |

### ६.५.९ कार्यक्रम तथा आयोजनाहरुको शीर्षकगत बजेट तथा प्राथमिकीकरणः

विषय उपक्षेत्रगत अनुसारका कार्यक्रमहरुको बजेट विनियोजन तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६.५.९.१ कार्यक्रम तथा आयोजनाहरुको शीर्षकगत बजेट, प्राथमिकीकरण तथा सङ्केत

| विषय क्षेत्रगत /उप-क्षेत्र | कार्यक्रम / आयोजना | २०७९/८० को संशोधित अनुमान (रकम रु. हजारमा) | २०८०/८१ को विनियोजन (रकम रु. हजारमा) | | | | २०८१/८२ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | २०८२/८३ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | चालु | पुँजीगत | वि. व्य. | जम्मा | | | | | |
| योजना तर्जुमा | • दोस्रो पञ्चवर्षीय योजना तर्जुमा<br>• ज्ञान सम्मेलन (Knowledge Conference) आयोजना<br>• आयोजना बैंक निर्माण र कार्यान्वयन | | ६५०० | | | ६५०० | ७२०० | | | ७२०० | ८००० | | | ८००० | ९.१.५ | P2 | ८ | ३ | ३ |
| लगानीको वातावरण | • लगानी सम्मेलन आयोजना | | ५००० | | | ५००० | ५५०० | | | ५५०० | ६१०० | | | ६१०० | ८.८.२ | P2 | ८ | ३ | ३ |
| तथ्याङ्क प्रणालीको विकास | • गण्डकी प्रदेशमा डाटा व्यवस्थापन/डिजिटाइजेशन | | २००० | | | २००० | २२०० | | | २२०० | २५०० | | | २५०० | ९.९.१ | P2 | १३ | ३ | ३ |
| वातावरण तथा उत्थानशील विकास | • गण्डकी प्रदेशको बहुप्रकोप जोखिम पहिचान तथा विश्लेषण | | २००० | | | २००० | २२०० | | | २२०० | २५०० | | | २५०० | ८.८.३ | P2 | ९ | २ | १ |
| कुल जम्मा | | | १५५०० | | | १५५०० | १७१०० | | | १७१०० | १९१०० | | | १९१०० | | | | | |

## ६.५.१० जोखिम तथा अनुमान

प्रदेशका विषयगत मन्त्रालय/निकायबीच समन्वय र सहयोग, स्थानीय तथा संघीय सरकारबीच सहकार्य र समन्वय, आवश्यक जनशक्तिको पर्याप्तता तथा प्रदेशस्तरीय खण्डीकृत र अध्यावधिक तथ्याङ्कको उपलब्धता सहज हुने अनुमान गरिएको छ। यी विषयहरु अनुकूल हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्न जोखिम रहने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची-१ स्थानीय तह अनुदान त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

| अनुदानको प्रकार | कार्यक्रम/आयोजना | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण |
|---|---|---|---|---|
| समानीकरण अनुदान | न्युनतम अनुदान | १३०३७५ | १३०३७५ | १३०३७५ |
| | सुत्रमा आधारित अनुदान | १०२९६२५ | १०२९६२५ | १०२९६२५ |
| | जम्मा | ११६०००० | ११६०००० | ११६०००० |
| सशर्त अनुदान | चालु | २४४५०० | २५३०५५ | २७०७६९ |
| | पुँजीगत | ० | ० | ० |
| | जम्मा | २४४५०० | २५३०५५ | २७०७६९ |
| विशेष अनुदान | चालु | १९२००० | २०५४४० | २१९८२१ |
| | पुँजीगत | ० | ० | ० |
| | जम्मा | १९२००० | २०५४४० | २१९८२१ |
| समपूरक अनुदान (पुँजीगत) | | ५०९००० | ५२८५८० | ५६५५८१ |
| **जम्मा** | **चालु** | **१५९६५००** | **१६१४७७८** | **१७२७८१२** |
| | **पुँजीगत** | **५०९०००** | **५२८५८०** | **५६५५८१** |
| | **कुल जम्मा** | **२१०५५००** | **२१४३३५८** | **२२९३३९३** |

## अनुसूची-२ स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

| क्र.सं. | जिल्ला | स्थानीय तहको कोड | स्थानीय तहको नाम | बजेट उपशीर्षक | वित्तीय समानीकरण अनुदान | अन्य (समपूरक, ससर्त, विशेष) | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोरखा | ४०१०१ | चुमनुब्री गाउँपालिका | ८०१०४३२० | ७८६१ | १०००० | १७८६१ | १७८६१ | १७८६१ |
| २ | गोरखा | ४०१०२ | अजिरकोट गाउँपालिका | ८०१०४३१७ | १४२४२ | १०००० | २४२४२ | २४२४२ | २४२४२ |
| ३ | गोरखा | ४०१०३ | बारपाक सुलिकोट गाउँपालिका | ८०१०४३२५ | १८८०६ | १०००० | २८८०६ | २८८०६ | २८८०६ |
| ४ | गोरखा | ४०१०४ | धार्चे गाउँपालिका | ८०१०४३२१ | ११११५६ | १०००० | २१११५६ | २१११५६ | २१११५६ |
| ५ | गोरखा | ४०१०५ | आरूघाट गाउँपालिका | ८०१०४३१८ | १७८८४ | १०००० | २७८८४ | २७८८४ | २७८८४ |
| ६ | गोरखा | ४०१०६ | भिमसेन गाउँपालिका | ८०१०४३२२ | १७८१५ | १०००० | २७८१५ | २७८१५ | २७८१५ |
| ७ | गोरखा | ४०१०७ | सिरानचोक गाउँपालिका | ८०१०४३२४ | १८७६४ | १०००० | २८७६४ | २८७६४ | २८७६४ |
| ८ | गोरखा | ४०१०८ | पालुङटार नगरपालिका | ८०१०४११५ | २५३४७ | १०००० | ३५३४७ | ३५३४७ | ३५३४७ |
| ९ | गोरखा | ४०१०९ | गोरखा नगरपालिका | ८०१०४११४ | ३२४५८ | १०००० | ४२४५८ | ४२४५८ | ४२४५८ |
| १० | गोरखा | ४०११० | शहिद लखन गाउँपालिका | ८०१०४३२३ | २०६०४ | १०००० | ३०६०४ | ३०६०४ | ३०६०४ |
| ११ | गोरखा | ४०१११ | गण्डकी गाउँपालिका | ८०१०४३१९ | १८३१९ | १०००० | २८३१९ | २८३१९ | २८३१९ |
| १२ | मनाङ | ४०२०१ | नार्पा भूमि गाउँपालिका | ८०१०४३२७ | २५८८ | १०००० | १२५८८ | १२५८८ | १२५८८ |
| १३ | मनाङ | ४०२०२ | मनाङ ङिस्याङ गाउँपालिका | ८०१०४३२९ | ५०८८ | १०००० | १५०८८ | १५०८८ | १५०८८ |
| १४ | मनाङ | ४०२०३ | चामे गाउँपालिका | ८०१०४३२६ | ४२६७ | १०००० | १४२६७ | १४२६७ | १४२६७ |
| १५ | मनाङ | ४०२०४ | नार्सों गाउँपालिका | ८०१०४३२८ | ४९६७ | १०००० | १४९६७ | १४९६७ | १४९६७ |
| १६ | मुस्ताङ | ४०३०१ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | ८०१०४३५६ | ३७६८ | १०००० | १३७६८ | १३७६८ | १३७६८ |
| १७ | मुस्ताङ | ४०३०२ | घरपझोङ गाउँपालिका | ८०१०४३५४ | ६६८६ | १०००० | १६६८६ | १६६८६ | १६६८६ |
| १८ | मुस्ताङ | ४०३०३ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | ८०१०४३५८ | ५२१३ | १०००० | १५२१३ | १५२१३ | १५२१३ |
| १९ | मुस्ताङ | ४०३०४ | लोमन्थाङ गाउँपालिका | ८०१०४३५७ | ४६४५ | १०००० | १४६४५ | १४६४५ | १४६४५ |
| २० | मुस्ताङ | ४०३०५ | थासाङ गाउँपालिका | ८०१०४३५५ | ५८१९ | १०००० | १५८१९ | १५८१९ | १५८१९ |
| २१ | म्याग्दी | ४०४०१ | अन्नपूर्ण गाउँपालिका | ८०१०४३४९ | ८७६२ | १०००० | १८७६२ | १८७६२ | १८७६२ |
| २२ | म्याग्दी | ४०४०२ | रघुगंगा गाउँपालिका | ८०१०४३५३ | ९५११ | १०००० | १९५११ | १९५११ | १९५११ |
| २३ | म्याग्दी | ४०४०३ | धवलागिरी गाउँपालिका | ८०१०४३५० | ८६५६ | १०००० | १८६५६ | १८६५६ | १८६५६ |
| २४ | म्याग्दी | ४०४०४ | मालिका गाउँपालिका | ८०१०४३५२ | १०५९६ | १०००० | २०५९६ | २०५९६ | २०५९६ |
| २५ | म्याग्दी | ४०४०५ | मंगला गाउँपालिका | ८०१०४३५१ | ९७०५ | १०००० | १९७०५ | १९७०५ | १९७०५ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको कोड | स्थानीय तहको नाम | बजेट उपशीर्षक | वित्तीय समानीकरण अनुदान | अन्य (समपूरक, ससर्त, विशेष) | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | म्याग्दी | ४०४०६ | बेनी नगरपालिका | ८०१०४१२६ | १६०३७ | १०००० | २६०३७ | २६०३७ | २६०३७ |
| २७ | कास्की | ४०५०१ | मादी गाउँपालिका | ८०१०४३३६ | १०५२७ | १०००० | २०५२७ | २०५२७ | २०५२७ |
| २८ | कास्की | ४०५०२ | माछापुच्छ्रे गाउँपालिका | ८०१०४३३५ | १२००९ | १०००० | २२००९ | २२००९ | २२००९ |
| २९ | कास्की | ४०५०३ | अन्नपूर्ण गाउँपालिका | ८०१०४३३४ | १२७०२ | १०००० | २२७०२ | २२७०२ | २२७०२ |
| ३० | कास्की | ४०५०४ | पोखरा महानगरपालिका | ८०१०४०११ | ७९३६२ | १०००० | ८९३६२ | ८९३६२ | ८९३६२ |
| ३१ | कास्की | ४०५०५ | रूपा गाउँपालिका | ८०१०४३३७ | ९४६० | १०००० | १९४६० | १९४६० | १९४६० |
| ३२ | लमजुङ | ४०६०१ | दोर्दी गाउँपालिका | ८०१०४३३२ | १०१९८ | १०००० | २०१९८ | २०१९८ | २०१९८ |
| ३३ | लमजुङ | ४०६०२ | मर्स्याङदी गाउँपालिका | ८०१०४३३३ | १०४७५ | १०००० | २०४७५ | २०४७५ | २०४७५ |
| ३४ | लमजुङ | ४०६०३ | क्व्होलासोथार गाउँपालिका | ८०१०४३३० | ७२७९ | १०००० | १७२७९ | १७२७९ | १७२७९ |
| ३५ | लमजुङ | ४०६०४ | मध्यनेपाल नगरपालिका | ८०१०४११७ | १२४९० | १०००० | २२४९० | २२४९० | २२४९० |
| ३६ | लमजुङ | ४०६०५ | बेसीशहर नगरपालिका | ८०१०४११६ | १८१११ | १०००० | २८१११ | २८१११ | २८१११ |
| ३७ | लमजुङ | ४०६०६ | सुन्दरबजार नगरपालिका | ८०१०४११९ | १३८३४ | १०००० | २३८३४ | २३८३४ | २३८३४ |
| ३८ | लमजुङ | ४०६०७ | राईनास नगरपालिका | ८०१०४११८ | १०४८९ | १०००० | २०४८९ | २०४८९ | २०४८९ |
| ३९ | लमजुङ | ४०६०८ | दूधपोखरी गाउँपालिका | ८०१०४३३१ | ७५७३ | १०००० | १७५७३ | १७५७३ | १७५७३ |
| ४० | तनहुँ | ४०७०१ | भानु नगरपालिका | ८०१०४११० | १८९५२ | १०००० | २८९५२ | २८९५२ | २८९५२ |
| ४१ | तनहुँ | ४०७०२ | व्यास नगरपालिका | ८०१०४११२ | २६०६८ | १०००० | ३६०६८ | ३६०६८ | ३६०६८ |
| ४२ | तनहुँ | ४०७०३ | म्याग्दे गाउँपालिका | ८०१०४३१५ | १२१६१ | १०००० | २२१६१ | २२१६१ | २२१६१ |
| ४३ | तनहुँ | ४०७०४ | शुक्लागण्डकी नगरपालिका | ८०१०४११३ | २००५५ | १०००० | ३००५५ | ३००५५ | ३००५५ |
| ४४ | तनहुँ | ४०७०५ | भिमाद नगरपालिका | ८०१०४१११ | १४७१३ | १०००० | २४७१३ | २४७१३ | २४७१३ |
| ४५ | तनहुँ | ४०७०६ | घिरिङ गाउँपालिका | ८०१०४३१३ | १०५६१ | १०००० | २०५६१ | २०५६१ | २०५६१ |
| ४६ | तनहुँ | ४०७०७ | ऋषिङ्ग गाउँपालिका | ८०१०४३१२ | १२६९६ | १०००० | २२६९६ | २२६९६ | २२६९६ |
| ४७ | तनहुँ | ४०७०८ | देवघाट गाउँपालिका | ८०१०४३१४ | ९५९१ | १०००० | १९५९१ | १९५९१ | १९५९१ |
| ४८ | तनहुँ | ४०७०९ | बन्दिपुर गाउँपालिका | ८०१०४३१६ | ११९७४ | १०००० | २११७४ | २११७४ | २११७४ |
| ४९ | तनहुँ | ४०७१० | आँबुखैरेनी गाउँपालिका | ८०१०४३११ | ११६९४ | १०००० | २१६९४ | २१६९४ | २१६९४ |
| ५० | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०१ | गैंडाकोट नगरपालिका | ८०१०४१०२ | २३१०२ | १०००० | ३३१०२ | ३३१०२ | ३३१०२ |
| ५१ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०२ | बुलिङटार गाउँपालिका | ८०१०४३०२ | १०३३७ | १०००० | २०३३७ | २०३३७ | २०३३७ |
| ५२ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०३ | बौदीकाली गाउँपालिका | ८०१०४३०१ | ९३५२ | १०००० | १९३५२ | १९३५२ | १९३५२ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको कोड | स्थानीय तहको नाम | बजेट उपशीर्षक | वित्तीय समानीकरण अनुदान | अन्य (समपूरक, ससर्त, विशेष) | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०४ | हुप्सेकोट गाउँपालिका | ८०१०४३०४ | १२५९४ | १०००० | २२५९४ | २२५९४ | २२५९४ |
| ५४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०५ | देवचुली नगरपालिका | ८०१०४१०३ | १८३५५ | १०००० | २८३५५ | २८३५५ | २८३५५ |
| ५५ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०६ | कावासोती नगरपालिका | ८०१०४१०१ | २३७४८ | १०००० | ३३७४८ | ३३७४८ | ३३७४८ |
| ५६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०७ | मध्यविन्दु नगरपालिका | ८०१०४१०४ | २०९६३ | १०००० | ३०९६३ | ३०९६३ | ३०९६३ |
| ५७ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०८ | बिनयी त्रिवेणी गाउँपालिका | ८०१०४३०३ | १५७२५ | १०००० | २५७२५ | २५७२५ | २५७२५ |
| ५८ | स्याङ्जा | ४०९०१ | पुतलीबजार नगरपालिका | ८०१०४१०७ | १९३३७ | १०००० | २९३३७ | २९३३७ | २९३३७ |
| ५९ | स्याङ्जा | ४०९०२ | फेदीखोला गाउँपालिका | ८०१०४३०८ | ८५२७ | १०००० | १८५२७ | १८५२७ | १८५२७ |
| ६० | स्याङ्जा | ४०९०३ | आँधिखोला गाउँपालिका | ८०१०४३०६ | १०१२० | १०००० | २०१२० | २०१२० | २०१२० |
| ६१ | स्याङ्जा | ४०९०४ | अर्जुनचौपारी गाउँपालिका | ८०१०४३०५ | ९८६९ | १०००० | १९८६९ | १९८६९ | १९८६९ |
| ६२ | स्याङ्जा | ४०९०५ | भीरकोट नगरपालिका | ८०१०४१०८ | १३१३० | १०००० | २३१३० | २३१३० | २३१३० |
| ६३ | स्याङ्जा | ४०९०६ | विरुवा गाउँपालिका | ८०१०४३०९ | १०७३० | १०००० | २०७३० | २०७३० | २०७३० |
| ६४ | स्याङ्जा | ४०९०७ | हरिनास गाउँपालिका | ८०१०४३१० | १०२१५ | १०००० | २०२१५ | २०२१५ | २०२१५ |
| ६५ | स्याङ्जा | ४०९०८ | चापाकोट नगरपालिका | ८०१०४१०६ | १३१५६ | १०००० | २३१५६ | २३१५६ | २३१५६ |
| ६६ | स्याङ्जा | ४०९०९ | वालिङ नगरपालिका | ८०१०४१०९ | २११४९ | १०००० | ३११४९ | ३११४९ | ३११४९ |
| ६७ | स्याङ्जा | ४०९१० | गल्याङ नगरपालिका | ८०१०४१०५ | १६९७२ | १०००० | २६९७२ | २६९७२ | २६९७२ |
| ६८ | स्याङ्जा | ४०९११ | कालीगण्डकी गाउँपालिका | ८०१०४३०७ | १२२३८ | १०००० | २२२३८ | २२२३८ | २२२३८ |
| ६९ | पर्वत | ४१००१ | मोदी गाउँपालिका | ८०१०४३४१ | ११७६१ | १०००० | २१७६१ | २१७६१ | २१७६१ |
| ७० | पर्वत | ४१००२ | जलजला गाउँपालिका | ८०१०४३३८ | ११८९४ | १०००० | २१८९४ | २१८९४ | २१८९४ |
| ७१ | पर्वत | ४१००३ | कुश्मा नगरपालिका | ८०१०४१२० | १७८३६ | १०००० | २७८३६ | २७८३६ | २७८३६ |
| ७२ | पर्वत | ४१००४ | फलेवास नगरपालिका | ८०१०४१२१ | १२८७४ | १०००० | २२८७४ | २२८७४ | २२८७४ |
| ७३ | पर्वत | ४१००५ | महाशिला गाउँपालिका | ८०१०४३४० | ७३०४ | १०००० | १७३०४ | १७३०४ | १७३०४ |
| ७४ | पर्वत | ४१००६ | विहादी गाउँपालिका | ८०१०४३४२ | ८९५५ | १०००० | १८९५५ | १८९५५ | १८९५५ |
| ७५ | पर्वत | ४१००७ | पैयूं गाउँपालिका | ८०१०४३३९ | ९७३६ | १०००० | १९७३६ | १९७३६ | १९७३६ |
| ७६ | बाग्लुङ | ४११०१ | बाग्लुङ नगरपालिका | ८०१०४१२५ | २२८१५ | १०००० | ३२८१५ | ३२८१५ | ३२८१५ |
| ७७ | बाग्लुङ | ४११०२ | काठेखोला गाउँपालिका | ८०१०४३४३ | १३०४४ | १०००० | २३०४४ | २३०४४ | २३०४४ |
| ७८ | बाग्लुङ | ४११०३ | ताराखोला गाउँपालिका | ८०१०४३४५ | ७९८८ | १०००० | १७९८८ | १७९८८ | १७९८८ |
| ७९ | बाग्लुङ | ४११०४ | तमानखोला गाउँपालिका | ८०१०४३४४ | ७२४९ | १०००० | १७२४९ | १७२४९ | १७२४९ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको कोड | स्थानीय तहको नाम | बजेट उपशीर्षक | वित्तीय समानीकरण अनुदान | अन्य (समपूरक, ससर्त, विशेष) | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | बाग्लुङ | ४११०५ | ढोरपाटन नगरपालिका | ८०१०४१२४ | १२३९० | १०००० | २२३९० | २२३९० | २२३९० |
| ८१ | बाग्लुङ | ४११०६ | निसीखोला गाउँपालिका | ८०१०४३४६ | ११५०९ | १०००० | २१५०९ | २१५०९ | २१५०९ |
| ८२ | बाग्लुङ | ४११०७ | वडिगाड गाउँपालिका | ८०१०४३४७ | १४४४७ | १०००० | २४४४७ | २४४४७ | २४४४७ |
| ८३ | बाग्लुङ | ४११०८ | गल्कोट नगरपालिका | ८०१०४१२२ | १५११८ | १०००० | २५११८ | २५११८ | २५११८ |
| ८४ | बाग्लुङ | ४११०९ | बरेङ गाउँपालिका | ८०१०४३४८ | ८९६७ | १०००० | १८९६७ | १८९६७ | १८९६७ |
| ८५ | बाग्लुङ | ४१११० | जैमिनी नगरपालिका | ८०१०४१२३ | १४७५६ | १०००० | २४७५६ | २४७५६ | २४७५६ |
| | | | | **जम्मा** | **११६०००००** | **८५०००००** | **२०१०००००** | **२०१०००००** | **२०१०००००** |
| **प्रदेश सरकारलाई राजस्व बाँडफाँट गर्ने स्थानीय तहलाई थप अनुदान** | | | | | | | **९५५००** | | |